CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

'पत्र-पुष्प-फल-तोयले पनी
भक्ति गर्दछ भने प्रसन्न छू'।
नाथको वचन यो म संझदा
दङ्ग छु किन भने? प्रपन्न छू॥
भूमिभाग्य ! करुणासुधाम्बुधे !
भक्तवत्सल ! अगाडि सर्दछू।
स्वच्छ चित्त गरि आज तुच्छ यो
काव्यगुच्छ उपहार गर्दछू॥

डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

558

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

निवेदनीय

श्रीमन्माननीय ! सज्जनवर्ग !

अचिन्त्यशक्तिमान् सर्वान्तर्यामी परमेश्वरलाई कोटि २ वन्दना र धन्यवाद छ कि–जस्का प्रेरणाले मातृभाषाको उत्तरोत्तर उन्नति हुन लागेका समयमा लक्षणग्रन्थ लेख्ने उत्साह उठेर म पनि कटिबद्ध भएँ, साहित्यका अनेकानेकउपयुक्तविषयमध्ये अलंकारमा प्रथम प्रवृत्त भएर यथाकथंचित् जो कार्यसंपादन गरे; यस्कुरामा मेरो योग्यता थिएन; केवल ईश्वरानुग्रहै प्रयोजक हुनाले यो अलङ्कारचन्द्रोदयनामकग्रन्थरूप उपहार लिएर गुणग्राहीमहात्माहरूका समीपमा उपस्थित हुन पाएँ. यस्मा संस्कृतलक्षणग्रन्थका आधारमा अलंकारका लक्षण, स्वतन्त्र उदाहरण र, लक्षणको अनुसरण गर्दा उदाहरणश्लोक दुर्बोध हुन गएका हुनाले ठाउँ२मा व्याख्यान पनि राखिएका छन्. व्याख्यान र लक्षणसंगतिले उदाहरणको अर्थप्रकाश हुने हुनाले तीर अंशको 'प्रकाश' नाम रहेको छ. प्रकाशसहित यो अलंकारचन्द्रोदय सज्जनसमाजमा आह्लादकै हुने छ. किन भने–यस्का उदाहरणमा उचितकाव्यरचना छन, अर्थ सौन्दर्य छैन, गुणको समावेश छैन, ता पनि **प्रजानुरागी गुणग्राही, श्री ३ महाराज चन्द्रसमशेरजङ्गबहादूर राणा, जी. सी. बी., जी. सी. एस. आई., जी. सी. एम्. जी., जी. सी. वी. ओ., डी. सी. एल्.,**

CC-0. In Public Domain. Digitization by eGangotri

आनरेरी जनरल् बृटिश आर्मी., आनरेरी कर्णेल फोर्थ् गोर्खाज्., थोङ्, लिङ्, पिम्मा, कोकाङ्, वाङ्, स्याङ्, प्राइम्मिनिष्टर याएड मार्शल नेपालको गुणकीर्तनले केवल भक्तिप्रकाश मात्र गरिएको * छ. अतएव म दृढ-विश्वास गर्दछु कि; यो ग्रन्थ प्रत्येकव्यक्तिका करकमलको अवलम्ब पाएर हृदयलाइ हर्षित गराउनेछ. ग्रन्थरचनाको पूर्ण योग्यता नभएका, अल्पबुद्धिभक्तले यसमा जो अनुचित लेखेको ठहर्ला, त्यो पनि क्षन्तव्यपक्षमा अवश्य रहने छ. मुद्रणसमयमा प्रमादले रहन गएका अशुद्धिहरूका उपर पनि उपेक्षा रहला र लेखकको उत्साहभङ्ग हुने छैन. उपसंहारमा सविनय निवेदन गर्दछु कि—१ पटक आद्यन्तग्रन्थावलोकनका कृपाले मेरा परिश्रमको साफल्य गराउने निगाह रहने छ.

विनीत निवेदक—

साहित्याचार्य, कुलचन्द्र, गौतम ।

---

* लोकोत्तरवस्तुको गुणकीर्तन नगर्नु वाक्शक्तिका लाभको विफलता गर्नु हो, यो कुरा चित्तको असह्य शल्यरूप हुन्छ.
वाग्जन्मवैफल्यमसह्यशल्यं गुणाद्भुते वस्तुनि मौनिता चेत्
खलत्वमल्पीयसि जल्पितेऽपि तदस्तु वन्दिभ्रमिभूमितैव [श्रीहर्ष]

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र.

पृ०	पं०	अशुद्ध	शुद्ध
५	३	अहा	अहो
१२	८	हरिलो	हरिको
१४	२	हुँदेन	हुँदैन
३०	५	रहून	रहन्
३८	१०	चन्द्रिकाल	चन्द्रिकाले
३९	१७	सर्कारका	सर्कारको
४१	१२	श्रीमहाराजको	श्रीमहाराजका
,,	,,	तुल्यतो	तुल्यता
१०९	१७	गर्नेयौ	गर्नेयो
१३०	५	जैस्ते-क्रमैले	जस्तै क्रमैले
१३१	४	सभान	समान
१३७	२१	बढैर	बढेर
१४०	१२	धैर	धेरै
१४३	१६	फौजेले	फौजले
१४४	१०	१९१	१३९
१७१	१	महीन्द्रल	महीन्द्रले
१८४	१३	दुश्मनन्का	दुश्मन्का
१९४	४	तंसिदेथिया	तंसिदैथियो
१९८	१	प्रतिधे	प्रतिषेध
२००		ब्लूब्लाक	ब्लू ब्ल्याक
२२४	२	यथाथता	यथार्थता
२२४	१३	थथगरि	थर्थगरि

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

विषयानुक्रमणिका ।

अलङ्कार	पृष्ठाङ्क	अलङ्कार	पृष्ठाङ्क
वक्रोक्ति	१	बहिरालाप	२६
अभङ्गश्लेष वक्रोक्ति	२	अन्तरालाप	२६
भङ्गश्लेष वक्रोक्ति	३	स्वभावोक्ति	३०
काकुवक्रोक्ति	४	उपमा	३३
छेकानुप्रास	४	पूर्णोपमा	३३
वृत्त्यनुप्रास	५	लुप्तोपमा	३५
वृत्त्यनुप्रास	६	विपर्यासोपमा	३८
श्रुत्यनुप्रास	७	अन्योन्योपमा	३६
अन्त्यानुप्रास	८	नियमोपमा	४०
लाटानुप्रास	८	अन्योन्यनियमोपमा	४१
यमक	६	अनियमोपमा	४२
पुनरुक्तवदाभास	१७	समुच्चयोपमा	४२
श्लेष	१८	अतिशयोपमा	४३
अभङ्गश्लेष	१८	उत्प्रेक्षितोपमा	४४
भङ्गश्लेष	१६	अद्भुतोपमा	४५
वर्णश्लेष	१६	मोहोपमा	४६
पदश्लेष	२०	संशयोपमा	४७
लिङ्गश्लेष	२१	निर्णयोपमा	४८
भाषाश्लेष	२२	श्लेषोपमा	४६
प्रकृतिश्लेष	२४	समानोपमा	५०
प्रत्ययश्लेष	२५	निन्दोपमा	५१
विभक्तिश्लेष	२५	प्रशंसोपमा	५२
वचनश्लेष	२६	आचिख्यासोपमा	५२
चित्र	२७	विरोधोपमा	५४
छत्रबन्ध	२८	सौहार्दोपमा	५४
प्रहेलिका	२८	प्रतिषेधोपमा	५५

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कार	पृष्ठाङ्क	अलङ्कार	पृष्ठाङ्क
चटूपमा	५५	तत्त्वापह्नवरूपक	८२
तत्त्वाख्यानोपमा	५६	परिणाम	८२
असाधारणोपमा	५७	उल्लेख	८४
अभूतोपमा	५८	उल्लेख २	८५
असंभावितोपमा	५६	स्मरण	८६
बहूपमा	६०	दीपक	८६
विक्रियोपमा	६०	जातिदीपक	८७
वाक्यार्थोपमा	६१	क्रियादीपक	८७
मालोपमा	६२	श्लिष्टक्रियादीपक	८८
प्रतिवस्तूपमा	६३	गुणदीपक	८८
तुल्ययोगोपमा	६४	द्रव्यदीपक	८६
हेतूपमा	६५	मालादीपक	६०
रूपक	६६	विरुद्धार्थदीपक	६१
समस्तरूपक	६७	एकार्थदीपक	६१
सकलरूपक	६८	श्लिष्टार्थदीपक	६२
अवयवरूपक	६८	अर्थावृत्तिदीपक	६३
अवयविरूपक	६६	पदावृत्तिदीपक	६३
एकाङ्गरूपक	७०	उभयावृत्तिदीपक	६४
युक्तरूपक	७१	अतिशयोक्ति	६५
अयुक्तरूपक	७२	रूपकातिशयोक्ति	६५
विषमरूपक	७३	भेदकातिशयोक्ति	६६
सविशेषणरूपक	७४	यद्यर्थकल्पितातिशयोक्ति	६७
विरुद्धरूपक	७४	अक्रमातिशयोक्ति	६८
हेतुरूपक	७५	असम्बन्धातिशयोक्ति	६६
श्लिष्टरूपक	७६	उत्प्रेक्षा	६६
उपमारूपक	७७	वस्तूत्प्रेक्षा	१००
व्यतिरेकरूपक	७८	हेतूत्प्रेक्षा	१०१
आक्षेपरूपक	७६	फलोत्प्रेक्षा	१०३
समाधानरूपक	८०	समासोक्ति	१०४
रूपकरूपक	८१	आक्षेप	१०६

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कार	पृष्ठाङ्क
भूताक्षेप	१०७
वर्तमानाक्षेप	१०७
कालत्रयाक्षेप	१०८
धर्माक्षेप	१०९
धर्म्याक्षेप	१०९
कारणाक्षेप	१०९
कार्याक्षेप	११०
अनुज्ञाक्षेप	११०
परुषाक्षेप	१११
अनादराक्षेप	१११
मूर्छाक्षेप	११२
अमङ्गलाक्षेप	११२
प्रभुत्वाक्षेप	११३
निन्दाक्षेप	१२०
अर्थान्तरन्यास	१२१
विश्वव्यापी अर्थान्तरन्यास	१२२
विशेषस्थ अर्थान्तरन्यास	१२३
श्लेषाऽऽविद्ध अर्थान्तरन्यास	१२३
अयुक्तार्थान्तरन्यास	१२४
युक्तार्थान्तरन्यास	१२५
श्लिष्टयुक्तार्थान्तरन्यास	१२६
युक्तायुक्तार्थान्तरन्यास	१२७
विपर्ययार्थान्तरन्यास	१२८
विकस्वर	१२८
व्यतिरेक	१२९
एकधर्मव्यतिरेक	१३०
श्लिष्टउभयव्यतिरेक	१३१
शुद्धउभयव्यतिरेक	१३१
आक्षेपव्यतिरेक	१३२
हेतुव्यतिरेक	१३२

अलंकार	पृष्ठाङ्क
अनुभयपर्यवसायिव्यतिरेक	१३३
उपमेयाधिक्यपर्यवसायि-व्यतिरेक	१३३
उपमानाधिक्यपर्यवसायि व्यतिरेक	१३४
सजातिव्यतिरेक	१३४
विभावना	१३५
विभावना २	१३६
सहोक्ति	१३६
विरोधाभास	१३८
विशेषोक्ति	१३९
अप्रस्तुतप्रशंसा	१४०
व्याजस्तुति	१५०
व्याजस्तुति २	१४४
व्याजनिन्दा	१४५
शुद्धापह्नुति	१४६
हेत्वपह्नुति	१४६
शुद्धपर्यस्तापह्नुति	१४७
हेतुपर्यस्तापह्नुति	१४८
छेकापह्नुति	१४९
कैतवापह्नुति	१५०
तुल्ययोगिता	१५१
तुल्ययोगिता २	१५२
तुल्ययोगिता ३	१५३
तुल्ययोगिता ४	१५४
विशेष	१५४
विशेष २	१५५
विशेष ३	१५६
कारणमाला	१५८
एकावली	१५८

CC-0. In Public Domain. Digitization by eGangotri

अलंकार	पृष्ठाङ्क
मालादीपक	१५६
पर्यायोक्त	१६०
पर्यायोक्त २	१६२
परिवृत्ति	१६३
उत्तर	१६४
उत्तर २	१६५
सार	१६६
अन्योन्य	१६६
निदर्शना	१६७
निदर्शना २	१६८
हेतु	१६६
सूक्ष्म	१७३
लेश	१७४
यथासंख्य	१७५
उदात्त	१७६
उदात्त २	१७७
परिकर	१७८
परिकराङ्कुर	१७८
दृष्टान्त	१७६
असंगति	१८०
असंगति २-३	१८२
लोकोक्ति	१८५
विचित्र	१८६
परिसंख्या	१८७
प्रहर्षण	१८६
प्रहर्षण २	१८६
प्रहर्षण ३	१६०
विषादन	१६१
सम	१६२
सम २	१६३

अलंकार	पृष्ठाङ्क
सम ३	१६३
विषम	१६४
विषम २	१६५
विषम ३	१६६
विधि	१६७
प्रतिषेध	१६८
प्रौढोक्ति	१६८
व्याघात	१६६
मिथ्याध्यवसिति	२००
लेश	२०१
विकल्प	२०२
उल्लास १	२०२
उल्लास २	२०३
उल्लास ३	२०४
उल्लास ४	२०४
अवज्ञा १	२०५
अवज्ञा २	२०६
अनुज्ञा	२०६
कारकदीपक	२०७
समुच्चय १	२०८
समुच्चय २	२०८
पर्याय	२०६
पर्याय २	२१०
अल्प	२११
अधिक	२११
असंभव	२१२
प्रत्यनीक	२१२
रत्नावली	२१४
भाविक	२१४
पिहित	२१६

अलंकार	पृष्ठाङ्क
गूढोक्ति	२१६
विशेष	२१७
सामान्य	२१८
मीलित	२१८
उन्मीलित	२१९
तद्गुण	२२०
पूर्वरूप	२२०
युक्ति	२२१
अतद्गुण	२२२
निरुक्ति	२२३
निरुक्ति २	२२३
व्याजोक्ति	२२४
विवृतोक्ति	२२५
लोकोक्ति	२२५
विनोक्ति	२२६
विनोक्ति २	२२६
काव्यार्थापत्ति	२२७
ललित	२२८
प्रस्तुताङ्कुर	२२९
समाधि	२३०
मुद्रा	२३०
रसवदलंकार	२३१
प्रेयोलंकार	२३२
प्रेयोलंकार २	२३३
उर्जस्व्यलंकार	२३४
समाहित	२३५
भावोदय	२३६
भावसन्धि	२३७

अलंकार	पृष्ठाङ्क
भावशबलता	२३७
प्रमाणालंकार	२३८
प्रत्यक्षप्रमाणालंकार	२३९
अनुमानालंकार	१३९
उपमानालंकार	१४०
शब्दालंकार	२४०
श्रुतिरूपशब्दालंकार	२४१
स्मृतिरूपशब्दालंकार	२४२
आचारप्रमाणालंकार	२४३
आत्मतुष्टिप्रमाणालंकार	२४४
अर्थापत्ति	२४५
अनुपलब्धि	२४६
संभव	२४७
ऐतिह्य	२४७
आशीरलंकार	२४८
संसृष्टि	२५४
शब्दालंकारसंसृष्टि	२५४
अर्थालङ्कारसंसृष्टि	२५५
शब्दार्थालङ्कारसंसृष्टि	२५५
संकर	२५६
सन्देहसंकर	२५६
अङ्गाङ्गीभावसंकर	२५७
एकवाचकानुप्रवेशसंकर	२५८
प्रार्थना	२५९
मङ्गल	२५९
सर्वसाधारणमहाशयहरूमा वक्तव्यशेष	२६०

विषयानुक्रमणिका समाप्त भयो.

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सप्रकाश

अलंकारचन्द्रोदय

काव्यको रसरूपआत्मालाई अलंकृत (शोभायमान) गराउनें शब्दालंकार, र त्यस्तै अर्थलाई अर्थालंकार भन्दछन्। जस्तै हाम्रो शरीरमा गहना लाउनाले अन्तरात्मा प्रसन्न रहन्छ, त्यस्तै शब्द र अर्थ असल राख्नाले काव्यको आत्मस्वरूपरस प्रकाशमान रहन्छ। रसै छैन; शब्द र अर्थ वेसै छन् भने मृतशरीरलाई गहना लाई-दिएजस्तो हुन्छ र नीरसकाव्यमा अलंकारको समावेश अनुचित ठहरिन्छ. अर्थात् काव्यमा मुख्य रसको * र वहाँ पछि अलंकारको अपेक्षा रहन्छ। साङ्गोपाङ्गरसको निरूपण गर्नें उद्देशले ऐले अलंकार-रूपअङ्गको निरूपण हुन्छ। पहिले शब्द सुनियेर, पछि अर्थ बुझिने हुनाले, पहिले वक्रोक्ति, अनुप्रास, प्रभृतिशब्दालंकारको र, पछि-उपमा रूपक, प्रभृतिअर्थालंकारको निरूपण हुने छ.

१ वक्रोक्तिः

यौटाले यौटा अभिप्रायले बोलेका वाक्यमा अर्काले श्लेषद्वारा अथवा काकु (स्वरभङ्ग) द्वारा अर्कै अभिप्राय लगाएर तदनुसार जवाब दिंदा वक्रोक्ति नामक अलङ्कार

* शृङ्गारप्रभृति रस र, भाव, रसाभास, भावाभास, इत्यादिपनि रस कहिन्छन्.

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यस्मा 'अभङ्गश्लेषवक्रोक्ति' 'भङ्गश्लेषवक्रोक्ति' 'काकुवक्रोक्ति' ई ३ भेद छन्. जस्तैः—

१ अभंगश्लेषवक्रोक्ति. १

ऽऽऽ।।ऽ।ऽ।।।ऽऽऽ।ऽऽ।ऽ [शार्दूलविक्रीडित]

श्रीमान् शङ्कर पूर्ण मङ्गल दिउन् श्रीचन्द्रलाई, कहाँ?
श्रीमान् शङ्कर छन् र, मङ्गलदिने श्रीकृष्ण छन् भन्द छन्
त्यस्तो व्यक्ति-विशेष-मङ्गल कहाँ? हुन्थ्यो र, उन्वाटता
पृथ्वी मङ्गल पाउछिन्, असल हो इष्टै कुरा बन्द छन्। १

अर्थ र संगति.

यहाँ—यौटा शुभचिन्तकले—'श्री ३ महाराजचन्द्रसमशेरजङ्ग-बहादुरराणालाई श्रीमान् (ऐश्वर्यसंपन्न—समर्थ) शङ्करजीले मङ्गल दिउन्' यस्तो आशीर्वादको वचन बोलेमा—अर्को शुभचिन्तकले श्रीमान्शब्दको 'लक्ष्मीयुक्त' भन्ने अभिप्राय लगाएर 'शङ्करजी कहाँ? श्रीमान् (लक्ष्मीयुक्त) छन् र मङ्गल दिउन्. श्रीमान् र मङ्गल दिने ता श्रीकृष्ण छन्, तर ती यौटा व्यक्तिविशेषलाई मङ्गल दिने होइनन्, उन्वाटता संपूर्ण पृथ्वीले मङ्गल पाउँछिन्' यस्तो सयुक्तिक * वचन वोलेमा अघिवोल्ने शुभचिन्तकले सोझै अभिप्राय संझेर त्यहीकुराको सकार गर्नालाई पृथ्वीले मङ्गल पाउनु इष्ट कुरा हो, यस्तो जवाव दिएको हुनाले, शब्दको स्वरूप न विग्री-कन २ अर्थ परेर त्यसद्वारा वक्रोक्ति पर्नगयो र अभङ्गश्लेषवक्रोक्ति पर्‍यो. अथ वा—

* श्रीकृष्णवाट पृथ्वीले मङ्गल (भौम र कल्याण) पाएको कुरा पुराणप्रसिद्ध छ.

CC-0. In Public Domain. Digitization by eGangotri

[अनुष्टुप्छन्द]

चन्द्रज्योति उज्यालामा उज्यालो भइ बल्दछ ।
देखें मैले अँध्यारैमा उज्यालो भइ बल्दछु ॥२॥

अर्थ र संगति

यहाँ पनि—'बिजुलीबत्ती उज्यालाकामध्यमा सबभन्दा उज्यालो भएर बल्दछ, यस्तो अभिप्रायले योटाले बोलेको वाक्यमा, 'उज्यालो भएको ठाँउमा उज्यालोभइ बल्द छ' यस्तो अभिप्राय लगाएर अर्काले त्योकुराकाट्नालाई 'विजुलीवत्ति उज्यालोमा उज्यालो हुने होइन; अँध्यारैमा उज्यालो भइ बलेको मैले देखको छु' यस्तो जवाब दिएको छ, र अभङ्गश्लेषवक्रोक्ति पर्‍यो.

१ भंगश्लेषवक्रोक्ति २

श्रीमहाराजले राज्य गर्दा अद्भुत बन्दछन् ।
बन्द छैनन् अद्भुतता बढ्दैछन् भनि भंदछन् ॥३॥

अर्थ.

यहां—'श्री ३ महाराजले राज्यगर्दा यस्ता विजुलीवत्तिजस्ता अनेक अद्भुत (चमत्कार) बनी रहेका छन्' यस्ता अभिप्रायले योटाले बोलेका वाक्यमा अर्काले 'अद्भुत बन्द (रोकिएका) छन्' यस्तो अभिप्रायलगाएर त्योकुराकाट्नालाई 'अद्भुत बन्द छैनन; बरु बढदैछन भनि सबै भन्दछन' यस्तो जवाव दियेको छ.

संगति.

यहां—' अदभुत, बन्दछन ' ई २ पदको भङ्ग गरेर ३ पद गर्दा—' अद्भुत, बन्द, छन्, ' यस्तो भङ्गश्लेष हुन गएर त्यसद्वारा वक्रोक्ति परेको हुनाले भङ्गश्लेषवक्रोक्ति पर्‍यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१ काकुवक्रोक्ति ३

[अनुष्टुप्छन्द]

श्रीमहाराजले गर्दा वेइन्साफ भयो कहाँ ।
श्रीमहाराजले गर्दा वेइन्साफ भयो कहाँ ॥४॥

अर्थ.

'श्री ३ महाराजबाट झगरा छिनिवक्सँदा कुनठाँउँमा वेइन्साफ भयो ?' यस्तो प्रश्न यौटाले गरेमा; 'श्री ३ महाराजका प्रतापले बेइन्साफ कहां ३ भयो' यस्तो जवाब अर्काले दिएको छ.

संगति.

यहाँ 'कहाँ' शब्दमा काकुगर्नाले (स्वरलम्याउनाले) प्रश्नको खण्डन भएको हुनाले काकुवक्रोक्ति अलंकार पऱ्यो.

२ छेकानुप्रास +

अनेक (एकभन्दावढ्ता) व्यञ्जनवर्णको आवृत्ति भएमा छेकानुप्रासनामक अलंकार हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

धर्म कर्म परिपूर्ण रहेका
राजभक्त अनुरक्त सब छन् ।
त्यस् निमित्त सब चित्त लगाई
शान्तशील शुभचिन्तन गर्छन् ॥५॥

अर्थ स्पष्ट छ.

यहां—प्रथमपाउमा र्म्‌को, द्वितीयमा क्त्‌को, तृतीयमा त्त्‌को,

+ वर्णको आवृत्ति (दोहरिनु) लाई अनुप्रासभन्छन.

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थमा न्त्को आवृत्ति हुनाले छेकानुप्रास पऱ्यो. अथवा–

[अनुष्टुप्छन्द]

धर्म कर्म प्रजा गर्छन् अहो ! आनन्द ! नन्दछन् ।
पतापका पराकाष्ठा चन्द्र इन्द्र समान छन् ॥६॥

अर्थ

श्री ३ महाराजका बाहुलीका छायामा रहेका सबै प्रजा आफ्नू २ धर्मकर्म गरी रहेकाछन्. प्रसन्न भएर 'क्या ! आनन्द' भन्दै दंगादंगी परेका छन्. श्री ३ महाराजचन्द्रशमशेरजंगबहादुर राणा, इन्द्रसमान प्रतापीका प्रथमश्रेणिमा गणनीय छन्.

सङ्गति.

यहाँ र् म् र म् न् द् न् द् क् प् क् प् ई व्यञ्जनवर्ण को २।२ पटक उच्चारण भएको हुनाले छेकानुप्रासअलंकार पऱ्यो.

२ वृत्त्यनुप्रास.

यौटा व्यञ्जनवर्णको अनेक पटक उच्चारण गर्दा वृत्त्यनुप्रास हुन्छ. जस्तैः--

[||S||S|S|S–||SS||S|S|S [सुन्दरी]

+ समता शशिको छ ता पनी
न हुने कत्ति कुरै कलङ्कको ।
गुणगौरवको गम्भीरता
गणनातीत रहेछ नाथको ॥ ७ ॥

÷ यमकादौ भवेदैक्यं रलोर्बवोः शसोस्तथा,

यो वचनानुसार अनुप्रासमा पनि सकारका आवृत्तिस्थानमा शकार रहे पनि हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ-

चन्द्रको समता छ ता पनि महाप्रभुमा कलंकको केहीं कुरै छैन. महाप्रभुका गुणको गम्भीरता गणनातीत (इयत्ताशून्य) बुझियो.

संगति—

यहां प्रथमपाउमा सकारको, द्वितीयमा ककारको, तृतीय-चतुर्थमा गकारको आवृत्ति हुनाले वृत्त्यनुप्रास पर्‍यो. अथ वा—

[अनुष्टुप्छन्द]

कलङ्कका कुरा कत्ति कसेले कोहि कालमा ।
कर्णगोचर गर्दैनन् कृपासागरका कहीं ॥ ८ ॥

अर्थ स्पष्ट छ.

यहाँ ककारको अनेकपटक उच्चारण हुनाले वृत्त्यनुप्रास पर्‍यो.

३ वृत्त्यनुप्रास २.

अनेकव्यञ्जनवर्णको अनेकपटक उच्चारण भएमा पनि वृत्त्यनुप्रास हुन्छ जस्तै--

[अनुष्टुप्छन्द]

(१) अवार्य शौर्य जस्का छ धैर्य जस्को अहार्य छ ।
कार्य जस्को उदाहार्य सर्वदा अनुकार्य छ ॥९॥
(२) जनरञ्जनचातुर्य जस्को माधुर्यपूर्ण छ ।
उन्का औदार्यको सीमा अगम्य अविचार्य छ १०

अर्थ स्पष्ट छ.

यहाँ र्य्ई अनेकव्यञ्जनवर्णको आवृत्ति हुनाले वृत्त्यनुप्रास पर्‍यो. अथवा

CC-0. In Public Domain. Digitization by eGangotri

[अनुष्टुप्छन्द]

शौर्यमा धैर्यमा धेरै एक एक प्रसिद्ध छन् ।
नेपालपालप्रभुमा ती दुवै गुण पूर्ण छन् ॥ ११ ॥

अर्थ--

शूरतामात्रले कोही प्रसिद्ध छन. धैर्य मात्रले कोही प्रसिद्ध छन्. तर नेपालरक्षक श्री ३ महाराजमा शौर्य र धैर्य दुवै गुण पूर्ण छन्.

सङ्गति—

यहाँ र् य् र् य् ध् र् ध् र् प् ल् प् ल् ई अनेकवर्ण को आवृत्ति हुनाले वृत्त्यनुप्रास पर्‍यो.

४ श्रुत्यनुप्रास.

एकस्थानीय (व्याकरणप्रसिद्ध कण्ठतालुप्रभृति स्थान एक भएका) व्यञ्जनवर्णको आवृत्ति भएमा श्रुत्यनुप्रास हुन्छ जस्तै--

[अनुष्टुपछन्द]

सनातनस्थिति लिने तुलना नलिने सँधै ।
प्रभुकी कीर्तिलतिका बिजुलीरूपले फुली ॥१२॥

अर्थ--

आचन्द्रार्क रहीरहने अनुपम भएकी, कीर्तिरूपलता बिजुली वत्तिका स्वरूपले फुली.

संगति--

यहां पहिला आधीमा दन्तस्थानीय स् त् थ् न ल् इवर्ण को आवृत्तिले श्रुत्यनुप्रास पर्‍यो.

CC-0. In Public Domain. Digitization by eGangotri

५ अन्त्यानुप्रास.

श्लोकका विश्रामस्थानमा र पदान्त, अर्धान्तमा व्यञ्जनवर्णको आवृत्ति भएमा अन्त्यानुप्रास हुन्छ जस्तैः—

SSS||S |S|||SSS|SS|S (शार्दूलविक्रीडित)

विद्यावैभवले, उदारमनले, सद्धर्मका तेजले,
प्रज्ञाविक्रमले, अपारयशले, गाम्भीर्यले धैर्यले, ॥
जो संयुक्त विराजमानरहँदा शोभा अपूर्व भयो,
उन्कै कीर्तनगर्नेलाइ कविको उत्साह बढ्दै गयो १३

अर्थ स्पष्ट छ.

यहां पहिला आर्धीका विश्रामस्थानमा र, पछिल्ला आर्धीका पादान्तमा अन्त्यानुप्रास पऱ्यो. अन्त्यानुप्रासको प्रचार भाषा कवितामा ज्यादा देखिन्छ. अनुप्रासको हठगर्दा अर्थसौन्दर्यमा प्रायः बाधा पर्ने हुन्छ र, कविता असूल नठहरिने हुन्छ. अनायासले परेको अनुप्रास अलङ्कार हो, जबरदस्तीगरेर पारेको अनुप्रास अलङ्कार ठहरिदैन.

६ लाटानुप्रास.

शब्द र वाच्यार्थ योटै रहेर तात्पर्यमात्र भिन्न भइ शब्दको आवृत्ति भएमा लाटानुप्रास हुन्छ, जस्तैः-

[अनुष्टुप्छन्द]

प्रभु प्रसन्न रहँदा सबै गुण अमूल्य छन् ।
अप्रसन्न प्रभु हुँदा सबै गुण अमूल्य छन् ॥१४॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

श्री ३ महाराज प्रसन्न भइबक्सियो भने सबै गुण अमूल्य छन्. अप्रसन्न भईबक्सियो भने पनि सबै गुण अमूल्य छन्

सङ्गति.

यहाँ 'सबै गुण अमूल्य छन्' ई दुवै वाक्यको शब्द र अर्थमा ता फरक छैन. तर "प्रभु प्रसन्न भइबक्सियो भने गुणले गर्ने फायदा पूर्णतया हुन जाने हुनाले सबै गुण अमूल्य (मोल नभयेका–अनमोल) छन्. प्रभु प्रसन्न भइबक्सिएन भने तिनै गुणलाइ कसैले नटेर्ने हुनाले गुण अमूल्य (मोल नपर्ने) सित्तैका-छन्, यस्तो तात्पर्यमात्र भिन्न भइ शब्द दोहरिएको हुनाले लाटानुप्रास पऱ्यो.

७ यमक.

भिन्नभिन्न अर्थ भएका व्यञ्जनवर्णको पहिलो क्रममा मिलेर आवृत्ति भएमा यमक हुन्छ. * जस्तैः-

IIISIISIISS [द्रुतविलम्बित]

सकलभूतलमा तलमाथिनै
हुन गयो नयमा कलिकालले ।
पशुपतिप्रभुका वरदानले
हुनगयो नयपात्र यथार्थले ॥१५॥

* यसमा प्रथम, द्वितीय, तृतीय, चतुर्थ, प्रथमद्वितीय, प्रथमतृतीय, प्रथमचतुर्थ, द्वितीयतृतीय, द्वितीयचतुर्थपाउमा यमकराख्नाले विशेष सौन्दर्य देखिन्छ. यमकका अनन्त भेद हुन शक्तछन्, तर अतिगरेर यमक परेका काव्य झट्ट अर्थ नबुझिने हुनाले अधम गनिन्छन्. अर्थ-प्रतीतिमा विलम्ब र कष्ट नपर्ने यमक भएका काव्य वेसै हुन.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

कलिकालका प्रभावले तमाम दुनियामा नयमा (नीति-निसाफमा) तलमाथिनै हुन गयो (उँचनीच पर्नगयो) तर श्रीपशुपतिनाथका दयाले श्री ३ महाराजको उदय हुँदा नयको (नीतिको) पालना हुदजाँदा नयपाल यथार्थ नयपाल भयो.

सङ्गति.

यहाँ 'तलमा' शब्दको आवृत्ति हुनाले प्रथमपादमा यमक पर्‍यो.

|||S||S||S|S [द्रुतविलम्बित]

अधिक उत्तम यो छ निसाफमा
धन हुने नहुने पनि तुल्य छन् ॥
धरणि-भूषण-चन्द्र-नरेन्द्रका
गुण अनन्त अलभ्य अमूल्य छन् ॥१६॥

अर्थ.

निष्पक्षपात न्यायनिर्णय गर्नु ठूलो कुरा हो. श्री ३ महाराजबाट यस्तै न्यायनिर्णय (निसाफ) गरि बक्सिन्छ. धनीको मुलाहिजा र गरीबको उपेक्षा गरिबक्सिदैन. पृथिवीलाई शोभायमान गराइबक्सिने श्री ३ महाराजका अरु गुण पनि, यस्तै असंख्य, अलभ्य, अमूल्य, छन्.

संगति.

यहाँ ' नहुने ' शब्द को आवृत्ति हुनाले द्वितीय पादमा यमक परेको छ.

CC-0. In Public Domain. Digitization by eGangotri

IIISIISIISIS [द्रुतविलम्बित]

जय मनाउँछ जो सरकारको
जय उसैजनको पनि देखियो ।
विजयको जयको गरु कामना
अनि ठुलो व्रत यो मनले लियो ॥१७॥

अर्थ.

सर्कारको जय मनाउने मानिसले समेत जय पाएको प्रत्यक्ष देखियो, भने—खास सर्कारले जय पाउनु के आश्चर्य छ ?. जय मनाउँदैमा जय पाएका जनहरुलाई देखेर मेरो मनले अब प्रभुको जय (भलो) र विजय (उत्कर्ष) मनाउने व्रत लियो. [साविक-बमोजीम यस्ले पनि जयर विजय पाउनु पर्छ]

संगति.

यहाँ ' जयको' शब्दको आवृत्तिले तृतीयपाउमा यमक पर्‍यो.

IIISIISIISIS [द्रुतविलम्बित]

सकलभूतलको शुभ भाग्य हो
प्रकृति भूपतिको मनमा धरी ।
अभिमुखै रहिबक्सनुहुन्छ जो
शरणमा रणमा समता गरी ॥१८॥

अर्थ.

'असतां प्रतिषेधश्च सतां च परिपालनम् । एष राज्ञां परो धर्मः समरे चापलायनम् ' यो भारतीयवचनानुसार राजधर्ममा स्थिर रहेर शरणलिनामा र रणमा (युद्धमा) अभिमुखै (संमुखै

CC-0. In Public Domain. Digitization by eGangotri

तयारै) रहिबक्सिने श्री ३ महाराजले सनाथ भएको यो भूतल अतिभाग्यवान छ.

संगति.

यहाँ 'रणमा' शब्दको आवृत्तिले चतुर्थपाउमा यमक पऱ्यो. यहाँ प्रथमरणमाशब्द निरर्थक छ; द्वितीयरणमाशब्द सार्थक छ.

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

प्रकृतिमा गुणमा प्रभुशक्तिमा
वरु मिली हरिली समता निकै ।
ठहरिंदैन समान हजूरमा
अरु कुनै मनमा मनमाफिकै ॥ १९ ॥

अर्थ.

स्वभावमा, गुणमा, प्रभुत्वमा, श्री ३ महाराजको र विष्णुको समता यथाकथंचित् हुन्छ, अरु कुनैपनि समतागर्न खोज्दा चित्त-बुझाउने समान ठहरिंदैन.

संगति.

यहाँ 'मनमा' शब्दको आवृत्तिले चतुर्थपाउमा यमक पऱ्यो. यहाँ भने प्रथममनमाशब्द सार्थक, अर्को निरर्थक छ.

ऽऽ।ऽऽ।।ऽ।ऽऽ [इन्द्रवज्रा]

माने नमाने पनि देवताले
माने, नमाने पनि; 'दे, बता, ले' ।
भन्ने सबै डाँकु हटाउँनामा
सर्कार मौजूद गराउनाले ॥ २० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

नमाने पनि (रैतिले मञ्जूरी नगरे पनि) 'दे धन, बता कहाँ छ, ले यता' इत्यादि बलात्कारका कठोरवचन बोल्ने डाँकु हटाउँनामा सर्कारलाइ मौजूद (मुस्तैद—तयार) गराइहाले भने; हामिले देवतालाई माने पनि, नमाने पनि देवताले (परमेश्वरले) माने (मंजूर भए, प्रसन्न भए.) ।

संगति.

यहाँ प्रथमपाउ र द्वितीयपाउमा यमक पऱ्यो.

SISIIISIISS [स्वागता]

जो बढेर सबलाइ हराए
भाग्यका वश उनै प्रभु पायौं ।
जो बढे रस बलाइ हराए
धन्य छौं भनि तसर्थ रमायौं ॥ २१ ॥

अर्थ

जो प्रभु बढेर (उन्नति पाएर) सबैलाई हराए (परास्तगरे). हामिले भाग्यवशात् उनै मालिक पायौं. जो रस (आनन्द) बढे; बलाइ (आपत्ति) हराए, (नष्ट भए) तसर्थ धन्य (भाग्यमानी) छौं भनि हामी रमायौं.

संगति

यहाँ प्रथम र तृतीयपाउमा यमक परेको छ.

SSISSIISISS [इन्द्रवज्रा]

गोदानको गिन्ति हुँदैन केही
जस्ले महादान गरे मजेले ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यत्र भूमीतलमा त ऐले
गो दानको गिन्ति हुँदन केही ॥ २२ ॥

अर्थ.

जुन महाप्रभुले सुवर्णतुलापुरुषप्रभृतिषोडशमहादान र अरु ठुला २ दान पनि मजैले (विनाप्रयासले) गरे; उस्ता महाप्रभुको गोदानको केही गिन्ति हुँदैन (अनगिन्ति गोदान भए)। अन्यत्र भूमीतलमा त, ऐले गो (गयो--हरायो) दानको केही गिन्ति हुँदैन (दानलाइ कर्तव्य हो भनि काहि गर्दैन)।

सङ्गति.

यहाँ प्रथम र चतुर्थपाउमा यमक परको छ.

SSISSIIS SSISISSIISISS [इन्द्रवज्रा, उपेन्द्रवज्रा = उपजाति]

चाँडैन हामी कृतकृत्य हुन्छौं
दया भएको प्रभु खोज गर्दा।
दया भए, को ? प्रभु ! खोज गर्दा
अन्यत्र हैरान सदा हुँदाहुन् ॥ २३ ॥

अर्थ.

दयाभएको प्रभु (मालिक) खोज्दा दयासागरमहाप्रभु पाउनाले हामी चाँड़ैन कृतकृत्य हुन्छौं. अन्यत्र दयाभएदेखि खोज्दा २ को हैरान हुँदो हो ?.

सङ्गति.

यहाँ द्वितीय र तृतीयपाउमा यमक परेकोछ.

ISISSIISISISIS [वंशस्थ]

प्रभुत्व अन्यत्र नपाइने भयो

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

प्रभुलाई राजकाजबाट एकघडी पनि फुर्सत नभएको देख्ता, वैरिका राजका नीतिकुशलहरू ('मुस्तैदीसाथ राजकाजगर्नेले अवश्यमेव विजय गर्न शक्तछ, कुन्दिन हामिमाथि आपत् पर्छ ?; भनि विचारगर्न शक्ने बुद्धिमानहरू) जले (खूब संताप गर्न लागे) ।

सङ्गति.

यहाँ द्वितीय र चतुर्थपाउको खण्डमा ('राजकाजले' यस्अंशमा) यमक परेको छ.

[अनुष्टुप्छन्द]

उद्योगिमा मान हुने, न हुने मान मूर्खमा ।
सर्कारका यो प्रथाले थाले उद्योग रैतिले ॥२८॥

अर्थ.

उद्योग गरेको छ भने मान वक्सिने; मूर्खलाई उच्च मान न वक्सिने प्रबन्ध, सर्कारबाट गरिवक्सिएको हुनाले रैतिहरु धमाधम उद्योगगर्न लागे.

सङ्गति.

यहाँ प्रथमपाउको अन्त्य र द्वितीयपाउको आदिमा ('नहुने-नहुने' यहाँ) खण्डयमक परेको छ.

त्यस्तै तृतीयपाउको अन्त्य र चतुर्थपाउको आदिमा पनि ('थालेथाले' यहाँ पनि) खण्डयमक परेको छ.

यस्ता २ खण्डयमकका पनि अनेक भेद हुन शक्त छन्. यहाँ दिग्दर्शनमात्र गरेको हो.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

जस्को पल्टन् वलीयो (खूब बल भएको) छ. त्यहि पल्टन् शत्रुको अघि सर्छ (शत्रु सँग भिड्छ) । जुन् महाप्रभुको बलीयो शत्रु पल्टन्छ (उत्तानु परेर गिर्छ) । को अघि सर्छ ? (कोही अघिसर्न शक्तैन) ।

सङ्गति.

यहाँ प्रथम र तृतीय, द्वितीय र चतुर्थ पाउमा यमक परेको छ. यस्ता २ पूर्णयमकका अनेक भेद हुन्छन्.

[अनुष्टुप्छन्द]

फुर्सतै छैन घडिन्नप्रभुको राजकाजले ।
या देखि नीतिकुशल वैरिका राजका जले॥२७॥

अर्थ.

प्रभुलाई राजकाजबाट एकघडी पनि फुर्सत नभएको देखता, वैरिका राजका नीतिकुशलहरू ('मुस्तैदीसाथ राजकाजगर्नेले अवश्यमेव विजय गर्न शक्तछ, कुन्दिन हामिमाथि आपत् पर्छ ?, भनि विचारगर्न शक्ने बुद्धिमान्हरू) जले (खूब संताप गर्न लागे) ।

सङ्गति.

यहाँ द्वितीय र चतुर्थपाउको खण्डमा ('राजकाजले' यस्अंशमा) यमक परेको छ.

[अनुष्टुप्छन्द]

उद्योगिमा मान हुने, न हुने मान मूर्खमा ।
सर्कारका यो प्रथाले थाले उद्योग रैतिले ॥२८॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

उद्योग गरेको छ भने मान बक्सिने; मूर्खलाई उच्च मान न बक्सिने प्रबन्ध, सर्कारबाट गरिबक्सिएको हुनाले रैतिहरु धमाधम उद्योग गर्न लागे.

सङ्गति.

यहाँ प्रथमपाउको अन्त्य र द्वितीयपाउको आदिमा ('नहुने-नहुने' यहाँ) खण्डयमक परेको छ.

त्यस्तै तृतीयपाउको अन्त्य र चतुर्थपाउको आदिमा पनि ('थालेथाले' यहाँ पनि) खण्डयमक परेको छ.

यस्ता २ खण्डयमकका पनि अनेक भेद हुन शक्त छन. यहाँ दिग्दर्शनमात्र गरेको हो.

८ पुनरुक्तवदाभास.

शब्द सुन्ने बित्तिकै पहिला झमट्मा शब्द र अर्थ दोहरिएजस्तो ज्ञानपर्ने, विचारगर्दा शब्द र अर्थ भिन्नै ठहरिने भएमा पुनरुक्तवदाभासनामक अलंकार हुन्छ. जस्तै—

[अनुष्टुप्छन्द]

प्रजामजाल्सुखलेजनिसर्वत्रनन्दछन् ।
महाँराजमहाँराजगुणसंपूर्णपूर्णछन् ॥ २९ ॥

अर्थ–

महाँराजमहाँ (महाराजरूपीआधारमा) संपूर्ण राजगुण पूर्ण (भरिएका) छन्; त्यसोहुनाले सबतरहबाट अनुरक्तभएका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाहरू मजाले (मजैसँग) सुख (आनन्द) ले (ग्रहणगर-पा-भोगगर) भनि सबठाँउमा परस्पर भन्दछन्.

सङ्गति.

यहाँ 'मजाले, सुखले' ई २ को अर्थ मात्र पहिला झमट्मा योटै जस्तो भानपर्छ; शब्द ता भिन्नै सुनिन्छन्; विचारगर्दा माथिलेखिए मुताबिक अर्थपनि वास्तवमा भिन्नै ठहरिन्छ. दोस्रा आधीमा 'महाँराजमहाँराज' यहाँ शब्द र अर्थ दुवै दोहरिए जस्तो भानपर्छ. विचारगर्दा शब्द र अर्थ भिन्नै ठहरिन्छ र पुनरुक्तवदाभास पऱ्यो.

९ श्लेष.

१ एकैशब्दको अनेकअर्थ हुँदा र, २ एकैशब्दका अक्षरको खण्डखण्डगरेर अनेक अर्थपर्दा श्लेषनामक अलंकार हुन्छ. शब्दको विकार नभएको हुनाले पहिलाप्रकारलाई अभङ्गश्लेष र, शब्दको विकार भएको हुनाले दोस्राप्रकारलाई भङ्गश्लेष भन्छन्. जस्तै—

९ अभंगश्लेष १

ऽऽऽऽऽ।ऽऽ।ऽऽ [शालिनी]

मर्यादाको रक्षणे मुख्य ठानी
पाना राख्ने सर्वदा गर्छ वानी ।

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीभर्मा श्रीमहाराजजस्तो
हुन्छू भन्ने सिन्धु यो धृष्ट कस्तो ? ॥३०॥

अर्थ.

मर्यादा (हद–सीमा) को रक्षणनै मुख्य (कर्त्तव्य) ठानेर पानीराख्ने (पानीफैलिननदिने) बानीगर्ने यो सिन्धु, "मर्यादाको (लोकस्थितिको) रक्षणै (रक्षागर्नुनै) मुख्य (राजकर्तव्य) ठानेर पानो (तेज) राख्ने (आफुमा कायम गर्ने) बानी (स्वभाव) गर्ने श्री ३ महाराजजस्तो हुन्छू" ('मर्यादारक्षक र पानीदार म छदैछू; तस्मात् श्री ३ महाराजको तुल्यता म अवश्य पाउछू.') भन्छ. यसोभन्नराक्के पृथ्वीभर्मा अर्को देखिएको थिएन; यो ता कस्तो धृष्ट (धीटो) रहेछ !.

संगति.

यहाँ मर्यादाशब्द र पानीशब्दमा केही विकार नभइ २ अर्थ भएको हुनाले अभङ्गश्लेष पऱ्यो.

भंगश्लेष–

वर्ण, पद, लिङ्ग, भाषा, प्रकृति, प्रत्यय, विभक्ति, वचन, ई८मध्यको कुनैलाई आश्रयण गरेर रहने हुनाले ८ प्रकारको हुन्छ. जस्तै--

१ वर्णश्लेष–२

[अनुष्टुप् छन्द]

ब्रह्मण्यता र गोभक्ति श्रीतिन्मा परिपूर्ण छन् ।
गोब्राह्मण दुवै जस्का दानैले परिपुष्ट छन् ॥३१॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

श्री ३ महाराजमा ब्राह्मणभक्ति र गोभक्ति पूर्ण छ. गाई र ब्राह्मण दुवै जाति श्री३महाराजका दानैले (गाईचाहिने-दानालेनै. ब्राह्मणचाहिने–दानलेनै) परिपुष्ट भएका छन्.

संगति.

यहाँ 'दानैले' शब्दमा दान र दाना ई२शब्दका अकारवर्ण रआकारवर्णको श्लेष (मेल) भएको हुनाले वर्णश्लेष पऱ्यो.

१ पदश्लेष ३

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

(१) कलि हटाउनलाइ परीक्षितै
बुझि सबै दुनियाँ स्तुति गर्दछन् ।
इ रचिए परमेश्वरले स्वयं
भनि सबै दृढता पनि गर्दछन् ॥३२॥

(२) सकलि की नकलि प्रभु हुन् जनि
स्थिर नभै अरु अक्कनबक्क छन् ।
म कलिको कवि हूँ मतिमन्द छू
अकलिनै प्रभु हुन् भनि जन्दछू ॥३३॥

अर्थ.

कलि (झगरा र कलियुग) हटाउनलाइ श्री ३ महाराज परीक्षितै (परीक्षागरिएकै र परीक्षितराजै) होइवक्सिन्छ; यो कुरा बुझेर सबै दुनिया स्तुति (तारीफ) गर्दछन्, अर्थात् प्रभुमा कलिहटाउने ताकत देखिएको हुनाले प्रभु परीक्षितै होइवक्सिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् प्रभुमा सकलि (कलिसहित) भनि विशेषण लाग्न शक्तैन भनि तारीफ गर्दछन्. फेरी उनै दुनियाँ "श्री ३ महाराज खास परमेश्वरले रचिएका हुन् भन्ने पूर्णविश्वास पनि गर्दछन्. अर्थात् प्रधानजगत्कर्ता परमेश्वरजस्ताले रचिएका लोकोत्तर श्री ३ महाराज अरु नकलि जस्ता होइनन. तस्मात् प्रभुमा नकलि (नजान्नेले बनाएको) भन्ने विशेषण पनि लाग्न शक्तैन " भनि पूर्णविश्वास गर्छन्. त्यसो हुनाले अरुहरु महाप्रभुलाइ सकलि, नकलि क्यहि भन्न नशकेर अकनबक्क हुन्छन; तर-म कोहि भिक्षुक कलिको कवि हूं (कलियुग-को कवि र कलिलाइ नछाडेर कवितागर्न खोज्ने कवि हूं.) त्यसोहुनाले मतिमन्द (अल्पबुद्धि) भएर कलिलाई न छाड़ने हठ लिएको छू र लाचारीसाथ महाप्रभुलाइ अकलि (कलि नभएका र अकलदार) हुन् भन्छु; नकलि सकलि भन्न शक्तिन.

संगति.

यहाँ यौटे पदमा खण्ड गरेर 'परीक्षित, परीक्षित्, सकलि, स कलि, नकलि न कलि, अकलि अ कलि, एस्ता प्रकारका २।२ अर्थ परेका हुनाले पदश्लेष पऱ्यो.

९ लिंगश्लेष ४

ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [इन्द्रवंशा]

त्रैलोक्यमा आफुसमान कीर्तिले,
मैले पनी कीर्तिसमान पाइन ।
श्रीमन्महाराज ! कहाँ ? डुलौं नती
उस्ले र मैले अव चित्त लाइन ॥ ३४ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

त्रैलोक्यभरमा आफै डुली सकेका कीर्तिले आफुसमानको अर्को वस्तु पाइन. महाराज ! कीर्तिसमानको अर्को वस्तु कहीं छ की ? भनेर बुद्धिलाई दौड़ाउँदा मैले पनि कीर्तिसमान अर्को वस्तु पाइन. ' अब डुल्ने दौड़ने ठाउँ कहीं बाकी छैन , र उस्ले पनि चित्त लाइन. मैले पनि चित्त लाइन.

संगति.

यहाँ ' पाइन, लाइन, शब्द स्त्रीकर्त्री र पुरुषकर्ताको क्रिया-वाचक हुन गएको हुनाले लिङ्गश्लेष पऱ्यो.

९ भाषाश्लेष ५

[अनुष्टुप्छन्द]

तीव्रसन्ताप रहँदा अर्को रक्षक को च्छ है ।
चन्द्र ! शीतल ! मेरा तिनू हर दुःखपरम्पराः ॥३५॥

अर्थ.

' कडा संताप परेका वेलामा अर्को रक्षक को च्छ × है । हे स्वभावशीतल ! चन्द्र ! मेरा आध्यात्मिकप्रभृति ३ थरी दुःखका परम्परालाई हर (नाशगर)

यस्तो नेपाली भाषाको अर्थ हो.

'तीव्रसंतापरहदा अर्कोऽरक्षककोऽच्छ ! है ।
चन्द्र ! शीतल ! मेरातिनू ! हर दुःखपरम्पराः' ॥

× 'को छ' भन्नुपर्नेमा संतापसंततभएका मानिसले धृष्टता साथ बोलेको हुनाले ' को च्छ ' भनेको पनी राम्रै सुनिएला.

CC-0. In Public Domain. Digitization by eGangotri

यही श्लोक संस्कृतभाषामा हुन शक्त छ. तर संस्कृतमा यस्को अर्थ भिन्न छ. जस्तै–

* संस्कृतानुसारी व्याख्या.

कडा सन्तापका अभावको नाश गर्ने (अर्थात् कडा सन्ताप गर्ने) सूर्य रक्षक छैनन्. तसर्थ–हेस्त्रभावशीतल ! हेत्रिष्णुनेत्ररूप ! हेचन्द्र ! दुःखका परम्पराकन हर.

संगति.

यहां यौटै श्लोकमा २ भाषाको श्लेष (जोड) भएको हुनाले भाषाश्लेष पर्‍यो. 'दुःखपरम्पराः' यहां विसर्गले 'नानुस्वारविसर्गौस्तश्चित्रभङ्गाय कर्हि चित्, यो वचनानुसार भाषाश्लेषमा बाधा पार्न शक्तैन. अथ वा–

|||||| ऽ|ऽ|ऽ–|||| ऽ||ऽ|ऽ|ऽ [अपरवक्त्र]

जय हर गर दोष–खण्डन
प्रभुवर ! चन्द्रनरेन्द्र ! सर्वथा ।
पर गर अव नित्य याचना
अवसर उत्तम आट यो वृथा ? ॥ ३६ ॥

* तीव्रस्य (कठोरस्य) संतापस्य (दुःखविशेषस्य) रहम् (अभावम्) द्यति (खण्डयति) इति तीव्रसंतापरहदाः । एतादृशः अर्कः (सूर्य) अरक्षकः (अपालकोऽस्ति) । मायाः (लक्ष्म्याः) इराम् (रलयोरभेदादिलां नाम निवासभूमिभूतां विष्णुमूर्तिम्) अतति (गच्छति, नेत्ररूपेण प्राप्नोति) इति मेराती, तत्संबुद्धौ हेमेरातिन् ! अच्छ ! (प्रसन्न !) शीतल ! हे चन्द्र ! दुःखपरम्पराः (क्लेशश्रेणीः) हर (नाशय) इति संक्षेपोऽर्थस्य । त्यागार्थकाद्रहतेर्घञर्थे कः । दोऽवखण्डन इत्यस्मात्कर्तरि विच् । अततेः सततगमनार्थकात् कर्तरि णिनिः । विकर्तनार्कमार्तण्डेत्यादि, प्रसन्नोऽच्छ इति, स्युः पाट् प्याट् अङ्ग है हे भो, इति चामरः ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीभाषाका पक्षको अर्थ.

हे प्रभुवर ! चन्द्र ! भय हर । दोषको (खराबीको) खण्डन सर्वथा गर । अब याचनालाई सधैंका निमित्त हटाइदेउ. आंट, यो उत्तम मौका वृथा ? त्यसै जान्छोस्त ?

* संस्कृतभाषाका पक्षको अर्थ.

हेभय ! (हेनक्षत्रपते !) हेहरगरदोषखण्डन ! (हेशङ्कर-निपीतगरलपीडाप्रशमन !) हेपरगर ! (हेवैरिविषरूप !) चन्द्रात्मक ! हेप्रभुवर ! जो सफलताका साथ उत्तमअवसरमा आएको छ, उसका सधैंका याचनालाई मारीदेउ.

संगति.

यहाँ पनि नेपालीभाषाको र संस्कृतभाषाको भिन्न २ अर्थको श्लेष (मेल) भएको हुनाले भाषाश्लेष पऱ्यो.

९ प्रकृतिश्लेष ६

[अनुष्टुप्छन्द]

श्रद्धापूर्वक सुन्दिन्छन् पर्वमा र निसाफमा ।
मनोरथ सबै सिद्ध छन् तसर्थ जुनाफमा ॥३७॥

अर्थ.

महाप्रभु पर्वमा श्रद्धापूर्वक सुन (सुवर्ण) दिन्छन. निसा-

---

* भानि (नक्षत्राणि) याति (प्रभुत्वेन प्राप्नोति) इति भयः तस्य संबोधनम् । हरस्य (शिवस्य) गरदोषम् (विषपीडाम्) खण्डयति (नाशयति) इति हरगरदोषखण्डनः तस्यसंबोधनम् । परेषां (शत्रूणाम्) गर ! (विषरूप !) हेचन्द्रानतिरिक्त ! प्रभो ! यः (जनः) उत्तमे (श्रेष्ठे) अवसरे (काले) आट (प्राप) तस्य जनस्य नित्ययाचनाः (नित्यभिक्षाः) अव (जहि) । अटतेर्लिट् । अवतेर्हिं सार्थकाद्दण्डकपठिताल्लोट् । शेषं स्पष्टम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

फमा पनि श्रद्धापूर्वक (चित्तदिएर) सुन्दिन्छन् (विन्तिचढाएका कुरा सुन्ने अनुग्रह गर्छन्) त्यसो हुनाले सबै मनोरथ जुनाफमा सिद्ध हुन्छन्.

संगति-

यहाँ प्रकृति (मूलधातु) स्वरूप, सुन् ' यस् अंशमा श्लेष परेको हुनाले प्रकृतिश्लेष पर्‍यो.

९ प्रत्ययश्लेष ७

[अनुष्टुप्छन्द]

कीर्ति प्रताप प्रभुका बढिया रीतले बढी ।
द्वीपान्तरप्राप्त भयो खुशी छौं सब यो घडी ॥३८॥

अर्थ.

महाप्रभुकी कीर्ति बढियारीतले बढ़ी. प्रताप पनि बढेर द्वीपान्तर सम्म पुग्यो, हामीहरु ऐले खुशी छौं.

संगति.

यहां बढ्धातु बाट भूतकालमा स्त्रीकर्तृक क्रियालाई बुझाउँदा हुने ' ई ,प्रत्यय को र, अपूर्णक्रियालाई बुझाउँदा हुने रका प्रत्ययसमानार्थक ' ई , प्रत्ययको श्लेष भएको हुनाले प्रत्ययश्लेष पर्‍यो.

८ विभक्तिश्लेष ८.

सदा संतापको शान्ति गर्छन् ईश्वर चन्द्रले ।
हर्दछन् स्पष्ट संकष्ट पृथिवीका महेन्द्रले ॥३९॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

ईश्वर चन्द्रले (चन्द्रद्वारा) सन्तापको शान्ति गर्छन्. महेन्द्रले (इन्द्रद्वारा) पृथिवीका कष्ट हर्छन्. अथवा–प्रभु चन्द्रले (चन्द्र महाराजले) सन्तापको शान्ति गर्छन्. पृथिवीका महेन्द्रले (भूलोकका इन्द्रस्वरूप महाराजले) कष्ट हर्छन्.

संगति.

यहाँ ' चन्द्रले, महेन्द्रले , यस् अंशमा कर्तृकारकका प्रथमा-विभक्तिको र करणकारकका तृतीयाविभक्तिको एकरूपता हुनाले विभक्ति (प्रथमा र तृतीया) को श्लेष (जोड) भयो र विभक्तिश्लेष पऱ्यो.

६ वचनश्लेष ६

[अनुष्टुप्छन्द]

दुःख लाखौं, दुःखहर्ता यौटा नाथ हुँदा भए ।
प्रताप धन्य हो ! दुःख सबै नष्ट भए गए॥ ४० ॥

अर्थ.

दुःखभने लाखौं भएका थिए. दुःखहर्ता ता केवल यौटा महाप्रभु थिए, प्रतापलाई धन्यवाद छ, यौटा प्रतापले ता सबै दुःख नष्ट भये ।

संगति.

यहां—'भए' यस् अंशमा एकवचनको र बहुवचनको श्लेष छ र वचनश्लेष पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१० चित्र.

जस्मा वर्णहरू खड्ग, चमर हरूका आकारले राखिन्छन्, त्यो चित्र कहिन्छ. यो चित्रकाव्य अधमाधममा गनिएको छ. अर्थप्रतीतिमा विलम्ब पर्ने, अर्थ पनि असुन्दर, हुने बहिर्दृष्टि-भएको बालकले मात्र रुचाएको हुनाले यस्को प्रपञ्च अनुपयुक्त छ, ता पनि दिङ्मात्र जस्तै–

छत्रबन्ध

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

राजाग्रगण्य × सुमहाद्युतिले मिलेको÷
राजी शरीर गजका पिठमा चढेको ।
श्रीमद्व्रजध्वज❀ सुशक्ति र वृद्धि पाओस्
श्रीहारिका निवहको+ जय होस् यसैले ॥४१॥

अर्थ टिप्पणीमा संक्षिप्त छ.

टि. × राजा हरूमा अग्रगण्य. ÷ठूलो कान्तिले युक्त भयेको.
❀ श्रीमान्का समुदायमा प्रधान. + चोरडाँकूहरुका समूहको.

छत्रबन्धको चित्रोद्धार.



११ प्रहेलिका.

यौटा बाहिरिये अर्थ स्पष्ट राखेर (जान्ने-कथामा जस्तै) खास तात्पर्य गुप्त राखेमा प्रहे-लिका हुन्छ. योपनि अधमाधमकाव्य हो. दिग्दर्शनमात्र जस्तै–

CC-0. In Public Domain. Digitization by eGangotri

[अनुष्टुप्छन्द]

इन्द्रका नामको आधा नाम क्या हो ? बताउन ।
शिर-मा-चगरे मित्र ! यत्रो जार उठाउन ॥ ४२ ॥

उत्तर–

इन्द्रका नामको आधा नाम 'न्द्र' हो, यसको शिरमा चकार राख्ता 'चन्द्र' हुन्छ.

१२ बहिरालाप

प्रश्नको उत्तरमा बाहिरको कुनै शब्द आउने भएमा बहिरालाप हुन्छ. योपनि अधमाधमकाव्य हो. दिग्दर्शन जस्तै–

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

तेजःप्रपूर्ण अनि शीतल को ? छ, आऊ
कस्तो ? रहन्छ परमेश्वर यो बताऊ, ।
हे मित्र ! को छ ? गजराजमदापहारी,
को हो ? नरेश गुणगौरवपूर्ण नारी, ॥४३॥

उत्तर– चन्द्र, सम, शेर.

१३ अन्तरालाप

श्लोकैभित्रबाट प्रश्नको उत्तर आउने भएमा

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरालाप हुन्छ. यो पनि अधमाधम काव्य हो. दिग्दर्शन जस्तै—

[अनुष्टुप्छन्द]

को ? ताराधीश हो, उल्टो जीरा राखेर लौ भन, ।
सर्कारलाइ के भन्छौ ?, चन्द्र, राजी, खुशी रहून, ४४

३ पाउको उत्तर चतुर्थपाउ हो.

शब्दालङ्कारप्रकरण समाप्त भयो.

१४ स्वभावोक्ति.

नानाप्रकारको सांसारिक वस्तुको (चीजको) यथास्थित (जस्ताकोतस्तो) स्वरूप झल्काउनलाइ स्वभावोक्ति, भन्छन्, यसका-जातिस्वभावोक्ति, क्रियास्वभावोक्ति, गुणस्वभावोक्ति, द्रव्यस्वभावोक्ति, ई ४ भेद हुन्छन्. जस्तै—

SISIIISIISS [स्वागता ९]

(१) "धर्मका विषयमा र नियामा
रैतिमाथि करुणा गरनामा ।
कोहि जन्मन गएन कसैको
पुत्र चन्द्रसमशेरसरीको ॥ ४५ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

(२) कालिका सकल शत्रु हटाऊन्
विष्णु कष्ट सब नष्ट गराऊन् ।
शङ्कर प्रचुर आयु बढाऊन्
भारती मति सुशील गराऊन् ॥ ४६ ॥

(३) पुत्रपौत्रहरुको सुख पाऊन्
रोगशोक इनलाइ नलागून् ।
तेजले सकल वैरि जलाऊन्
सर्वदा विमल कीर्ति चलाऊन्" ॥ ४७ ॥

(४) यस्तवर्संग महोत्सव पर्दा
साथसाथ भइ गन्थन गर्दा ।
[कालले सकल केश फुलेका
शान्तचित्त भइ खूब खुलेका ॥ ४८ ॥

(५) दन्तहीन भइ ओठ गिरेका
सत्यको व्रतलिएर रहेका ।
मन्दमन्द शिर कम्पित गर्दै
वृद्धवृद्धहरु] वर्णन गर्छन् ॥ ४९ ॥

अर्थ.

वयस्पुगेर सबै रउँपाकेका * शान्तचित्तहुनाले राम्रादेखिएका ‡

---

* 'वयोवृद्धहुनाले धेरैअघीका कुरादेखेका' यो अर्थ व्यङ्ग्य हो.

‡ 'तृष्णात्यागपूर्वकको शान्तिपाएकाहुनाले निष्पक्षपात रहेका' यो व्यङ्ग्य हो.

CC-0. In Public Domain. Digitization by eGangotri

दाँतझरेका हुनाले ओठ शिथिल भएका * सत्यभाषणगर्नें दृढव्रत-लिएका ÷ बूढाबूढाहरू-समाजको उत्सवपरेका वेलामा, भेलाभएर गन्थनगर्नलाग्दा, अरु अप्रयोजनीयकुरा छाडेर सुस्त २ शिरहल्लाउँदै; "श्री ३ महाराजचन्द्रसमशेरबहादूरजस्तो धर्मपालक, नीतिपरायण, प्रजावत्सल, छोरो कुनैराजवंशले जन्माउन शकेन; तस्मात्

लोकोत्तरभएका महाराजको क्षण२मा हामीले शुभचिन्तनागर्नु आवश्यक छ, तसर्थ हामी देवताको पुकार गर्दछौं कि–इन्का संपूर्णशत्रुलाई दुष्टसंहारिणी कालिका हटाऊन्. इन्का संपूर्णकष्टलाई अन्तर्यामी विष्णु नष्ट गरून्. इन्को आयुलाइ मृत्युविजयी शङ्करजी बढाऊन्. इन्की बुद्धिलाई चेतनामयी भगवती सरस्वती शीलसंपन्न कायम राखून्. इन्लाइ पुत्रपौत्रपौत्रहरुको सुख मिलोस्, रोग शोक केहि नलागून. इन्को प्रतापाग्निमा वैरिसमूह जलोस्. इन्को निर्मल यश सदा फैलियोस्" यस्ता कुरा गर्दछन्.

संगति.

यहाँ बूढाबूढाहरुको स्वभावझल्काएकोहुनाले जातिस्वभावोक्ति उनैको क्रिया (बोलीप्रभृतिकर्म) झल्काएकोहुनाले क्रियास्वभावोक्ति, उनैको वार्धक्यचिह्न(केशफुल्नु, दाँत नहुनु प्रभृति) झल्काएको हुनाले गुणस्वभावोक्ति, उन्को वाक्यमा श्री ३ महाराजको स्वभाववर्णन गर्भित भएको (गाभिएको) हुनाले द्रव्यस्वभावोक्ति पनि पर्‍यो र वेग्लै उदाहरणको आवश्यकता रहेन.

---

* 'बोल्नेशक्ति पूर्ण नभए पनि राजभक्तिलेमात्र बोल्न लागेका' यो व्यङ्गयार्थ हो.

÷ 'अनुभवसिद्धकुरालाइमात्र यसैहो भनि ठोक्के' यो व्यङ्गयार्थ हो.

CC-0. In Public Domain. Digitization by eGangotri

१५ उपमा

आह्लादक (चमत्कारगर्ने)सादृश्य गराउने समानधर्मसबन्धलाइ उपमालंकार भन्छन्.

१६ पूर्णोपमा

❀ उपमेय, उपमान, वाचकशब्द, साधारण-धर्म ई ४ रहेको उपमा पूर्णोपमा कहिन्छ. जस्तै—

।ऽऽऽऽऽ।।।।।ऽऽ।।।ऽ [शिखरिणी]

सुपूज्यै छन् मूर्ति द्विभुज सदया शङ्करसरी
अपारै छन् नीति प्रबल गहिरी सागरसरी ।
जगन्मान्यश्रीमान्धरणिमणिकी भूतलभरी
पवित्रै छन् चङ्गा मति सरस गङ्गाजलसरी ॥५०॥

अर्थ.

सर्वादरणीय श्रीमान भूलोकरत्न श्री ३ महाराजकी मूर्ति शङ्करमूर्तिजस्ती सुपूज्य, द्विभुज. सदया, छन्. नीति समुद्रजस्ती अपार, प्रबल, गहिरी, छन्. मति गङ्गाजलजस्ती सर्वत्र पवित्र, चङ्गा, सरस, छन्.

❀ जसमा अर्काको सादृश्य बुझिन्छ त्यो उपमेय हो. जुन वस्तुको सादृश्य बुझिन्छ त्यो उपमानहो. सादृश्यबुझाउनेशब्द वाचकशब्द हो. सादृश्यगराउने धर्म (स्वभाव) साधारणधर्म हो. 'कमल जस्तो मुलायम हात" यहाँ हात उपमेय, कमल उपमान, जस्तो वाचक शब्द, मुलायम साधारण (दुवैतिररहने) धर्म, हो.

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

उपमेय.	उपमान.	वाचकशब्द	साधारणधर्म
मूर्ति.	शङ्करमूर्ति	सरी	सुपूज्यता. द्विभुजता. सदयता,
नीति.	सागर	सरी	अपारता, प्रबलता, गभीरता.
मति.	गङ्गाजल	सरी	पवित्रता, सरसता' स्वच्छता.

यस्ताप्रकारले ४ थोक रहेको हुनाले यहाँ पूर्णोपमा पऱ्यो. यहाँ प्रत्येक उपमामा साधारणधर्म ३।३ राखेका छन्.

SSISIIISIISISS [वसन्ततिलका]

अन्यायवर्जितहुने जनका अगाड़ी
सर्कार चन्द्रसरि शीतल तापहर्ने ।
जालीअनीतिमयदुर्जनका अगाड़ी
कालाग्नितुल्य अतिभीषण तापगर्ने ॥५१॥

अर्थ.

अन्यायनगर्ने सज्जनका साम्ने सर्कार चन्द्रमाजस्तै शीतल र तापहरण गर्ने होइवक्सिन्छ. अन्यायपूर्ण जाली पापी दुर्जनका-साम्ने प्रलयाग्निजस्तै अतिभयङ्कर र तापगर्ने होइवक्सिन्छ.

सङ्गति.

उपमेय.	उपमान.	वाचकशब्द.	साधारणधर्म.
सर्कार.	चन्द्र	सरि	शीतलता. तापहारिता.
सर्कार.	कालाग्नि	तुल्य	अतिभीषणता. तापकारिता.

यहाँ साधारणधर्म २।२ राखेका छन्, यहाँ पनि पूर्णोपमा पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१७ लुप्तोपमा.

उपमान उपमेय वाचकशब्द साधारणधर्म ई ४ मध्ये कोहि राखिएन भने लुप्तोपमा हुन्छ. जस्तैः—

SS|S.||S||S.SS [वसन्ततिलका]

आकाशपुष्पसम भूतलमा छ पाप
श्रीसूर्यतुल्य छ महीतलमा प्रताप ।
श्रीमान्महामहिमचन्द्रमहीमहेन्द्र·
राणाजिकी हिमगिरिन्द्रसरी छ कीर्ति ॥५२॥

अर्थ.

श्रीमान अतुलप्रभाव श्री३महीतलपुरन्दरचन्द्रसमशेरजङ्ग-वहादुरराणाको पाप आकाशपुष्पजस्तो छ (अर्थात् भूतवर्तमान भविष्यत्कालमा नहुने छ) प्रताप सूर्यजस्तो छ. यश गिरिराज-हिमालयजस्तो छ.

सङ्गति.

यहाँ पाप उपमेय, आकाशपुष्प उपमान, समशब्द वाचक शब्द छ; साधारणधर्म (कहिल्यै नहुनु) राखेको छैन ता पनि त्यसै बुझिन्छ; द्वितीयपाउमा तेजिलो भन्ने धर्म त्यसै बुझिन्छ. चतुर्थ-पाउमा सेतो शीतल भन्ने धर्म त्यसै बुझिन्छ र लुप्तोपमा पर्‍यो. यहाँ धर्मको लोप भएको हुनाले धर्मलुप्तोपमा भन्दछन, यस्तो ठाउँमा कोहिकोहि वस्तूपमा भन्छन

CC-0. In Public Domain. Digitization by eGangotri

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

सर्कारकी अमृतवृष्टिसमान दृष्टि
जस्ले अगण्यगरि पुण्य गरेर पायो ।
त्यो तापतप्तकृतपातकतै उडाई
हाँगाविंगासहित जै हित जै पलायो ॥ ५३॥

अर्थ

जुन्मनुष्यले अगण्यपुण्य गरेर अमृतवृष्टितुल्य सर्कारकीदृष्टि पायो, अघि तापतप्त (संतापले संतप्तगराइएको) त्यो मानिस कृतपातकतै (पापगर्नेको स्वभाव) उडाएर हित हुनाले हाँगाविंगा-सहितभै (इष्टमित्रकुलकुटुम्बसमेतै) पलायो (बढ्यो) ।

सङ्गति.

यहाँ श्लोकका पहिला आधीमा—अमृतवृष्टिको र दृष्टिको उपमानोपमेयभाव छ. उपमान (अमृतवृष्टि), उपमेय (दृष्टि), वाचकशब्द (समान) ई ३ कुरा राखिएका छन, साधारणधर्म (माधुर्यप्रभृति) राखिएको छैन र धर्मलुप्तोपमा पऱ्यो.

साधारणधर्म राखिएको छैन ता पनि कृपादृष्टिको र अमृत-वृष्टिको साधारणधर्म (माधुर्यप्रभृति) जगत्प्रसिद्ध छ र अर्थबोधमा केही बाधा पर्दैन.

पछिल्ला आधीमा—उपमेय (कृपादृष्टिपाउनेमानिस) र त्यस्को धर्म (पलाउनु) ई २ कुरामात्र राखिएका छन.

"जस्तै तापतप्तकृत (घामले तप्तगराइएको) वृक्ष अमृतवृष्टि

CC-0. In Public Domain. Digitization by eGangotri

(जलवृष्टि) पायो भने, पात कतै उडाएर (घामले सुकेका पात झारेर) हाँगाविंगासहित पलाउँछ; त्यस्तै—अधिको दुःखी मानिस प्रभुको कृपादृष्टि पाउनाले तापतप्त (तापले डढेको) थियो ता पनि गरीबीअवस्थामा गरिआएको कृतघ्नातकतै (पापगर्नेको स्वभावै) उडाएर (छाडेर) हाँगाविंगासहितभै (आफ्ना नाता-दार सहितभइ) पलायो" भन्ने अर्थ स्पष्ट बुझिनाले, उपमान (सुकेको वृक्ष) र वाचकशब्द (जस्तै प्रभृति) राखिएको छैन र उपमानवाचकलुप्तोपमा पर्‍यो. 'नराखिएका कुरो (सुकेको वृक्ष र, जस्तैप्रभृतिवाचकशब्द) पनि श्लोकका तेस्रा पाउमा परेका श्लेषका प्रभावले त्यसै बुझिन्छ' यस्कुरामा विचारवान्को हृदयनै साक्षी छ.

SSISIIISIISISS [वसन्ततिलका]

संतापशान्ति गरि हर्ष बढाउनामा
संतोषवृद्धि गरि दुःख हटाउनामा ।
श्रीजूपचन्द्रसमशेरसमान अर्को
कोही महीपति मिलेन महीतलैमा ॥ ५४ ॥

अर्थ स्पष्ट छ.

यहाँ श्री३महाराज उपमेय, संतापशान्तिप्रभृति धर्म, समानशब्द वाचक छ; 'अर्को महीपति मिलेन' भन्नाले 'उपमान देखिएन' भन्ने कुरा बुझियो र यो केवल उपमानलुप्तोपमाको उदाहरण भयो. इत्यादिप्रकारले पूर्णोपमाका र लुप्तोपमाका धेरै भेद सँस्कृतकाव्यमा देखाइएका छन्. केवल व्याकरणका प्रपञ्चका आधा-

CC-0. In Public Domain. Digitization by eGangotri

रमा ती भेद बढाइएका हुनाले भाषामा प्रायः * ऐले हुन शक्तैनन् र त्यस्ता व्याकरणमूलक भेद नदेखाएर चमत्कारकारी उपमाका प्रकारान्तर अत्र देखाइन्छन्.

१८ विपर्यासोपमा.

प्रसिद्धउपमानलाइ उपमेय, उपमेयलाइ उपमान, गराएर सादृश्यवर्णनगर्दा, प्रसिद्ध नियमको विपर्यास (उल्टापन) हुनाले विपर्यासोपमालंकार हुन्छ. यसैलाइ प्रतीप पनि भन्छन्. जस्तैः—

SS|S|||S||S|SS [वसन्ततिलका]

आँटेर कीर्ति सित चन्द्रकि चन्द्रिकाले
भद्दै नहेरिकन झट्ट गरी मितेरी ॥
फापेन पूर्ण थिइ जट्ट उ घट्न लागी
फाप्यो डबल् भइ निरन्तर कीर्ति जागी ॥४५॥

अर्थ.

चन्द्रमाकी चन्द्रिकाले श्री ३ महाराजकी कीर्ति सित, आंटेर भद्दै नहेरेर झट्ट मितेरी गरी, त्यो पूर्ण थिइ तापनि (पूर्णिमाका दिनकी थिइ तापनि) फापेन (भद्रा भएको पूर्णिमाकादिन मितेरी लाएको

---

* श्रौती, आर्थी, क्विप्गता, समासगता, तद्धितगता, णमुल्गता, क्यच्क्यङादिगता, द्विरुक्तिगता, इत्यादि उपमाका भेद व्याकरणाश्रित हुन्. हाम्रा भाषाको परिनिष्ठित व्याकरण र कोषको पूर्णप्रचार भए पछि तिनको विचार उपयोगी हुनेछ.

CC-0. In Public Domain. Digitization by eGangotri

किन फाप्थ्यो ?) र उ चन्द्रिका भोलिपल्टै देखी घट्न लागी, मितेरीगर्न अघि नसरेकी अर्थात् अलमस्तरहेकी श्री ३ महाराजकी कीर्तिले चन्द्रिकाको मुलाहिजाले मात्र मितेरी गरेको हुनाले खराबसाइत (भद्रा) को दोष लागेन र फाप्यो. त्यसैहुनाले कीर्ति डवल् भयेर जागी.

सङ्गति.

यहां 'चन्द्रिकी चन्द्रिकाले श्री ३ महाराजकी कीर्तिसितमितेरी गरी' भन्नाले मितेरीगर्न अघिसरेकी हुनाले चन्द्रिका कीर्तिभन्दा कम ठहरिन गई, र उपमेयका थान्कामा रही. * कीर्ति उपमान हुन गई. मितेरी गर्नाले सादृश्य पनि बुझियो र विपर्यासोपमा पऱ्यो. यहां सादृश्य व्यङ्ग्य छ.

१९ अन्योन्योपमा.

उपमानमा र उपमेयमा परस्पर उपमेयता र उपमानता कल्पनागर्दा अन्योन्योपमा हुन्छ. यसैलाई उपमेयोपमा पनि भन्दछन्. जस्तैः—

SSISIIISIISIISS [वसन्ततिलका]

सर्कारका यशसमान हिमालयै हो
साँचा बराबर हिमालयको यशै हो ।

---

* अधिकगुणहुने उपमान कहिन्छ, न्यूनगुणहुने उपमेय कहिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो शैलराज यशभित्र छ डलिएको
चौतर्फनै यश छ वाहिर फैलिएको ॥ ५६ ॥

अर्थ.

श्री ३ महाराजको यश जस्तो हिमालयपर्वतै छ, हिमालयपर्वतको साँचो वरावर (ठीकतुल्य) यशै छ.

सङ्गति.

यहाँ श्लोकका पहिलाआध्रीमा अघि लेखिएको अर्थले उपमेयोपमा स्पष्ट छ. त्यो अर्थ वाहेक; 'श्री ३ महाराजको यशजस्तो हिमालयै छ; हिमालयको वरावर (ठिकको) साँचो (ढाल्ने पदार्थ) यशै हो' यस्तो अर्थान्तर समेत गरेर—

पछिल्ला आध्रीमा—' किन भने ? त्यो शैलराज यशरूपिसाचोभित्र डल्लिएको (डल्लोपरेको र फैलिन नपाएको) छ; साँचोरूपीयश ता हिमालयको बाहिरपट्टी पनि चौतर्फै फैलिएको छ. 'ढालिने पदार्थको भन्दा साँचाको लम्बाई चौडाई बढ्ता हुनाले प्रभुका यशको प्रमाण हिमालयभन्दा सरासर बढ्ता रहेछ' भन्ने कुरा युक्तिसिद्ध भयो.

२० नियमोपमा.

'उपमेयको उपमान यौटै मात्र छ, अर्को छैन.' भनेर नियम गर्दा नियमोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

त्रैलोक्यमा जति पदार्थ थिए उज्याला

CC-0. In Public Domain. Digitization by eGangotri

ती संक्षिसंक्षि यशको तुलना गरेमा ।
त्यां क्षीरसागर भने सम हुन्छ यस्को
अर्को पदार्थ सम छैन कदापि यस्को ॥ ५७ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'यशरूपी उपमेयको क्षीरसागरबाहेक अर्को उपमान छैन' भनि वर्णन गरेको हुनाले नियमोपमा पर्‍यो.

२१ अन्योन्यनियमोपमा,

उपमानमा र उपमेयमा परस्पर उपमेयता र उपमानता कल्पनागरेर नियम (निश्चय) समेत गरेमा अन्योन्यनियमोपमा हुन्छ. जस्तैः-

SISSISSISSIS [स्रग्विणी]

श्रीमहाराजका कीर्तिको तुल्यता
चन्द्रमा देखियो छैन त्यो अन्तता ।
चन्द्रको तुल्यता कीर्तिमा देखियो
निश्चितै जानियो छैन त्यो अन्त ता ॥ ५८ ॥

अर्थ स्पष्ट छ.

यहाँ कीर्ति र चन्द्रको परस्पर उपमानोपमेयभावको निश्चयसमेत भएको हुनाले अन्योन्यनियमोपमा पर्‍यो.

डा. डिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

२२ अनियमोपमा.

१ पदार्थको धर्म (स्वभाव) उस्तै २ छ भनेर तुल्यता झल्काइनेमात्र, स्पष्ट नगराइने भएमा अनियमोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

सर्कारकी प्रकृति शीतल ताप हर्ने
जो चन्द्रकी प्रकृति सो पनि ताप हर्ने ।
इन्को परस्पर मिलान गराउनामा
राजन् ! कवीन्द्रहरुलाइ हुँदैन धामा ॥ ५१ ॥

अर्थ.

सर्कारकी शीतल प्रकृति (स्वभाव) पनि तापहर्ने, चन्द्रमाकी प्रकृति पनि ताप हर्ने, महाराज ! इ २ जनाको परस्पर मिलान गराउनपर्‍यो भने कविराजहरुलाई केहि मिहनत पर्दैन.

सङ्गति.

यहाँ २ को सादृश्य स्पष्ट झल्काएको; तर नखोलेको हुनाले अनियमोपमा पर्‍यो.

२३ समुच्चयोपमा.

यौटैधर्मले सादृश्यहुँदा उपमा होइहाल्नेमा,

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को धर्म समेत देखाएर सादृश्य दृढ गर्दा समुच्चयोपमा हुन्छ. जस्तैः—

ऽ।ऽऽ।ऽऽ।ऽऽ।ऽ [स्रग्विणी]

नामले चन्द्रको तुल्यतानै थियो
कामले चन्द्रको तुल्यता भर्दियो ।
श्रीमहाराजमा यो कुरा देखियो
रैतिका भाग्यले क्या ! मजा गर्दियो ॥६०॥

अर्थ स्पष्ट छ.

यहाँ नामले सादृश्य छँदाछँदै कामले (जगत्‌लाई आह्लादित-गराउनाले) समेत चन्द्रको र प्रभुको सादृश्य दृढ भएको हुनाले समुच्चयोपमा पऱ्यो.

२४ अतिशयोपमा.

उपमानमा र उपमेयमा भिन्नभिन्न अरु धर्म देखाएर कोहिधर्मले सादृश्य बुझाउँदा अतिशयोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

आकाशमा स्थिति गरेर उदाइ राती
ती चन्द्रिका जसरि ताप समस्त हार्छिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्रैलोक्य ढाकिरहने दिनरात सेती
ई कीर्ति निर्मल उसैगरि ताप हर्छिन् ॥६१॥

अर्थ.

चन्द्रिका आकाशमा रहेर राती (रातोवर्ण भएकी र रात्रिमा) उदाउँछिन्. ती पनि सबै ताप हर्छिन्, कीर्ति त्रैलोक्यै ढाकेर रहेकी र दिनरात सेती छन्. इ पनि सबै ताप हर्छिन्.

सङ्गति.

यहां अरु धर्म भिन्न थिये ता पनि यौटा तापहरणरूपधर्मले सादृश्य बुझिएको हुनाले अतिशयोपमा पर्‍यो.

२५ उत्प्रेक्षितोपमा

उपमानले म ठुलोछू भन्ने घमण्डगरेको कल्पना गरेर, अर्को उपमान खडागरेर त्यस्को घमण्ड तोड्दा उत्प्रेक्षितोपमा हुन्छ. जस्तैः—

ऽऽऽ।।ऽ।ऽ।।।ऽऽऽ।ऽऽ।ऽ [शार्दूलविक्रीडित]

नेपालावनिपालचन्द्रसमशेर्राणाबहादूरकी
ठूली कीर्तिसमान मै हुनगएँ भन्छिन् अरे चन्द्रिका।
साक्षात् क्षीरसमुद्र कीर्तिसरिको अर्को छ खोजै गरे
शखी व्यर्थगरिन् विचारनगरी ता।मूर्ख भैछन् हरे !६२

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ उपमान (चन्द्रिका) को घमण्ड कल्पनागरेर त्यो तोड्न क्षीरसमुद्र उपमान खड़ा गरेको हुनाले उत्प्रेक्षितोपमा पऱ्यो.

२६ अद्भुतोपमा

उपमेयजन्दा उपमानमा क्यहि कुराको न्यूनता देखाएर त्यो न्यूनता हटाए पूर्णसादृश्य होला भनि वर्णन गर्दा अद्भुतोपमा हुन्छ. जस्तैः—

SSSIISISIIISSS.SSIS [शार्दूलविक्रीडित]

कैले पूर्ण हुँदा कलङ्कमयता, कैले भने वेपता,
यस्तो छाडन चन्द्रले अब बुझी छाडे भने भैगयो।
आशापूरकराजराजसदृशश्रीमान्महाराजको
मिल्ला साम्य अवश्य, नत्र सहजे गिल्ला सरासर्भयो॥६२

अर्थ.

'कैलेकांहि पूर्ण भइहाले भने पनि कलङ्कको टाटो लागेका देखिने, कैलेर वेपत्ता हुने' यस्तो छाडन चन्द्रले छाडे भने भैगयो, हामीहरुद्वारा; आशापूर्णगर्ने कुबेरतुल्य श्री ३ महाराजको साम्य (समताको पदवी) पाउने छन्; होइन त्यसै साम्य खोज्न लागे भनेता 'हरे ! त्यस्तो अहङ्कार ! यस्तो लालच !, भन्नलाइ कोही बांकी राख्ने छैन.

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहां उपमान (चन्द्रमा) मा निष्कलङ्कता र स्थिरताको न्यूनता देखाएर त्यो न्यूनता हटाए श्री ३ महाराजको सादृश्य पूर्ण हुनेछ भनि वर्णन भएको हुनाले अद्भुतोपमा पर्‍यो.

२७ मोहोपमा

उपमेयमा उपमानको मोह (भूल) भएमा मोहोपमा हुन्छ. जस्तैः--

SSS||S|S|||SSS|SS|S [शार्दूलविक्रीडित]

मैजस्ता अब चन्द्र भूपति भए फुर्सत् मलाई दिए
भन्ने आशयले सुटुक्क हरिले एकान्तनिद्रा लिए ।
कैलासैतिर ती हुनन् भनि महालक्ष्मी हिंडेकी थिइन्
मार्गैमा प्रभु देखिहट् तिन भनिन् भूलेर धर्ना दिइन्॥४४

अर्थ

धेरैकालदेखि लोकरक्षा गर्दा २ थकितभएका विष्णुले श्री ३ महाराजको लोकरक्षापद्धति देखेर 'अब मैले हैरान हुनु पर्दैन, मेरै कांटका चन्द्रमहाराज छँदैछन्' भन्ने आशयले ज्यादा थकाई लागेको हुनाले महालक्ष्मीले समेत थाहा नपाउनेगरी एकान्तमा गएर निद्रालिदा; विष्णुलाइ नदेखेर, ' अतिथकित भएका विष्णु, सहायताखोज्नाका निमित्त शंकरजीकहां गएका होलान् ' भन्ने आशयले विष्णुलाइ खोज्न कैलासतर्फ हिंडेकी महालक्ष्मीले मार्गैमा

CC-0. In Public Domain. Digitization by eGangotri

(बाटैमा र राजयोग्यकार्यमा) रहेका श्री ३ महाराजलाइ देखेर भूलेर (झुकिएर र मोहित भएर) 'बल्ल फेला पारें, अब कैल्यै छाड्दिन, भनेर धर्ना दिइन्.

सङ्गति.

यहां उपमेय (श्री ३ महाराजकोस्वरूप) मा उपमान (विष्णु) को भ्रान्ति भएको वर्णनगरेको हुनाले मोहोपमा पऱ्यो. यसैलाइ भ्रान्त्यलंकार पनि भन्छन्.

२८ संशयोपमा

उपमेयमा उपमान हो की? भन्ने संशय वर्णन गरिएमा संशयोपमा हुन्छ. जस्तैः—

ISISSIISISS [उपेन्द्रवज्रा]

इ चन्द्र हुन् की ? इ हुनन् सुरारि
भनेर सन्देह गरेर नारी ।
खडाखडै छन् प्रभुका अगाडी
कला र लक्ष्मी अबला विचारी ॥ ६५ ॥

अर्थ.

श्री ३ महाराजको दर्शन पाउँदा, 'ई चन्द्रमा हुन्कि' भन्ने संशयले श्री ३ महाराजका साम्ने कला (चन्द्रांश र विज्ञान-इलम) खडा छन् (चन्द्रलाइ फेलापारेपछि कलाले नछाड्नु योग्यैहो)। 'विष्णु हुन्की भन्ने संशयले श्री ३ महाराजका साम्ने लक्ष्मी

CC-0. In Public Domain. Digitization by eGangotri

(शोभा, धन र महालक्ष्मी) खडा छन् (विष्णु हुन्की मन्ने मन्मा लागे पछि कसरि छाडेर हिंडून् ?)

संगति.

यहां उपमेय (श्री ३ महाराज) मा उपमान (चन्द्र—र विष्णु) को संशय वर्णनगरिएको हुनाले संशयोपमा पर्‍यो.

२९ निर्णयोपमा

उपमेयमा उपमानको भ्रान्तिकल्पना गरेर प्रमाण दिइ त्यो भ्रान्ति हटाउँदा निर्णयोपमा हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

जहाँतहाँ उज्ज्वलता वढाउँदै
कहाँ रहन्थी अब सोहि चन्द्रिका ।
सदा रहन्छे स्थिर यो तसर्थ हो !
उ चन्द्रिका होइन, कीर्ति चन्द्रिका ॥६४॥

अर्थ.

आज महाराजकी कीर्तिको उदय भए पछि पनि जहांतहाँ उज्यालो वढाएर त्यो पुरानी चन्द्रिका कहां रहन शक्त छे. यो प्रकाश स्थिर देखिएको जोहो, हो ! (बुझ्यौ ? त्यो) उ चन्द्रिका होइन (प्रसिद्ध चन्द्रिका होइन) कीर्तिचन्द्रिका (कीर्तिप्रकाश) हो.

संगति.

यहाँ श्री ३ महाराजकी कीर्तिमा चन्द्रिकाको भ्रान्ति कल्पना गरेर, 'कीर्तिसँग हारेकी चन्द्रिका किन देखापर्थी ? सधै किन

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्थी ?, तस्मात् यो देखिएको कुरा चन्द्रमाको चन्द्रिका होइन, महाराजको कीर्तिरूपी चन्द्रिका (शीतलतेजःपुञ्ज) हो, भन्नाले निर्णयोपमा पऱ्यो.

३० श्लेषोपमा

उपमेय र उपमानमा रहने धर्मलाइ कहने शब्द श्लिष्ट (२ अर्थ जनएका) छन् जने श्लेषोपमा हुन्छ. जस्तैः—

||S||S|S|S—||SS||S|S|S [सुन्दरी]

अतिनिर्मल खूब फैलिने
दुनियाँको सब ताप हर्दिने ।
स्थिर कीर्ति जगत्प्रसिद्ध छन्
प्रभुकै बुद्धिसरी अगाध छन् ॥६७॥

अर्थ—

प्रभुकी; अतिनिर्मल, तापहर्ने, स्थिर, कीर्ति, प्रभुकै- निर्मल, फैलिने, तापहर्ने, स्थिर बुद्धिजस्ती भइकन अगाध (अति-गम्भीर) छन.

संगति.

यहाँ कीर्ति उपमेय, बुद्धि उपमान गराएर दुवै तर्फ रहने निर्मलत्वादि धर्म श्लिष्ट (बुद्धिनिर्मलता र कीर्तिनिर्मलता इ भिन्न भिन्न धर्मलाइ कहने भए पनि यौटे) शब्दले देखाएको हुनाले श्लेषोपमा पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

३१ समानोपमा

उपमेय र उपमानका धर्म भिन्नभिन्न भएपनि भिन्नधर्म लिएर अभिन्नशब्दले सादृश्य बुझा-उँदा समानोपमा हुन्छ. जस्तैः--

[अनुष्टुप्छन्द]

(१) सर्वदानगरीमुख्यपृथ्वीभर्मा प्रसिद्ध छन् ।
धर्मावतारकी मूर्ति कान्तिपूर समान छन्॥६८॥
(२) जो विष्णुमतिमा मिल्ने दक्षिणाभिमुखै भइन् ।
वाग्मतीतुल्यछन्तस्मात्दयासागरकीमति ६९

अर्थ र संगति.

(१)'धर्मावतारकी मूर्ति--सर्व (सबै) दान (तुलापुरुष प्रभृति) गरेर पृथ्वीभरमा मुख्य प्रसिद्ध छन्. कान्तिपूरनगरी--सर्वदा नगरीमुख्य (प्रधाननगरी) र पृथ्वीभर्मा प्रसिद्ध छन्.' यस्ता प्रकारले २ का धर्म भिन्न छन् ता पनि ती भिन्न धर्मलाइ कहने शब्द ' सर्वदानगरीमुख्यपृथ्वीभर्माप्रसिद्ध छन् ' यस्तो अभिन्न राखेको हुनाले पहिलाश्लोकमा भङ्गश्लेषमूलक समानोपमा पऱ्यो.

(२) द्वितीयश्लोकमा--'दयासागरकी मति--विष्णुमतिमा (विष्णुकी बुद्धिमा) मिल्ने (उस्तै ठहरिने) र दक्षिणाभिमुखै (दक्षिणा-दान गर्नतयारै) भइन्. त्यसो हुनाले विष्णुमतिमा (विष्णुमतिनदीमा) मिल्ने (मिसिने) र दक्षिणाभिमुखै (दक्षिणसामुपारेरनै बग्ने) भएकी वाग्मतीनदीसमान छन्, यस्तो रीतले धर्म भिन्नभिन्न थिए

CC-0. In Public Domain. Digitization by eGangotri

ता पनी 'विष्णुप्रतिमा मिल्ने, दक्षिणाभिमुखै' यस्तो अभिन्नशब्दले राखेको हुनाले र अभङ्गश्लेषद्वारा त्यसो हुन गएको हुनाले अभङ्ग-श्लेषमूलक समानोपमा पऱ्यो.

३२ निन्दोपमा

'असल उपमान पाएँ' भनेर उपमेयले घमण्ड गरेको कल्पना गरेर उपमानको दोष देखाएर उपमेयको घमण्ड तोडेको वर्णन गर्दा निन्दोपमा हुन्छ ❀ जस्तैः--

SSISIIISIISISS [वसन्ततिलका]

जो चन्द्रिकासँग समान भएँ म भन्दै
सर्कारकी विमल कीर्ति घमण्ड गर्छिन् ।
सो भूल हो क्षणिकता विदितै छ जस्को
उस्को समान रहनू घटियै छ इन्को ॥ ७० ॥

अर्थ स्पष्ट छ.

यहाँ चन्द्रिकारूपी उपमान पाएर कीर्तिले घमण्ड गरेको कल्पनागरेर चन्द्रिकाको क्षणिकतादोष देखाएर त्यस्ती चन्द्रिकाको समान हुनामा के तारीफ ? भनेर कीर्तिको घमण्ड तोडेको हुनाले निन्दोपमा पऱ्यो.

❀ वास्तवमा 'त्यस्तो दोषि उपमानभन्दा उपमेय असल हो' भन्ने पर्यवसान हुनाले निन्दाको झलकमात्र पारेर स्तुति गरेको ठहरिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

३३ प्रशंसोपमा.

उपमानलाई खूब बढाएर सादृश्यवर्णनगर्दा प्रशंसोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

गोलोकवासिहरिका चरणाग्रदेखी
पैदाभएर हरका शिरमा रहेकी !
भागीरथी भगवती र पवित्रतामा
सर्कारकी प्रकृति तुल्य छ जाँचिदामा ॥ ७१ ॥

अर्थ.

अतिपवित्रतरगोलोकमा राजभएका नारायणका पाउका अग्रभाग (अङ्गुष्ठ) वाट पैदाभएर शङ्करजीका अतिपवित्रतम-शिरमा रहेकी भगवती भागीरथीको र सर्कारकी प्रकृतिको जाँच-गर्दा पवित्रतारूपधर्ममा दुवै तुल्य ठहरिए.

संगति.

यहाँ स्वयं पवित्ररहेकी भागीरथीलाइ 'गोलोकमा वस्ने हरिका पाउवाट जन्मेर शङ्करजीका शिरमा रहेकी' भने र बढाएर प्रकृति-को उपमान गराएको हुनाले प्रशंसोपमा पऱ्यो.

३४ आचिख्यासोपमा.

उपमेयमा रहेका दुर्लभ गुण देखेर, क्यहि

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै गुणभएको अर्को पदार्थ देख्ता 'यो जिनतिन उपमान हुन शक्का' भनि मनले सादृश्य दिन आँटेको र स्पष्ट सादृश्य दिन पनि संकोच गरेको वर्णनगर्दा आचिख्यासोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

'त्यो कल्पवृक्ष र महाप्रभुको छ बाहु
प्रत्यक्ष तुल्य' भनि अक्षर खुल्न लागे ।
जे जे भयो अब भयो भवितव्य यस्तै
मेरो रहेछ अरुले नहुनू म जस्तै ॥ ५२ ॥

अर्थ.

'त्यो कल्पवृक्ष र महाप्रभुको बाहुलो प्रत्यक्ष तुल्य छ' भनेर मुखबाट अक्षर निस्कनलागे. अब रोकिने छाँट् छैन. के गर्नू ? त्यो तुच्छ कल्पवृक्षको सादृश्यदिने साहस मनले गरीहाल्यो. बितेका कुरामा कति अपसोस गरू. जे जे भयो भयो; मेरो भवितव्य यस्तै रहेछ. अरुले साहस गरेर झट्ट नबुझि एकथोक बोलेर मजस्तो नहुनू.

सङ्गति.

यहाँ प्रभुका बाहुको र कल्पवृक्षको सादृश्यवर्णनगर्ने खायश देखाएर संकोच गरेको हुनाले आचिख्यासोपमा पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

३५ विरोधोपमा,

उपमेयर उपमानको विरोधद्वारा सादृश्य झल्काउँदा विरोधोपमा हुन्छ.

३६ सौहार्दोपमा,

उपमेय र उपमानको सौहार्द (दोस्ती) द्वारा सादृश्य झल्काउदा सौहार्दोपमा हुन्छ. जस्तैः—

SISIIISISIS [रथोद्धता]

चन्द्रको कमलको मुहारको
जो छँदै छ झगडा विचित्रको ।
त्यो बुझेर प्रभुका प्रतापले
मित्रता गरिरहेछ सूर्यको ॥ ७३ ॥

अर्थ.

चन्द्र उदाएमा कमल खुम्चिने, अथवा कमल खुम्चिएमा चन्द्र उदाउँने हुनाले २ को परस्पर झगडै थियो. प्रभुको मुहार (उपमेयमानिटोपलेको) खडा हुँदा; चन्द्र र कमल दुवै मलिन भएका देखिन गए र, यस्तो नित्यकलह ठीक नमानेर प्रभुका प्रतापले सूर्यसँग मित्रता गरेको छ.

सङ्गति.

यहाँ श्लोकका पहिला आधीमा विरोधद्वारा सादृश्य बुझिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

पछिल्लाआधीमा सौहार्द (दोस्ती) द्वारा सादृश्य बुझिन्छ र क्रमले विरोधोपमा र सौहार्दोपमा पऱ्यो.

३७ प्रतिषेधोपमा,

उपमानहुनखोज्ने वस्तुलाई दोषी ठहऱ्याएर सादृश्यको निषेधगर्दा प्रतिषेधोपमा हुन्छ. जस्तैः–

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

अव्यवस्थित नएर रहन्छौ
त्यो कलङ्क लिइ दर्शन दिन्छौ ।
शक्ति नृपतिसमानहुनाको
छैन चन्द्र ! किन ? लालच गर्छौ ॥ ७४ ॥

अर्थ स्पष्ट छ.

उपमानहुनखोज्ने चन्द्रमाको अव्यवस्थितता (सँधै एक तरहको नरहनु) र सकलङ्कता (दागी रहनु) ई २ दोष देखाएर 'श्री ३ महाराजको उपमान हुन शक्तैनौ, किन ? लालच गर्छौ' भनि सादृश्यको निषेधगरेको हुनाले प्रतिषेधोपमा पऱ्यो.

३८ चटूपमा,

उपमान र उपमेय तुल्य छन्तापनी उपमानमा रहेका साँचै गुण देखाएर, उपमेयमा खुशामदले किंचित् बढ्ता गुण देखाएर, पनि उहि उपमानसँग सादृश्यवर्णनगर्दा चटूपमा हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

SSISIIISIISISS [वसन्ततिलका]

त्यो कल्पवृक्ष अतिदुर्लभ लाभगर्ने
यो बाहु सर्वसुलभ रहि दुःखहर्ने ।
लौ ! के ? गरौं अरु कुनै उपमा नपाई
सादृश्यवर्णन म गर्छु मनै नलाई ॥ ७५ ॥

अर्थ.

कल्पवृक्ष अतिदुर्लभ र लाभगर्ने छ. महाप्रभुको बाहु सर्वसुलभ र दुःखहर्ने छ. अरु उपमान कुनै पनि नपाएपछि केगरौं ? लौ! 'महाप्रभुको बाहु कल्पवृक्षजस्तो छ' भनेर मुखले ता भन्दिन्छु.

सङ्गति.

यहाँ कल्पवृक्ष र प्रभुका बाहुको तुल्यता छ ता पनि, कल्पवृक्षमा दुर्लभता र लाभकारिता ई २ गुण साँचैका देखाएर उपमेय (बाहु) मा खुशामदले कल्पवृक्ष भन्दा बढ्ता 'सर्वसुलभता, र दुःखहारिता' ई २ गुण देखाइए. (वास्तवमा भाग्यवानले मात्र प्रभुको बाहु पाउँछ र उस्का सबै दुःख हराउँछन) । यस्ता खुशामदले बढाएका गुण लिएर सादृश्यवर्णनगर्न खोज्दा अरु कुनै उपमान पाइएन र त्यो मिथ्यावर्धित (खुशामदले बढाएको) धर्मलाई थन्क्याएर उही मनोरथपूरकतारूपधर्म लिएर लाचारीले कल्पवृक्षसादृश्यवर्णन गरेको हुनाले चटूपमा पऱ्यो.

३९ तत्त्वाख्यानोपमा,

उपमेयमा उपमानभ्रान्तिकल्पनागरेर भ्रान्ति-

CC-0. In Public Domain. Digitization by eGangotri

निवारणगर्नालाई यथार्थकुरागर्दा तत्त्वाख्यानोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [इन्द्रवंशा]

श्रीचन्द्रसंशेरमहीमहेन्द्रको
यो गाथ हो, होइन कल्पवृक्ष यो ।
ई बाहु, शाखा पनि होइनन् हरे !
संपूर्ण विद्वान् किन ? भूलमा परे ॥ ७६ ॥

अर्थ स्पष्ट छ.

श्री ३ महाराजमा कल्पवृक्षभ्रान्ति, भुजामा शाखाभ्रान्ति भएको कल्पनागरेर तत्त्वाख्यान (साँचोकुरागर्नु) ले भ्रान्तिनिवारणगरेको हुनाले तत्त्वाख्यानोपमा पर्‍यो.

४० असाधारणोपमा.

यौटैवस्तुलाई उपमेय उपमान दुवै मान्दा असाधारणोपमा हुन्छ. यसैलाई अनन्वयालङ्कार पनि भन्छन्. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

चिन्तामणिप्रभृतिलाइ जित्यो यसैले
औदार्य यो लिन शकेन हरे ! कसैले ।

CC-0. In Public Domain. Digitization by eGangotri

जाऊँ कता ? अब मता श्रम छाडिदिन्छू
'यस्को समान यहि हो ? यहि बुद्धि लिन्छू ॥७७॥

अर्थ स्पष्ट छ.

यहाँ महाप्रभुका औदार्यले चिन्तामणिप्रभृतिवस्तुलाई जिति-शकेको हुनाले र, अर्को उपमान नपाइएको हुनाले त्यही औदार्य-लाई उपमेय र उपमान दुवै मानेर 'यस् औदार्यको तुल्य यही औदार्य छ, भनेर वर्णनगरेको हुनाले असाधारणोपमा पऱ्यो. यस्तामा त्यो वस्तुको उपमान नहुनाले त्यो वस्तु उपमेय पनि छैन (उपमान अर्को भए मात्र, वर्णनीय वस्तु उपमेय हुन्छ) अर्थात् त्यो वस्तु अनुपमेय (उपमानशून्य अद्वितीय) छ, भन्ने अर्थमा पर्यवसान हुन्छ.

४१ अभूतोपमा.

कँहीं संसारमा नजएको उपमान खडागरेर सादृश्यवर्णनगर्दा अभूतोपमा हुन्छ. जस्तैः—

SSISIIISIISISS [वसन्ततिलका]

'जो कल्पवृक्ष-बलि-कर्ण-दधीचि इन्को,
औदार्यपुञ्ज छ, उही सम हुन्छ यस्को'।
यस्तो कवीश्वरहरू वरु तर्क गर्छन्
औदार्य देखिकन सो अरु छक्क पर्छन् ॥७८॥

अर्थ.

महाप्रभुकी उदारता देखेर कविहरु-'कल्पवृक्ष-बलि-कर्ण-

CC-0. In Public Domain. Digitization by eGangotri

दधीचि, इन्को औदार्यपुञ्ज यस्को (यो औदार्यको) तुल्य छ' भन्दछन्; अरुहरु अक्कनबक्क हुन्छन्.

संगति.

यहाँ दुनियामा नभएको धेरैजनाको यौटा औदार्यपुञ्ज खडागरेर त्यस्लाई उपमान मानेको हुनाले अभूतोपमा पर्‍यो.

४२ असंभावितोपमा.

प्रायः अन्यत्र कँहीं नभएको, प्रकृत (यहाँ) भएको वस्तु उपमेय राखेर त्यस्तै अर्को उपमान-कल्पनागर्दा असंभावितोपमा हुन्छ. जस्तैः--

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

अत्यन्ततेजपरिपूर्ण छ चित्त जस्को
उस्बाट शान्त करुणारस निस्कँदामा ।
श्रीसूर्यबाट हिमको अतिवृष्टिजस्तो
ठानेर विस्मित भयो लठुवा मजस्तो ॥७०॥

अर्थ.

जुन्महाप्रभुको चित्त अत्यन्ततेजःपरिपूर्ण (खूब तेजभएको) छ; उसैबाट शान्त (शीतल) दयारस निस्केको देखेर, श्रीसूर्यबाट हिँउ वर्सेजस्तो ठान्ने मजस्ता जडबुद्धि विस्मित (छक्क) भयो.

CC-0. In Public Domain. Digitization by eGangotri

संगति.

तेजिलावस्तुवाट शीतलपदार्थ निस्कनु र सूर्यवाट हिउँ वर्सनु तुल्य छ' भन्ने असंभावित (नपत्याइएको) कुराले साद्दश्यवर्णन गरेको हुनाले यहाँ असंभावितोपमा पर्‍यो.

४३ बहूपमा

यौटा उपमेयको धेरै उपमान कल्पनागर्दा बहूपमा हुन्छ. जस्तैः—

।।ऽ।।ऽ।ऽ।ऽ–।।ऽऽ।।ऽ।ऽ।ऽ [सुन्दरी]

नयपालमहीमहेन्द्रका
करुणापूर्णमुखारविन्दको ।
समता विदितै छ दाखको
महको काबुलका अनारको ॥ ८० ॥

अर्थ.

श्री ३ महाराजको मुखारविन्द (मुहार—अर्थात् वचन)को र दाखको महको काबुलीअनारको समता जगत्प्रख्यात छ.

संगति.

यहाँ यौटा मुखारविन्दका धेरै उपमान राखिएका हुनाले बहूपमा पर्‍यो.

४४ विक्रियोपमा

उपमेय अपूर्व हुनाले, क्यहिपदार्थको विकार

CC-0. In Public Domain. Digitization by eGangotri

(रूपान्तर) नएको वस्तु खडागरेर त्यस्लाई उपमान मानेर सादृश्यवर्णनगर्दा विक्रियोपमा हुन्छ. जस्तः--

ISS'SSISSISS [भुजङ्गप्रयात]

सुधासिन्धुको तर्सिकी त्यो जमाई
मथी त्यो सबै सार तय्यार्गराई ।
रचेको सरी वेसरी दङ्गपर्दै
मुहार्देखि सर्कारको छक्क पर्छन् ॥ ८१ ॥

अर्थ.

अमृतसमुद्रका माथिमाथि लागेको तर झिकेर जमाएको दहीजस्ता त्यसपदार्थको मथन गरेर निकालेको नउनीजस्तो जो अतिमधुरपदार्थ तय्यार होला, त्यहीपदार्थजस्तो अतिमधुर भएको सर्कारका मुहार्को दर्शन पाउने भाग्यवान्हरू लोकोत्तरमाधुर्यको प्रभावले छक्क पर्दछन्.

संगति.

यहाँ लोकोत्तरमाधुर्यभएको सर्कारको मुहार उपमेय मानेर, त्यस्को योग्य उपमान तयार नपाएर, सुधासमुद्रको तर्झिकेर जमाएर मथेर निकालेको सारवस्तु कल्पनागरेर, त्यस्लाई उपमान मानेको हुनाले विक्रियोपमा पर्‍यो.

४५ वाक्यार्थोपमा

यौटा वाक्यार्थलाई उपमेयमानेर अर्को वाक्या-

CC-0. In Public Domain. Digitization by eGangotri

र्थलाई उपमान गराउँदा वाक्यार्थोपमा हुन्छ जस्तैः-

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

जस्तै विचित्र मनको सब ताप हर्ने
शोभा छ इन्द्र रहँदा अमरावतीको ।
भूपालरत्न ! प्रभु राज हुँदा छ शोभा
उस्तै अपूर्व भइ कान्तिपुरीपुरीको ॥ ८२ ॥

अर्थ स्पष्ट छ.

यहाँ २ वाक्यार्थको उपमानोपमेयभावहुनाले वाक्यांश इन्द्र र श्री ३ महाराज, अमरावती र कान्तिपुरीको पनि उपमानोपमेय-भाव बुझिनाले वाक्यार्थोपमा पऱ्यो.

४६ मालोपमा

अनेक उपमान कल्पनागरि तिन्को धर्म प्रकृत उपमेयमा मिलाउँदा मालोपमा हुन्छ. जस्तैः--

ऽ।ऽऽ ऽऽ।ऽऽ।ऽ [स्रग्विणी]

चन्द्रमा रात्रिले, रात्रिमा चन्द्रले,
कान्तिमा रात्रिले, रात्रिमा कान्तिले ।
हुन्छ जस्तै प्रभा सर्वदा लोकमा
हुन्छ उस्तै प्रभा कीर्तिले नाथमा ॥८३॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ 'चन्द्रमामा रात्रिले जस्तो शोभा हुन्छ, महाप्रभुमा कीर्तिले उस्तै शोभा हुन्छ. रात्रिमा चन्द्रमाले जस्तो शोभा हुन्छ, कीर्तिमा महाप्रभुले उस्तै शोभा हुन्छ.' इत्यादि परस्पर मालाका फूल झैं मिलेका उपमेय उपमान मिलाएको हुनाले मालोपमा पर्‍यो.

४७ प्रतिवस्तूपमा.

साधारण धर्म यौटै छ ता पनि उपमेयमा वेग्लैतरहले, उपमानमा वेग्लैतरहले देखाएर साद्दृश्य झल्काउँदा प्रतिवस्तूपमा हुन्छ. जस्तैः--

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

संसारमा प्रभुसमान दयाभएको
अर्को नरेश कविले किन ? पाउँदाहुन् ।
प्रख्यात कल्पतरु ईश्वरले बनाए
यौटै समर्थ, किन ? धेर बनाउँदाहुन् ॥८४॥

पदार्थ स्पष्ट छ.

यहाँ ' प्रभुसमान दयाभएको अर्को नरेश हुनु र, अर्को कल्पवृक्षहुनु' ई २ कुरा तुल्यहुनाले साद्दृश्य झल्क्यो ता पनी 'अर्को नरेश कविले किन ? पाउँदाहुन्, धेरै कल्पवृक्ष ईश्वरले किन ? बनाउँदा हुन् ' यस्तो वेग्लैतरहले साधर्म्य (धेरैनहुनु) द्वारा उपमा झल्काएको हुनाले प्रतिवस्तूपमा पर्‍यो. वैधर्म्य (उपमानको

CC-0. In Public Domain. Digitization by eGangotri

र उपमेयको एक धर्म न हुनु) द्वारा सादृश्यझल्काउँदा पनि प्रतिवस्तूपमा हुन्छ.

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

खुशी रहन्छन् करुणानिधानकै
मुहारको दर्शन पाउँदा प्रजा ।
हरे ! कहाँ पाउँछ ? मेघले विना
त्रिलोकमा चातकपक्षिले मजा ॥ ८५ ॥

अर्थ स्पष्ट छ.

यहाँ उपमेयपट्टी—'प्रजाहरु करुणानिधानकै मुहारको दर्शन-पाउँदा खुशी रहन्छन्' भन्नाले 'खुशीरहनु' (मजामान्नु) यो धर्महो. उपमानपट्टी—'चातक पक्षीले विनामेघ मजा कहाँ? पाउँछ' भन्नाले 'मजा नमान्नु' यो धर्महो. तथापि 'प्रजा मुहारको दर्शन पाउँदा खुशी रहन्छन्; चातकपक्षिहरु मेघदेख्ता खुशीरहन्छन्' यस्तो अर्थ आखीरमा बुझिनेहुनाले प्रतिवस्तूपमा पऱ्यो.

४८ तुल्ययोगोपमा.

यौटाकामगर्दा अनेक मिलेर गरेभने, त्यस्काममा ती अनेकको सादृश्य बुझिने हुनाले तुल्य-योगोपमा हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

सारा अदृष्टनयको घटना हटाई

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको पशुपतिप्रभुवाट रक्षा ।
संकष्ट दृष्ट जति छन् उति नष्ट पारी
नेपालको नृपतिवाट हुँदोछ रक्षा ॥ ८६ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'श्रीपशुपतिनाथजी पनी संपूर्ण अदृष्टभयको (दैवप्रकोपवाट हुने डरको) घटना (संयोग) हटाएर नेपालको रक्षागरिवक्सनुहुन्छ. श्री ३ महाराज पनि दृष्टसंकष्ट (देखिएका लौकिक दुःख) लाई नष्ट पारेर नेपालको रक्षागरिवक्सनुहुन्छ, भन्नाले नेपालरक्षारूप यौटा काममा २ जनाको योगद्वारा सादृश्यबुझिएको हुनाले तुल्ययोगोपमा पऱ्यो.

४९ हेतूपमा

जुन् धर्महुनाले उपमा हुन्छ, त्यसैधर्मलाई हेतु (कारण) गराएर वर्णनगरेमा हेतूपमा हुन्छ जस्तैः—

SISSISSISSIS [स्रग्विणी]

धैर्यले भूमिको, तेजले सूर्यको,
कान्तिले चन्द्रको, शान्तिले, बुद्धको ।
श्रीमहाराजको तुल्यता देखियो
दानले कर्णको तुल्यता लेखियो ॥ ८७ ॥

अर्थ स्पष्ट छ.

यहाँ धर्मवाचकपदमा तृतीया हुनाले 'धैर्यले-तेजले'-इत्यादि-

CC-0. In Public Domain. Digitization by eGangotri

ठाँउँमा 'धैर्यहुनाले–तेजहुनाले' इत्यादिप्रकारले हेतु (कारण) गराएर धर्म राखेको हुनाले हेतूपमा पऱ्यो.

५० रूपक.

उपमान र उपमेयको अभेद (एकता) गर्दा रूपक हुन्छ* जस्तैः—

SSISSIISISIS इन्द्रवंशा }
ISISSIIS:SIS वंशस्थ } उपजाति

यो कान्तिपुर्हो अमरावतीपुरी,
यो सिंहदर्वार्पनि वैजयन्त हो ।
श्रीतिन्महाराज महेन्द्र हुन् अनी
प्रजा खुशी छन् यहि स्वर्ग हो जनी ॥८८॥

अर्थ स्पष्ट छ.

यहाँ उपमेय (कान्तिपुर) को र उपमान (अमरावतीपुरी) को अभेदगरेको हुनाले रूपक पऱ्यो. त्यस्तै सिंहदर्वार र वैजयन्त (इन्द्रकोमहल) को अभेदले अर्को रूपक पऱ्यो. त्यस्तै- श्री ३

---

* 'मुखकमल जस्तो छ' यहाँ उपमालंकार हुनाले–'मुख बेग्लै वस्तु-कमल बेग्लै वस्तु हो; तर दुवैको धर्म (सौन्दर्य) एकैनाशको छ' भन्ने बुझिन्छ. यहाँ 'जस्तो' शब्द हटाएदेखि "मुख कमल छ' यस्तो रूपक अलंकार भएर, 'मुख र कमल यौटै वस्तु छ' भन्ने बुझिन्छ. रूपक-का पनि अनेक भेद छन्. तर सवैमा उपमान र उपमेय को अभेदता बझिने पर्छ. उदाहरणमा स्पष्ट होला.

CC-0. In Public Domain. Digitization by eGangotri

महाराज र महेन्द्र, नेपालको र स्वर्गको अभेद हुनाले अरू २ रूपक परे.

५१ समस्तरूपक.

उपमेयवाचकशब्द र उपमानवाचकशब्दको समासगरेर अभेदगर्दा समस्तरूपक हुन्छ. जस्तै:-

IIIIIISISISS—IIIISIISISISS [पुष्पिताग्रा]

अघि कठिनदरिद्रतापिशाची
घरघर सज्जनका गएर नाची ।
अब उभय रहेन चन्द्रसंशे-
र्प्रभुमयसूर्य जहाँतहाँ उदाए॥ ८१ ॥

अर्थ.

अघि भयङ्कर दरिद्रतारूपिणी पिशाची (भूतिनी) सज्जनका घरघर गएर नाची (त्यसोहुनाले सज्जनहरु दुःखी थिए)। अवता उ भय (त्यो डर) र उभय (पिशाची र नाच्नु ई २ कुरा) रहेन. किन भने ? श्री ३ महाराजचन्द्रसंशेररूपीसूर्य जहाँतहाँ उदाए (सूर्य उदाएपछि पिशाचीको के डर ?)

सङ्गति

यहाँ दरिद्रता र पिशाची, प्रभु र सूर्य शब्दको समासगरेर अभेद गरेको हुनाले समस्तरूपक पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

५२ सकलरूपक.

मुख्य उपमेय र मुख्य उपमानको अभेदगर्दा उपमेयका अवयव र उपमानका अवयवको समेत अभेद गरेको छ भने सकलरूपक हुन्छ. जस्तैः—

[उपगीतिच्छन्द]

अङ्गुलिमय दश दल छन्
जस्का नखकान्ति केसर छन् ।
प्रभुका ती चरणाम्बुज
राजाहरु माथमा धर्छन् ॥ १० ॥

अर्थ.

जुन चरणरुपीकमलका अङ्गुलिरूपी १० पात र नखकान्तिरूपी केसर छन्; ती प्रभुका चरणकमल राजाहरु माथमा धर्छन.

संगति.

यहाँ चरणरूपी उपमेयको र कमलरूपी उपमानको अभेदगर्दा तिन्का अवयव (अंगुली र पात, नखकान्ति र केसर) को समेत अभेद गरेको हुनाले सकलरूपक पऱ्यो.

५३ अवयवरूपक.

मुख्यवर्णनीय र अरुकसैको अभेद नगरेर

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्यवर्णनीयका अवयवको र अरुको अभेदवर्णन गरेमा अवयवरूपक हुन्छ. जस्तैः--

[।।।ऽ।।ऽ।।ऽ।ऽ द्रुतविलम्बित]

हृदयपङ्कजफुल्लहुने गरी
अधरपल्लव कम्पित गर्दछन् ।
'अब भने कृतकृत्य भयौं' भनी
सकल रैति जयध्वनि गर्दछन् ॥ ११ ॥

अर्थ.

श्री ३ महाराजका उदयको दर्शन पाउनाले प्रसन्न भएका रैतिहरु, हृदयकमल प्रफुल्ल गराएर, हर्षले अधरपल्लव (पालुवा जस्तो ओठ) लाई थर्थर्कमाएर, ' अब भने कृतार्थ भयौं भन्दै सबैजना मिलेर जयजयकार गर्दछन्.

संगति.

यहाँ यस्श्लोककोमुख्यवर्णनीयरैतिको र अरुको अभेद नगरेर, रैतिका अवयव हृदय र अधर (ओठ) को, पंकज (कमल) र पल्लव (पालुवा) संग अभेद गरेको हुनाले अवयवरूपक पऱ्यो.

५९ अवयविरूपक

कोहि अवयवीको अन्य कसैसंग अभेद गरेको छ, त्यस्को अवयवको अन्य अभेद गरेको छैन भने अवयविरूपक हुन्छ. जस्तैः--

CC-0. In Public Domain. Digitization by eGangotri

IIIIIISSSISSISS [मालिनी]

सरस नयन टल्पल्, ओठ थर्थर्चलेको
मुखकमल उज्यालो हर्षगर्ने गराई ।
'मधुर अमृतजस्तो चित्त जस्को छ उस्को
जयजय' भनि सारा रैति गर्छन् बधाई ॥१३॥

अर्थ.

रैतिहरु हर्षले रसीला भएका आँखा टल्पल् पारेर, ओठ थर्थर्कमाएर, मुखरूपीकमल हर्षले उज्यालो र खुशीलाग्दो गराएर, 'जुन्महाप्रभुको चित्त अमृतजस्तो मधुर छ, उन्को जयजय रहोस्' भनेर कल्याणचिन्तन गर्दछन्.

संगति.

यहाँ अवयवी (नेत्र-ओठ प्रभृति अवयववाला) मुखको भने कमलसँग अभेद गरेको; अवयव (नयन र ओठ) को कसैसँग अभेद नगरेको हुनाले अवयविरूपक पर्‍यो.

५५ एकांगरूपक.

अवयवी र अरुकसैको अभेद नगरेर, त्यस्अवयवीका यौटा अवयवको र अरुकसैको अभेद गरेमा एकाङ्गरूपक हुन्छ. जस्तैः—

SISIIISISIS [रथोद्धता]

रक्तरक्तनखकान्ति फैलिने
पाणिपद्म अतिरक्तनै थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुष्टिमा सब लिएर नाथले
रक्त रैयत गराइबक्सियो ॥१३॥

अर्थ.

महाप्रभुको करकमल रक्तरक्त (रातोरातो) नखको कान्ति-फैलिने र अतिरक्तनै (ज्यादैरातो) थियो. त्यही करकमलका मुष्टिमा (मुठिमा) संपूर्णदुनियांलाइ राखिबक्सिएको हुनाले महाप्रभुले सब दुनियांलाई रक्त (राता र खुशीराजी) गराइबक्सियो.

सङ्गति.

यहाँ प्रभुको र अरूको एकता नगरेर प्रभुका एक अङ्गको (पाणिको) पद्मसंग एकतागरेको हुनाले एकाङ्गरूपक पऱ्यो.

५६ युक्तरूपक

यौटाको कसैसंग अभेद गर्दा अर्कोको अभेद वर्णनगर्नालाई खूब योग्यता भयो भने युक्तरूपक हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

दन्तकान्तिमयपुष्पफैलिंदा
लोचनभ्रमरले मजा दिए ।
नाथ ! दर्शन हुँदा मुहारको
रैतिले अजबको मजा लिए ॥१४॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

श्री ३ महाराजबाट मन्दहास्य समेतको कृपाकटाक्ष बक्सेका बेलामा, दन्तकान्तिरूपिफूल फैलिएको र नेत्ररूपिभ्रमर चञ्चल भएको देखिनाले बड़ा शोभा भयो. त्यसबखतमा रैतिले अनिर्वचनीय आनन्द लूटे.

संगति.

यहाँ प्रभुका दन्तकान्तिको र पुष्पको अभेद गरेको हुनाले लोचन (नेत्र) को र भ्रमरको अभेदगर्नामा, पुष्पका वरिपरि भ्रमर हुनुपर्ने हुनाले खूब योग्यता हुनगयो र युक्तरूपक पऱ्यो.

५७ अयुक्तरूपक

योटाको योटासँग अभेदगर्दा अर्कातिर अयोग्यता परेर पनि चमत्कारै रह्यो भने अयुक्तरूपक हुन्छ, जस्तैः—

SISIIISISIS [रथोद्धता]

दन्तकान्तिमयचन्द्रिका छँदा
नेत्ररूपिकमल प्रफुल्ल छन् ।
गर्छ दर्शन धनी र निर्धनी
क्या ! अपूर्वघटना भयो भनी ॥१५॥

अर्थ

दर्शन बक्सिने बेला हुँदा मन्दहास्य र कृपाकटाक्ष गर्दै सवारी-भएको मौकामा ' प्रभुको दन्तकान्तिरूपिचन्द्रिका झलमल्ल हुनु

CC-0. In Public Domain. Digitization by eGangotri

र, नेत्ररूपिकमल प्रफुल्ल हुनु' यो २ कुरा अघटित (अन्त न हुने) हो तापनि यहां घटित भयो भनेर रैतिहरु प्रसन्नता पूर्वक दर्शन गर्छन्. 'श्री ३ महाराजको दर्शन पाउनु अपूर्व घटना हो' यो अर्थ स्पष्टै छ.

संगति.

यहाँ दन्तकान्ति र चन्द्रिकाको अभेद गरेपछि, चन्द्रिका रहेका वखतमा कमल प्रफुल्ल न हुने हुनाले, प्रफुल्ल भएका नेत्रको-र कमलको अभेदगर्नामा अयोग्यता थियो ता पनि, 'नेत्रकमलको प्रफुल्लता र, दन्तकान्तिरूपेचन्द्रिकाको एकठाँउँमा हुनु, अपूर्व घटना हो' भन्ने अर्थद्वारा चमत्कार रहेको हुनाले अयुक्तरूपक पर्‍यो.

५८ विषमरूपक

वर्णनीयका अवयवमध्ये कसैको कसैसँग अभेद-गर्ने, कसैको नगर्ने गरेमा विषमरूपक हुन्छ. जस्तैः—

ISISSIISISS उपेन्द्रवज्रा }
SSISSIISISS इन्द्रवज्रा } उपजाति

मुहार हो चन्द्र जगत्प्रसिद्ध
सर्कारको गाथ छ कल्पवृक्ष ।
यो दीर्घबाहुद्वयवाट विद्ध
हुँदो छ टाढै रहि वैरिपक्ष ॥८६॥

अर्थ.

सर्कारको मुहार जगत्प्रसिद्ध चन्द्र हो; गाथ कल्पवृक्ष हो.

CC-0. In Public Domain. Digitization by eGangotri

सर्कारको यो लामू बाहुद्वय (दुइबाहुलि)बाट टाढा र रहेको शत्रुवर्ग विद्ध (घायल) हुँदो छ.

संगति.

यहां मुख्यवर्णनीयगाथको र कल्पवृक्षको अभेद गरेर, त्यही-गाथको यौटा अवयव मुहारको र चन्द्रको पनि अभेद गरेर, अर्को अवयव बाहुद्वयको कसैसँग अभेद नगरेको हुनाले विषमरूपक पऱ्यो.

५९ सविशेषणरूपक.

मुख्यवर्णनीयवस्तुमा कांहि विशेषण लगाएर त्यस्तै अर्को पदार्थसँग अभेद गर्दा सविशेषणरूपक हुन्छ. जस्तैः--

[अनुष्टुप्छन्द]

तर्वार्लिएर गजमा चढ़ेको गाथ नाथको।
सुमेरुका शिखरमा फलेको कल्पवृक्ष हो ॥८७॥

अर्थ स्पष्ट छ.

यहाँ मुख्यवर्णनीयगाथमा 'तर्वार्लिएर गजमा चढेको' यस्तो विशेषण लगाएर, त्यस्गाथको उपमानभएको कल्पवृक्षमा पनि, 'सुमेरुका शिखरमा फलेको' यस्तो विशेषण लगाएर दुवैको अभेद गरेको हुनाले सविशेषणरूपक पऱ्यो.

६० विरुद्धरूपक.

उपमेय र उपमानको अभेद गरेर, उपमेयले

CC-0. In Public Domain. Digitization by eGangotri

उपमानविरुद्ध कामगरेको बर्णनगर्दा विरुद्ध-रूपक हुन्छ, जस्तैः—

।।। ऽ ।ऽ ऽ, ।ऽ।ऽ [ललित]

दिन हुँदा पनि स्पष्ट देखिने
उदय सर्वदा साथमा लिने ।
गजव गर्दछिन् कीर्तिचन्द्रिका
सकल वैरिको शान्ति हर्दछिन् ॥ १८ ॥

अर्थ.

श्री३महाराजकी कीर्तिरूपिचन्द्रिका दिउसो पनि देखिन्छिन्, सधै उदाईरहन्छिन्, वैरिका शान्तिको नाश गर्छिन्.

सङ्गति.

यहाँ—कीर्ति र चन्द्रिकाको अभेद गरेर पनि कीर्तिले चन्द्रिका-विरुद्ध काम गरेको वर्णनगरेको हुनाले विरुद्धरूपक भ=यो.

६१ हेतुरूपक.

जुन्धर्मले अभेद हुन्छ, त्यो धर्मलाई हेतु (कारण) गराएर अभेद गर्दा हेतुरूपक हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

हितार्थिताले सबका पिता प्रभु
प्रतापले सूर्य भएर जो तपे ।

CC-0. In Public Domain. Digitization by eGangotri

विनाश अन्यायमयान्धकारको
हुँदा प्रजाले 'जय, जीव' यो जपे ॥ ९९ ॥

अर्थ.

सबका हितार्थिताले (हितचाँहने हुनाले) प्रजाका पिता भएका प्रभु, प्रतापले सूर्य भएर तपे. त्यसो हुनाले अन्यायरूपी-अन्धकारको नाश हुँदा (नीतिको प्रातःकाल हुँदा) प्रजाहरूले प्रभुको उद्देश्य गरेर 'जय, जीव.' यो मन्त्र जप्न थाले.

सङ्गति.

यहाँ अभेदगर्नआँटेमा राखिएको धर्म 'हितार्थिता, र प्रताप,' यहाँ तृतीयाविभक्तिलगाउनाले, 'हितार्थीहुँनाले पिता, प्रताप हुनाल सूर्य' यस्तो हेतुपूर्वक राखेर अभेद गरेको हुनाले हेतुरूपक पर्‍यो.

६२ श्लिष्टरूपक.

उपमेय र उपमानको अभेद गरेर, उपमेय र उपमानका भिन्नभिन्नधर्म श्लेषद्वारा अभिन्नशब्दले देखाएमा श्लिष्टरूपक हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

छुट्यो सबैको तम, अलमल्लमा
तमाम उल्लूहरु भीतिले भुले ।
प्रतापसूर्य प्रभुको उदाउँदा
जहाँतहाँकाकलिका स्वयं खुले ॥ १०० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ सङ्गति

यहाँ प्रतापको र सूर्यको अभेद गरेको छ. प्रतापको र सूर्यको धर्म भिन्नभिन्न छ ता पनि श्लेष गरेर अभिन्न शब्दले देखाइएको छ. किन भने ? प्रतापका पक्षमा–"श्री ३ महाराजका प्रतापको उदयहुँदा सबैको तम (घमण्ड) छुट्यो. तमाम (सबै) उल्लूहरु (बदमाशहरु) डरले अल्लमल्लमा (अन्योलमा) भुले. (पक्क- परे) जहाँतहाँ (जतातता) काकलिका (मधुरध्वनि-अर्थात् श्री ३ महाराजकी जय ! इत्यादिमधुरवचन) स्वयं (विनाप्रेरणा) खुले (सर्वत्र फैलिए)" यस्तो अर्थ हो. सूर्यका पक्षमा-'सूर्य उदाउँदा सबैको तम (अन्धकार) छुट्यो. तमाम उल्लू (लाटोकोसेरा) हरू डरले (दिउसो डराउने (दिवाभीत) हुनाले) अल्लमल्ल (अन्योल) मा भुले. (अन्धाहुनाले कर्तव्यमूढ भए) जहाँ-तहाँका (सबैठाउँका) कलिका (कोपिला) स्वयं खुले (फुले)" यस्तो भिन्न २ धर्म छ ता पनी श्लेषद्वारा अभिन्नशब्दले देखाएको हुनाले श्लिष्टरूपक पऱ्यो.

६३ उपमारूपक,

यौटा उपमेय र उपमानको अभेद गरिसके पछि त्यही उपमेयको अर्को उपमानसँग सादृश्य झल्काउँदा उपमारूपक हुन्छ. जस्तैः–

ISISSIISISIS [वंशस्थ]

प्रचण्डतापूर्ण प्रतापसूर्य जो
अखण्डमै भारतखण्डमा थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मिलेर मैत्री वडवाग्निले गरे
तरेर यो सागरपारमा पुग्यो ॥ १०१ ॥

अर्थ.

प्रभुको प्रचण्ड प्रतापरूपिसूर्य भारतवर्षमा अखण्ड थियो, अब त्यो प्रतापसूर्य समुद्रको वडवाग्नि (यूरोपियनहरुको प्रतापाग्नि) सँग मित्रता गरेर समुद्रको पार पुग्यो.

सङ्गति.

यहाँ प्रताप र सूर्यको अभेद गरेपछि; 'प्रताप रे वडवाग्नि (समुद्रव्यापीअग्नि) को मित्रता हुनाले प्रताप समुद्रमा पनी नहटेर पार पुग्यो, भन्नाले वडवाग्निको र प्रतापको सादृश्य झल्केको हुनाले उपमारूपक पऱ्यो.

६४ व्यतिरेकरूपक

उपमान र उपमेयको अभेद गरेपछि पनि उपमानमा भन्दा उपमेयमा वढ्ता गुण देखाएमा व्यतिरेकरूपक हुन्छ. जस्तैः—

॥ऽ।ऽ।।।ऽ।ऽ।ऽ [मञ्जुभाषिणी]

जडकल्पवृक्षसँग देवताहरू
मनका मनोरथ वढाउँदै गए ।
प्रभुकल्पवृक्षसँग मानिसै वरू
नचिताउँदैपनि कृतार्थनै भए ॥१०२॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ सङ्गति.

यहां प्रभुको र कल्पवृक्षको अभेद गरे पछि, 'प्रसिद्ध जडकल्पवृक्षसँग देवताहरुले समेत मनका मन्सुवा बढाउँदै माग्न जानु पर्दछ, प्रभुरूपीकल्पवृक्षसँग ता मानिसले नचिताएको कुरा पनि पाइने भयो' यस्ता प्रकारले उपमेय प्रभुमा बढ्ता गुण देखाएको हुनाले व्यतिरेकरूपक पर्‍यो.

६५ आक्षेपरूपक.

सर्वसंमतहुनाले उपमेय र उपमानको अरुले अभेदवर्णनगरेमा, अभेदवर्णनगर्ने नहुने गरी कोहि विलक्षण वैधर्म्य (विरुद्धधर्म) देखाएर कसैले अभेदको आक्षेप (खण्डन) गरेको वर्णनगर्दा आक्षेपरूपक हुन्छ, जस्तैः—

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

जो उदाउनगएपछि सारा
शत्रुको मुख छँदैछ अँध्यारो ।
त्यो प्रताप किन ? सूर्य भनेको
बुद्धिपूर्ण कवि को ? छ बनेको ॥१०३॥

अर्थ.

जुन्प्रताप उदाउनजांदा शत्रुको मुख आजसम्म अँध्यारै छ; त्यो प्रतापलाइ सूर्य किन भनेको ? त्यस्तो प्रतापलाई सूर्य भन्छु भनेर कुनचाहिने कविबनेर बुद्धिमान्भई अघि सरेको छ ?.

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहाँ सर्वसंमतहुनाले प्रतापको र सूर्यको कसैले अभेद गरेमा अभेद गर्नलाइ बाधा गर्नैगरी 'जुन्प्रताप उदाउँदा शत्रुको मुख अँध्यारै छ, त्यस्तो प्रतापलाइ सूर्य कसरी भन्ने हो?' भनेर अभेदको आक्षेप गरेको हुनाले आक्षेपरूपक पऱ्यो.

६६ समाधानरूपक.

सर्वसंमतहुनाले गरिएको अभेदमा कसैले आक्षेपगर्दा त्यस् आक्षेपका उपर समाधान गरेर अभेद कायम राखेमा समाधानरूपक हुन्छ. जस्तैः-

SISIIISIISS [स्वागता]

यो उदाउनगएपछि सारा
शत्रुको मुख भएछ अँध्यारो ।
हो प्रताप उहि सूर्य उज्यालो
भाग्यहीन मुख हुन्छ अँध्यारो ॥१०४॥

अर्थ स्पष्ट छ.

यहां प्रतापको र सूर्यको अभेदका उपर आक्षेप गरेमा त्यसका उपर 'जेसुकै उदाए पनि अभागीको मुख अँध्यारै रहन्छ. झलमल्ल घाम लागेका वेलामा पनि अभागीको मुख अँध्यारै देखिन्छ. तस्मात् शत्रुको मुख अँध्यारै रह्यो भन्दैमा प्रताप सूर्य रहेनछ भन्न को सक्तछ ?' यस्तो समाधान गरेको हुनाले समाधानरूपक पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

६७ रूपकरूपक.

यौटा उपमेयको र उपमानको अभेद गरेर, फेरि त्यो समुदाय (उपमेयोपमान) लाई उपमेय गराएर अर्को उपमानसँग अभेद गर्दा रूपकरूपक हुन्छ. जस्तैः—

[उपगीतिच्छन्द]

मुखकमलै पीठ गरी
जहाँ रहिन् शारदा देवी ।
उन्कै बखान गर्दा
धकाउँछन् शारदासेवी ॥१०५॥

अर्थ.

मुखरूपीकमललाई पीठ (देवस्थल) रूपी गराएर जुन्प्रभुमा शारदा भगवती रहेकीछन्; उनै प्रभुको बखान (यस्ताउस्ताभनेर बयान) गर्दा शारदासेवी (सरस्वतीका सेवक कविहरु) धकाउछन्. अर्थात् आफुलेजस्को सेवागरेको छ, उस्द्वारा उस्का आश्रयको बखान चलाउनु सहसा नहोइशक्ने हुनाले, सरस्वतीका सेवकहरू सरस्वतीद्वारा सरस्वतीका आश्रय भएका प्रभुको बखान गर्नलाई धाक मान्दछन्.

सङ्गति.

यहां मुख र कमलको अभेद गरेर, फेरि त्योमुखकमलको र पीठको अभेद गरेको हुनाले रूपकरूपक पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

६८ तत्त्वापह्नवरूपक.

उपमेयलाई सर्वथा असत्य गराएर 'उपमानै यो हो' भनि वर्णनगर्दा तत्त्वापह्नवरूपक हुन्छ. यसैलाई कोही २ अपह्नुति पनि भन्छन् जस्तैः-

[अनुष्टुप्छन्द]

(१) यो हाँगा हो फैलिएको, सर्वथा बाहु होइन।
यो हो पल्लवको गुच्छा, पञ्जा निश्चय होइन १०६
(२) यो पक्व फल हो मीठो, अनौठा ओठ होइन।
फलको रस टपूकेको हो, यो वचन होइन १०७
(३) यो देव हो रस लिने, राजपूरुष होइन।
यो कल्पवृक्ष हो नाथ ! प्रभुको गाथ होइन १०८

अर्थ स्पष्ट छ.

यहाँ उपमेय बाहु, पञ्जा, ओठ, वचन, राजपूरुष, गाथ, ई ६ पदार्थलाई असत्य गराएर, क्रमैले इन्का उपमान हाँगा, पल्लवको गुच्छा, फल, रस, देव, कल्पवृक्ष, ई ६ पदार्थनै हुन भनि वर्णन गरेको हुनाले तत्त्वापह्नवरूपक पऱ्यो.

६९ परिणाम

उपमान भएको वस्तु उपमेयरूपत्ले परिणत भएर (उपमेयको रूप लिएर) मात्र कार्योपयोगी

CC-0. In Public Domain. Digitization by eGangotri

नएको (इष्ट कार्य गर्ने नएको) वर्णन गर्दा परि-णामालंकार हुन्छ. जस्तैः--

ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [इन्द्रवंशा]

विद्यालयस्थापनरूप रैतिमा
सर्कारको यो उपकार फैलियो ।
राजी रहेका सव रैतिवर्गले
सर्कार ! धन्यध्वनि हर्षले दियो ॥१०९॥

अर्थ

सर्कारवाट पाठशाला, स्कूल, कालेजको स्थापनागर्नुरूप उप-कार रैतिका उपर गरिवक्सियो. महाराज ! उपकारवद्धभएका रैतिवर्गले सहर्ष धन्यवाद दियो.

संगति.

'अरु उपकारभन्दा विद्यालयस्थापनरूप उपकारमा सापेक्ष (खायशगर्ने) भएका रैतिका उपर प्रभुवाट अपेक्षित (चाहिएको) उपकार गरिवक्सियो' भन्नाले उपकाररूप उपमानले विद्यालयस्थाप-नरूप उपमेयको रूप लिएरमात्र प्रजानुरञ्जनरूपकार्यमा उपयोगी-भएको बुझियो र परिणाम पऱ्यो. अथ वा--

विद्यालयस्थापनरूप रैतिमा
सर्कारको यो उपकार फैलियो ।
उद्योगको रूप लिएर रैतिको
सर्कारमा प्रत्युपकार फैलियो ॥ ११० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

सर्कारबाट विद्यालयस्थापनरूपउपकार रैतिका उपर गरिबक्सियो. रैतिहरूले उद्योगरूप प्रत्युपकार (उपकारको बदला) सर्कारमा गरे.

संगति.

पूर्वार्धको संगति पहिला श्लोकमा देखाइएको छ. उत्तरार्धमा 'उद्योगरूपप्रत्युपकारमामात्र सापेक्ष भइबक्सेका (प्रजाहरूलेगरको अर्को प्रत्युपकारको खायश नगर्नें) सर्कारका उपर प्रजाहरूले अपेक्षित प्रत्युपकार गरे' भन्नाले प्रत्युपकाररूपउपमानले उद्योगरूपउपमेयको स्वरूप लिएर मात्र प्रभुसेवारूपकार्यमा उपयोगी भएको' (प्रभुका हजूरमा लाग्ने भएको) बुझियो र यस श्लोकमा २ परिणाम परे.

७० उल्लेख १.

योटैवस्तुमा धेरैले अनेकतरहको उल्लेख(समुझ) गरेको वर्णन गर्दा उल्लेखालंकार हुन्छ. जस्तैः-

[अनुष्टुप्छन्द.]

(१) शरीरधारी धर्मैं हुन् भन्छन धर्महुनेहरू।
निसाफ साफ हुन् भन्छन् सांभा भगडियाहरू।।१११
(२) कराल काल हुन् भन्छन् जाल फैलाउनेहरू।
दयासागर हुन् भन्छन् भयाकुलहुनेहरू ॥ ११२ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

(३) कुन्‌कुन् स्वरूप प्रभुको त्यो निर्णय कहाँ गरूँ ।
सर्व-स्व-रूप कविका भन्छु विश्वम्भरै वरू ॥ ११३ ॥

अर्थ स्पष्ट छ.

यहाँ योटै प्रभुमा अनेकजनले अनेकतरहको उल्लेख गरेको हुनाले उल्लेख पऱ्यो.

७१ उल्लेख २.

योटै वस्तुमा स्थानभेद गरेर योटाले अनेकतरहको उल्लेख (समुझ) गरेको वर्णनगर्दा पनि उल्लेखालंकार हुन्छ. जस्तैः—

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

हृदयमा सदय, स्थिर बुद्धिमा
वचनमा दृढ, निष्ठुर युद्धमा ।
प्रभुसमान रहीरहने मही-
पति हुँदैन महीतलमध्यमा ॥ ११४ ॥

अर्थ.

हृदयमा सदय (दयालु) रहीरहने, बुद्धिमा स्थिर रहीरहने, वचनमा दृढ रहीरहने, युद्धमा निष्ठुर रहीरहने, श्री३महाराजजस्ता अर्को महाराज दुनियाँभरमा कँही हुँदैनन्.

CC-0. In Public Domain. Digitization by eGangotri

संगति.

यहाँ यौटै प्रभुमा हृदयादिस्थानभेदले सदयतादिनानातरहको उल्लेख गरेको हुनाले उल्लेखालंकार पऱ्यो.

७२. स्मरण

कोहिवस्तुदेखनाले तत्तुल्य अर्कोवस्तु संझेको वर्णनगर्दा स्मरणालंकार हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

नरेन्द्रचन्द्रप्रभु दैवयोगले
अचिन्तितै जेटिन मार्गमा गए ।
बुझें अहोभाग्य ! झलक्क चित्तले
द्विबाहु कृष्ण प्रभु संझिदाभए ॥ ११५ ॥

अर्थ स्पष्ट छ.

यहाँ श्री३महाराजका दर्शनले श्रीकृष्णजीको स्मरण भएको वर्णन गरियो र स्मरणालंकार पऱ्यो.

७३ दीपक

जातिवाचक, क्रियावाचक, गुणवाचक, द्रव्य-वाचक शब्द १ ठाउँमा राख्ता अनेकठाँउमा त्यसैको अन्वय हुनगयो भने ❀ दीपक अलंकार हुन्छ.

* एक ठाँउका वत्तिले धेरै ठाउमा उज्यालो पारेझैं हुनजाँदा यस अलंकारलाई दीपक भनेको हो.

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः—

७४ जातिदीपक

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता ३]

दीनचित्त नइ अन्त रहेका
कान्तिहीन धनहीन रहन्छन् ।
नाथका शरणमा जब आए
कान्तिपूर्ण धनपूर्ण रहन्छन् ॥११६॥

अर्थ स्पष्ट छ.

यहाँ ‘ अन्त रहेका’ यो जातिवाचकशब्दको ‘ कान्तिहीन धनहीन रहन्छन् ’ यहाँ र कान्तिपूर्ण धनपूर्ण रहन्छन् ’ यहाँ पनि अन्वय भएको हुनाले जातिदीपक प-यो.

७५ क्रियादीपक

शत्रुवर्ग अनि कीर्ति मिलेका
दूर दूर गइ नाचिरहन्छन् ।
धैर्य शौर्य अरुलाइ हटाई
नाथमा गइ अखण्ड रहन्छन् ॥११७॥

अर्थ स्पष्ट छ.

यहाँ ‘ नाचिरहन्छन् यो १ क्रियाको शत्रुमा र कीर्तिमा

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वय हुनाले र 'अखण्ड रहन्छन्, यो क्रियाको धैर्यमा र शौर्यमा अन्वय हुनाले क्रियादीपक पऱ्यो.

७६ श्लिष्टक्रियादीपक

कीर्ति निर्मल र निर्मल विद्या
फैलिएर सबको तमहर्नें ।
मित्र शत्रु शिरले लिइ आज्ञा
नाथकोपगरिधारणगर्नें ॥११८॥

अर्थ.

प्रभुकी निर्मल कीर्ति र विद्या फैलिएर सबैको तमहर्नें (अन्धकारहर्नें र अज्ञानहर्नें) छन् । प्रभुका मित्रवर्गहरु शिरले आज्ञालिएर नाथको (प्रभुको) पगरि (शिरपेच) धारणगर्नें छन । प्रभुका शत्रुवर्गहरु शिरले आज्ञालिएर हेनाथ ! त्यो आज्ञालाई कोपगरि (भित्र मन्मा रिसाएर) धारणगर्नें छन् ।

सङ्गति.

यहाँ 'तमहर्नें यो श्लिष्ट (द्व्यर्थक) क्रियाको कीर्ति र विद्यामा अन्वय र, 'नाथकोपगरिधारणगर्नें, यो श्लिष्ट (द्व्यर्थक) क्रियाको मित्र र शत्रुमा अन्वय हुनाले श्लिष्टक्रियादीपक पऱ्यो.

७७ गुणदीपक

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ[वसन्ततिलका]

हृद्धो प्रफुल्ल यशले र उदारताले

CC-0. In Public Domain. Digitization by eGangotri

चारै दिशा र सबका मुख उज्ज्वलै छन् ।
सर्कारका प्रकृतिले अनि वीरताले
रैती र वैरिहरु संमुख दङ्गपर्छन् ॥११९॥

अर्थ.

सर्कारको प्रफुल्लयशले चारै दिशा उज्यालै छन्. सर्कारका उदारता (दानवीरता) ले सबैका मुख उज्यालै छन्. सर्कारका प्रकृति (स्वभाव) ले संमुख पुगेका रैतीहरु दङ्गपर्छन् (खुशी-हुन्छन्) । सर्कारका वीरताले संमुख आएका शत्रुहरू दङ्गपर्छन (पच्छारिन्छन्) ।

सङ्गति.

यहाँ 'उज्ज्वल, यो यौटा गुणवाचकशब्दको दिशामा र मुखमा अन्वय भएको हुनाले पहिला आधीमा गुणदीपक पऱ्यो.

पछिल्ला आधीमा भने-'दङ्गपर्छन, यो यौटा विशिष्ट क्रियाको रैतीमा र वैरिमा अन्वय हुनाले र, रैतीपट्टी 'खुशी हुन्छन्, वैरिपट्टी 'पछारिन्छन' यस्तो अर्थभेद हुनाले श्लिष्टविशिष्टक्रियादीपक पर्दछ.

७८ द्रव्यदीपक

[अनुष्टुप्छन्द]

सर्कारबाट विद्याको प्रचार गरिबक्सियो ।
मद्यको र अविद्याको प्रचार हरिबक्सियो १२०

पदार्थ स्पष्ट छ.

यहाँ यौटाव्यक्तिविशेषलाइ कहने 'सर्कारबाट' यो शब्द द्रव्य-

CC-0. In Public Domain. Digitization by eGangotri

वाचक हुनाले र त्यस्को 'गरिबक्सियो-हरिबक्सियो, ई र ठाउंमा अन्वय हुनाले द्रव्यदीपक पऱ्यो.

७९ मालादीपक

परस्पर जोरिएर रहेका अनेक पदको एकधर्ममा सम्बन्धहुँदा मालादीपक हुन्छ. जस्तैः—

SISSISSISSIS [स्रग्विणी]

कीर्तिले देशको, देशले रैतिको
रैतिले भक्तिको, भक्तिले नाथको ।
नाथले कीर्तिको, योग्यता जो भयो
वैरिको सर्वथा नाथ ! सातो गयो ॥ १२१ ॥

अर्थ

हेनाथ ! कीर्तिले देशको योग्यता (लायकी) भयो. देशले रैतिको योग्यता भयो. रैतिले राजभक्तिको योग्यता भयो. राजभक्तिले प्रभुको योग्यता भयो. प्रभुले गर्दा कीर्तिको योग्यता भयो. यसो हुनाले वैरिको सातो नफर्कने गरि गयो.

सङ्गति

यहां 'योग्यता जो भयो' यो वाक्यको परस्पर जोरिएका माथिका तृतीयान्त षष्ठ्यन्त पदमा सम्बन्ध हुनाले मालादीपक पऱ्यो.

---

* इनै माथि लेखिएका दीपकमा धेरैतर्फ लाग्ने शब्द, कँही श्लोकको आदिमा, कँही मध्यमा, कँही अन्तमा, हुनाले आदिदीपक, मध्यदीपक, अन्तदीपक, हुन्छ. यस्ता भेद अरुले मानेका छन्ता पनि विशेष चमत्कार भएको नदेखिनाले तिन्का वेग्लै उदाहरण देखाइएनन्

CC-0. In Public Domain. Digitization by eGangotri

८० विरुद्धार्थदीपक,

यौटा वस्तुले विरुद्ध २ कर्म गरेको वर्णनगर्दा विरुद्धार्थदीपक हुन्छ. जस्तैः–

SS|S|||S||S|SS [वसन्ततिलका]

गम्भीर तेजपरिपूर्ण द्विभागधारी
जो फौज सज्जित भयो प्रभुको तयारी ।
सानन्दचित्त सब बान्धव छन् यसैले
शोकाकुल प्रबल शत्रु भए यसैले ॥१२१॥

अर्थ स्पष्ट छ.

यहां यौटा फौजले कसैलाई आनन्द, कसैलाई शोक गरायो भन्ने वर्णन गरेको हुनाले विरुद्धार्थ दीपक पर्‍यो.

८१ एकार्थदीपक

यौटावस्तुको शब्दमात्र भिन्न, अर्थ एकै भएका अनेकक्रियापदमा सम्बन्ध हुँदा एकार्थदीपक हुन्छ. जस्तैः —

SS|S|||S||S|SS [वसन्ततिलका]

संपूर्ण हर्छ दुनियाँहरुको विषाद
खीचेर लिन्छ सबको यहि धन्यवाद ।

CC-0. In Public Domain. Digitization by eGangotri

निःशेष लुट्तछ कवीश्वरको घमण्ड
नाथ ! प्रताप बहुतै प्रभुको प्रचण्ड ॥१२३॥

अर्थ स्पष्ट छ.

यहां यौटै प्रतापको 'सम्पूर्ण हर्छ, खीचेर लिन्छ, निःशेष लुट्तछ' ई ३ शब्दमात्र भिन्न, अर्थ एकै भएका, क्रियापदमा अन्वयहुनाले एकार्थदीपक भ्यो.

८२ श्लिष्टार्थदीपक.

अनेकवस्तुको भिन्नभिन्नधर्ममा अभिन्नशब्दले संबन्ध देखाएमा श्लिष्टार्थदीपक हुन्छ. जस्तैः-

[अनुष्टुप्छन्द]

मार्ग उज्ज्वल गर्नामा समर्थ भइ नायकी ।
तारमा विजुली घुम्छे सदा कीर्ति सितारमा१२४

महाप्रभुबाट चन्द्रज्योतिका निमित्त निकालिएकी विजुली, मार्ग (बाटो) उज्ज्वल (उज्यालो) गर्नालाइ समर्थ भएर तारमा घुम्छे. महाप्रभुबाट अनेकसुकर्मद्वारा फैलाइएकी कीर्ति, मार्ग (चालचलन) उज्ज्वल (उज्यालो) गर्न समर्थ भएर सितारमा घुम्छे. (कीर्तिगान हुनलागेमा रसिकहरुका सितारमा गएर नाच्तछे)

CC-0. In Public Domain. Digitization by eGangotri

संगति.

यहाँ बिजुली र कीर्तिको भिन्न२ धर्ममा 'मार्ग उज्ज्वल गर्नामा समर्थ भइ' यस्ता अभिन्नशब्दले सम्बन्ध देखाएको हुनाले श्लिष्टार्थदीपक पऱ्यो.

८३ अर्थावृत्तिदीपक

एकै प्रकारको अर्थ भिन्नस्वरूपले आवृत्ति भएर अनेक ठाउँमा लाग्दा आवृत्ति दीपक हुन्छ. जस्तैः—

SSISIIISIISISS [वसन्ततिलका २]

यो दुष्ट दुर्व्यसन मद्य घटाउँनाले
उद्योगशील अब खूब फसेल हुन्छन् ।
हुन्छन् प्रशस्त अब अन्न र सभ्यताका
सम्पूर्ण लक्षण धनीहरु धेर हुन्छन् ॥१२५॥

अर्थ स्पष्ट छ.

यहाँ एकैप्रकारको अर्थ, 'फसेल हुन्छन, प्रशस्त हुन्छन, धेर हुन्छन्' यस्तो भिन्नस्वरूपले, उद्योगशील, अन्न, सभ्यता, धन, इन्मा लागेको हुनाले अर्थावृत्तिदीपक पऱ्यो.

८४ पदावृत्तिदीपक.

अर्थ भिन्न छ ता पनी पद अभिन्न राखेर

CC-0. In Public Domain. Digitization by eGangotri

अनेक ठाउँमा लाग्नेगरि आवृत्ति गरेमा पदावृत्ति-दीपक हुन्छ. जस्तैः—

वेहद्दको छ करुणा सब रैतिमाथी
देखेर यो सकल सज्जन रद्द हुन्छन् ।
सर्कारका गुण लिएर मुकावलामा
दर्कार छैन अरुको सब रद्द हुन्छन् ॥ १२६ ॥

अर्थ.

सर्कारवाट रैतिमाथी वेहद्दको (निःसीम) करुणा गरिवक्सिएको देखेर सज्जनहरू रद्द (खुशी) हुन्छन. सर्कारका गुण-लिएर (गुणको चर्चा गरेर) मुकावलामा (तुलना गर्दामा) अरुको दर्कार (प्रयोजन)छैन. किन भने,-सब रद्द (वेकामका) हुन्छन.

सङ्गति.

यहां–भिन्न अर्थ भएको 'रद्द हुन्छन्' यो पद अभिन्न राखेर सज्जनमा र सवमा संबन्ध भएको हुनाले पदावृत्तिदीपक पऱ्यो.

८५ उभयावृत्तिदीपक.

शब्द र अर्थ अभिन्न (उहि) राखेर अनेकमा संबन्ध भएको वर्णन गर्दा उभयावृत्तिदीपक हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

सर्कारका सकल मित्र कलत्र साथ
दर्वारमा रहि अनेक विहार गर्छन् ।
वैरी सरासर पुगे अमरावतीमा
देवाङ्गना सँग अनेक विहार गर्छन् ॥१२७॥

अर्थ स्पष्ट छ.

यहां—'अनेक विहार गर्छन्' यो पद र अर्थ अभिन्न र वैरिमा र मित्रता लागेको हुनाले उभयावृत्तिदीपक पऱ्यो.

८६ अतिशयोक्ति,

लोकप्रचलितबोलीभन्दा बढाएर बोल्नालाई अतिशयोक्ति भन्छन्. । यस्का धेरै भेद हुन्छन्.

८७रूपकातिशयोक्ति,

उपमेयलाइ नराखेर त्यस्का ठाउँमा उपमानमात्र राख्ता उपमेय पनि बुझियो भने रूपकातिशयोक्ति हुन्छ. जस्तैः—

ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ [अतिशर्करीजाति]

कल्पवृक्ष पूर्ण पत्र-पात-हीन जो थियो

CC-0. In Public Domain. Digitization by eGangotri

सो दयालु दैवले प्रकाशमान गर्दियो ।
दुःख शोक रैतिका समस्त अस्त जो गए
कोटिकोटि धन्यवाद रैतिले दिंदै गए ॥ १२८ ॥

अर्थ स्पष्ट छ.

यहाँ–श्री ३ महाराजरूपी उपमेय नराखेर त्यसका ठाउँमा उपमान (कल्पवृक्ष) मात्र राख्ता पनि उपमेय (श्री ३ महाराज) को बोध भएको हुनाले रूपकातिशयोक्ति पऱ्यो.

८८ भेदकातिशयोक्ति

प्रकृत (वर्णनीय) वस्तु सर्वसंमत उही हो ता पनि, त्यस्वस्तुको अपूर्वता बुझाउनालाई अर्कै हो जन्ने हिसावले वर्णन गरेमा भेदकातिशयोक्ति हुन्छ. यसैलाई प्रस्तुतान्यत्वातिशयोक्ति पनि भन्छन् जस्तै-

SSISSIISISIS इन्द्रवज्रा } उपजाति
ISISSIISISIS उपेन्द्रवज्रा }

अर्कै छ गाम्भीर्य र धैर्य शौर्य यो
अर्कै छ शोभा करुणानिधानको ।
श्रीचन्द्रसंशेरमहीमहेन्द्रको
प्रताप अर्कै छ असत्य छैन यो ॥ १२९ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

श्री३महाराजको गाम्भीर्य, धैर्य, शौर्य, अर्कै छ. शोभा पनि अर्कै छ. प्रताप पनि अर्कै छ. यस्मा सन्देह छैन.

संगति.

श्री ३ महाराजको प्रतापप्रभृति लोकप्रख्यात उही हो तापनि त्यस्को अलौकिकता बुझाउनाका निमित्त अर्कै हो भनेर वर्णनगरेको हुनाले भेदकातिशयोक्ति पऱ्यो. *

८९ यद्यर्थकल्पितातिशयोक्ति.

'यस्तो भयो भने यस्तो हुने थियो' भन्ने हिसावले कोहि वस्तुको लोकोत्तरता देखाएमा यद्यर्थकल्पितातिशयोक्ति हुन्छ जस्तैः—

SSISIIISIISISS [वसन्ततिलका]

जाज्वल्यमान भइ नित्य रहे भने ता
श्रीको प्रतापसमताकन पाउने छन् ।
श्रीसूर्य अस्तगिरितर्फ गए भने ता
ई न्यून छन् भनि सबैजन गाउने छन् १३०

* श्लोकका. चतुर्थपादमा 'प्रताप अर्कै छ असत्य छैन यो' भन्दा यही अतिशयोक्ति परेको हो की ?, 'प्रताप अर्कै छ (सूर्यरूपै छ)' यस्तो अर्थ पनि हुनाले रूपक हो ? भन्नेसन्देह हुनाले अतिशयोक्ति र रूपकको सन्देहसंकरालंकार पर्दछ.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ–' श्रीसूर्य सदा प्रकाशमान रहे भने प्रतापको तुल्यता पाउने छन, अस्ताए भने प्रतापभन्दा न्यून ठहरिने छन' भन्नाले 'श्री ३ महाराजको प्रताप, नित्य प्रकाशमान अद्वितीयतेजस्वी छ' भन्ने बुझिएको हुनाले यद्यर्थकल्पितातिशयोक्ति पऱ्यो.

१० अक्रमातिशयोक्ति.

कारण र कार्यको विपर्यय (उल्टापन) वर्णन गरेमा अक्रमातिशयोक्ति हुन्छ. जस्तैः–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

प्रभावले संपतिले र मानले
अगाडि संपन्न भएर लोकले ।
लिए कटाक्ष प्रभुका निगाहको
अपूर्व यो शक्ति दयानिधानको ॥ १३१ ॥

अर्थ स्पष्ट छ.

यहाँ–प्रभाव, संपत्ति, मान, ई कुरा पछि हुनु पर्ने, श्री ३ महाराजको कृपाकटाक्ष अघिबाट हुनुपर्ने हो ता पनि, 'प्रभाव, संपत्ति, मानको लाभ अति चाँडो हुन्छ' भन्ने कुरा झल्काउनाका निमित्त, मानिसले अघिबाट ई कुरा पाए, पछि कृपाकटाक्ष परयो' भनि वर्णन गरेको हुनाले अक्रमातिशयोक्ति परयो.

CC-0. In Public Domain. Digitization by eGangotri

९१ असंबन्धातिशयोक्ति,

संबन्ध नभएका वस्तुको संबन्धवर्णनगर्दा असंबन्धातिशयोक्ति हुन्छ जस्तैः-

SISIIISISIS [रथोद्धता]

जो प्रताप करुणानिधानको
सप्तसागर सुकाउने थियो।
शत्रुनेत्रजलका प्रवाहमा
क्षीणशक्ति किन ? नाथ ! यो भयो ॥१३१॥

अर्थ.

महाराज ! सर्कारको जुन् प्रताप सात समुद्र सुकाउनशक्ने तेजस्वी थियो, त्यो प्रताप शत्रुहरुका आँखावाट वगेको पानी सुकाउन नशक्ने भयो, किन हो ?

सङ्गति.

यहाँ—सातसमुद्रसुकाउने सामर्थ्यको संबन्ध नभएको प्रतापमा त्यस्तो सामर्थ्यको संवन्धको वर्णन गरिएको हुनाले असंबन्-धातिशयोक्ति पर्‍यो. *

९२ उत्प्रेक्षा,

एकप्रकारका वस्तुलाई अर्काप्रकारको (अर्को)

* 'त्यस्तो प्रचण्ड प्रताप पनि आँसुसुकाउन असमर्थ भयो' भन्नाले 'शत्रुहरु अहोरात्र रोईरहेका छन्' भन्ने बुझियो र 'प्रभुसंग शत्रुता गर्ने-

CC-0. In Public Domain. Digitization by eGangotri

संझनु (ठान्नु) लाई उत्प्रेक्षा भन्दछन्❀। यसमा यौटा वस्तुलाई अर्को वस्तु संझदा वस्तूत्प्रेक्षा, हेतु (कारण) नभएको वस्तुलाई हेतु संझदा हेतूत्प्रेक्षा, फल (प्रयोजन) नभएका वस्तुलाई फल संझदा फलोत्प्रेक्षा, भन्छन्. उत्प्रेक्षाका ई ३ भेद मुख्य छन्, जस्तैः- क्रमैले-

६३ वस्तूत्प्रेक्षा,

ISISSIISISIS [वंशस्थ]

जहाँतहाँ उज्ज्वलता बढाउने
स्वभावले रद्द भएर नाथमा ।
म तर्क गर्छू, विजुलीस्वरूपले
रहन्छ तारागण यो समीपमा ॥ १३३ ॥

को यस्तै गति हुन्छ' भन्ने कुराको ती रुन्चे शत्रुद्वारा लोकलाइ उपदेश भएको हुनाले व्यङ्ग्यनिदर्शना पनि पर्छ.

* 'मुखलाई चन्द्र ठान्दछू' यहाँ एक प्रकारको वस्तु अर्का प्रकारको संझिएको हुनाले वस्तूत्प्रेक्षा पर्दछ.

'तिम्रा कोमल पाउ भैमा टेक्नाले राता भएका संझन्छू' यहाँ स्वभावले राता भएका पाउमा हेतु नभएको भैमाटेक्नुलाइ हेतु संझेको हुनाले हेतूत्प्रेक्षा पर्दछ.

'लोकको दारिद्र्यान्धकारको नाशका निमित्त कीर्ति घुमेको संझन्छू' यहाँ—कीर्ति घुम्नाको फल नभएको दारिद्र्यान्धकारका-नाशलाइ फल संझेको हुनाले फलोत्प्रेक्षा पर्दछ.

CC-0. In Public Domain. Digitization by eGangotri

अथ स्पष्ट छ.

यहाँ–'जहाँतहाँ उज्यालो बढाउने बिजुलीहरु, मानौ प्रभु (चन्द्र) मा अनुरक्तभएर नगीचमा रहेका तारागण हुन्' भन्नाले विजुलीरूपीवस्तुमा तारारूपीवस्तुको समुझ भयेको हुनाले वस्तूत्प्रेक्षा पऱ्यो. अथ वा–

SSISIIISIISISS [वसन्ततिलका]

भूलोकका सुजनका हितका निमित्त
यो कल्पवृक्ष परमेश्वरले बनाए ।
यस्तै वितर्क अब गर्दछ नित्य चित्त
श्रीमान् इनै नजरमा जब पर्न आए ॥१३४॥

अर्थ.

श्री ३ महाराजको जुन्दिन दर्शन पाइयो, त्यसैदिनदेखि–'पृथिवीका सुजनका हितका निमित्त परमेश्वरले ई कल्पवृक्ष बनाएका हुन्की ?' यस्ता प्रकारका तर्क वितर्क चित्तले गर्न लाग्यो.

संगति.

यहाँ पनि श्री ३महाराजरूपीवस्तुमा कल्पवृक्षरूपवस्तुको समुझ देखियो र वस्तूत्प्रेक्षा पऱ्यो.

९४ हेतूत्प्रेक्षा.

पसन्द जो मण्डल हुन्छ चन्द्रको
प्रतिक्षण क्षीण हुने जए पनी ।

CC-0. In Public Domain. Digitization by eGangotri

म तर्क गर्छू करुणानिधानको
समान सो नाम निमित्त हो जनी ॥१३५।

अर्थ.

जो सधैं घटीरहने चन्द्रमण्डल पनि दुनियाँलाइ पसन्दहुन्छ (मन्पर्छ) यस्मा ' श्री ३ महाराज चन्द्रसमशेरको नामांश 'चन्द्र' नै कारण हो ' भनेर म तर्क गर्छु.

संगति.

यहाँ–पसन्द हुनामा कारण नभएको नामसमानतालाइ कारण ठह-याएको हुनाले हेतूत्प्रेक्षा पऱ्यो. अथवा–

SS|S|||S||S|SS [वसन्ततिलका]

श्रीयुक्तचन्द्रसमशेरनरेन्द्रलाई
पैदा गऱ्यौ र परमेश्वर ! कीर्ति पायौ ।
शायद् अकीर्ति रहला जनि कामधेनु–
चिन्तामणिप्रभृतिलाइ लग्यौ लुकायौ ॥१३६॥

अर्थ र संगति.

श्री ३ महाराजलाई पैदा गर्दा समर्थ बुद्धिमान् दाता पैदागरेको कीर्ति पाएका हुनाले, पशु र जड दातालाई प्रकट राख्नाले अकीर्ति होला भन्ने आशयले हो की ? क्या हो !, हे ईश्वर ! तिमिले कामधेनु र चिन्तामणिलाई लुकायौ' भन्नाले लुकाउनामा कारण न भएको अकीर्तिशङ्कालाई कारण संझेकोहुनाले हेतूत्प्रेक्षा पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

९५ फलोत्प्रेक्षा

म ठान्दछू यो करुणानिधानको
यश, प्रफुल्लत्व लिएर नित्यको ।
घुमीरहन्छ्क्षय गर्न रैतिका
विशालदारिद्र्यमयान्धकारको ॥१३७॥

अर्थ स्पष्ट छ.

यहाँ—'श्री ३ महाराजको नित्यप्रफुल्ल रहेको यो यश, रैतिहरूको दारिद्र्यरूपअन्धकारको नाशगर्नाका निमित्त घुमीरहेको छ' भन्नाले यशघुम्नाको फल (प्रयोजन) नभएको दारिद्र्यान्धकारक्षयलाई फल संझेको हुनाले फलोत्प्रेक्षा प-यो. अथवा—

SSISIIISIISISS [वसन्ततिलका]

मानौं शतक्रतु जितौं जनि नाथबाट
कोटिक्रतु प्रथम देखि भए अनेक ।
सप्ताङ्गराज्यभरको शुभ गर्न इन्को
तेजै छ, भन्द छ कुनै कविमात्र एक ॥१३८॥

अर्थ—

* साते (७) अङ्गले युक्त भएका सम्पूर्णराज्यको शुभ गर्ना-

---

* अमात्य, राष्ट्र, दुर्ग, कोश, सैन्य, मित्र राजा यती ७को समुदायलाई राज्य भन्दछन्.

CC-0. In Public Domain. Digitization by eGangotri

का निमित्त + श्री ३ महाराजबाट अनेक कोटिहोम गरिबक्सियो. यस्मा यौटा कवि–'मानौं शतक्रतु(शयहोमगर्ने इन्द्र)लाई जित्नाको उद्देश्य गरेर कोटिक्रतु(कोटिहोम)भए,–सप्ताङ्गराज्यको + शुभ गर्नलाई श्री ३ महाराजका तेजले (प्रतापले) पनि शक्नु पर्ने हो?, भन्द छ.

संगति.

यहाँ फलत्वेन उद्देश नगरिएको शतक्रतुविजयलाई कोटिक्रतुको फल संझेको हुनाले फलोत्प्रेक्षा पऱ्यो.

९६ समासोक्ति.

प्रकृतवस्तुको वर्णन गर्दा अप्रकृतवस्तु झल्केमा समासोक्ति हुन्छ. जस्तैः—

+ अमात्यराष्ट्रदुर्गाणि कोशो दण्डश्च पञ्चमः। एताः प्रकृतयस्तद्वद्विजिगीषोरुदाहृताः। एताः पञ्च तथा मित्रं सप्तमं पृथिवीपतिः। सप्तप्रकृतिकं राज्यमित्युवाच बृहस्पतिः [शब्द. रत्नावली]

+ अश्वमेधसहस्राणि दश चाष्टौ च धर्मवित्।
कृत्वा यत्फलमाप्नोति कोटिहोमात्तदश्नुते।
एवं कृते तु ग्रामस्य पुरस्य नगरस्य वा।
राष्ट्रस्य च महाभाग राज्ञो जनपदस्य च।
सर्वबाधाप्रशमनी शान्तिर्भवति सर्वदा॥

[विधा. द्वि. स्त.]

इत्यादिवचनबाट सप्ताङ्गराज्यको शुभप्राप्ति बुझिन्छ. इनै वचन शतक्रतुविजयोत्प्रेक्षामा मूल पनि हुन शक्तछन्.

CC-0. In Public Domain. Digitization by eGangotri

[अनुष्टुप्छन्द २]

इङ्गलेण्डकी कीर्ति राख्यो योप्रचण्डप्रतापले ।
यूरोपखण्डमा यस्को अखण्ड रुचि देखियो १३९

अर्थ.

श्री ३ महाराजचन्द्रसमशेरजङ्गबहादुरराणाका प्रचण्डप्रतापले इङ्ग्लेण्डकी कीर्ति राखिदियो. (साहाय्यदिएर इङ्ग्लेण्डकी प्राचीनकीर्तिलाई डग्न दिएन, नवीनकीर्ति समेत थपेर राखिदियो) यस्प्रतापको यूरोपखण्डमा ठूलो शोभा छ. यस्प्रतापलाई युरोपियनहरु उचाउँछन्.

संगति.

यहाँ वाक्यरचनाका चातुर्यले 'विदेशमा स्वास्नीराख्ने मानिस उतैतिर रुचिगर्ने हुन्छ' भन्ने अप्रकृत व्यवहार झल्केको हुनाले तुल्यव्यवहारसमारोपनामक समासोक्ति पऱ्यो. अथवा—

हाँगाविंगा फैलिएको तापशान्ति गराउने ।
पुण्यात्माहरु छन् यस्तो फलेको वस्तु पाउने १४०

अर्थ र सङ्गति.

यहाँ प्रकृत सन्तान(पुत्रपौत्रादिवंशपरम्परा) ले शोभायमान, प्रजातापहारी दयाधारी श्री३महाराजको वर्णनगर्दा श्लिष्ट (द्व्यर्थक) विशेषणका प्रभावले अप्रकृत विशाल छायायुक्त सफलवृक्षको बोध भएको हुनाले तुल्याकारविशेषणनामक समासोक्ति पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा–

क्षारता कत्ति नहुने नित्य श्री साथमा हुने ।
यो वस्तु खासा पाएमा प्यासा झैं कसरी हुन १४१

अर्थ स्पष्ट छ.

यहाँ 'मधुरस्वभाव श्रीसंपन्न श्री३महाराजको प्राप्ति भएपछि मानिस प्यासा (तृष्णापूर्णनभएका) कसरी होलान्' भन्ने प्रकृतवर्णनगर्दा खारापन नभएको लक्ष्मीयुक्त समुद्रको बोध भएर, समुद्रमा नहुने २ धर्म (क्षार नहुनु र नित्य श्री साथ रहनु) बुझियो र अपूर्वसमासोक्ति पऱ्यो. इत्यादि अनेकानेक यसका भेद हुन शक्तछन् ।

९७ आक्षेप,

क्यहि कुरा को आक्षेप (व्यङ्ग्य गराएर बुझाउनु) का निमित्त, क्यहि कुराको आक्षेप (निषेध) गर्नमा आक्षेपअलंकार हुन्छ, आक्षेप्य (व्यङ्ग्य गराई बुझाउन आँटिएका वस्तु) अनन्त हुनाले या अलंकार अनन्तप्रकारको हुन्छ ता पनि, आक्षेप्य-वस्तु भूत वर्तमान भविष्यत् ई ३ प्रकारका हुनाले यसका मुख्यभेद ३ हुन्छन्. आक्षेप्यका भेदले भएका क्यहि प्रकार समेत उदाहरणबाट बुझिने छन्.

CC-0. In Public Domain. Digitization by eGangotri

९८ भूताक्षेप,

।।।।।।ऽऽऽ।ऽऽ।ऽऽ [मालिनी]

मधुर वचन यौटा, रैतिका चित्त लाखौं,
किन किन वचनैले चित्त निश्चेष्ट पाऱ्यो।
घर घर सब गर्छन् यो कुरा के पत्याऊँ
शिव! शिव! म झुलें है, ठीक हो, चित्त हाऱ्यो ॥१४२।

अर्थ.

'महाप्रभुका यौटा मधुरवचनले रैतिका लाखौं चित्तलाई निश्चेष्ट (चेष्टाशून्य-अत्यन्त एकाग्र, र वेहोश) पाऱ्यो' भन्ने कुरा घरघरमा भए; यस्तो कुरा म पत्याऊँ र ?. शिव ! शिव ! हरे ! हरे ! म झुकिएछु है. ती कुरा साँचा रहेछन्. किनभने चित्त (उत्तानुपरेर पछारिएको हुनाले) चित्तले हाऱ्यो.

संगति.

यहाँ–'यौटावचनले गर्दा तमाम दुनियाका चित्त वशीभूत भएका छन्' भन्ने कुरा बुझाउनालाइ पहिले 'त्योकुरा पत्याइन' भनेर फेरि' 'म झुले छु. ठीक कुरा हो. चित्त हाऱ्यो' भनेर वचनले चित्तलाई वशीभूत गराएको (भूतकालको कुरालाइ) साचो गराएर अपत्यारलाइ अयोग्य गराएको हुनाले भूताक्षेप पऱ्यो.

९९ वर्तमानाक्षेप,

।।।।।।ऽऽऽ।ऽऽ।ऽऽ [मालिनी]

प्रतिदिन किन ? झंझट् सर्वथा व्यर्थ यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

घरघर बिजुलीको खर्च लौ हुन्छ कस्तो ।
'सकलतम म हर्छू' भन्दछिन् कीर्ति इन्कै
जरपरि रहिनामा नाथ ! सन्देह कस्तो ॥१४३॥

अर्थ स्पष्ट छ.

यहां वर्तमान कीर्तिका प्रकाशले चन्द्रज्योतिको प्रकाश गतार्थ छ' भन्ने बुझिएको हुनाले वर्तमानाक्षेप पऱ्यो. 'कीर्तिको प्रकाश सर्वसुलभ र धनव्ययनिरापेक्ष छ' भन्ने कुरा आक्षेप्य हो.

१०० कालत्रयाक्षेप,

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

नीतिवाक्य सुनिवक्सँदा सँधै
कर्ण पूर्ण प्रभुका छँदाछँदै ।
व्यर्थ छन् कपटकूटकल्पना
कर्णगोचर गराउँला भनी ॥ १४४ ॥

अर्थ स्पष्ट छ.

यहां—नीतिवाक्यले प्रभुका कर्णको पूर्णता गरेको हुनाले 'कसैका कपटकूटवचनले प्रभुका कर्णमा आश्रय पाएन, पाउँदैन, पाउनेछैन,' भन्ने कुरा बुझियोर कालत्रयाक्षेप पऱ्यो, र भविष्यदाक्षेपपनि यसमा परेको छ. 'जालीहरुका कूटवचन महाप्रभुका कानमा पर्ने वित्तिक चिह्निने हुनाले कानभित्र अड्न पाउँदैनन्, यो आक्षेप्यार्थ हो.

CC-0. In Public Domain. Digitization by eGangotri

१०१ धर्माक्षेप,

[अनुष्टुप्छन्द १६]

सुन्दामा शीतल हुने कीर्ति सर्वत्र गाउँछन् ।
त्यो सुन्दा वैरिहरुका पसीना किन आउँछन् ?१४५

अर्थ स्पष्ट छ.

यहाँ–शत्रुहरुलाई पसीना आउनाले शीतलतारूपीधर्मको आक्षेप गरेको हुनाले धर्माक्षेप पऱ्यो. 'प्रभुकी कीर्ति शत्रुहरूमा असह्यसन्तापकारिणी छन्' भन्ने कुरा आक्षेप्य हो.

१०२ धर्म्याक्षेप,

विरोधका कुरै छैनन् बाँधे अञ्जलि लोकले ।
किन ? भूतलमा घुम्नू यो प्रचण्डप्रतापले ॥१४६॥

अर्थ स्पष्ट छ.

यहाँ–अञ्जलि बाधेको हुनाले विरोधधर्मवाला धर्मीको आक्षेप भयो र धर्म्याक्षेप पऱ्यो. 'प्रतापका प्रचण्डताले भूमण्डल वशंवद गरिएको छ' यो कुरा आक्षेप्य हो.

१०३ कारणाक्षेप,

शत्रुको ताप गर्ने यो प्रलयाग्निसमानको ।
प्रतापले हुन गयो चित्त शीतल रैतिको ॥१४७॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ–रैतिका चित्तमा ताप नभएको हुनाले, 'प्रतापले तापगर्नामा कारण शत्रुता हो' भन्ने कुरा बुझियो र कारणाक्षेप पऱ्यो. 'महाप्रभुका प्रजा राजभक्त छन्' यो आक्षेप्यार्थ हो.

१०४ कार्याक्षेप,

शत्रुको भस्म गर्ने यो प्रताप बढ्दै बढ्यो ।
तर अञ्जलि बाँधेर रहेका शत्रुले छल्यो ॥१४८॥

अर्थ स्पष्ट छ.

यहाँ भस्मगर्ने प्रताप बलेमा पनि अञ्जलि बाधने शत्रुले छलेको हुनाले 'भस्म हुनु पर्ने पनि भस्म भएन' भनेर कार्यको (भस्मीभावको) आक्षेप भएको हुनाले कार्याक्षेप पऱ्यो. 'महाप्रभु शरणागतपालक होइबक्सिन्छ' भन्ने कुरा आक्षेप्यार्थ हो.

१०५ अनुज्ञाक्षेप,

यस्ता प्रतापको सामू स्वयं पर्छ भने परोस् ।
जानेर मूर्खको कर्म शत्रु गर्छ भने गरोस् ॥१४९॥

अर्थ स्पष्ट छ.

यहाँ–'पर्छ भने परोस्' गर्छ भने गरोस्.' यस्तो संमतिको वाच्यार्थद्वारा 'यस्ता प्रतापको सामू विनसित्ति किन ? पर्दछ'

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अनुज्ञा (संमति) को आक्षेप भएको हुनाले अनुज्ञ क्षेप पऱ्यो. ' महाप्रभुको प्रताप अनिवार्य छ' भन्ने कुरा आक्षेप्यार्थ हो.

१०६ परुषाक्षेप,

(१) 'भालू भएँछू म जाने जङ्गली तिमि जान्दछौ।
जान्छौ जान छाड लड अप्सरा तिमि पाउँछौ १५०
(२) मरै नसीव घटिया रहेछ बहुतै' भनी
प्रेमले शत्रुपत्नीले पतिलाई सफा गनी ॥१५१॥

अर्थ स्पष्ट छ

यहाँ—पतिपत्नीको सम्वादमा पत्नीका प्रेमसम्बन्धीक्रोधवचनले (' म भालू जंगली लाइं छाडेर लडाइमा गएपछि अप्सरा पाउला भन्ने वचनले) ' तिमि मर्दछौ. लडाइमा किन ? अघि सर्दछौ यस्तो परुष (कडावचन) को आक्षेप भएको हुनाले परुषाक्षेप पऱ्यो. ' महाप्रभुसंग लड्न अघिसर्ने मानिस अवश्य मर्दछ. संमुख भएकालाइमात्र महाप्रभुले मारिदिसन्छ र त्यो मानिस युद्धहत भएर स्वर्गमा गइ* अप्सरा पाउँछ, यो अर्थ आक्षेप्य हो

१०७ अनादराक्षेप

(१) 'धनको मानको इच्छा मलाइ छ अलीकति।

---

* युद्धे जहति ये प्राणानतिर्यक्प्रेक्षिचक्षुषः
ते रम्भादिकरम्भोरूपरीरम्भाधिकारिणः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

पतिजीवितको इच्छा धेरै छ यहि हो गति १५२
(२) जान जए जाउ लड, वसे वस, रुनू कति ?'
यो वाक्य शत्रुकी पत्नी भन्दछे पतिका प्रति१५३

अर्थ स्पष्ट छ

यहाँ गए जाउ, वसे वस, यस्तो प्रेमले बोलेको अनादरको वाक्यद्वारा पतिजीवितको धेरै इच्छागर्ने भएकी पत्नीले ' नजाउ भनेको हो, भन्ने बुझिएको हुनाले अनादराक्षेप पऱ्यो ' महाप्रभुमा शत्रुता गरेर अघिसर्ने मानिस जीवित रहँदैन, योआक्षेप्यार्थ हो.

१०८ मूर्च्छाक्षेप

मूर्छा परी गएँ ' भन्दा व्यूँझदा हर्ष गर्दछे ।
प्रभुका शत्रुकी पत्नी पतिको होश हर्दछे १५४

अर्थ स्पष्ट छ.

यहां 'गएँ (जानलागें) भन्दैमा मूर्च्छा परेर व्यूँझदा खुशी हुनाले 'युद्धयात्रा वाट पति फर्के छ, भन्ठान्ने भएकी पत्नीले वियोग सहननशक्ने प्रकृति देखाएर युद्धयात्राको निषेधगरेको बुझिनाले मूर्च्छाक्षेप पऱ्यो. ' महाप्रभुको रणकर्कशता जगत्प्रख्यात छ ' यो आक्षेप्यार्थ हो.

१०९ अमंगलाक्षेप.

(१)'सर्दछू अघि युद्धैमा मर्दछू हटुला किन ?।
प्यारी ! विलम्व नगर खुशीसाथ विदा दिन' १५५

CC-0. In Public Domain. Digitization by eGangotri

(२) यो वाक्य पतिको सुन्दा शत्रुपत्नी घड़ीघड़ी।
नई नरंग मनमा, बोल्दाबोल्दै अड़ी लड़ी १५६

अर्थ स्पष्ट छ.

यहाँ पतिले 'म मर्द (लोग्ने छोरो) छू युद्धैमा अघि सर्दछू' भन्दा पत्नीले युद्धयात्रामा अमङ्गलोपश्रुति ('मर्दछू' यस्तो अमङ्गल व्यञ्जकवचन) भएको ठानेर 'पति वांच्तैन' भन्ने पूर्ण विश्वास मानेर शोकले लडेको हुनाले अमङ्गलाक्षेप पऱ्यो. 'महाप्रभुको युद्ध-विजय सिद्ध छ' यो आक्षेप्यार्थ हो ।

११० प्रभुत्वाक्षेप.

(१) 'जडक् गरे प्रेम गर्छ घरको परिवारले ।
जडक् गरे दवाउन्न सहसा बन्धुवर्गले ॥ १५७ ॥
(२) जडक् गरे धाक हुँदा गर्छ आदर लोकले ।
जडक् गरे जरोसाले ऋण दिन्छ पराइले '॥१५८॥
(३) 'तथापि हैरेयतहो ! जडक् नगर सर्वथा ' ।
यो हुकुं वक्सँदा ठूलो जडक् जो हरिवक्सियो१५८
(४) दयानिधानता साँचो, साँचो धर्मावतारता ।
प्रजावत्सलता साँचो प्रभुले गरिवक्सियो ॥१६०॥

अर्थ.

क्रमैले बढ्दै आएको यो भडक्, कहांसम्म बढ्ने थियो, के के गर्ने थियो ?. यसकुराको निर्णय हुन शक्तैन. अन्धपरम्परामा

CC-0. In Public Domain. Digitization by eGangotri

परेका कोहि विचारवानहरू पनि, विचारलाई* पन्साएर भडक्रूपिरोगले ‡ प्रतिदिन गल्दैगएका देखिन्थे.

विचारशून्यहरु ता, आफ्नु रक्तशोषणगर्ने यो भडक्रूपिराक्षसलाइ× ठूलो आदरले बढाउँदै, भडक्नभएका सादाचालचलनमा रहेका समाजको ठट्टा + उडाउँदै रहेका थिए.

कोहि अर्धशिक्षितहरु–' घरको परिवार मूर्ख रहेछ भने, भडक्का प्रभावले भड्क् छउञ्याल् प्रेम गर्ला, भडक् सर्वदा कायम रहन नशक्ने हुनाले, भडक् नपुगेका दिन्मा प्रेमका प्यासा हामीहरुले भुतुक्कै हुनुपर्नेछ. घरको परिवार विचारवान् छ भने, परिणाम सम्म सुखदिने व्यवहार गर्नाले मात्र प्रेमगरि प्रसन्न रहला. यो वाहियात् भडक्ले वेश्याहरूमात्र प्रेम देखाउँछन. गृहस्थका विचारवान परिवार प्रसन्न हुँदैनन. भडक् नभएका सादासादा परिवारमा पनि पवित्र प्रेम रहेको देखिनाले र, भडक्दार परिवारमा पनि, दाज्यू, भाइ, बाबू, छोरा, लोग्ने, स्वास्नीमा, समेत नित्यकलह भएको देखिनाले परिवारको प्रेम भडक्को आधारमा रहेनछ. ' यावज्जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् ' यो मतमा लागेर, जतिदिन पुग्दछ, उतिदिन भडक् गरौं भने, वेऔ-

---

* विचार चश्मा छ भने भडक्को रूप चिन्दछौ ।
हेमित्र ! काँचका चश्मा व्यर्थ छन् किन ? किन्दछौ ॥१॥

‡ शरीरसम्म सबका गल्दछन् अरुरोगले ।
यो भडक्रोगले गर्दा घरखेत पनी गले ॥ १ ॥

× कतैकतै घुसेको यो दुःख दिन्छ लुछीलुछी ।
समाजै ग्रास गर्नेछ यो बढेर पछीपछी ॥ १ ॥

\+ ठट्टा उडाउँदै जाओ ऐले मस्त समस्त छौ ।
पछी इन्कै झोपड़ीमा ऋणार्थी भइ पस्तछौ ॥ १ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

कातका भडको परिणाममा अर्को केही आधार नभइ, ऋणमात्र आधार हुने हुनाले, आफुत्रसेकोघर, आफ्ना स्वास्त्री छोरी बुहारीले लाएका गहना गुरिया, आफ्ना पुर्खाले आर्जेको जगाजिमिन, साहुका भयङ्कर पञ्जामा पर्न जान्छ र इज्जतमा र परिवारका प्रेममा ÷ बट्टा लागी आफुले देशान्तरको हावा खानुपर्ने र परिवार-हरुले धनहीन जनहीन वस्त्रहीन भइ अनाथपदवी पाएर शेष-दुःखमय आयुको १।१ घड़ी १।१ वर्षसमान मानेर कालको स्वागतगर्न तयार रहनुपर्ने हुन्छ. आसन्नमृत्युभएका (कालनगीचै आइपुगेका) र वेइज्जती र पापदेखि कत्ति नडराउने स्वार्थी नरपशुले पनि 'यावज्जीवेत् सुखं जीवेत्' भन्नु सर्वथा अयोग्य हो * अनियमितआयु भएका, वेइज्जती र पापदेखि डराउने, परिबारको हितचाहने, भलेभानिसले यस्तोकुरा मुखवाट निकाल्नाले पनि वालकपरिवारको अनेकतरहको हानि हुन शक्तछ.

औ. जुनवन्धुवर्गले दवाउला भन्ने डरले हामी भडक् गर्दछौं,-भडक्मा उस्लाइ जित्यौं भने 'क्यावात! फलानू, फलानालाइ

÷ "ऐले भडक् छँदा तिम्रो परिवार कटाक्षले।
राजी त गर्दछ पछी त्यही तीक्ष्णकटाक्षले॥
आजीत गर्ला महिमा बुझौला त्योकटाक्षको।
देला अघीका त्यस्ता ती प्रेमपूर्ण कटाक्ष को॥
थियौ की प्रेमका प्यासा क्या मजा प्रेमले दियो।
हरे! जीवनको आशा भडक्राक्षसले लियो" ॥ ३ ॥

* ऋण गरेर घिउपिउँदा फजियत पाउँने मानिसभन्दा, घाँस खाएर सुखपूर्वक रहने पशुनै श्रेष्ठ छ.

ऋणं कृत्वा घृतं पीत्वा क्लिश्यमानाद्धि दुर्मतेः।
तृणं खादन् सुखं जीवन् पशुरेव विशिष्यते॥

CC-0. In Public Domain. Digitization by eGangotri

नस् पारिदियो' भनि गुप्तशत्रुस्वरूप * मित्रमण्डलीका मुखबाट कठोर हालाहलविषपूर्ण धन्यवादमात्र पाइने र, भडक्भडक्ले गर्दा आफ्ना आत्मीयमा परस्पर कठोर वैरभावभइ सन्तानदरसन्तान-सम्म अवर्णनीय हानि पाइँने हुन्छ. भडक्गरेर पनि भडकमा हाऱ्यौं-भने ता, पैसा पनि बरवाद् भएको भडक्दारसमाजमा इज्जत पनि गएको, हुनाले ४ जना मित्रका अगाडि, मुखमलिन चित्तदीन भइ रहनु पर्ने हुन्छ. जुन्बन्धुवर्गले दवाउला भन्ने डरले हामी भडक् गर्छौं भडक् गर्दागर्दै तनहा भयौं भने, त्यही बन्धुवर्गलाइ मुख कसरि ? देखाउँला. ऋणगरेर भडक् कायम राख्ने उपायमा लाग्यौं भने पनि, हाम्रो साहूले पक्डेमा त्यो बन्धुवर्गले देख्यो, अथवा खबर सुन्यो भने, हाम्रो के गति होला ? औ. लोकले आदर गर्ला भनि हामी भडक्का गर्न लाग्यौं, तर-हामीलाइ नचिन्हे लोकले मात्र हाम्रो भडकमा भुलेर, 'बाजे ! पाउलागी. साहेब ! सलाम्. एक-छिन राजहोस्. चुरोट् तमाखु जिउनारहोस्. कता पाल्नु हुन्छ ?, यतिसम्म भन्ला, यहाँभन्दा बढ्ता लाभ भडक्द्वारा पाईने होइन. यो तुच्छलाभका निमित्त यस्तो घटियाव्यसन हामीले लिनु योग्य हो ?, सर्वथा हाम्रो नालायकीनै हो. भडक्दारहामीहरू, हामीलाइ यथार्थचिन्हे केहि भलेमानिसका समाजमा पुग्यौं भने, हाम्रो उत्ताउलो चाल देखेर समाजले परस्पर इशारागर्दै मुसुक्कमुसुक्क हाँसेको देख्यौं भने, 'हाम्रो धाकले यो समाज छक्क पऱ्यो.' भनि मन्मा ठानेर, आफुलाइ पृथिवीतलका रत्न संझन्छौं. यस्तो समुझ-

---

* दुष्कर्म गर्दा प्रोत्साहना (श्याबासी) दिने मानिस, मित्र-नामधारी अतिभयङ्कर शत्रु हो.

यस्तु दुष्कर्म कुर्वन्तं प्रोत्साहयति बान्धवम् ।
स मित्रनामकः शत्रुः शत्रुतोऽपि भयङ्करः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

भएका हामीहरू पशु होइनौं ? हरे ! हरे ! पशु किन ? + हुन शक्थ्यौं, हामीता अनुपमजन्तु रहेछौं.

औ. औकात नभएका मानिसले ऋणपाउला भन्ने हाम्रो समुझ पनि बहुतै निःसार छ. कोही सीधासादा मानिसलाई हामी-जस्ता कोहीभडक्दारले ठगीहाल्यो भने पनि, के त्यो ऋण तिर्नु पर्दैन ?, यहाँ पचाइहाल्यौं ‡ भने पनि, परलोकमा त्यो ऋण नतिरि हामी सुख पाउँला ?. परलोकदेखि डराउन छाडौं भने, हाय ! हाय ! हामी बडेबडेसनातनधर्मका पक्षपाती महात्माका कुलमा जन्मेर यो भडक्लेगर्दा यस्तो विचारगर्न पनि लाग्यौं भने, हाम्रो गति के होला ?. आफ्नु स्वधर्मको नाशमात्र हामीले गरेको होइनकी, आफ्ना भविष्यत्सन्तानका उपर हामीले ठूलो अत्याचार र शत्रुता पनि गरेका छौं.

फेरि हामी भडक्को बढावढीमा चूरभइ रहेका, भडक्लाई

---

(१) + परापकार गर्दैनौ पाल्दछौ घाँसले जिउ ।
उपकार सदा गर्छौं दिन्छौ दूद दही घिउ ॥
(२) जोतिन्छौ काममा कोही अन्न पैदा गराउँछौं ।
तृणभक्षणले नित्य लोकरक्षण गर्दछौ ॥
(३) महात्मापशुहो ! तिम्रो ऋणीनै छ वसुन्धरा ।
तिमिलाइ सदा दिन्छौं धन्यवादपरम्परा ॥ ३ ॥

‡ केटाकेटी नमानेर पापैले पेट भर्दछ ।
क फ हुन्छ र कन्दामा असह्य क्लेश पर्दछ ॥

अर्थ.

'कन्दा' शब्दमा ककारको ठाउँमा फकार गर्दा 'फन्दा' हुन्छ, त्यसमा पापैले (अधर्मैले) पेटभर्ने मानिस पर्छ र असह्यदुःख पाउँछ. नमानेर पापैले (मिठाइहरुलेनै) पेटभर्ने केटाकेटीलाइ कफ हुन्छ र कन्दाखेरी असह्य दुःख पर्दछ.

CC-0. In Public Domain. Digitization by eGangotri

चाहिंदो धन नपाउने भएका, चाहिंदो धन कमाउने योग्यता पनि न भएका, हुनाले प्रतिदिन चिन्ताग्रस्त भई 'कहाँ ? के ? छ. कस्लाइ झुक्यांउँ ?' यहि मनोरथले निरन्तर दौडेका हुनाले, न वखत्मा उठ्तछौं, न बखतमा सुत्तछौं, न १०।१५ पला निश्चिन्तभइ आफ्नू पाठपूजा गर्दछौं. * फगत् भडक्पिशाचलागेको हुनाले † खरावचिन्ता गर्ने भई विक्षिप्तचित्त भएका छौं. सहायतार्थी भइ कोही यथार्थदुःखी मानिस हामीसँग आयो भने, आफ्नै भडको तृष्णा पूर्ण गर्न नशकेका र, आफ्नू दुःखवेदना नपरेका हामीहरूबाट ४ पैसाको सहायता हुन शक्तैन. यहिं भडका पछि लागेका हुनाले धर्मकार्यमा हाम्रो उत्साह कत्ति हुँदैन. किफायत्को तरफ ध्यान दिइहाल्यौं भने पनि, हामि रुख्खा सुख्खा खाएर रहन्छौं र, दुर्बल. निस्तेज, बुद्धिहीन, रोगी, भएर जवानीमै बूढा भइ, वाहिरको भडक् ज्यौंकात्यौं राखि, टिमूटिमूपरि अहिल्यै उडेर स्वर्ग पुग्न लाग्यौं भनेजस्तो गरि हिड्दछौं. हामीलाइ धिक्कार ! छैन ?. आफ्नू पेट ठगेर वाहियात भडक्गर्ने हामीलाइ कोटिकोटि धिक्कार छ. यहिभडक्मा तन्मयहुनाले आफूले र आफ्नासन्तानले सम्म यथार्थ गुणोपार्जन गर्न शकेनौं, यस्मा हामीलाइ कत्ति खेद छैन. यस्ता हामी साँचै भलाद्मी हूँत ?, होइनौं होइनौं, हामी निर्गुण ब्रह्मआनन्दमय भएका * मात्र हूँ. हाम्रो धन, हाम्रो शरीर, हाम्रो

---

* अर्कैको पाठ ताकेर परिपाठ मिलाउंछौं ।
आफ्नू त्यो पाठ छाडेर दिनैदिन विलाउँछौं ॥

† वन्द हुन्छन् दुवै आँखा यो पिशाच पसेपछी ॥
सर्वस्व मन्सेपछि यो पन्सिएला पछीपछी ॥

* यो धर्मकर्म हो मिथ्या, यस्मा नित्य तटस्थ छौं ।
'एकोऽहं' भन्दछौं हामी आनन्दमय मुक्त छौं ॥

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान, हाम्रो बान्धवप्रेम, हाम्रोसत्यसुखको मूलछेदगर्ने यो भड-क्रूपी हुरी × सर्वथा हटाउनै पर्छ."

यस्ताप्रचारको विचार नगरेर,-

(१) "जडक् गरे प्रेम गर्छ घरको परिवारले ॥
जडक् गरे दवाउन्न सहसा बन्धुवर्गले ॥
(२) जडक् गरे धाकहुँदा गर्छ आदर लोकले ॥
जडक् गरे जरोसाले ऋण दिन्छ पराइले" ॥

यस्ता वचन बोल्दै मूर्खताको परिचय गराई रहेका थिए. यस्ता अनेक व्यक्तिलाई संझाइ बुझाई मार्गमा चलाउनामा धेरैकालको बिलम्ब र प्रयास पर्ने हुनाले, उनका उक्तवचनलाई स्पष्ट खण्डन नगरि कायमै राखेको जस्तो भान पारेर दयासागर धर्मावतार प्रजावत्सल महाप्रभुवाट वाहियात भडक्को प्रचार हटाउनाका निमित्त इश्तिहार जारी गरिवक्सिएको हुनाले अज्ञानी भडक्दार हरुको पाप, दरिद्रय, बान्धवद्वेष, इत्यादिदोषको निवारण भइ धर्म धन, शरीर, सन्तान, बान्धवप्रेम, सत्यसुख,इत्यादि गुणको पूर्णतया रक्षा हुनगयो र महाप्रभुको दयानिधानता धर्मावतारता, प्रजावत्सलता, स्पष्ट सांचो हुन गयो.

सङ्गति

महाप्रभुवाट प्रभुत्व (हुकुं) ले भडको निवारणद्वारा अनेक दुर्गुणको निवारण भएको बुझिएको हुनाले प्रभुत्वाक्षेप पर्‍यो.

× श्रीसंपति उडयो पैले घरखेत पछी उड्यो ।
घहाँ पछी मन उडयो, जीवितेच्छा पछी उडयो ॥१॥
चुरीफुरी अनि उड्यो, भुमरीमा परीपरी ।
हुरीहुरी गरि सवै हुर्रिए हुरिले गरी ॥ २ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

'महाप्रभुको नीतिकुशलता, जनरञ्जनदक्षता इत्यादि गुण, सूक्ष्मबुद्धिगम्य छन्' यो आक्षेप्यार्थ हो.

१११ निन्दाक्षेप

॥ऽ॥ऽ।ऽ।ऽ-॥ऽऽ॥ऽ।ऽ।ऽ [सुन्दरी]

गरियो प्रभुबाट वैरिको
जति हो सो सब खण्डखण्डनै ।
किन हो ? अपकीर्ति वैरिको
भरियो भूतलमा अखण्डनै ॥२६२॥

अर्थ स्पष्ट छ.

'महाप्रभुबाट वैरिको नातापरेको वस्तु खण्डखण्ड गरि काटिधक्सियो भने, वैरिको अपकीर्ति (दुर्यश) भूतलमा अखण्ड रहेर भरिएको किन हो ?, भन्नाले 'खण्डखण्ड गरिएको छ' यसकुराको आक्षेपद्वारा ' श्री ३ महाराजचन्द्रसमशेरजङ्गबहादुरराणासंग विरोधगर्नु मूर्खता हो, त्यसरी लडाइमा तंसिएर हार्नु धिक्कार ! हो' इत्यादि प्रकारले शत्रुको निन्दा दुनियाँभरमा भए छ, भन्ने बुझियो र निन्दाक्षेप पऱ्यो. ' महाप्रभुको सत्यसन्धता पूर्ण छ' यो आक्षेप्यार्थ हो, इत्यादि अनेकानेक प्रकारका आक्षेप हुन सक्तछन. *

---

* ' यस्ता आक्षेपका भेद ध्वनि र गुणीभूतव्यङ्ग्यनामककाव्य प्रपञ्चमा पर्दछन ' र नवीन ग्रन्थकारहरुले अलंकारमा इन्को विचार गरेनन् . यहाँ प्राचीनपरम्परानुसार कयहि भेद देखाइए,

CC-0. In Public Domain. Digitization by eGangotri

११२ अर्थान्तरन्यास.

क्यहि प्रकृतवस्तुको वर्णन गरेर त्यस्मा समर्थन (पुष्टता) का निमित्त अर्को वाक्यरचना गर्नुपरेमा अर्थान्तरन्यास हुन्छ.

यस्मा समर्थनवाक्यको अभिप्रायार्थ जगद्व्यापी (तमाम संसारमा सबैले मानिएको) छ भने, १ विश्वव्यापीनामक अर्थान्तरन्यास हुन्छ. समर्थनवाक्यको अभिप्रायार्थ विशेषस्थ (सामान्य सबैमा नरहेर कँहि २ रहेको कुरा जाहेरगर्ने) छ भने २ विशेषस्थनामक अर्थान्तरन्यास हुन्छ. सर्वथा अप्रत्येय (नपत्याइशक्नु) कुराको समर्थन (पुष्टता) गर्दा श्लेषद्वारा यथाकथंचित् अघिगरेका कुराको प्रत्यय (पत्यार) हुँदा ३ श्लेषाऽऽविद्धनामक अर्थान्तरन्यास हुन्छ. समर्थनवाक्यवाट अयुक्तकुराको पुष्टता हुँदा ४ अयुक्तार्थान्तरन्यास हुन्छ. समर्थनवाट युक्तकुराको पुष्टता हुँदा ५ युक्तार्थान्तरन्यास हुन्छ. समर्थनसापेक्ष (समर्थननगरि नहुने) वाक्यमा श्लेषसमेत राखेर तदनुसारको अर्थान्तरलिएर युक्तसमर्थन गर्दा ६ श्लिष्टयुक्तार्थान्तरन्यास हुन्छ. कसैको युक्तता, र कसैको अयुक्तता देखाएर समर्थन गर्दा ७ युक्तायुक्तार्थान्तरन्यास हुन्छ. समर्थनसापेक्ष (समर्थन नगरि नहुने) वाक्यमा सर्वथा अयुक्त कुरा देखाएर त्यस्का निमित्त युक्तकुराले समर्थन गर्दा ८ विपर्ययार्थान्तरन्यास हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै क्रमैले—

११३ विश्वव्यापीअर्थान्तरन्यास. १

।।।।।।ऽ।ऽ।ऽऽ—।।।।ऽ।।ऽ।ऽ।ऽऽ [पुष्पिताग्रा २]

हित अहित बुझेर दङ्ग पारी
प्रबल प्रताप पुग्यो र सिन्धुपारी ।
कदर हुनगयो विना किचोला
कदर धुरन्धरको कहाँ न होला ? ॥ १६२ ॥

अर्थ.

सर्कारको प्रताप हित (मित्र) लाई दङ्ग (खुशी) पार्दै अहित (शत्रु) लाई दङ्ग (उत्तानु परेर पछारिएको) पार्दै सिन्धु (समुद्र) को पारी पुग्यो र किचोला विना (विनावादविवाद) त्यस्को कदर भयो. ठीक हो ! धुरन्धरको कदर नहुने कहाँ होला ?.

संगति.

‘ समुद्रपारी पनि प्रभुका प्रतापको कदर भयो ’ यस्कुराको पुष्टताका निमित्त ‘धुरन्धरको कदर कहां नहोला?’ यस्तो अर्को वाक्यरचना गरेको र, त्यस्को ‘तमाम संसारमा धुरन्धरको कदर हुन्छ’ यस्तो विश्वव्यापी (सर्वसंमत) अभिप्रायार्थ हुनाले विश्वव्यापीनामकअर्थान्तरन्यास पर्‍यो.

CC-0. In Public Domain. Digitization by eGangotri

११४ विशेषस्थअर्थान्तरन्यास. २

सकल तम हटे, घटे विपत्ति
प्रभुवरचन्द्रमहीन्द्रका दयाले ।
गुणमयहरु दुःखमात्र हर्छन्
उदय हुँदा उपकारमात्र गर्छन् ॥ १६३ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'तम हट्नु, विपत्ति घट्नु' ई २ कुराको समर्थनका निमित्त 'गुणपूर्णभएका व्यक्तिहरु दुःख हर्छन, उदयका समयमा परोपकारमात्र गर्दछन्' यस्तो विशेषस्थ (गुणपूर्ण भएकालेमात्र गरिने अरु चान्चुन्ले गर्न नशकिने) वाक्यार्थ देखाएको हुनाले विशेषस्थअर्थान्तरन्यास पऱ्यो.

११५ श्लेषाविद्धअर्थान्तरन्यास ३

SSSS|SS||||||SS|SS|SS [स्रग्धरा]

सारासंसारमा यो विदित छ प्रभुकाफौजको हातसोझो
वेगिन्तीशत्रु आए तर नहटि लड्यो जीतयस्ले कमायो।
यस्तो योचालयस्को नबुझिकिन ? सवैसर्वदा छक्कपर्छन्
सोझाको ईश्वरैले उचितसमयमा पूर्ण साहाय्य गर्छन्॥

अर्थ.

'प्रभुका फौजको हात सोझो छ' यो कुरा तमाम संसारमा प्रख्यात छ, अगणित शत्रु आउँदा पनि यो हात हटेन, लड्यो,

CC-0. In Public Domain. Digitization by eGangotri

जीत पनी यसैले कमायो. 'परिमित प्रमाण भएका हातले अपरिमित शत्रुलाई कसरी केका सहायताले परास्त गऱ्यो ?' भनेर सबैजना छक्क परेकाछन् [म भन्छुकी सुन्यौ ?] परेका वेलामा सोझाका सहाय ईश्वरै हुन्छन्. हात सोझो हुनाले ईश्वरको साहाय्यद्वारा अपरिमितशत्रुको संहारगर्न पनि शक्तभयो. किनछक्क पर्छौ ?

सङ्गति.

यहाँ 'प्रभुका फौजको सोझो हातले वेगिन्तीशत्रुलाई परास्त गऱ्यो' भनेर अप्रत्येय (पत्याइनशकिने) कुरा राखेर, त्यसको समर्थनका निमित्त अर्को उपाय नपाएर अर्थवेग्लैभएपनि शब्दमात्र मिल्दा योग्यता झल्काउने श्लेष राखेको हुनाले श्लेषाऽऽविद्धअर्थान्तरन्यास पऱ्यो.

११६ अयुक्तार्थान्तरन्यास. ४

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

कस्तो प्रताप बहुतै प्रभुको उज्यालो
यस्ले गऱ्यो अहितको मुख खूव कालो ।
स्वातन्त्र्य पूर्णगरि हातलिएर वस्ने
स्वेच्छानुसार सव गर्दछ को छ? कस्ने ॥१६५॥

अर्थ स्पष्ट छ.

यहाँ 'उज्यालो प्रतापले शत्रुको मुख कालो पाऱ्यो' यस्कुराको समर्थनका निमित्त 'स्वतन्त्रव्यक्ति मन्परेको काम गर्छ, कस्ने कोहो ?' भने र अयुक्तकुरो गरेको हुनाले अयुक्तार्थान्तरन्यास पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

११७ युक्तार्थान्तरन्यास ५

SSSS|SS||||||SS|SS|SS [स्रग्धरा २]

घट्ने बढ्ने कलङ्कीनइकन रहने चन्द्रले भूतलैका
सारा संताप हर्छन् अमृतकिरणले नेत्रको शान्तिगर्छन्
ठूलाठूलाहरूको अतिविदित हुने नामको पाइ नाता
छोटामोटाहरूले पनि उचितसवै काम गर्नैन पर्छन् ?॥

अर्थ.

घट्ने बढ्ने नित्यकलङ्की यस्ता चन्द्रमाले पनि संपूर्णभूमण्डलको ताप हर्छन्; अमृतमयकिरणले नेत्रको पूर्ण शान्ति (आह्लाद) गर्छन्. ठीक हो, ठूलाठूलाहरूको अलीकति नातापर्ने प्राणीले आफ्नू पूर्णशक्तिनभएपनि नातादारको इज्जत संझेर कनिकुथि सवै योग्य काम गर्नैपर्छन् [महाराजचन्द्रको नामसादृश्यरूप अलीकति नाता परेको हुनाले महाराजचन्द्रले गरे जस्तै सवै काम चन्द्रमाले पनि गर्नु पर्ने हुँदा त्यस्तो हवीगतभएका वखत्मा पनि जिनतिन लोकाह्लाद गर्दैछन; के गरून ? चन्द्रहूँ भन्नु परे पछि चन्द्रले गरेका काम नगरि सुख पाएर ?.]

सङ्गति.

यहाँ 'त्यस्ता चन्द्रले पनि ताप हर्छन्' यस्ता वाक्यार्थको समर्थन गर्नाका निमित्त 'ठूलाठूलाको नातापरेका छोटामोटा हरुले पनि उचितकाम गर्नैपर्छन्' यस्तो युक्त (उचित) वाक्यार्थ राखेको हुनाले युक्तार्थान्तरन्यास पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

११८ श्लिष्टयुक्तार्थान्तरन्यास. ६

सर्कारको यो प्रताप प्रबल हुन गयो लोकले गाइएको
चंकेका नित्य यसले घर घर रहने शत्रु सुन्छन् र गल्छन्
जस्ले यस्लाइ यस्तो छ्न निकन बुझीकाव्यमा अग्निठान्छन्
त्यस्ता ती दूरदर्शी कविकन कविकाश्रेणिमा मुख्य गन्छन्

एक अर्थ.

संपूर्णलोकले तारीफगरिएको यो सर्कारको प्रताप ज्यादा जबर्दस्त हुन गयो, यसैले गर्दा घरघरमा रहेका चंकेका शत्रु सुन्दछन् र गल्छन (निस्तेज हुन्छन्)। यसप्रतापलाई यस्तो छ भनी बुझेर जस्ले अग्निरूप ठान्दछन्; ती दूरदर्शी कविहरू कवि-श्रेणिमा मुख्य (महाकवि) गनिन्छन्.

अर्को अर्थ.

लोकले तारीफगरिएको सर्कारको प्रताप जबर्दस्त भयो. किन भने ? यस्को प्रभाव अद्भुत हुँदा घरघररहेका शत्रुहरु चंकेका हुनाले सुन्छन (सुवर्णरूप छन्)। त्यसो हुनाले गल्छन् (पग्लन्छन्)। यसप्रतापलाई अघिबाटै नफैलिदैमा चिनेर अग्नि (अर्थात् जो सुन्छन् उन्लाई गाल्ने) भन्ने दूरदर्शीलाई विचारशील भलेमानिसहरु महाकवि भन्दछन्.

संगति.

यहाँ—पहिला अर्थमा ' घरघरमा रहेका शत्रु प्रतापको प्रभा-

CC-0. In Public Domain. Digitization by eGangotri

व पर्दा निस्तेज हुन्छन् ' यस्ता वाक्यार्थको समर्थनका निमित्त 'यस्तै हुनाले (आफ्ना साम्ने अरुलाइ निस्तेज पार्ने हुनाले) ता यस्लाई अग्नि भनेको हो. अर्थात् प्रतापरूपी अग्नि नगीचै रहेपछि शत्रुहरु निस्तेज हुनु योग्य हो' यस्तो वाक्यार्थ राखको र यसै वाक्यार्थलाइ सुन्दर र युक्तगर्नाका निमित्त श्लेष (दोस्रोअर्थ) द्वारा 'शत्रुरूपसुवर्ण प्रतापका नगीचमा गल्छन्' यस्तो वाक्यार्थ राखेर त्यस्को समर्थनका निमित्त पनि, 'यस्तै हुनाले (जो सुन्छन् उन्लाई गाल्ने हुनाले) यस्प्रतापलाई दूरदर्शी कविहरु अग्नि भन्छन्. अर्थात् 'अग्निका फेलापरे पछि जो सुन्छन् ऊ गल्छन्' योकुरो युक्त हो, यस्तो युक्तता देखाउने वाक्यान्तर राखेको हुनाले श्लिष्ट- युक्तार्थान्तरन्यास परयो.

११९ युक्तायुक्तार्थान्तरन्यास. ७

[अनुष्टुप्छन्द. २]

(१) प्रतापले ताप गर्नु उचितै हो स्वभावले ।
कीर्तिको नाम सुन्दैमा पनि शत्रु सबै जले ॥१६८॥
(२) स्वभावशुद्ध रहने अतिनिर्मल कीर्तिको ।
छैन वर्ताव यो साराशत्रुमा सर्वथा निको ॥१६९॥

अर्थ स्पष्ट छ.

यहां—'प्रतापले ताप गर्नु र कीर्तिले जलाउनु' इ २ वाक्यार्थका समर्थनका निमित्त क्रमैले 'प्रतापको स्वभाव त्यस्तै हो, कीर्तिले जलाउनु ता अयोग्य कुराहो' यस्ता युक्त र अयुक्त २ वाक्य राखेको हुनाले युक्तायुक्तार्थान्तरन्यास परयो.

CC-0. In Public Domain. Digitization by eGangotri

१२० विपर्ययार्थान्तरन्यास. ८

SSISIIISIISISS [वसन्ततिलका]

संपूर्णवैरिहरुलाइ विरोध पर्दा
श्रीको प्रताप किन ? ताप घटाइ गर्ला ।
सर्कारको बल कदापि न विर्सनाले
उन्कै स्वयं हृदयले पनि ताप गर्ला ॥१७०॥

अर्थ स्पष्ट छ.

यहां—महाप्रभुसंग विरोध गर्ने शत्रुलाई सन्ताप गर्न श्रीको प्रताप किन बांकी राख्ला, यस्तो वाक्यार्थको समर्थनका निमित्त 'सर्कारको ताकत संझदा खास आफ्नै हृदयले पनि शत्रुलाई ताप गर्छ, पराइले बाँकि राख्ला ?, यस्तो अयुक्त (विपरीत) वाक्यको रचना गरेको हुनाले विपर्ययार्थान्तरन्यास पर्‍यो.

१२१ विकस्वर.

कोहिप्रकृतवस्तुको वर्णन गरेर, त्यस्मा समर्थन गर्दा पनि चित्त नबुझेर, फेरी समर्थन गरेमा, विकस्वरालंकालर हुन्छ. जस्तै—

ISISSIISISIS [वंशस्थ]

(१) निजप्रजावत्सल दीर्घदर्शन
प्रतापशाली प्रभुलाइ पाउँदा ।

१ आफ्नाप्रजामा अनुराग गर्ने. २ दूरदर्शी.

CC-0. In Public Domain. Digitization by eGangotri

नयो प्रसिद्ध प्रथमै छ यो जनी
मुलूक नेपाल अपूर्वको हुँदा ॥ १७१ ॥
(२) प्रसिद्धिमा हेतु सुयोग्यवस्तुको
परिग्रहै हो जनि लोक जन्दछन् ।
ललाटमा सुन्दर बालचन्द्रमा
लिने हुँदा शङ्कर भालचन्द्र छन् ॥ १७२ ॥

अर्थ स्पष्ट छ.

यहाँ–'श्री ३ महाराजलाई पाउँदा नेपाल अतिप्रसिद्ध भयो, यस्कुराको समर्थनका निमित्त 'योग्यवस्तुको परिग्रह प्रसिद्धिमा कारण हुन्छ, यस्तो वाक्य राखेर पनि चित्त नबुझदा, दृष्टान्तरूपले 'ललाटमा बालचन्द्र लिएकाहुनाले शङ्करजीले ' भालचन्द्र ' भन्ने प्रसिद्धि पाए, यस्तो अर्को समर्थन वाक्य राखेको हुनाले विकस्वरालंकार पर्‍यो.

१२२ व्यतिरेक.

उपमान र उपमेयमा क्यहि फरक देखाउँदा व्यतिरेकालंकार हुन्छ.

---

१ स्वीकारै.

CC-0. In Public Domain. Digitization by eGangotri

* यस्का–एकधर्मव्यतिरेक१, श्लिष्टउभयव्यतिरेक२, शुद्ध उभयव्यतिरेक३, आक्षेपव्यतिरेक४, हेतुव्यतिरेक ५, अनुभयपर्यवसायिव्यतिरेक६, उपमेयाधिक्यपर्यवसायिव्यतिरेक७, उपमानाधिक्यपर्यवसायिव्यतिरेक८, सजातिव्यतिरेक९, इ ९ भेद छन्.

जैस्ते--क्रमैले–

१२३ एकधर्मव्यतिरेक १.

SS|SS||S|SS इन्द्रवज्रा |S|SS||S|SS उपेन्द्रवज्रा [उपजाति]

गम्भीरताले र अपारताले
प्रसन्नताले र उदारताले ।
सर्कारको सिन्धुसमानतामा
बाधा गर्‍यो नाथ ! विवेकिताले ॥१७३॥

अर्थ स्पष्ट छ.

यहां–उपमान (समुद्र) भन्दा उपमेय (सर्कार) मा विवेकरूप यौटा धर्म बढ़ता देखाएको हुनाले एकधर्मव्यतिरेक पर्‍यो.

---

*१ यौटाधर्मले उपमेय बढ्ता हुनु. २ फरकगराउनेधर्मवाचकशब्द श्लिष्टराखेर फरक देखाउनु, ३ उपमानको न्यूनता र उपमेयको अधिकता शुद्ध (अश्लिष्ट) शब्दले देखाउनु, ४ आक्षेप (व्यङ्ग्य) द्वारा उपमेयमा अधिकता गर्नु, ५ कारणदेखाएर फरक गर्नु, ६ उपमेयमा फरक मात्र देखाउनु, ७ उपमेयमा अधिकता देखाउनु, ८ उपमानमा अधिकता देखाउनु,९उपमानमा नरहेको धर्म लिएर साहश्य देखाउनु.

CC-0. In Public Domain. Digitization by eGangotri

१२४ श्लिष्टउभयव्यतिरेक. २

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

औदार्यमा विभवमा बलमा सबैमा
श्रीचन्द्रनृपति महेन्द्रसमान भन्छन् ।
उन्का समीप गइ नित्य रहन्छ हाहा
इन्का समीप कहिल्यै रहँदैन हाहा ! ॥१७४॥

अर्थ स्पष्ट छ.

यहां—'इन्द्रका समीपमा हाहा दुःख र (प्रधानगायनाचार्य) रहन्छ,श्री ३ महाराजका समीपमा हाहा (दुःखनाद) रहँदैन, भन्दा श्लिष्टहाहाशब्दका प्रयोगले महाराजमा आधिक्य र इन्द्रमा न्यूनता बुझियो र श्लिष्टउभयव्यतिरेक परयो.

१२५ शुद्धउभयव्यतिरेक ३

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता २]

गुप्तमूर्ति हरि छन् प्रभु नित्यै
दृश्यमूर्ति भइ राजहुनाले ।
भेद हुन्छ, गुणले करुणाले
तुल्यतै छ हरिको प्रभुताले ॥१७५॥

अर्थ स्पष्ट छ.

यहां—हरिको न्यूनता र प्रभुको अधिकता शुद्ध (अश्लिष्ट शब्दले देखाएको हुनाले शुद्धउभयव्यतिरेक पऱ्यो-

CC-0. In Public Domain. Digitization by eGangotri

१२६ आक्षेपव्यतिरेक ४

आउँछन् निकट याचकधारा
पूर्ण गर्दछ मनोरथ सारा ।
तुल्य कल्पतरुले हुन थाले
भेद गर्छ निजको जडताले ॥ १७६ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'कल्पवृक्षभन्दा प्रभुमा विवेकशक्ति बढ्ता छ' भन्ने कुरा आक्षेप (व्यङ्ग्य) द्वारा बुझिन गएको हुनाले आक्षेपव्यतिरेक पऱ्यो.

१२७ हेतुव्यतिरेक ५

SSISIIISIISISS [वसन्ततिलका]

चिन्ता गरे पछि सबै जनलाइ चिन्ता-
हट्ने गरेर सहजै कृतकृत्य गर्ने ।
चिन्तामणि प्रकट पत्थर हो, तसर्थ
हेनाथ ! छैन समता लिन यो समर्थ ॥१७७॥

अर्थ स्पष्ट छ.

यहाँ 'चिन्तामणि (देवरत्नविशेष) अरु धर्मले सम थियो ता पनि पत्थर हुनाले प्रभुको समतालिन शक्तैन' भनेरहेतु देखाएर व्यतिरेक (फरक) गरेको हुनाले हेतुव्यतिरेक पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१२८ अनुभयपर्यवसायिव्यतिरेक ६

आकाशमा स्थिति छ केवल चन्द्रमाको
सर्कारको स्थिति छ भूतलमा, यसैले ।
देखिन्छ भेद, भनि भन्दछु छैन शङ्का
यस्मा लिँदैन मत भेद कँही कसैले ॥१७८॥

अर्थ स्पष्ट छ.

यहाँ—'चन्द्रमाको स्थिति आकाशमा, सर्कारको भूतलमा, यत्ति फरक छ' भनेर न्यूनाधिक्य नदेखाएको हुनाले अनुभयपर्यवसायिव्यतिरेक पऱ्यो.

१२९ उपमेयाधिक्यपर्यवसायिव्यतिरेक

।।।।।।ऽ।ऽ।ऽऽ—।।।।ऽ।।ऽ।ऽ।ऽऽ [पुष्पिताग्रा]

स्मृति विदित गरी पुराण सारा
विदित गरी रहने बयान गर्छन् ।
प्रभु वचन उदार नित्य गर्ने
पशुपति नित्य गरेर मौन धर्ने ॥ १७९ ॥

---

* नानृषिः कुरुते काव्यं नारुद्रो रुद्रमर्चति ।
नादेवांशो ददात्यन्नं नाविष्णुः पृथिवीपतिः ॥
यो वचनानुसार शङ्करभक्तप्रभुमा शङ्करतुल्यता शास्त्रसंमत ठहरिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ–'स्मृति (धर्मशास्त्र) र पुराण जान्ने विद्वान्हरु 'श्री३महाराज बोल्ने, पशुपति नबोल्ने' भन्छन' भन्नाले, 'अरु कुराले पशुपतिनाथको र प्रभुको समता शास्त्रसंमत *रहेछ' भन्ने कुरा बुझिएर 'न बोल्ने भन्दा बोल्ने असल' भन्ने कुरा बुझिएको हुनाले उपमेयाधिक्यपर्यवसायिव्यतिरेक पऱ्यो.

१३० उपमानाधिक्यपर्यवसायिव्यतिरेक ८.

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ २]

समानता श्रीहरिको र नाथको
बयान गर्नू कसरी ? हरे ! वृथा ।
उ छन् चतुर्बाहु प्रभु द्विबाहु छन्
प्रसिद्ध यो भेद छदैछ सर्वथा ॥ १८० ॥

अर्थ स्पष्ट छ.

यहाँ–'उपमेय (श्री३महाराज) द्विबाहु, उपमान (हरि) चतुर्बाहु, भन्नाले उपमानमा आधिक्य भएर सादृश्य झल्केको हुनाले उपमानाधिक्यपर्यवसायिव्यतिरेक पऱ्यो.

१३१ सजातिव्यतिरेक ९.

अपार पानीकन वैरिवर्गको
कृपा नराखेर सुकाउँदै गयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रताप दावानलझैं बल्यो सदा
निभेन कोलाहल वैरिमा भयो ॥ १८१ ॥

अर्थ.

श्री ३ महाराजको दावानलतुल्य प्रताप निर्दय भएर वैरिहरुको अपार (अथाह) पानी (तेज र जल) सुकाउदैं गएको र ननिभेको हुनाले विनापानीका वैरिहरु खलबल् गर्न लागे.

संगति.

यहाँ प्रताप र दावानलको सादृश्य दिएको छ ता पनि अगाध पानीसुकाउनु, ननिभ्नु, इ २ कुरा दावानल (कुनै डढेला) मा नभएका, प्रतापमा भने देखाइएका हुनाले सजातिव्यतिरेक पऱ्यो.

१३२ विभावना १.

विना कारण कार्यको उत्पत्ति वर्णन गरिएमा विभावनालंकार हुन्छ. जस्तै—

SISIIISIISS (स्वागता)

स्वर्ग होइन, यहाँ तर भारी
शोकशून्य सुखभोग रहन्छन् ।
कल्पवृक्ष पनि छैन तथापि
प्राणिमात्र कृतकृत्य रहन्छन् ॥ १८२ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ

यहाँ–'यो नेपाल स्वर्गभने होइन, तर शोकशून्य ठुला २ सुख यहीं छन्. यहाँ कल्पवृक्ष पनि छैन तर सबै प्राणी कृतार्थ छन्, भन्नाले विनाकारणको कार्योत्पत्ति भएको हुनाले विभावना पऱ्यो.

१३३ विभावना २.

अकारण (कारण नमानिएको वस्तु) बाट कार्योत्पत्ति भएको वर्णन गर्दा पनि विभावनालंकार हुन्छ. जस्तैः—

SIS SIS SIS SIS [स्रग्विणी]

ग्रीष्मका सूर्यको तुल्यता पाउँने
तेज सर्कारको भूमिमा फैलियो।
वैरिको वर्ग[1]को कम्प बढ्दैगयो
के भयो? के भयो? अङ्गचेष्टा[2] गयो[3]॥१८३॥

अर्थ स्पष्ट छ.

यहाँ–'कम्पमा कारणनभएको प्रचण्ड पोल्ने प्रतापबाट वैरिहरुको कम्प र जडता (निश्चेष्टता) रूपकार्यको उत्पत्ति वर्णन गरिएको हुनाले २ विभावना पऱ्यो.

१३४ सहोक्ति.

कसैको सहभाव (साथ भई केहिकाम गर्नू)

१ समूहको. २ चलनादिशारीरक्रिया. ३ छुट्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन गरेमा चमत्कार हुने जयो जने सहोक्ति हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

साथसाथ नरनाथ! फौजका
छुट्तछन् सब उमेद वैरिका ।
साथसाथ कविका उमेदका
बढ्दछन् इलम आज रैतिका ॥ १८४ ॥

अर्थ.

महाराज ! प्रभुका फौजका साथसाथ वैरिका उमेद छुट्तछन्. अर्थात् प्रभुका फौजको युद्धयात्रा हुनु र दुश्मन्को उमेद टुट्नु, ई२कुरा १टाइममा हुन्छन. कविका उमेदका साथसाथ रैतिका इलम बढ्दछन्. अर्थात् कविको उत्साह बढ्नु र रैतिको इलम बढ्नु ई २ कुरा १ टाइममा हुन्छन्.

संगति.

यहाँ—'छुट्तछन्' यस्क्रियामा फौजको र उमेदको सहभाव चमत्कारी छ. अर्थात् त्यो सहभावले फौजको प्रबलता झल्काएर 'फौजहिंडेको खबरैले दुश्मनहरू निराश भए' यस्तो चमत्कारी अर्थ बुझाउछ. त्यस्तै—'बढ्दछन, यस्क्रियामा उमेदको र इलमको सहभाव चमत्कारी छ र सहोक्ति पऱ्यो. अथवा—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

साथै बढैर दुनियाँहरुका खुशीको

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय स्थिर हुँदा गुण आज जाग्यो ।
अज्ञान दुःखसँग वेग लिएर भाग्यो ✽
संपूर्ण भूतल जयध्वनि गर्न लाग्यो ॥ १८५ ॥

अर्थ.

दुनियाँका खुशीका साथैसाथ गुण (इलम) जाग्यो. विद्यालय स्थिर हुनाले दुःखका साथैसाथ खूब छीटो गरेर अज्ञान भाग्यो. त्यसो हुनाले संपूर्ण भूमण्डल श्री३ महाराजको जय मनाउन लाग्यो.

सङ्गति.

यहाँ-'बढेर जाग्यो' यस्तो विशिष्टक्रियामा, खुशी र गुणको सहभाव चमत्कारी छ. 'वेग लिएर ✽ भाग्यो' यस्तो विशिष्ट क्रियामा अज्ञान र दुःखको सहभाव चमत्कारी छ र सहोक्ति पर्‍यो.

१३५ विरोधाभास.

पहिला झमट्मा शब्दार्थको विरोध (अयुक्तता) झल्केर आखीरमा विरोध नठहरिने भएमा विरोधाभास हुन्छ. जस्तै-

[वसन्ततिलका]

पानी विना अघि थियो सबलाइ गोता,

✽ 'अज्ञान भाग्दा दुःखको वेग (पूंजी राख्ने थैलो) लिएर भागे छ भने, त्यो चोर अज्ञान अब नेपालतर्फ फर्कने छैन. वेगहराएको हुनाले दुःखपनि अब नेपालमा टिक्न शकोइन, यस्तो अर्थान्तर पनि हुन्छ. यो अर्थ राखेमा अघिल्ला आधीमा यौटै सहोक्ति पर्‍यो.

CC-0. In Public Domain. Digitization by eGangotri

सर्कारबाट करुणा गरिबक्सनाले ।
पानी प्रशस्त अब पाटनमा हुनाले,
सुखै छ, निश्चय अगण्य छ पुण्य यो ता ॥१८६॥

अर्थ.

अघि पाटनमा पानीविना सबलाइ गोता (डुबुल्की र दुःख) थियो,—सर्कारकानिगाहले अब पाटनमा प्रशस्त पानी छ र सुखै (सुख्खानै र आनन्दै) छ. यो पुण्य ता अवश्यमेव अतुल छ.

संगति.

यहाँ—पहिला झमट्मा ' पानीविना गोता (डुबुल्की) हुनु, पानीहुँदा सुखै (सुख्खानै) रहनु ' यस्तो विरोध झल्केर आखीरमा अर्को अर्थ (दुःख र आनन्द) द्वारा विरोध नठहरिंदा विरोधाभास पऱ्यो.

१३६ विशेषोक्ति.

कार्यको सामग्री पूरा देखाएर कार्य नभएको वर्णन गर्दा विशेषोक्ति हुन्छ. जस्तै—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

वीर छन् सकल रत्न साथमा
बाहुमा सब सवाल सूत्र छन् ।
हार छैन करुणानिधानको
यो बुझेर सब छक्क पर्दछन् ॥ १८७ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

संपूर्ण वीररूपीरत्न साथैमा छन्. सवालरूपीसूत्र (डोरा) बाहुमै छन; तथापि प्रभुको हार (गहनाविशेष) छैन. [हार (पराजय) पनि छैन] यो कुरा बुझ्यो भने को ? छक्क पर्दैन.

संगति.

यहाँ–रत्न र सूत्र तयार हुँदा पनि हार (गहनाविशेष) नभएको वर्णन गरियो र विशेषोक्ति पर्‍यो.

१३७ अप्रस्तुतप्रशंसा.

अप्रकृतको वर्णन गर्दा प्रकृतको वर्णन झल्कने हुन गयो भने अप्रस्तुतप्रशंसा हुन्छ. जस्तैः–

SSS ।।S।S। ।।S SS। SS। S [शार्दूलविक्रीडित]

खुट्टै कत्ति नटेकि आजित भई धेर गलेका थिए
श्रद्धाले पथमा रहेर विधिले सेवा यसैको गरे ।
चौपट्टै बलिया भए ति सहसा चौपट्ट मोटा भए
यो चन्द्रोदय पाउँदा अवलका संकष्ट सारा गए ।१८८।

मुख्य अर्थ.

खुट्टा टेक्न नशक्ने, अनेकानेकउपायवाट निराश भएका र गलेका धेरै मानीसले विश्वासपूर्वक पथमा रहेर यथोक्तगरिकन यो चन्द्रोदयनामक रसौषधीको सेवा गर्नाले ती मानीस मोटा र

CC-0. In Public Domain. Digitization by eGangotri

वलिया भए. यहीं चन्द्रोदयको प्रभावले दुर्बल भएका अनेकरोगिका संकष्ट हराए.

अर्को अर्थ.

खुट्टा टेक्न (अड्न) नशकेर आजीत (हैरान) भएर धेरै मानीस गलेका (निर्धन भएका–टुटेका) थिए. तिन्ले राजभक्ति गरेर, पथ (कायदा) मा रहेर विधिले (राजसेवा जसरी गर्नुपर्छ उसरी) यो चन्द्रोदय (श्री३महाराजचन्द्रसमशेरजङ्गवहादुरराणाको उदय) को सेवागरे र, ती वलिया (वल भएका–सहायसंपन्न भएका)र मोटा (धनपूर्ण भएका) भए.

संगति.

यहाँअप्रकृत (अवर्णनीय) चन्द्रोदयको वर्णनगर्दा प्रकृत-(प्रधानवर्णनीय) श्री३महाराजचन्द्रसमशेरजङ्गबहादुरराणाको वर्णन भएको हुनाले अप्रस्तुतप्रशंसा पर्‍यो.

१३८ व्याजस्तुति १-२.

१ पहिला झमट्मा निन्दा झल्कने, विचारगर्दा स्तुति(तारीफ)गरिएको ठहरिने; अथवा २. पहिला झमट्मा स्तुति झल्कने, विचारगर्दा निन्दा गरिएको ठहरिने, जएमा व्याजस्तुति हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तैः—पहिलो प्रकार—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

औदार्यका विषयमा सब मौन धर्छन्
क्या ? दानशक्ति कविराज बयान गर्छन् ।
आशा गरेर जब शत्रु अगाडि सर्छन्
पीठै नपाइ प्रभुबाट चुतुक्क मर्छन् ॥ १८१ ॥

अर्थ.

श्री३महाराजका उदारतामा सबजना चुप्प लाग्छन्. श्री३महाराजका दानशक्तिको बयान गर्न कवि के शक्छान्? । ठुलो आशाले शत्रुहरु अघि ता सर्छन्; तर प्रभुबाट पीठै (पीठोपनि-पीठनै) पाउँदैनन् र ठहरै मर्छन्.

सङ्गति.

यहाँ—पहिला झमट्मा—'आशागरे र अघि सरेका शत्रुहरु प्रभुबाट पीठै (पीठोजावोपनि)पाउँदैनन. यो कुरा थाह पाउने सबैजना छन् र, ती श्री३महाराजका उदारतामा चुपचाप रहन्छन्. कविराजहरुपनि के दानशक्तिको बयान गर्छन!' यस्तो निन्दा झल्केर अल्लि विचार गर्दा—'जितौंला भन्ने उमेदले शत्रु अघि सरून ता पनि प्रभुको पीठ पाउँदैनन. (अर्थात् युद्धमा, प्रभु पीठ देखाइबक्सिदैन.) यस्ता महाप्रभुको उदारता वयान गर्न अरु ता केशक्छान् ? वाचालताले (फतफतेस्वभावले) विख्यात भएका कविराजहरुस्मेत चुप्प लाग्ने छन' यस्तो स्तुति बुझिएको हुनाले व्याजस्तुति पर्‍यो. यहाँ—'पीठै' शब्दमा श्लेष हुनाले व्याजस्तुति परेको हो.

CC-0. In Public Domain. Digitization by eGangotri

अथ वा–

ऽऽ।ऽऽ।।ऽ।ऽऽ [इन्द्रवज्रा]

सर्कारका संमुखमा पुगेमा
दारिद्र्य दुःखीहरुको हरायो ।
संकोचमानी घर फर्कदामा
चाला पुरानू घरको हरायो ॥ ११० ॥

अर्थ स्पष्ट छ.

यहाँ–पहिला झमट्मा 'सर्कारका संमुखमा पनि चीज हराउने परोक्ष(अदेख) मा पनि हराउने' यस्तो निन्दा झल्केर पर्यन्तमा– 'सर्कारका संमुख पुग्दैमा दुःखीको दारिद्र्य नष्ट हुन्छ. ती दुःखी-हरु घर फर्केर पुरानू (गरीबी) चाला छाड्दछन; अर्थात् अमीरी चालमा चल्दछन' यस्तो स्तुति बुझिन्छ र यो पनि व्याजस्तुतिको उदाहरण भयो. यहाँ श्लेष छैन. दोस्रो प्रकार जस्तैः—

।।।।।।ऽऽऽ।ऽऽ।ऽऽ [मालिनी २]

जय नगरि सरासर्वैरिका सामु आयो
प्रभुवर! हजुरैका फौजेले नाँउँ पायो ।
चरण शरण जानी वैरिले विन्ति लायो
जफत गरिसकेका गाँउँका गाँउँ पायो ॥१११॥

अर्थ स्पष्ट छ.

यहाँ–'सर्कारको फौजले निर्भय भएर दुश्मनसँग भिड्दा

CC-0. In Public Domain. Digitization by eGangotri

नाँउँ पायो. [वछ्यानमा सुती रहने १० दिनको बालकले न्वारानका दिन पाइने कुरा पायो भने के? पायो.] सर्कारबाट परास्त गरिएका शत्रुले अनन्यगति भएर माफीमाग्दा, सर्कारका कब्जामा परीसकेका गाँउँकागाँउँ (जम्मै मुलुक) पायो' ['विराएँ' भन्दैमा तेतिको पायो तब पाउनू'] यस्ता प्रकारले पहिला झमट्मा फौजको निन्दा र शत्रुको स्तुति झल्केर, आखीरमा 'फौजले नाँउँ (इज्जत) पायो. शत्रुले गांउ माग्दा नाँउ (इज्जत) गुमायो' यस्तो अर्थ बुझिएर फौजको स्तुति, शत्रुको निन्दा बुझिने हुनाले दोस्राप्रकारको व्याजस्तुति पर्‍यो.

१६१ व्याजस्तुति ३.

यौटाको स्तुतिगर्दा अर्काको स्तुति झल्केमा पनि व्याजस्तुति हुन्छ. जस्तैः—

अचर-चरजगत्को सृष्टि गर्दा क्रमले
तिमि कुशल भएछौ यो बुझें आज मैले ।
अझ कसर उडाऊ, ईश्वर ! ख्याति पाऊ
जनिगर ! प्रभुलाई कल्पजीवी गराऊ ॥ १६२ ॥

अर्थ.

हेईश्वर ! चराचरजगत्को सृष्टिगर्दा २, तिमि सृष्टिगर्न सिपालू भए छौ. आज (श्री३महाराजचन्द्रसमशेरजङ्गवहादुरराणाको दर्शन पाएका दिन) यो कुरा मैले बुझें. क्यावात !

CC-0. In Public Domain. Digitization by eGangotri

खूब सृष्टि गरेछौ. यतिसम्म तिमिले गऱ्यौ भने उक्तमहाराजलाई चिरञ्जीवी गराईदेउ. जनिगर! यत्ति कसर नराख.'ईश्वर अद्भुतचिरस्थायीवस्तुको सृष्टिकर्ता छन्' भन्ने ख्याति (यश) पाऊ.

संगति

यहाँ—ईश्वरको स्तुतिद्वारा श्री ३ महाराजको स्तुति (अद्यावधि ईश्वरीयरचनामा पनि नदेखिएका, अलौकिक गुणसंपन्न भएका इत्यादिप्रकारले तारीफ) बुझिएको हुनाले व्याजस्तुति पऱ्यो.

१५० व्याजनिन्दा.

यौटाको निन्दागर्दा अर्काको निन्दा बुझिएमा व्याजनिन्दा हुन्छ. जस्तै—

SS|SS||S|SS [इन्द्रवज्रा]

धिक्कारको योग्य छ भाग्य तिम्रो
पक्का, गरौं के ? छलियौ उसैले ।
हेशत्रुवर्ग ! प्रभुमा अकस्मात्
शत्रुत्व गर्दा दलियौ रिसैले ॥ १८३ ॥

अर्थ स्पष्ट छ.

यहाँ—'शत्रुवर्गको भाग्यलाइ धिक्कार योग्य छ' भनेर भाग्यको निन्दागर्दा,—' भाग्यैका भरोसामा रहने, स्वयं हित-अहित विचार गरेर काम गर्न नशक्ने, स्वशक्ति र परशक्तिको तुलना

CC-0. In Public Domain. Digitization by eGangotri

नगरेर लडाईमा तंसिने, हेशत्रुहो ! तिमिहरूलाई धिक्कार ! छ ’
यस्ता प्रकारले शत्रुको निन्दा बुझियो र व्याजनिन्दा पऱ्यो.

१४१ शुद्धापह्नुति.

कोहिवस्तुको अपह्नव(निषेध) गरेर अर्को वस्तु हो भनि वर्णनगर्दा शुद्धापह्नुति अलंकार हुन्छ. जस्तै—

ऽऽ।ऽ।।।ऽ।ऽ।ऽ [ललिता २]

दर्वारमा सडकमा बजारमा
मैदानमा र घरमा र घाटमा ।
तारागण स्थिर भए मिलीजुली
भन्छन् मनुष्य विजुली झुलीझुली ॥११४॥

अर्थ स्पष्ट छ.

यहाँ—‘ दर्वारप्रभृतिठाँउँमा रहेका तेजःपुञ्ज तारागण हुन,- मानिस बिजुली भन्छन्, त्यो भूल हो, भन्नाले विजुली को अपह्नव गरेर तारागण को विधान गरेको हुनाले अपह्नुति पऱ्यो.

१४२ हेत्वपह्नुति.

हेतु(कारण)देखाएर यौटावस्तुको अपह्नव र, अर्कोवस्तुको विधानगर्दा हेत्वपह्नुति हुन्छ, जस्तै—

CC-0. In Public Domain. Digitization by eGangotri

दर्बारमा सडकमा वजारमा
मैदानमा र घरमा र घाटमा ।
तारागणै छ, जन मेघले विना
कैल्यै रहन्छ ? विजुली मिलीजुली ॥११५॥

अर्थ स्पष्ट छ.

यहाँ—'विनामेघको विजुली हुदैन' भन्ने हेतु देखाएर, विजुलीको अपह्नव र ताशगणको विधान गरेको हुनाले हेत्वपह्नुति पऱ्यो.

१४३ शुद्धपर्यस्तापह्नुति,

कोहि वस्तुका धर्मको अन्यत्र आरोप गर्नाका निमित्त त्यस् धर्मको अपह्नव गर्दा शुद्धपर्यस्तापह्नुति हुन्छ. जस्तै—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

'शुद्ध चन्द्र हिमपिण्ड हो' जनी
मूर्खले यदि भनेभने जने ।
'चन्द्र हुन प्रभु इनै यथार्थमा'
बुद्धिपूर्णहरुले जनेजने ॥ ११६ ॥

अर्थ.

मूर्खहरूले,—'हिमपिण्डै चन्द्र हो' भने. मूर्खलाई के भनौं ?

CC-0. In Public Domain. Digitization by eGangotri

भनेभने. तर बुद्धिमानहरूले 'यथार्थ चन्द्र प्रभु हुन्' यस्तो जो भने, त्यो भने, भनेभने. (त्यो सिद्धान्त हो, कसैले काट्न शक्तैन)

संगति.

चन्द्रका चन्द्रत्व (आह्लाद) रूपधर्मको प्रभुमा आरोप गर्नाका निमित्त, हिमपिण्डस्वरूपमा चन्द्रत्वको अपह्नव गरेको हुनाले शुद्धपर्यस्तापह्नुति पर्‍यो.

१४४ हेतुपर्यस्तापह्नुति,

कोहि वस्तुका धर्मको अन्यत्र आरोप गर्नाका निमित्त हेतु देखाएर, त्यस्धर्मको अपह्नवगर्दा हेतुपर्यस्तापह्नुति हुन्छ. जस्तै–

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

'शुद्ध चन्द्र हिमपिण्ड हो' भनी
मूर्खले यदि भनेभने भने ।
चन्द्र हुन् प्रभु अनन्तलोकको
तापशान्ति यदि गर्दछन् भने ॥ ११७ ॥

अर्थ.

मूर्खहरूले 'हिमपिण्डै चन्द्र हो' भने. मूर्खलाई के भनौं ? भनेभने. तर कायदाले तापको पूर्णशान्ति गर्नेलाई चन्द्र भन्नु पर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

हो भने, महाप्रभुनै चन्द्र हुन्. त्यो हिउँको डल्लोलाई बुद्धिमान्हरू चन्द्र भनोइनन्.

संगति.

चन्द्रको चन्द्रत्व (आह्लाद) रूपधर्मको प्रभुमा आरोप गर्नाका निमित्त, हेतु देखाएर हिमपिण्डस्वरूपमा चन्द्रत्वको अपह्नव गरेको हुनाले हेतुपर्यस्तापह्नुति पऱ्यो.

१४५ छेकापह्नुति,

कसैसँग कसैले रहस्यकुरागर्नलागेमा अरुले सुनेर शङ्कागर्दा, अघीगरेका कुराको अर्कै अर्थ प्रकाश गरेर सत्यकुराको अपह्नव (ढाक्छोप्) गरेमा छेकापह्नुति हुन्छ. जस्तै–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

हऱ्यो सबै ताप असह्य जो थियो,
हुँदै गयो उज्ज्वलता जतातता ।
मिलेछ है दर्शन नाथको कता
बयान यो गर्दछु चन्द्रको मता ॥ ११८ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.	प्रकरणसंगति
दोस्त ! खपिनशकिने सन्तापमा जली रहेको थिएँ. अवता त्यो सन्ताप विल्कुलै हट्यो, दुःखमा डुवेको हुनाले जता हेऱ्यो उतै अँध्यारो लागेको थियो; अवता जता हेऱ्यो उतैउज्यालो देखिन्छ.	श्री ३ महाराजको दया-पात्र हुन पाएको मानिसले आफ्ना आप्तमित्र-सँग अघिका कुराको प्रपञ्च गरेको.
श्री ३ महाराजको दर्शन मिलेका कुरा होइनन् ? म ता त्यस्तै बुझ्दछु.	बीचमा आएर मत्सरी (छुस्कर) ले शङ्कागरेको.
म ता चन्द्रमाको वयान गरी रहेकोछु. तिमि जे ठान्दछौ ठान.	अघिल्लामानिसले सत्य-कुरा (प्रभुकृपादृष्टि) को अपह्नव गरेको

सङ्गति.

यहाँ—आफ्ना दोस्तसँग कसैले श्री ३ महाराजका कृपादृष्टि-वाट भएको हालत वयानगर्न लागेमा अर्कोले शङ्कागऱ्यो र,–'त्यो हालत चन्द्रमाको उदयले भएको हो' भन्ने कुरा प्रकाश गरेर सत्य कुरा (श्री ३ महाराजको कृपादृष्टि) को अपह्नव गरेको हुनाले छेकापह्नुति पऱ्यो.

१४६ कैतवापह्नुति.

छलार्थकशब्दको प्रयोग गरेर क्यहिकुराको अपह्नव बुझाउँदा कैतवापह्नुति हुन्छ. जस्तै–

||S||S|S|S–||SS||S|S|S [सुन्दरी]

अब चन्द्र नरेशवेशले
पृथिवीको सव ताप हर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब-तार लिएर तारका
विजुलीका छलले समीप छन् ॥ १११ ॥

अर्थ.

अब चन्द्रमा महाराजको स्वरूप लिएर पृथ्वी को ताप हर्न लागे. अब-तारको आश्रय गरेर तारका (तारा) हरू विजुलीका छलले नरेशरूपचन्द्रमाका समीपमा छन्.

सङ्गति

यहाँ– छलार्थक वेशशब्दले नरेशत्वको अपह्नव गरेर चन्द्रत्वको विधान भयो. त्यस्तै छलशब्दले विजुलीको अपह्नव गरेर तारकाको विधान भयो र कैतवापह्नुति पऱ्यो.

१४७ तुल्ययोगिता १.

वर्णनीय (प्रकृत) अनेकवस्तुको यौटा धर्ममा संबन्धभएको वर्णनगर्दा तुल्ययोगिता हुन्छ जस्तै–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

प्रतापको वैरिनरेशवर्गको
छँदैछ सन्ताप असह्य मित्रको ।

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्रताले यशको र मित्रको
छँदैछ आह्लाद अपूर्व नित्यको ॥ २०० ॥

अर्थ.

प्रतापको र शत्रुराजवर्गको भित्र असह्य संताप रहेको छ. प्रभुका यशको र मित्रवर्गको पवित्रता हुनाले नित्य आह्लाद छ.

संगति.

यहाँ—'भित्र संताप रहनु' यो यौटाधर्ममा प्रतापको र वैरिनरेशको संबन्ध र—'आह्लादहुनु' यो यौटाधर्ममा यशको र मित्रवर्गको संबन्ध हुनाले तुल्ययोगिता पर्‍यो.

१४८ तुल्ययोगिता २.

अप्रकृत अनेकवस्तुको यौटाधर्ममा संबन्ध हुँदा पनि तुल्ययोगिता हुन्छ. जस्तैः—

ऽऽ।ऽऽ।।ऽ।ऽऽ [इन्द्रवज्रा]

श्रीचन्द्रसंशेरनरेन्द्रको यो
चातुर्य संझेर विचार गर्दा ।
प्राचीन, ऐले रहने, पछीका
संपूर्ण हुन्छन् क्षितिपाल[1] फीका[2] ॥ २०१ ॥

१ राजा. २ ठिक्कैका.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ–'फीका' यो यौटाधर्ममा अप्रकृत (भूतवर्तमानभविष्यत्कालका) राजाहरुको संबन्ध हुनाले तुल्ययोगिता पऱ्यो.

१४९ तुल्ययोगिता ३.

हितमा र अहितमा एकैप्रकारको वर्ताव (व्यवहार) वर्णनगर्दा पनि तुल्ययोगिता हुन्छ. जस्तैः-

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

शत्रु मित्र भनि भेदभावना
केहि छैन प्रभुको निसाफमा ।
जो यथार्थ छिनिएर मौन छन्
शत्रु मित्र ह दुवै जुनाफमा ॥ २०२ ॥

अर्थ.

निसाफगर्दा आफ्नू मित्र होस्, अथ वा शत्रु होस्; त्यस्का भेदको ख्याल प्रभुबाट राखिबक्सिदैन. जालमा फसेका, सदाचारी हुनाले प्रभुका प्रीतिपात्र भएर मित्रका थान्कामा रहेका प्रजाहरुको र, अन्यायकारी दुराचारी हुनाले प्रभुमा द्रोहबुद्धिगर्ने दुष्ट शत्रुहरुको न्यायनिर्णयगर्नुपर्दा पनि समभाव झल्काउनेगरी दुवैलाई छिनेर (शत्रुलाई काटेर, मित्रलाई फैसला गरेर) मौन गराईबक्सिन्छ. धन्य! नीतिचातुर्य!

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहाँ श्लेषद्वारा शत्रु र मित्रमा 'छिनिदिनु' रूप यौटै वर्तात्र वर्णन गरिएको हुनाले तुल्ययोगिता पऱ्यो.

१५८ तुल्ययोगिता ४.

तुलातुल्लाहरुसँग मिलाएर कसैको वर्णनगर्दा पनि तुल्ययोगिता हुन्छ. जस्तैः—

[अनुष्टुप्छन्द]

प्रजाको दुःख हर्नामा यौटा विष्णु समर्थ छन् ।
अर्का श्रीचन्द्रसंशेरमहाराज समर्थ छन् ॥ २०३ ॥

अर्थ स्पष्ट छ.

यहाँ–विष्णुभगवानसँग मिलाएर श्री३महाराजको कीर्तन गरेको हुनाले तुल्ययोगिता पऱ्यो.

१५९ विशेष.

प्रसिद्ध आधार नहुँदा पनि, आधेय (आधारमा रहने वस्तु) त्यसै रहेको वर्णन गरियो भने विशेषनामक अलंकार हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

शत्रुवर्ग सब दाउरा थिए

CC-0. In Public Domain. Digitization by eGangotri

वेपता हुन गए, कता गए ?।
यो प्रतापमय अग्नि दन्दनै
बल्दछ, प्रबल हुन्छ दिन्दिनै ॥ २०४ ॥

अर्थ.

शत्रुहरु यहप्रतापाग्निका दाउरा भएका थिए, ती वेपताभए, कता गए ? कता गए ? * यो प्रतापाग्नि भने दन्दनै बली रहेको छ. दिन्दिनै जबर्दस्त हुदो छ.

संगति.

यहाँ–दाउरा नहुदाँ पनि अग्नि बलेको वर्णन गरियो र विशेषालंकार स्पष्ट पऱ्यो.

१५२ विशेष. २

योटावस्तु धेरैठाँउमा रहेको वर्णन गरियो भने पनि विशेषनामक अलंकार हुन्छ. जस्तैः–

SSS॥S|S|||SSS|SS|S [शार्दूलविक्रीडित]
झाडीमा घरमा बजारभरमा मैदानमा मार्गमा †
रात्रीमा दिवसान्तमा‡ दिवसमा§ प्रस्वापमा‖ बोधमा¶

---

* शत्रुहरु प्रतापका रापले दाउरा (अस्थिचर्मविशेष) भएका थिए. ती पनि कता गए कता ? पत्तै छैन. यो अर्थान्तर पनि छ.

† बाटामा. ‡ साँझमा. § दिउसो. ‖ निदाएमा. ¶ ब्यूँझदामा.

CC-0. In Public Domain. Digitization by eGangotri

देख्तैछन् प्रभुलाइ दुष्टहरुले जाज्ज्वल्यमानै खडा
कायव्यूह अवश्यमेव बुझियो राजर्षिको यो कडा२०५

अर्थ.

यौटा महाप्रभुलाई दुष्टहरु सर्वदा सर्वत्र जाज्ज्वल्यमानभएर खडा रहेका देखीरहेका छन्. श्रीमान्चन्द्रसमशेरजङ्गबहादुरराणा अवश्यमेव राजर्षि होइबक्सिएको रहेछ. यस्तो अद्भुत कायव्यूह (योगसिद्धिका प्रभावले धेरै कलेवर एकैचोटी बनाउनु) बडा २ ऋषिबाहेक अरुले गर्न शक्तैन.

सङ्गति

यहाँ—प्रभुरूपयौटावस्तु झार्डीप्रभृति धेरै ठाँउमा रहेको वर्णन-गरियो र विशेषालंकार पऱ्यो.

१५३ विशेष ३.

यौटा ठूलोकामको सिद्धिगर्नाले दुष्कर (सहसा गर्न नशकिने) अरुकामको सिद्धि जएको वर्णन गर्दा पनि विशेषनामकअलंकार हुन्छ. जस्तैः—

SSISIIISIISISS [वसन्ततिलका]

यो दुष्ट दुर्व्यसन मद्य घटाउनाले
संपूर्ण सज्जन मनैमनमा रमाए ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्भिक्ष, दुर्मरण, दुर्व्यवहारचिन्ता,
दुर्वाक्य, नष्ट जइ कष्ट सबै हराए ॥ २०६ ॥

अर्थ.

१ असंख्य अन्नराशि त्यसै कुहाइने हुनाले अन्नको न्यूनता भएर जहाँतहाँ निदाननजानिएको दुर्भिक्ष हुन्थ्यो.

२ मद्यपानगर्ने मानिसहरू मद्यपानका प्रभावले अनुचितआहारगर्ने हुनाले स्वास्थ्य (तन्दुरुस्ती) मा वाधापरेर दुर्मरण (अकालमृत्यु) मा पर्दथे.

३ मद्यपानगर्ने मानिस आफ्नू स्वाभाविक असल प्रकृतिलाई छाडेर प्राय: अनेकतरहका दुराचारगर्ने हुनाले र, दुराचारलाई चाँहिने यथेच्छ धन र स्त्रीप्रभृतिपदार्थ आफू सँग नहुनाले र, लत जवर्दस्त हुनाले, अनेकानेक दुर्व्यवहार (चोरीचकारीप्रभृति) मा लागीरहेका हुन्थेर र, सभ्यसमाजलाई अनेक चिन्ता परी रहन्थ्यो.

४ मद्यपानद्वारा मनोवृत्ति उद्धत हुने हुनाले, साधारणकुरामा पनि भनावैरी गरेर दुर्वाक्यद्वारा खास मद्यपानगर्नेले र, त्यसका व्यवहारोपयोगी (त्यस्सँग व्यवहारगरीरहनुपर्ने) अरु मानिसले समेत जन्मभर कष्ट भोग्नु परीरहन्थ्यो.

दूरदर्शी प्रजावत्सल श्री ३ महाराजचन्द्रसमशेरजंगवहादूरराणावाट-'मद्यको प्रचार एकदम हटायेका पक्षमा मद्यव्यसनीप्रजालाई अतिकष्ट पर्ने हुनाले, हालमा मद्यप्रचार घटायेर, त्यस्द्वाराहुने फायदा बुझे पछी अज्ञानीहरु पनि केहिदिनमा मद्यको स्पर्शसमेत गर्न स्वयं छाड्नेछन' भन्ने गूढ आशय गरिवक्सिएको हुनाले विचारवान सज्जनहरु खूव प्रसन्न भए. यो १ प्रवन्धद्वारा माथी देखाइएका अनेक (४) संकष्ट नष्ट भए.

CC-0. In Public Domain. Digitization by eGangotri

संगति.

यहाँ—पद्यप्रचारघटाउनुरूपयौटादुष्करकामद्वारा, अरु संकष्ट हटाउनुरूप काम स्वतःसिद्ध हुन गयेका हुनाले विशेष पऱ्यो.

१५४ कारणमाला.

उत्तरोत्तरगरेर कार्यलाई कारण कल्पनागर्दा कारणमालानामक अलंकार हुन्छ. जस्तैः—

।।ऽ ।।ऽ ।।ऽ ।।ऽ [तोटक ३]

मतिले नय जो, नयले स्थिति जो
स्थितिले बल जो, बलले धन जो।
धनले जन जो, जनले सुख जो
प्रभुका गुणले सब यो स्थिर जो ॥ २०१ ॥

अर्थ स्पष्ट छ.

यहाँ—मति (बुद्धि) रूपकारणबाट नय (नीति) रूपकार्य पैदा भएको, त्यसबाट पनि स्थितिरूपकार्य पैदा भएको; एवंरीत्या उत्तरोत्तर कार्यलाइ कारण मानेको हुनाले कारणमालानामक अलंकार पऱ्यो.

१५५ एकावलि.

गृहीतमुक्त (लिंदैछाडिंदै) गरेर अर्थपरम्परा बढाएमा एकावलिनामक अलंकार हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुमा महिमा गरियो गुणले
प्रभुले कुलमा महिमा गरियो ।
करुणावरुणालयका कुलले
पृथिवीतरिमा महिमा गरियो ॥ २०८ ॥

अर्थ.

धैर्यशौर्यप्रभृतिगुणले श्री ३ महाराजमा महिमा (चाख र उत्कण्ठा गरियो. प्रभुले कुल (घराना) मा महिमा (महत्व-इज्जत) गरियो दयासागरप्रभुकाकुलले अखण्डभूमिमा महिमा (महत्त्व) गरियो.

संगति.

गुण, प्रभु, कुल, इन्को गृहीतमुक्तभाव (लिइंदै छाडिदै गर्नु) हुनाले एकावली पर्‍यो.

१५६ मालादीपक.

यौटाधर्मको अनेकमा सबन्धहुनगरी, यही एकावलीअलंकार राखिएमा मालादीपक हुन्छ.*जस्तै—

गुणले प्रभुमा, प्रभुले गुणमा,
गुणले प्रभुले प्रभुका कुलमा, ।

---

* मालादीपक अघी देखाएको होता पनि एकावलीको प्रकारान्तरहुनाले प्रसङ्गमा फेरी देखाइयो.

CC-0. In Public Domain. Digitization by eGangotri

गुणले प्रभुले कुलले महिमा
गरियो नयपालमहीतलमा ॥ २०९ ॥

अर्थ.

धैर्यशौर्यप्रभृतिगुणले प्रभु(श्री३महाराज)मा, महिमा (चाख) गरियो. प्रभुले पनि गुणमा महिमा गरियो, गुण र प्रभु इ२ले प्रभुका कुलमा महिमा (महत्त्व) गरियो. गुण, प्रभु, कुल इ३ले नेपालमा महिमा (महत्त्व) गरियो.

संगति.

यहाँ 'महिमा गरियो' यो यौटा धर्मको गुण, प्रभु, कुल, इ३मा संबन्ध पारेर उक्त एकावली राखिएको हुनाले मालादीपक परयो.

१५७ पर्यायोक्त.

जुन् अर्थ व्यङ्ग्य गराउन परेको छ, त्यस्लाइ विलक्षणवाक्यरचनाद्वारा झन्सुन्दर पारेर झल्काउँदा पर्यायोक्त हुन्छ. जस्तै—

SS|SS||S|S|S—|S|SS||S|S|S इन्द्रवज्रा—उपेन्द्रवज्रा=[उपजाति]

जस्को प्रतापाग्नि बल्यो जहाँतहाँ
शरीर ठण्डा परचक्रको गरी ।
उन्का वदौलत् गुण को चल्यो चलन्
तसर्थ दौलत् अव छन् वरीपरी ॥ २१० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

जुन्महाराजको प्रतापरूपी अग्नि, परचक्र (शत्रुवर्ग) को शरीरलाई ठण्डा पारेर सर्वत्र बल्यो; उनै महाराजका बदौलत इलमको कदर हुनलाग्यो र चौतर्फ दौलत् देखिन्छ.

संगति.

यहाँ—पहिलाआध्रीमा 'महाराजका प्रतापले शत्रु मरे.' यो व्यङ्ग्यार्थलाइ सोझो नझल्काएर, 'जस्को प्रतापरूपी अग्नि परचक्रको शरीर ठण्डा गरेर बल्यो' भन्ने विलक्षणवाक्यार्थद्वारा 'अरूलाइ ठण्डा पारेर बल्ने यो प्रतापाग्नि लोकविलण छ' यस्तो व्यङ्ग्यार्थ झल्काएर, त्यस्द्वारा 'शत्रुहरूको शरीर ठण्डा (प्राणशून्य अर्थात् मरेको) भयो' भनि सुन्दरतापूर्वक उहीव्यङ्ग्य झल्कन गएको हुनाले पर्यायोक्त पऱ्यो.

पछिल्ला आध्रीमा पनि–'उनै महाप्रभुका प्रबन्धले अनेकविद्यालय खुल्दा प्रजाहरू इलमी भएर सबतरहबाट कृतार्थ भए, यस्तो व्यङ्ग्यार्थलाइ सोझो न झल्काएर 'जस्का बदौलत् गुणको चलन् चल्यो र जताततै दौलत देखिन्छ' यस्तो विलक्षणवाक्यरचनाद्वारा, 'प्रजाहरूलाई इलमी गराउनाका निमित्त असंख्यधनको व्ययगर्ने गुणानुरागी श्री ३ महाराजलाइ कोटिशः धन्यवाद छ. त्यस्ता महाप्रभुका बाहुच्छायामा रहेका गुणानुसार कदर पाउने प्रजाको पनि अहो ! भाग्य ! हो, यस्तो व्यङ्ग्यार्थ झल्काएर त्यस्द्वारा 'जहाँतहाँ इलमको चलन् हुनजाँदा इलमद्वारा प्रजाहरू धनाढ्य भए' भनि सुन्दरतापूर्वक उही व्यङ्ग्य झल्कन गएको हुनाले पर्यायोक्त पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१५८ पर्यायोक्त २.

कोही व्याज (निहूँ) ले कसैले आफ्नू इष्ट-सिद्धि (कार्यसाधन) गरेको वर्णनगर्दा पनि पर्यायोक्त हुन्छ. जस्तै–

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

सर्कारको प्रबल फौज तयार सुन्छन्
वक्सीस वैरिहरु डाक्टरलाइ दिन्छन्।
पुष्टाङ्ग छन् तरुण छन् तर नित्य गल्छन्
अन्फिट् हुने असल सर्टिफिकेट लिन्छन् ॥२११॥

अर्थ.

सर्कारको जवर्दस्त फौज तयार भएको खबर पाउँदा वैरिहरू निराश हतोत्साह हुन्छन् र नातागतीको निहूँ (बहाना) गरे र डाक्टरलाइ वक्सीस दिइवरी अन्फिट् (लडाईकोअयोग्य) हुने सर्टिफिकेट (पास) लिन्छन्; तिनिहरू मोटा जवान छन्तापनि प्रतिदिन गल्दैजान्छन्.

सङ्गति.

यहाँ वैरिहरूले निहुँले इष्टसिद्ध (लडाईमा जानुनपर्ने) गरेको वर्णनगरियो र पर्यायोक्त पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१५९ परिवृत्ति.

न्यून (कमती) वस्तुको र अधिकवस्तुको साटासाटभएको वर्णनगर्दा परिवृत्ति नामक अलंकार हुन्छ. जस्तैः—

ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [इन्द्रवंशा]

चोला पुराना लिइ वैरिवर्गका
जो दिव्य चोला रणमा दिंदैगयो ।
श्रीचन्द्रसंशेरमहीमहेन्द्रको
त्यो फौजको वर्णन के गरौं? भयो ॥२१२॥

अर्थ.

श्री३महाराजचन्द्रसमशेरजंगबहादुरराणाको फौजले वैरिका पुराना (थाङ्नाभएका) चोला (लाइनेवस्त्रविशेष) लिएर उन्लाइ दिव्य (अतिअसल) चोला दिंदैछ (वास्तवमा—'शत्रुका पुराना चोला (शरीर) लिएर (त्रिताएर) उन्लाइ रणमा (युद्धमा) दिव्य चोला (देवशरीर) दिंदैछ. अर्थात् शत्रुलाइ युद्धमा मार्दै स्वर्गपठाउदै * छ.' यो मुख्य अर्थ हो.) त्यस्ता अबुझ (वास्तवमा अतिशूर) फौजको के बयान गरौं? यत्तिकै हो बस् !

* मालिकका निमित्त लडाईमा संमुख मर्नें वीरहरु यशस्वी भएर निरन्तर स्वर्गवास पाउँछन् ।

† य आहवेषु वध्यन्ते स्वाम्यर्थमपराङ्मुखाः ।
तेषामुद्दामयशसां स्वर्गलोकः सनातनः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

संगति,

यहाँ अमुख्यअर्थमा पुरानाचोलाको र नयाँचोलाको साटा-साट गरेको झल्कनजाँदा परिवृत्ति पऱ्यो.

१६० उत्तर.

प्रश्नको उत्तर दिइ वाक्यरचना गरेमा र, प्रश्नको जुन् आकार छ उत्तरको पनि त्यही आकार राखेर उत्तर दिइ वाक्यरचना गरेमा उत्तरालंकार हुन्छ. जस्तैः–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ—ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ–इन्द्रवंशा–उपजाति.]

पवित्र कुन् देश छ? देशमध्यमा
पवित्र नेपाल छ देशमध्यमा ।
को देखिएको छ जन? प्रतापवान्
श्रीचन्द्रसंशेर प्रभु प्रतापवान् ॥ २१२ ॥

अर्थ स्पष्ट छ.

यहाँ प्रथमतृतीयपाउका प्रश्नको द्वितीयचतुर्थपाउमा उत्तर दिइ वाक्यरचना गरेको हुनाले उत्तरालंकार पऱ्यो.

ऽऽ।ऽऽ।।ऽ।ऽ।ऽ [इन्द्रवंशा]

कल्ले सडक् सुन्दर यो तयार्गरे ?
कल्ले सडक् सुन्दर यो तयार्गरे ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा निर्मल चन्द्र देखिए ?
नेपालमा निर्मल चन्द्र देखिए ॥ २१४॥

अर्थ.

यो सुन्दर सडक कल्ले (कस्ले) तयार गरे ? नेपालमा निर्मल चन्द्र देखिए ?	यो प्रश्नको आकार हो.
यो सुन्दर सडक् कल्ले (इंजिनले) तयार गरे चन्द्रमहाराज नेपालमा निर्मल देखिए.	यो उत्तरको आकार हो,

संगति.

यहाँ लक्षणानुसार प्रश्न र उत्तर राखिएको हुनाले उत्तरालंकार पऱ्यो.

१६१ उत्तर २.

उत्तरवाक्य विलक्षण राखेर त्यस्द्वारा प्रश्नको अनुमान जयेमा पनि उत्तरालंकार हुन्छ. जस्तैः—

ISIIISISIIISISSIS [पृथ्वी]

दयालुमा र सिपालुमा विनवमा र औदार्यमा
विवेक र विचारमा सकललोकका मध्यमा ।
कि चन्द्रसमशेर छन् विदित, छन् कि विश्वम्जरै
महाशय ! कहाँ?डुलौं कति डुलौं ? छ कस्को? जरै २१५

अर्थ स्पष्ट छ.

यहाँ योश्लोकार्थरूपउत्तरद्वारा, मित्र ! धनमानप्राप्तिका

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त देशाटन खूब गर्नु पर्दैन ?' यस्तो प्रश्नवाक्यको अनुमान भएको हुनाले उत्तरालंकार पर्‍यो.

१६२ सार.

उत्तरोत्तरगरेर उत्कर्ष (उत्तमताको डिग्री) बढाएमा सारनामक अलंकार हुन्छ. जस्तै--

IS·SSIISISIS [वंशस्थ]

(१) मुलूकमा भारतवर्ष सेव्य हो
तहाँ यही उत्तरखण्ड सेव्य हो ।
प्रसिद्ध नेपाल छ सेव्य यो तहाँ
प्रतापिराणाकुल सेव्य हो यहाँ ॥ २१६ ॥

(२) उदारताले गुणले स्वभावले ।
गुणज्ञताले बलले प्रभावले ।
सुसेव्य योग्य प्रभु चन्द्र छन् जहाँ
डुलेर जानें शरणार्थिले कहाँ ? ॥ २१७ ॥

अर्थ स्पष्ट छ.

यहाँ उत्तरोत्तरगरेर उत्कर्ष (उत्तमताको डिग्री) बढाएको हुनाले सारालंकार पर्‍यो.

१६३ अन्योन्य.

कसैको परस्पर उपकार भएको वर्णनगरिएमा अन्योन्यालंकार हुन्छ. जस्तै—

CC-0. In Public Domain. Digitization by eGangotri

।।।।।।ऽऽऽ।ऽऽ।ऽऽ [मालिनी]

मधुर वचन राजन् ! दानको गर्छ शोभा
मधुरवचनको सो दानले गर्छ शोभा ।
कलह गरिरहन्छन् अन्तता साथ छैनन्
इ दुइ गुण मिलेका पूर्ण सर्कारमा छन् ॥ २१८॥

अर्थ स्पष्ट छ.

यहाँ मधुरवचनले दानको, दानले मधुरवचनको परस्पर शोभागराउनुरूपीउपकार गरेको हुनाले अन्योन्यालंकार पऱ्यो.

१६४ निदर्शना १.

तुल्यरहेका अनेकवाक्यार्थको एकतावर्णनगर्दा निदर्शनालङ्कार हुन्छ. जस्तै-

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ ३]

दयानिधानप्रभुले विशाल जो
अनेक विद्यालय खोलिबक्सियो ।
प्रजाहरूका हृदयान्धकारमा
प्रदीप्त सो ज्योति जगाइबक्सियो ॥ २१९ ॥

अर्थ स्पष्ट छ.

यहाँ अनेकविद्यालयखोल्नु र प्रदीप्तज्योतिजगाउनु, इ २ तुल्यवाक्यार्थको एकता गरेको हुनाले निदर्शना पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१६५ निदर्शना २.

कसैको कार्यद्वारा अर्कालाइ केही उपदेश भएका वर्णन गर्दा, असलकार्यद्वारा उपदेश भएदेखि 'सदर्थनिदर्शना' र, खराबकार्यद्वारा उपदेश भएदेखि 'असदर्थनिदर्शना' अलङ्कार हुन्छ. जस्तै—

गुणज्ञसम्राट्हरुबाट नाथले
ठुलाठुला जो पद पाइबक्सियो ।
'गुणै जगत्मा परिपूज्य हो' भनी
जहाँतहाँ स्पष्ट गराइबक्सियो ॥ २२० ॥

अर्थ स्पष्ट छ.

यहाँ—श्री३महाराजले गुणानुरागी सम्राट् (बादशाह) बाट ठुलाठुला पद (पदवी) पाउनुरूप अरु कार्य (काम) गरिबक्सिएको र, त्यसद्वारा लोकलाइ 'जगत्मा परिपूज्य (अत्यन्त माननीय) गुणै हो' यस्तो उपदेश भएको हुनाले सदर्थनिदर्शना पऱ्यो.

अकारण द्रोह गरेर नाशमा
विरोध पर्दा पिटिए जतीजती ।
दिए तिनैले उपदेश यो यती
'जहाँतहाँ दुर्मतिको खतीखती, ॥ २२१ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ शत्रुहरूबाट आफ्नु पिटिनुरूपखराबकार्यबाट 'जहाँतहाँ दुर्मतिको खतीखती, यस्तो लोकोपदेश भयेको हुनाले असदर्थ-निदर्शना पऱ्यो.

१६६ हेतु,

कोहिकार्यको सिद्धिका निमित्त राख्नुपर्ने कारणलाई चमत्कारका साथ राख्ता हेतुनामक अलंकार हुन्छ. जस्तै—

|S|SS||S|SS–SS|SS||S|SS = [उपेन्द्रवज्रा इन्द्रवज्रा = उपजाति]

(१) प्रजानुरागी खलशीलवंदी *
श्रीचन्द्रलाई प्रभु जन्न पायौं ।
घटाउना मा पनि कष्ट पर्ने
टण्टा हजारौं सहसा हटायौं ॥ २२२ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'श्री ३ महाराजचन्द्रसमशेरजङ्गवहादूरराणा मालीक पाएको हुनाले हजारौं टण्ठा (पीर) हटायौं' भन्नाले महाराज-प्राप्तिरूपकारणलाई टण्टाहटाउनुरूपकार्यमा, चमत्कारका साथ

* दुर्जन को स्वभाव चिह्न.

CC-0. In Public Domain. Digitization by eGangotri

(स्पष्टतया कारण हो भनेर नभन्दा पनि, कारण हो भनेर बुझिने गरी) राखेको हुनाले हेत्वलङ्कार पर्‍यो. †

।ऽऽ।ऽऽ।ऽऽ।ऽऽ [भुजङ्गप्रयात]

(२) प्रतापी यशस्वी गुणी धर्मवेत्ता
प्रजावत्सल श्रीमहाराज पायौं ।
स्वकर्तव्यको नीतिको सभ्यताको
सदाचारको मार्गमा चित्त लायौं ॥ २२३ ॥

अर्थ स्पष्ट छ.

यहाँ पनि चित्तलाउनुरूपकार्यमा पूर्वोक्तगुणसंपन्न श्री३महाराजप्राप्तिरूप कारण चमत्कारका साथ राखिएको हुनाले हेत्वलङ्कार पर्‍यो. *

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

(३) अधिक सद्गुणमात्र कमाउनू
सकलका मनमा विषनै थियो ।

---

† यस्तामा—'टण्टा हटाउनुरूपी अभावरूपकार्य पैदागर्नें हुनाले महाराजप्राप्तिरूपीकारण निर्वर्तक (पहिले नभएको कुरा पैदागर्नें) कहिन्छ र, अभावसाधकनिर्वर्तकहेत्वलंकार हुन्छ.

* यस्तामा-चित्तलाउनुरूपीभावरूपकार्यपैदागर्नें श्री ३ महाराजप्राप्तिरूप निर्वर्तककारण हुनाले भावसाधकनिर्वर्तक हेत्वलंकार हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

अब त्यने प्रभुचन्द्रमहीन्द्रल
सुगुण यो अमृतै गरिबक्सियो ॥ २२४ ॥

पदको अर्थ स्पष्ट छ.

यहाँ–'अघि विषरूप रहेको 'सद्गुणकमाउनु' यो कुरा प्रभुका प्रतापले ऐले अमृत हुनगयो' (अर्थात् प्रभुका प्रतापले प्रजाहरू गुणानुरागी हुँदै आए) भन्नाले–'विषरूपीवस्तु अमृतस्वरूप-हुनामा कारण' श्री ३ महाराज होइबक्सिन्छ' भन्ने कुरा बुझियो र हेत्वलंकार पऱ्यो *

[अनुष्टुप्छन्द]

(४) धर्मावतारप्रभुले धर्मबाधा धपाउँदा ।
धमाधं पाइबक्सिन्छ धन्यवादपरम्परा ॥२२५॥

अर्थ स्पष्ट छ.

यहाँ पनि–'धन्यवादपाउनुरूपकार्यमा, धर्मबाधा(धर्मको-पीडा) धपाउनुरूप कारण बुझिएको हुनाले हेत्वलंकार पऱ्यो ‡

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

(५) दुष्टदण्ड गरि कष्ट सबैका

---

* यस्तामा–विषरूपीवस्तुलाई अमृतरूपीगराउने श्री ३ महाराज रूपी कारक (एकथोकको अर्कोथोक पार्ने) हेतु हुनाले कारक-हेत्वलंकार हुन्छ.

‡ यस्तामा–धर्मबाधाधपाउनुरूपकारण, धन्यवादको प्रापक (प्राप्ति गराउने) हुनाले प्रापकहेत्वलंकार हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

नष्ट पारिकन राजहुनाले ।
धर्मपूर्ण गहिरो सहजैमा
राजचित्त चिह्नियो दुनियाँले ॥ २२६ ॥

अर्थ.

दुष्टहरूलाई दण्डदिएर, सज्जनहरूका कष्टलाई नष्ट पारेर, श्री३महाराज राजभइवक्सेको देखिनाले, चिह्नशकिने राजचित्त पनि * 'धर्मपूर्ण र गम्भीर रहेछ' भनि सहजै चिह्नियो.

सङ्गति.

यहाँ पनि—'दुष्टदण्डगर्नु र कष्ट नष्ट गर्नु' इ २ कारण (सबुती) ले 'राजचित्त धर्मपूर्ण रहेछ' भन्ने कुरो सिद्धहुन गयो र हेत्वलंकार पर्‍यो. §

ISISSIISISIS [वंशस्थ]

(६) प्रसन्न जस्का वदनारविन्दमा
सरस्वती नित्य निवास गर्दछिन् ।

---

* समुत्तुङ्गं हिमगिरेरगाधं पयसां निधेः ।
सुधियाऽपि सुदुर्बोधं चित्तं नाम महीपतेः ॥

अर्थ.

हिमालयपर्वतभन्दा उँचा भएको, समुद्रभन्दा अगाध भएको राजचित्त बुद्धिमान्‌ले पनि चिह्न शकिदैन.

§ यस्तामा–' दुष्टदण्ड गर्नु ' यो कारण धर्मपूर्णताको ज्ञापक (बुझाउने) हुनाले ज्ञापक हेत्वलंकार हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

अवश्य उन्का गुणको यथार्थले
उनै जने वर्णनगर्न शक्तछिन् ॥ २२७ ॥

पदार्थ स्पष्ट छ.

यहाँ पनि -प्रभुका गुणको वर्णनगर्न शक्तामा 'नित्य प्रभुका मुखाविन्दमा रहनु, यो उपपादक (उपपत्तिगर्ने–पूर्वोक्तकुराको संगति गर्ने) कारण (हेतु) राखेको हुनाले हेत्वलंकार पर्‍यो.†

१६७ सूक्ष्म.

कसैको शारीरकचेष्टावाट, अथवा आकार-वाट क्यहिकुराको बोध भएको वर्णन हुँदा सूक्ष्मा-लंकार हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

पारेर पर्वदिनमात्र अवश्य जाला
जाँदैन कोहि सहसा अब गुह्यकाली ।
मन्को मुराद परिपूर्ण हुने हुनाले
जानें भए सब जना अब भद्रकाली ॥२२८॥

---

† यस्तामा–'प्रभुका वदनारविन्दमा वास गर्नु' यो कारण, गुणको वर्णन गर्न शक्नामा उपपादक (उपपत्ति (संगति) गर्ने-उने) हुनाले उपपादक हेत्वलंकार हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

अव मानीस पर्वपारेर मात्रै गुह्यकाली जाला, अघी पछी जाँदैन. मनका मनोरथ पूर्ण हुने हुनाले सवजना अव भद्रकाली नै जान्छन.

सङ्गति.

यहाँ–भद्रकालीजानुरूपशारीरकचेष्टाद्वारा, 'प्रजाहरू देवतामा भन्दा श्री३महाराजमा ज्यादा भक्त छन्' भन्ने कुराको वोध भएको हुनाले सूक्ष्मालंकार पऱ्यो.

।ऽ।ऽऽ।।ऽ।ऽऽ [उपेन्द्रवज्रा]

असह्य संताप संधै जिरेका
विपत्तिले नित्य शिरै गिरेका ।
सलामका टाइममा छिरेका
प्रसन्न देखें घरमा फिरेका ॥ ३३ए ॥

अर्थ स्पष्ट छ.

यहाँ–'सलामवाट फिरेका मानिस प्रसन्न देखिए' भन्नाले 'तिन्का दुःख श्री३महाराजवाट हरिवक्सिएछ' भन्ने कुरो बुझिन गयो र दोस्रा प्रकारको (आकारवाट क्यहिकुराको बोध हुँदा मानिएको) सूक्ष्मालंकार पऱ्यो.

१६८ लेश.

अलीकति प्रकट भएको कुरा क्यही उपायले

CC-0. In Public Domain. Digitization by eGangotri

लुकाएको (ढाकिएको) वर्णन गर्दा लेशालंकार हुन्छ. जस्तैः—

[अनुष्टुप्छन्द]

(१) दर्शनार्थी जनहरू घडी मिनिट गन्दछन्
मन्मा सर्कारको रूप संझेर 'जय' भन्दछन्॥२३०॥
(२) लाजले भद्रकालीमा ती बद्धाञ्जलि बन्दछन्
जयन्तीश्लोकका बाँकी तीस अक्षर भन्दछन् २३१

अर्थ र सङ्गति.

'प्रभुका दर्शनमा उत्कण्ठित भएका मानिसहरू प्रभुको स्वरूप संझदा र तल्लीन (तन्मय) भएका हुनाले अकस्मात् 'जय' भन्दछन र, मानीसका समुदायमा एक्कै निष्कारण बोलेको हुँदा लाज भयो भन्ने आशयले भद्रकालीतिर फर्केर हाथ जोड र झट–

'...न्ती मंगलाकाली भद्रकाली कपालिनी ।
दुर्गाक्षमा शिवाधात्री स्वाहा स्वधा नमोऽस्तु ते ।'

भनेर अघि प्रकट भएको कुरा लुकाउँछन्' भन्नाले लेशालंकार पऱ्यो.

१६९ यथासंख्य.

क्रमैले संबन्ध हुने गरी पदयोजना गरेमा यथासंख्यनामक अलंकार हुन्छ. जस्तैः—

IIS IIS ISIS—IISSIISISIS [सुन्दरी ३]

अनुरक्त गराइबक्सियो | (१) | दुनियाँहरुलाइ नीतिले ।
पृथिवीनाथ! हटाइबक्सियो | (२) | सबदुश्मन्हरुलाइ तेजले ॥

CC-0. In Public Domain. Digitization by eGangotri

गुणपूर्ण ! थपाइवक्सियो | (३) | परको भयलाइ धर्मले ।
करुणासागर ! पाइवक्सियो | (४) | यशलाइ प्रबलप्रतापले ॥२३४॥

अर्थ स्पष्ट छ.

यहाँ २ श्लोकमा पाउपाउका क्रमले क्रमैले अर्थयोजना गरेको हुनाले यथासंख्य पऱ्यो.

१७० उदात्त.

आशय (अभिप्राय) को र, ऐश्वर्यको महत्त्व (उदारता) वर्णनगर्दा उदात्तनामक अलंकार हुन्छ. जस्तैः—

क्षितिमण्डल थामिवक्सियो
प्रभुले धैर्य धरेर बाहुले ।
हृदयान्तरमा हजूरको
हरियो हार रहेन भारले ॥ २३५ ॥

अर्थ.

प्रभुवाट यो भूमण्डल आफ्ना बाहुलीमा राख्ता किञ्चित् भार ठानिवक्सिएन-प्रभुका हृदयान्तरमा (वक्षस्थलका वीचमा) भार हुनाले हरियो हार (पन्नाकोहार) रहेन. (यो कस्तो कुरा हो ?) अथवा—भूमण्डल थाम्दा किञ्चित् नठान्ने प्रभुका हृदयभित्र 'हजूरको हरियो (जफतभयो) हजुरको हार (पराजय) भयो.' ईरकुराको भार रहन शकेन, अर्थात् प्रभुको विजय सिद्धान्तसिद्ध छ.

CC-0. In Public Domain. Digitization by eGangotri

संगति.

यहाँ—श्री३महाराजको पौरुषप्रियता (पराक्रममा प्रेम) बुझिएर, भूषणप्रियता (शृङ्गारगर्नाको शौक) नरहेको कुराबुझियो र आशयको उदारता (दिल्दारपना) स्थिर हुँदा उदात्तालंकार पऱ्यो.

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

(१) शत्रुको स्थिर घमण्ड हरेका
वीरमुख्य जनि नाम दरेका ।
रत्नपूर्ण शिरपेच धरेका
रूपकान्ति रमणीय गरेका ॥ २३५ ॥

(२) भाग्यवैभव* अपार जनाई
नाथको यश मनैमन गाई ।
आउँछन् निकटमा¶ सब भाई-
भारदारहरु माथ झुकाई ॥ २३६ ॥

अर्थ स्पष्ट छ.

यहाँ—श्री३महाराजका भाईभारदारहरुको दब्दवासाथ सान्निध्य (हाजीरी) वर्णनगरेको हुनाले उदात्तालंकार पऱ्यो.

१७१ उदात्त ३.

प्रधानवर्णनीयवस्तुमा कोही ठूलोवस्तु अङ्ग

---

* भाग्यको महिमा. ¶ नगीचमा.

CC-0. In Public Domain. Digitization by eGangotri

(अप्रधान—उपकार गर्ने) हुनगए मा पनि उदात्तालंकार हुन्छ. जस्तैः—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

यो देश देशन्तरमा अतिशुद्ध ठानी
त्रैलोक्यपूज्यगिरिजापतिले * रुचाए ।
सर्कारलाइ जनरक्षणदक्ष × जानी
यस्का प्रजापति १ उनैप्रभुले गराए ॥ २३१ ॥

अर्थ स्पष्ट छ.

यहाँ प्रधानर्णनीय, त्रैलोक्यपूजनीय पार्वतीपतिशङ्करजीका उपकारकानिमित्त (निश्चिन्ततापूर्वक शंकरजीलाइ राजगराउनाका निमित्त) श्री ३ महाराजबाट देशरक्षाको भार लिइबक्सिएर आफू अप्रधान भइबक्सिएको वर्णनगरेको हुनाले उदात्तालंकार पर्‍यो.

१७१ परिकर,

साभिप्राय (विशेष मतलब बुझाउने) विशेषण राखेमा परिकरालंकार हुन्छ.

१७२ परिकराङ्कुर,

साभिप्राय (विशेष मतलब बुझाउने) विशेष्य राखेमा परिकराङ्कुरालंकार हुन्छ. जस्तै—

---

* तीनैलोकमा पूजनीय भएका शङ्करजीले.
× लोकरक्षागर्नामा सिपालू. १ राजा.

CC-0. In Public Domain. Digitization by eGangotri

ISISSIISISIIS [वंशस्थ]

अनीति * होला कसरी ? जहाँतहाँ
क्षितीश × यस्ता गुणपूर्ण छन् जने ।
रहन्छ केको ? अब ताप लोकमा
नरेश × साक्षात् प्रभु चन्द्र छन् भने ॥ २३८ ॥

अर्थ स्पष्ट छ.

यहाँ—'गुणपूर्ण' यो विशेषणबाट 'अनीतिलाइ हटाउने' यस्तो मतलब र, 'चन्द्र' यो विशेष्यबाट 'ताप हटाउने' यस्तो मतलब बुझियेको हुनाले पहिला आधीमा परिकर, दोस्रामा परिकराङ्कुर पऱ्यो.

१७३ दृष्टान्त.

पहिलेका यौटा वाक्यको प्रतिबिम्ब (छाया) जस्तो अर्को वाक्य राखेर पदयोजना गरेमा दृष्टान्त-नामक अलंकार हुन्छ. जस्तै—

SSSIISISIIISSSISSIS [शार्दूलविक्रीडित]

यो भूमण्डलमा प्रसिद्ध रहने राजा हजारौं रहून्

---

* अन्याय. × राजा.

CC-0. In Public Domain. Digitization by eGangotri

यस्को*हुन्छ जहाँतहाँ गजबको लज्जत् इनै चन्द्रले।
तारामण्डल तेजिला गगनमा ¶ देदीप्यमानै रहून्
यस्को हुन्छ अखण्डकान्ति रहँदा इज्जत् उनै चन्द्रले।

अर्थ स्पष्ट छ.

यहाँ पहिलाआधीको प्रतिविम्बस्वरूप पछिल्लो आधी राखेको हुनाले दृष्टान्तालंकार पऱ्यो.

ISISS ·SIS·S [वंशस्थ २]

(१)प्रचण्डतापूरित §युद्धघोषणा¶ स्वयं जहाँसम्म हुँदैन नाथको । ठुलो तहाँ सम्म रहन्छ गर्जना जहाँतहाँ वैरिनरेशवर्गको ‖	(२) जबर्जहाँसम्म जवानसिंहको हुँदैन गम्भीरकठोरगर्जना । जरुर्तहाँसम्म अनेकजन्तुको जहाँतहाँपूर्णरहन्छभीषणा ‡

अर्थ.

यहां पनि प्रथमश्लोकको प्रतिविम्बजस्तो द्वितीयश्लोक राखेको हुनाले दृष्टान्तालंकार पऱ्यो.

१७५ असंगति.

कार्य र कारणको नियमविरुद्धता (कार्य र कारण साथ२ रहनुपर्छ भन्ने कायदाको वर्खिलाफ) गरेर भिन्नदेशता (एकातिर कारण रहनु, एका-

---

* भूमण्डलको ¶ आकाशमा § भयङ्करताले भरिएको. ‖ लडाई-जारीगर्ने हुकुम ‡ धम्की.

CC-0. In Public Domain. Digitization by eGangotri

तिर कार्य पैदा हुनु) वर्णन गरेर चमत्कार देखा-उँदा असंगतिनामक अलंकार हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

असह्यको वेग लिएर शत्रुका
मुलूकमा पल्टन खूब चल्दछन् ।
तसर्थ ती शत्रु फतक्क गल्दछन्
निदानमा ज्यान दिएर ढल्दछन् ॥ २४२ ॥

अर्थ.

श्री ३ महाराजका पल्टन बड़ो वेग लिएर शत्रुका मुलूकमा चल्दछन् (रवाना हुन्छन् = चलाचल गर्दछन्) त्यसो हुनाले शत्रुहरु फतक्क गल्दछन्. आखीरमा ती शत्रु प्राणै छाडेर ढल्दछन्.

सङ्गति.

यहाँ—'पल्टन चल्ने, शत्रु गल्ने र ढल्ने' यस्तो कार्यकारणको भिन्नदेशता देखाएको हुनाले असंगति पऱ्यो.

बडेबडे वीर दयानिधानका
धसेर घूँडा रणभूमिमा लडे ।
प्रचण्ड आँखा सबले तरेर मरे
बलिष्ठ वैरी ठहरै परे हरे ! ॥ २४३ ॥

अर्थ.

श्री ३ महाराजका बडेबडे वीरयोद्धाहरु युद्धभूमिमा घूँडाधसेर

CC-0. In Public Domain. Digitization by eGangotri

लड़े (लडाई गर्न लागे)। वलिष्ठ (वलवान्) शत्रुहरुले डरलाग्दो आँखा तरे र मरे (अन्भरिए), तर ती दुष्ट ठहरै परे. कठैवरि !

सङ्गति.

यहाँ पनि—'वीर योद्धाहरु लडे, शत्रुहरु आँखा तरे र मरे ठहरै परे.' यस्तो 'धञ्जेको सञ्जे, वैंजेको नाक' भने जस्तो गरि कार्य-कारणको भिन्नदेशता देखाएको हुनाले असंगति पऱ्यो.
यहाँ 'यौटा लड्ने, अर्को आँखा तरेर मर्ने' यस्तो विशिष्टक्रियारूप-कार्य देखाएको छ.

१७५ असंगति २-३.

१ एकथोक गर्न आँटेर अर्कोथोक गरेको वर्णन गर्दा र, २ एकठाउँमा राख्नु पर्ने कुरा अर्को ठाँउमा राखिएको वर्णन गर्दा पनि असंगतिनामक अलंकार हुन्छ. जस्तै कसैले:—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

'खडाखडै भूतलमा लडौं' भनी
असंख्य वैरी रणभूमिमा अडे ।
अजय नेपाल बुझेर अन्तमा
पसारिए भूतलमा सवै लडे ॥ २४५ ॥

अर्थ.

'युद्धभूमिमा खडा रहेर लडौं' भन्दै शत्रुहरु भिडेका थिए, तर

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालदेशका वीर योद्धाहरुलाइ नित्न शक्तिदो रहेन छ' भन्ने बुझेर आखीरमा तिनि हरु क्षमा माग्नाका निमित्त भूमिमा पसारिए, लडे, अथवा युद्धहत भएर भूमिमा पसारिए लडे.

सङ्गति.

यहाँ खडाखडै लड्न आँट्ने शत्रुले पसारिएर लडेको वर्णन गर्दा असंगति पऱ्यो.

||||||S|S|SS—||||S||S|S|SS [पुष्पिताग्रा]

'अव निधन सवै कमाउँने हूँ'
जनिकन खूव ठुलो प्रयत्न गर्छन् ।
फगत निधनमात्र हात पर्दा
निरवधि निश्चल मौन शत्रु धर्छन् ॥२४६॥

अर्थ.

शत्रुहरु 'अवनि (पृथ्वी) र धन दुवै कमाउँछु' भनेर ठुलो कोशीस गर्छन' तर निधन (मृत्यु) मात्रै पाउँछन् र तिनिहरू (मानौ लाजले) निरवधि (कहिल्यैरनि नसकिने) निश्चल (क्यही-गर्दा पनि नहट्ने) मौन धर्छन्.

संगति.

यहाँ पनि—अवनि,धन कमाउँन आट्ने शत्रुले निधन (मृत्यु) कमाएको वर्णनगर्दा असंगति पऱ्यो.

S|S|||S|S|S [रथोद्धता]

लाग्छ छातिविचमा जहाँ कडा

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्ट पर्छ अनि हार हातमा ।
वैरिवर्ग रहला कहाँ खडा
जो उड्यो सहज वातवातमा ॥ २४६ ॥

अर्थ.

छातिमा जन्त्र कडा (साहै–न्वाला) लाग्छ, अनि पछि तिन्का हातमा हार (पराजय–हारनामकगहना) पर्छ. त्यो (ढङ्गनभएको) वैरिवर्ग युद्धमा किन खडा भयो ? जो वातवातमा सहजै उड्यो.

संगति.

यहाँ हातमा लाग्नु पर्ने कडा छातिमा लागेको, छातिमा लाग्नु पर्ने हार हातमा लागेको हुनाले, दोस्रो प्रकारको असंगति पर्‍यो.

SSSIISISIIISSSISSIS [शार्दूलविक्रीडित)

'वारै झट्ट खतं गरौं' भनि सबै प्रस्थानमा भन्दछन्
दुश्मनन्का दलमा घुसेर बलले पारै स्वयं पुग्दछन् ।
ढालिन्छन् सवशत्रुलाइ सहजै तर्वास्वयं भिर्दछन्
सच्चा शूर चलाक फौज प्रभुका आनन्दले फिर्दछन् ॥

पहिलाआधीको अर्थ.

'वारै (वारिपट्टिनै) खतं गरौं (निभाऊँ)' भनेर प्रस्थानैमा प्रतिज्ञा गर्ने महाप्रभुका फौज, दुश्मन्का दलमा बलले घुसेर पारै पुग्दछन् (दुश्मन्को दललाइ छिचोल्दछन्)

संगति.

यहाँ—एकथोक गर्न आँटेर अर्कोथोक गरेको (वारैखतं

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न आँटेर पारै पुगेको) वर्णन गर्दा पहिलाप्रकारको असंगति पऱ्यो. यहाँ वास्तवमा 'वारै (लडाईनै) खतं गरौं (सिध्याऊँ)' भन्ने महाप्रभुका फौज, दुश्मन्का दलमा घुसेर जबर्दस्तीले काट्मारगर्दै पार पुग्दछन्' यो अर्थ प्रधान भएपनि श्लेषद्वारा बुझिएको अघिल्लो अर्थ लिएर असङ्गति स्पष्ट छ.

पछिल्ला आधीको अर्थ.

त्यस्ता ती सच्चा शूर चलाक भएका फौज, आफू तर्वारभिर्दछन्; शत्रुलाई ढालिदिन्छन (ढाल्नाउँभएको तर्वार्को चोट छल्ने वस्तु दिन्छन्–ढलाउँछन) र आनन्दका साथ आफ्ना मुल्कमा फर्कन्छन्.

संगति.

यहाँ 'तर्वारलिने आफू, ढालिदने शत्रुलाई' भन्दा एकठाँउमा राख्नु पर्ने वस्तु अर्को ठाउँमा राखिएको वर्णन गरियो र दोस्राप्रकारको असंगति पऱ्यो.

१७७ लोकोक्ति,

लोकमा चलेको उखानलाई वाक्ययोजनामा जोड्दा लोकोक्तिनामक अलङ्कार हुन्छ. जस्तै–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

अमीरको तुल्य गरीवको पनी
निसाफ मिल्दा सव दङ्ग पर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यथार्थ साजा सबको निसाफमा
रहेर राजा व्यवहार गर्दछन् ॥ २४८ ॥

अर्थसंगति.

यहाँ–'राजा सबैका साजा' यो उखानलाई वाक्ययोजनामा जोडेको हुनाले लोकोक्ति पऱ्यो.

१७८ विचित्र.

कोहिफलसिद्धिका निमित्त गर्नुपर्ने उपाय नगरेर विरुद्ध उपाय गरे पनी फलसिद्धिभएको वर्णनगर्दा विचित्रालङ्कार हुन्छ जस्तै–

।।ऽ।।ऽ।ऽ।ऽ–।।ऽऽ।।ऽ।ऽ।ऽ [सुंदरी]

प्रभुका चरणारविन्दका
नखपङ्क्तिद्युतिका प्रवाहमा ।
अतिशीघ्र भयो नुहाउँदा
शिर ठाडोर पवित्र सर्वदा ॥ २४९ ॥

अर्थ

श्री ३ महाराजका पाउका नखका कान्तिका प्रवाहमा शिर नुहाँउदा (झुकाउँदा–स्नानगर्दा) त्यो शिर चाडैन सर्वत्र ठाडो (निभय र अन्यत्रकँहीं नलत्रने–ठाडैरहेको) र पवित्र हुनगयो.

सङ्गति

यहाँ शिर ठाडो राख्नाका निमित्त गर्नुपर्ने उपाय (टड्याउ

CC-0. In Public Domain. Digitization by eGangotri

नुरूपकार्य) नगरेर, त्यस्को विरुद्धउपाय (नुहाँउनु) गर्दा पनि फलसिद्धि (ठाडोपना) भएको हुनाले विचित्रालंकार पर्‍यो.

१७१ परिसंख्या,

कोहिठाउमा क्यहिवस्तुको निषेध गरेर अन्यत्र त्यस्वस्तुको स्थितिवर्णन गर्दा परिसंख्यालंकार हुन्छ. जस्तै—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

* अनेक बाजाहरुमात्र पर्वमा
बजाइए नीड नयो जहाँतहाँ ।
कसारमात्र प्रभुका प्रतापले
बटारिए मोज भयो जहाँतहाँ ॥ २५० ॥

अर्थ.

सुप्रबन्धकर्ता प्रजानुरागी श्री ३ महाराजका प्रतापले विवाह-प्रभृतिपर्व परेका बेलामा सर्वत्र बाजाहरूमात्रै बजाइए (बदमाशहरू हुदैनहुँनाले उन्लाई बजाउन (कुट्न) परेन, त्यसो हुनाले निष्क-

---

* 'अघी२ विवाहमा राती वरियात लैजाने चलन हुनाले निमन्त्रितआप्तजनभन्दा अनिमन्त्रितअसभ्यनीचजनहरुले वरियात बढ्नजान्थ्यो र कन्यातरफबाट सबैको यथोचित सत्कार नपुग्ने, कुटपीट समेत हुने, निमन्त्रितआप्तजन पनि बटारिएर (अप्रसन्न भएर) हिंडने हुन्थ्यो. अब श्री३महाराजबाट दिउसै वरियात लाने सुप्रबन्ध गरिबक्सिएको हुनाले तीसबै आपत्ति हराए' यसै प्रसङ्ग-लाइ संझेर यो रचना भएको हो

CC-0. In Public Domain. Digitization by eGangotri

एटक जनसमूहको भीड भयो. त्यस्तो पर्वमा कसारमात्रै बटारिए (यथोचित सत्कार पुगेको हुनाले अरूइष्टमित्र बटारिएनन्) त्यसो हुनाले सर्वत्र मौज भयो.

सङ्गति.

यहाँ अन्यत्र बजाइनु र बटारिनुरूप वस्तुको निषेध गरेर बाजा र कसारमा त्यसवस्तुको स्थितिवर्णन गरेको हुनाले परिसंख्या पऱ्यो. यहाँ बजाइनु र बटारिनुरूप वस्तुको अन्यत्र निषेध अर्थ-गम्य (अर्थद्वारा बुझिने) हुनाले आर्थपरिसंख्या भन्दछन्.

IIIIIISSSISSISS [मालिनी]

हृदय कुटिल काला मित्र ! छैनन् प्रजाका
सरस कुटिल काला केशनै छन् मजाका ।
क्षितिपति अतिनीतिज्ञानविज्ञानवाला
मिलिकन हुनलागे देशमा वेश चाला ॥२५१॥

अर्थ.

हे मित्र ! नीतिविद्यापारङ्गत राजा पाउनाले देशमा वेश र चाला हुन लागे. प्रजाका अङ्गमध्ये, हृदय कुटिल (टेढा) र काला (पापपूर्ण) छैनन्, प्रजाका अंगमा कुटिलता र कालोपना खोज्नै पऱ्यो भने केश (रौँ) मात्र त्यस्ता फेला पर्दछन्.

संगति

यहाँ कुटिलताको र कालोपनाको प्रजाका हृदयमा शब्दद्वारा निषेध गरेर केशमा स्थितिवर्णन गरेको हुनाले शाब्दपरिसंख्या पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१८० प्रहर्षण १.

विना परिश्रमले इच्छागरिएका वस्तुको प्राप्ति भएको वर्णन गर्दा प्रहर्षणालंकार हुन्छ. जस्तैः-

ISSSSSIIIIISSIIS [शिखरिणी]

'पढौं विद्या, जानौं इलम, बटुलौं दौलत, बढौं'
भए उत्कण्ठाका वचन जब यस्ता शयकडौं ।
बडा श्रीसर्कार्का अतुलकरुणाले हुन गए
अविद्याका वैरी तब मुलुक विद्यालय खडा ॥२५४॥

अर्थ.

'विद्या पढौं, इलम जानौं, दौलत बटुलौं, उन्नति गरौं' यस्ता प्रकारका शयकडौं वचन जब प्रजाहरुले उत्कण्ठापूर्वक (रहरले) बोल्न लागे, तब ती प्रजालाई एक दामको खर्चपनि नपर्ने गरेर करुणानिधान श्री ३ महाराजबाट अविद्याको नाशगर्ने बडा २ विद्यालय (पाठशाला-कालेजहरु) खडा गरिबक्सियो.

संगति.

यहाँ-'प्रजाले इच्छागरिएकी विद्या विनापरिश्रम (रुपया पैसाको खर्च र देशान्तर जाने परिश्रम नपरि) पाईने भई' भनि वर्णनगरेको हुनाले प्रहर्षण पर्‍यो.

१८१ प्रहर्षण २.

चिताइएको भन्दा बढ्ता इष्टसिद्धि भएमा पनि प्रहर्षणालंकार हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

ऽऽऽऽ।ऽऽ।।।।।।ऽऽ।ऽऽ।ऽऽ [स्रग्धरा]

अर्को क्यै छैन इच्छा रुचिररहित भएँ, दुष्ट यो रोग जाला ?
यस्तो गर्थे हजारौं मन विकल गरी छुट्छुटी रोगवाला ।
खानाको औषधीको उचितटहलको वासको सुव्यवस्था-
साथैमा नाथबाट स्थिर रहन गए योग्य आरोग्यशाला ॥२८३॥

अर्थ र संगति

यहाँ—'अरु कुराको इच्छै छैन, अरुचिले गलें, यो रोग हट्ला ?' भन्ने केवल आरोग्यका निमित्त औषधीको अपेक्षा गरेर छुट्छुटी गर्ने रोगिहरुले, श्री३महाराजबाट स्थापित भएका अनेक आरोग्य-शाला (वैद्यखान—अस्पताल) द्वारा औषधीभन्दा बढ्ता, खाना पीना—सेवाटहल—बस्ने सुत्ने उत्तमोत्तम ठाँउँ—समेत पाउने भए, भन्नाले चिताइएभन्दा बढ्ता इष्टसिद्धि भएको बुझियो र प्रहर्षण पर्‍यो.

१९२ प्रहर्षण ३.

उपायगरिसकेपछी फलसिद्धि हुनुपर्नेमा, उपाय-गर्न खोज्दैमा फलसिद्धि भएको वर्णनगर्दा पनि प्रहर्षण हुन्छ. जस्तैः-

[अनुष्टुप्छन्द]

'अन्यत्र छैन शरण तिम्रै चरण धर्दछु ।
श्रीमहाकाल ! भगवन् ! आपदुद्धार गर्दछू' ॥२८४॥
भन्दै हिंडेका जनमा प्रभुका दृष्टि पर्दछन् ।
तिन्ले चाँडैन बीचैमा आपदुद्धार गर्दछन् ॥२८५॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ–'आपत्तिको उद्धार (नाश) गर्नाको निमित्त श्री महाकालका शरण गएर आपदुद्धारको (बटुकभैरवस्तोत्रको) पाठ गर्न हिंडेका मानिसका उपर महाप्रभुको नजर पर्दा तिन्का संपूर्ण आपत्को उद्धार (नाश) भयो, भन्नाले उपायगर्न खोज्दैमा फलसिद्धि भएको बुझियो र प्रहर्षण पऱ्यो.

१८३ विषादन.

इच्छागरिएको वस्तु नपाएर इच्छानगरिएको वस्तु पाइएको वर्णन गर्दा विषादननामक अलंकार हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।।ऽऽ [स्वागता]

काट्तछू सुख भनेर खुशीले
नाथका शरणमा कवि आए ।
दुःख काटिन गए सब, उन्ले
अन्तमा सुख अचिन्तित पाए ॥ २५६ ॥

अर्थ र संगति.

'कविहरु ' सुख काट्त छू' भनेर श्री३महाराजका शरण आए र तिन्का सबै दुःख काटिए. उन्ले आखीरमा मनले पनि नचिताएको सुख पाए, भन्नाले 'सुख काट्न (छेदनगर्न) इच्छा गरेर आउदा दुःख काटिए (छिन्नभए) सुख ता पाइए' यस्ता प्रकारले श्लेषद्वारा इच्छानगरिएका वस्तुको प्राप्ति भएको बुझियो र

CC-0. In Public Domain. Digitization by eGangotri

विषादन पर्‍यो, वास्तवमा–‘सुख काट्तछु (भोग्दछु) भनेर आएका कविले सुख पाए, दुःख काटिए’ यो अर्थ छदै छ. अथवा–

॥ऽ॥ऽ।ऽ।ऽ–॥ऽऽ॥ऽ।ऽ।ऽ [सुन्दरी]

धनको जनको र मानको
स्थिति गर्नै मनसूब ता गर्‍यो ।
तर शत्रु शरीरको पनी
स्थिति गर्नै नशकी उसै मर्‍यो ॥ २५७ ॥

अर्थ स्पष्ट छ.

यहाँ इच्छागरिएको धन-जन-मानको स्थिति नपाएकोर इच्छा नगरिएको शरीरको अस्थिति (नाश) पाएको बुझियो र शुद्ध (श्लेष नभएको) विषादनालंकार पर्‍यो.

१८४ सम.

अनेकवस्तुको उचितघटना (योग्ययोग) भएको वर्णनगर्दा समालंकार हुन्छ. जस्तैः—

ऽऽ।ऽ॥ऽ॥ऽ।ऽऽ [वसन्ततिलका]

जस्तो छ मण्डल दुरुद्धर यो धराको
उस्तै प्रचण्ड प्रभुको भुजदण्ड पार्‍यौ ।
रक्षाप्रवीण! परमेश्वर! योग्ययोग
यस्तै गरेर तिमिले दुनियाँ सपार्‍यौ ॥२५८॥

अर्थ.

हे लोकरक्षाकुशल! परमेश्वर! यो भूमण्डल जस्तो दुरुद्धर (उठाइनशकिने) छ–त्यस्तै श्री३महाराजको भुजदण्डपनि तिमिले

CC-0. In Public Domain. Digitization by eGangotri

प्रचण्ड (बडोबलवान) पाऱ्यौ. क्याबात! यस्तै योग्ययोजना गरेर तिमिले संसारलाई रक्षित गरेका छौ.

सङ्गति.

यहाँ दुरुद्धरधरामण्डलको र प्रचण्डभुजदण्डको योग्ययोग (सुहाउनेसंवन्ध) भएको बुझियो र समालंकार पऱ्यो.

१८५ सम २.

कारणानुसारी (कारणको जस्तो स्वभाव छ, त्यस्तै स्वभाव हुने) कार्यको वर्णन गरेमा पनि समालंकार हुन्छ. जस्तैः—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता ३]

जो प्रचण्ड भुजदण्ड नाथको
शत्रु कायल गराउँदो भयो।
यो प्रताप निजवाट जन्मदै
शत्रु घायल गराउँदै गयो ॥ २५१ ॥

अर्थ स्पष्ट छ.

यहाँ—'शत्रुलाई कायल पार्ने भुजदण्डवाट जन्मेको प्रताप, प्रारम्भै देखि शत्रुलाई घायल (घाइते) पार्दै गयो' भन्नाले कारणानुसारी कार्य बुझियो र समालंकार पऱ्यो.

१८६ सम ३.

जुन्कुराका निमित्त उद्योग गरिन्छ, त्यो कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही उद्योगद्वारा अनायासले सिद्ध हुन गयो भने पनि समालंकार हुन्छ. जस्तैः—

नाम राख्तछु भनेर युद्धमा
शत्रुवर्ग सब तंसिदै थियो।
राजरत्न! प्रभुवाट सर्वथा
नाम शेषगरि राखिवक्सियो ॥ २६० ॥

अर्थ.

'नाम राख्तछु' भनेर शत्रुवर्ग युद्धमा तंसिएको थियो. महाराज! प्रभुवाट त्यस्को नाममात्र शेष राखिवक्सियो.

संगति.

यहाँ नाम राख्नाका निमित्त कोशीस गर्ने शत्रुको त्यही कोशीसद्वारा नाममात्र राखिएको (अरु कुरा सिद्धिएको) बुझिनाले समालंकार पऱ्यो.

१८७ विषम.

अनुचितघटना (अयोग्ययोग) भएको वर्णनगर्दा विषमालंकार हुन्छ. जस्तैः—

क्षात्र तीव्रतर धर्म यो कहाँ ?
शीत शान्तिमय चित्त यो कहाँ ?।
यो विरुद्धघटना भयो जहाँ
लौकिकत्त्व नहुने भयो तहाँ ॥ २६१ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

तीव्रतर (अतिकडा) यो क्षात्र (क्षत्रियसंबन्धि) धर्म (स्वभाव) कहाँ ?, शान्तिपूर्ण स्वभावशीतल चित्त कहाँ ?, अर्थात् इ २ दुवैकुरा रहेको लौकिक एक आधार देखिदैन. यस्तो संयोगलाई विरुद्ध-घटना भन्दछन. श्री ३ महाराजरूप १ आधारमा मिथोविरुद्ध (परस्पर-विरोधी) इ २ कुराको घटना प्रत्यक्षसिद्ध भएको छ र 'श्री ३ महाराजरूपआधार लौकिक रहेन छ, अर्थात् अलौकिक (लोकोत्तर) रहेछ' भन्ने कुरा प्रमाणसिद्ध भयो.

१८८ विषम २

कारणानुसारी (कारणजस्तै) कार्य नभएर कारणस्वभावविपरीत(कारणको स्वभावको उल्टा) भएको वर्णन गर्दा पनि विषमालंकार हुन्छ.

जस्तै—

ऽऽऽ।।ऽ।ऽ।।।ऽऽऽ।ऽऽ।ऽ [शार्दूलविक्रीडित]

भूमीमण्डलसौख्यदानरसिकश्रीचन्द्रसंशेरको
बाहु त्राणगुणप्रधान जनक प्रख्यात जस्को थियो ।
मोटो त्यो अतुल प्रताप बलियो भूलोकमा फैलियो
सासै फेर्न नपाउने हुन गयो वैरी उसै खाँदियो ॥२६२॥

अर्थ.

अखण्डभूमण्डललाई आनन्दित गराउने स्वभाव भएका श्री ३ महाराजचन्द्रसंशेरजङ्गवहादूरराणाको वाहु त्राणगुणप्रधान (रक्षागर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभाव मुख्य भएको) र प्रतापको जनक (उत्पादक–पिता) भनी प्रख्यात थियो. त्यस्तबाहुबाट पैदा भएको मोटो र बलियो प्रताप ता भूलोकमा ढसमस्स भएर फैलियो र वैरिवर्ग सासै फेर्न नपाउने भएर घुञ्चिचामा परेझैं खाँदियो (थिचियो)। अथवा–त्यस्तो बलियो प्रताप फैलिनाले वैरिवर्ग सासैफेर्न नपाउने गरी खाँदियो (नबाच्ने गरी चुटियो)।

सङ्गति

यहाँ आनन्ददायकबाहुरूपकारणबाट पैदाभएको प्रतापरूप कार्य कारणगुणविरुद्धभएर दुःखदायक भएको बुझियो र विषमालंकार पऱ्यो.

१८९ विषम ३

इष्टकुराको प्राप्तिगर्न खोज्नेलाई इष्टकुरा ता कता हो कता, अनिष्टकुराको प्राप्ति भएको वर्णन गर्दा पनि विषमालंकार हुन्छ. जस्तै—

IISIISISIS–IISSIISISIS [सुन्दरी]

जयलुब्ध भएर युद्धमा
प्रभुका वैरिसमूह जो अडे ।
जय पाउनु ता कता कता
क्षय पाएर भए उ वेपता ॥ २६३ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'जयको प्राप्ति गर्न खोज्ने लाई बरु क्षयको प्राप्ति भयो,

CC-0. In Public Domain. Digitization by eGangotri

जय ता कता कता' भन्नाले इष्टकुराको अप्राप्ति र अनिष्टकुराको प्राप्ति बुझियो र विषमालंकार पऱ्यो.

१९० विधि.

स्वतः (त्यसै) जानिएका कुराको विधान गरेर क्यही गम्भीर अर्थ झल्काउँदा विधिनामकअलंकार हुन्छ, जस्तै—

।ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ।ऽ [पञ्चचामर]

जहाँजहाँ गएँ तहा, जहाँतहाँ नजर्दिएँ
दयालुमा उदारमा सुशीलमा प्रतापिमा ।
अरू अरू, प्रभु प्रभु प्रमाणसिद्ध यो भयो
अवश्य जन्तु जन्तु हो अवश्य सिंह सिंह हो ॥२६४॥

अर्थ.

जहाँसुकै गएर जस्लाई हेर्दा पनि, 'अरू अरूनै हुन्; प्रभु प्रभुनै हुन्' यो कुरा प्रत्यक्षप्रमाणसिद्ध ठहरियो. ठीक हो, जन्तु जन्तु हो, सिंह सिंह हो. अर्थात् अरू, अरू (दयादाक्षिण्यप्रभृतिगुण नभएका साधारण प्राणी) हुन्, प्रभु, प्रभु (प्रभुत्त्वदयादाक्षिण्यप्रभृतिगुणले पूर्णभएका लोकोत्तर पुरुष) हुन्. जन्तु, जन्तुनै (हूतिनभएको तुच्छ जानवरै) हो. सिंह, सिंह(पराक्रमी प्राणिविशेष) हो.

संगति,

यहाँ स्वतः जानिएका कुराको विधान गरेर गम्भीर अर्थ (दोस्रापदबाट झल्केको व्यङ्ग्यार्थ) बुझिनाले विधिनामक अलंकार पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१९१ प्रतिषेध.

स्वतः 'होइन' जनेर जानिएका कुराको निषेध गरेर क्यही अर्थान्तर झल्काउँदा प्रतिषेधालंकार हुन्छ. जस्तै—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

ई नाथ चन्द्रसमशेरबहादुर हुन्
ई होइनन् अरु मनुष्य अवश्य जाने ।
हे धृष्ट ! दुष्टजनहो ! अब कष्ट गर्नै
दुष्ट स्वभाव नगरे उपदेश माने ॥ २६५ ॥

अर्थ स्पष्ट छ.

यहां 'श्री ३ महाराज महाराजे हुन, अरू होइनन' यस्तो स्वतः जानिएको निषेध गरेर 'हे दुष्टहो ! तिमिहरू अरूबाट बचे पनि इन्बाट बच्ने छैनौ. तसर्थ अब सदाचारी होउ र बच' यस्तो अर्थान्तर झल्केको हुनाले प्रतिषेधालंकार पर्यो.

१९२ प्रौढोक्ति.

उत्कर्ष (अधिकता) मा कारण नभयेका वस्तुलाई कारण कल्पना गर्दा प्रौढोक्ति हुन्छ. जस्तै—

ऽ।ऽ।।।ऽ।ऽ।ऽ [रथोद्धता]

क्षीरसागर पुगेर आउँछन्
क्षीरपान गरि मध्यधारको ।

CC-0. In Public Domain. Digitization by eGangotri

भेद के छ ? मन ! भन्न शक्तछस् ?
क्षीरको र प्रभुका मुहारको ॥ २६६ ॥

अर्थ.

हे मन ! तँ क्षीरसमुद्र पुगेर त्यस्का माझका प्रवाहका क्षीर-(दुद) को पान गरेर आउँछस्,—लौ भनत !, त्यो तैले पिएका क्षीरको र श्री ३ महाराजका वचनको के फरक छ ?

संगति.

यहां—ज्यादा मधुरता देखाउनु परेको हुनाले, क्षीरसमुद्रका मध्यधारका क्षीरको र प्रभुका वचनको तुलना ता गरियो,—तर मध्यधारका क्षीरको र अलिकति वरपरका क्षीरको माधुर्यमा फरक हुदैन ता पनि वचनलेमात्र मधुरताका अधिकताका कारणता कल्पना गरियो र प्रौढोक्ति परयो.

१९३ व्याघात.

एकतरहको काम गर्ने स्वभाव भयेका वस्तु-लाई अर्कोतरहको कामगर्ने गराएर वर्णनगर्दा व्याघातालंकार हुन्छ. जस्तै —

ISSSSSIIIIISSIIIS [शिखरिणी]

अविद्यामा झुल्नू, विभवहरुमा लम्पट हुनू,
कुकर्मैमा राजी प्रतिदिन यथाशक्ति रहनू ।
हट्यो भन्छन् यस्तो प्रकृति प्रभुमा आढ्यहरुको
म भन्छू श्रीतिन्मा फगत पहिलो अक्षर घट्यो ॥२६७॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

'प्रभुत्त्व र घनाढ्यतावाट हुने–' अविद्यामा भुल्नू, विभवमा लम्पट हुनू, कुकर्मैमा राजी रहनू' ई ३स्वभावरूपप्रकृति श्री ३ महाराजमा निःशेषगरी हट्यो' भनी विचारवान्हरू भन्दछन. यता माथी देखाइएका ३ स्वभाव निःशेषगरी हटेका छैनन की,– ती ३ स्वभावलाई देखाउने ३ वाक्यको पहिलो अक्षरमात्र घट्यो * भन्दछु.

संगति.

यहां प्रभुत्त्वको र आढ्यताको स्वभाव 'अविद्यामा भुलाउनु, विभवमा लम्पट गराउनु, कुकर्मैमा राजी राख्नु; यस्तो हो तापनि श्री३महाराजमा प्रभुत्त्व र आढ्यताले त्यसो गरेन, भन्ने बुझियो र व्याघात पऱ्यो.

१९४ मिथ्याध्यवसिति.

क्यहिकुराको असंभव जाहेर गर्नाका निमित्त अर्को असंभूत (संभव नभयंको) कुरा कल्पना गर्दा मिथ्याध्यवसिति हुन्छ. जस्तै—

SS|S|||S||S|SS वसन्ततिलका

आकाशपिण्ड अति नील छ यो गलाइ
ल्हूल्त्राक सिद्धगर जाँगर खूब लाई ।

---

* अर्थात्–श्री३महाराजका अनुरोधले प्रभुत्त्व र आढ्यताले स्वभावको पहिलो अक्षरमात्र घटाएर 'विद्यामा भुल्नू, भवहरूमा (शंकर प्रभृतिपञ्चायतनदेवतामा) लम्पट हुनू, कर्मैमा (कर्तव्यमा मात्र) राजी रहनू, यस्तो अन्यदुर्लभ प्रकृति राखिदियो. अन्यत्रलाई यस्तो मुलाहिजा गर्दैन.

CC-0. In Public Domain. Digitization by eGangotri

हेमित्र ! उत्तम मषी नहुने नदेखे
त्यस्ले महाप्रभुचरित्र समग्र लेखे ॥२६८॥

पदार्थ स्पष्ट छ.

यहाँ–'हामीहरूजस्ता तुच्छवुद्धिवाट श्री३महाराजको चरित्र लेख्नु असंभव छ' यो कुरा सिद्ध गर्नालाई, 'आकाशपिण्डको मषी वनाएर त्यसैले समग्र प्रभुचरित्र लेख' यस्तो असंभूत अर्को कुरा कल्पना गरेको हुनाले मिथ्याध्यवसिति पर्‍यो.

१६५ लेश.

दोषलाई गुण, गुणलाई दोष, गराएर वर्णन गर्दा लेशालंकार हुन्छ. जस्तै–

।।ऽ ।।ऽ।ऽ।ऽ–।।ऽऽ।।ऽ।ऽ।ऽ [सुन्दरी ३]

अरु सर्पहरू स्वतन्त्र छन्
मनको मौज गरेर डुल्दछन् ।
तिमि शेष ! वडा वली थियौ
पृथिवीको स्थिर भार यो लियौ ॥२६९॥

पदार्थ स्पष्ट छ.

यहां अरू (बलनहुने) सर्पको स्वतन्त्रता देखाउनाले बलहीनतारूपदोष स्वतन्त्रतारूपउपकारगर्ने गुण भएको बुझियो. त्यस्तै बलवान्शेषनागको नित्यपृथिवीभारधारण देखाउनाले बलिष्ठतारूपगुण नित्यभारधारणरूपअपकार गर्ने दोष भएको बुझियो र लेशालंकार पर्‍यो यस्तो यो अप्रस्तुतसर्पवृत्तान्त र शेष-वृत्तान्तवाट प्रस्तुत साधारणजनवृत्तान्त र श्री३महाराजको भूलोक

CC-0. In Public Domain. Digitization by eGangotri

पालनप्रयासवृत्तान्त झल्केको हुनाले अप्रस्तुतप्रशंसानामक अलंकार-द्वारा 'उदाहरणमा महाप्रभुकै गुणगान गरुला' भन्ने संकल्पको सत्यता हुन्छ,

१९६ विकल्प.

'परस्परविरोधि २ कुरामध्ये जुन् भए पनि यौटा कुरा हवोस्' भनेर वर्णन गर्दा विकल्पालंकार हुन्छ. जस्तै—

ऽऽ।ऽ।।।ऽ।।ऽ।ऽऽ [वसन्ततिलका]

की धैर्यसाथ रणमा हतियार्समाऊ
की चन्द्रका चरण आदरले समाऊ।
हेवैरिवर्ग ! अब वेर भने न लाऊ
अर्को उपाय अब छैन अवश्य जाऊ ॥ २१०॥

अर्थ स्पष्ट छ.

यहाँ—'हतियार्समाए चरणसमाउन नपर्ने, चरणसमाए हतियार्समाउन नपर्ने, ई २ परस्परविरोधीकुरामध्ये यौटा चाहे हवोस्' भन्ने बुझियो र विकल्प पऱ्यो.

१९७ उल्लास १.

यौटाका गुणबाट अर्कोलाई गुण (फायदा) भएको वर्णन गर्दा उल्लासालंकार हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ ४]

प्रकाश विद्यालय जो हुँदाभए
अनेक विद्यापरिपूर्ण राज्यमा।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश आयो तव यो अपूर्व को
प्रजाहरूका हृदयारविन्दमा ॥ २९१ ॥

अर्थ.

श्री३महाराजका असीमकृपाद्वारा अनेक विद्यालय राज्यमा प्रकाश भए (स्थापित भए)। त्यसो हुनाले प्रजाहरुका हृदयकमलमा प्रकाश (ज्ञान) आयो.

सङ्गति.

यहाँ विद्यालयका प्रकाशरूपगुणवाट प्रजाका हृदयारविन्द-लाई प्रकाशरूपगुण भएको हुनाले उल्लास पऱ्यो.

१९८ उल्लास २.

यौटाको दोषवाट अर्कालाई दोष नएको वर्णन-गर्दा पनि उल्लास हुन्छ. जस्तैः—

कठोर तापज्वर खूब फैलियो
गरेर ऐरी जव वैरिवर्गमा ।
नयो तुरन्तै तव सन्निपातको
प्रकोप उन्कै परिवारवर्गमा ॥ २९२ ॥

अर्थ.

श्री३महाराजका विपक्षदलमा संतापरूपज्वर फैलियो, उन्को परिवारमा सन्निपातको प्रकोप भयो.

सङ्गति.

यहाँ वैरिवर्गका सन्तापज्वररूपदोषवाट परिवारवर्गलाई सन्नि-पातरूपदोष भएको बुझिनाले उल्लास पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

१९९ उल्लास ३.

यौटाका गुणबाट अर्कालाई दोष भएको वर्णन-गर्दा पनि उल्लास हुन्छ. जस्तैः—

प्रचण्ड दुर्धर्ष अखण्ड फैलियो
प्रताप पृथ्वीभरि तीव्रवेगले ।
विपक्षका पक्ष नरेन्द्रचन्द्रका
अनन्त संताप हुँदा उसै गले ॥ २७३ ॥

अर्थ.

श्री३महाराजको प्रचण्ड (भयंकर) दुर्धर्ष (हेप्न नशकिने) अखण्ड (सर्वव्यापी) प्रताप पृथ्वीभरि बडोवेगले फैलियो र विपक्षका पक्ष (वैरिवर्ग) अनन्तसंतापले गले.

२०० उल्लास ४.

यौटाका दोषबाट अर्कालाई गुण भएको वर्णन गर्दा पनि उल्लास हुन्छ. जस्तैः—

जहाँ प्रजापीडक दुष्ट जालिले
सजाय पाए घटिया स्वभावले ।
तहाँ महाराज ! मजा छ नित्यको
प्रजाहरूमा प्रभुका प्रभावले ॥ २७४ ॥

अर्थ.

महाराज ! प्रजालाई दुःख दिने जालिहरुले उचित सजाय पाए र प्रजाहरुलाई आनन्द भयो.

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहाँ सजायपाउनुरूपदोषबाट मजापाउनुरूपगुण भएको बुझियो र उल्लास पर्‍यो. अथ वा—

।ऽ।ऽऽ।।ऽ।ऽऽ [उपेन्द्रवज्रा]

जहाँतहाँ शत्रुसमूह गर्छन्
मुखै अँध्यारो मन झन् अँध्यारो ।
तसर्थ हामीहरु नित्य गर्छौं
मुखै उज्यालो मन झन् उज्यालो ॥ २३५ ॥

अर्थ स्पष्ट छ.

यहाँ पनि शत्रुको मुखअध्यारोगर्नुरूपदोषबाट हामीहरूलाई मुखउज्यालोगर्नुरूपगुण भएको बुझियो र उल्लास पर्‍यो.

२०१ अवज्ञा २.

यौटाको गुणबाट अर्कालाई गुण (फायदा) नभएको वर्णनगर्दा अवज्ञालंकार हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

जहाँतहाँ कीर्ति दयानिधानकी
अपूर्व आह्लाद गराउँदी जइन् ।
हुँदैन आह्लाद तथापि शत्रुमा
डुलेर उनका घरमा वृथा गइन् ॥ २३६ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ कीर्तिका आह्लादरूपगुणवाट शत्रुलाई आह्लादरूपगुण नभएको बुझिनाले अवज्ञा पऱ्यो.

२०२ अवज्ञा २.

यौटाको दोषवाट अर्कालाइ दोष (नुक्सान) नभएको वर्णनगर्दा पनि अवज्ञा हुन्छ. जस्तैः—

ISISSIISISS [उपेन्द्रवज्रा]

गरे गरोस् शत्रुसमूह राजन् !
मुखै अँध्यारो मन झन् अँध्यारो ।
हुँदैन हाम्रो करुणानिधान !
मुखै अँध्यारो मन झन् अँध्यारो ॥ २११ ॥

अर्थ स्पष्ट छ.

यहाँ शत्रुको मुखअँध्यारोगर्नुरूपदोषवाट हामीलाई मुखअँध्यारोगराउनुरूपदोष नभएको बुझियो र अवज्ञा पऱ्यो.

२०३ अनुज्ञा.

दोषमा पनि क्यही उत्तम गुण देखेर त्यही दोषको खायश गरेको वर्णन गर्दा अनुज्ञालंकार हुन्छ. जस्तै—

CC-0. In Public Domain. Digitization by eGangotri

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

गरीवमाथी करुणानिधानको
अपूर्व उस्तो करुणा हुँदै गयो ।
धनाढ्यताले फल हुन्छ के ? सफा
नफा गरीबै रहँदा हुने भयो ॥ ३७८ ॥

अर्थ र सङ्गति.

यहाँ 'श्री ३ महाराजवाट गरीवका उपर अपार करुणा गरिबक्सिएको हुनाले म पनि यो रहलाग्दो करुणा पाउने थिएँ, यो धनाढ्यताले केही फलसिद्धि हुन शकेन, गरीबै रहनामा नाफा देखियो' यस्तो धनाढ्यको योउक्तिवाट दरिद्रतारूपदोषमा करुणानिधानकोकरुणापात्रहुनपाइनुरूपगुण देखिएर त्यसैको खायश गरेको बुझियो र अनुज्ञा पऱ्यो.

२०४ कारकदीपक.

क्रमैले हुने अनेकक्रियामा यौटा कर्तृकारकको संबन्धवर्णनगर्दा कारकदीपक हुन्छ. जस्तै—

ऽऽऽऽऽ।ऽऽ।ऽऽ [शालिनी]

पढ्छन् गुन्छन् लेख्तछन् जाँच दिन्छन्
प्रज्ञाशाली * योग्य + उत्तीर्ण ¶ हुन्छन् ।

---

* बुद्धिमान्. + लायक. ¶ पास.

CC-0. In Public Domain. Digitization by eGangotri

दर्जा लिन्छन् नाथको यो प्रबन्ध-
द्वारा रैती पूर्ण उद्योग गर्छन् ॥ ३७ए ॥

अर्थ स्पष्ट छ.

यहाँ कर्तृकारकवाचक (देखाइएका क्रियापदका कर्तालाई कहने) रैतीशब्दको कर्मैलेहुने पढ्छन् गुन्छन इत्यादिअनेकक्रिया-पदमा संबन्धवर्णन गरेको हुनाले कारकदीपक पऱ्यो.

२०५ समुच्चय १

एककालमा अनेकक्रिया भएको वर्णन गर्दा समुच्चय हुन्छ. जस्तै—

SSS||S|S|||SSS|SS|S [शार्दूलविक्रीडित]

निद्रा वर्जित गर्दछन्, समयमा आहारको संझना
गर्दैनन्, पछितो गरेर मनको सन्तापमा पर्दछन्, ।
श्रीमान् चन्द्रनरेन्द्रका विषयमा शत्रुत्व जो गर्दछन्
ती दुर्बुद्धि उपाय केहि नहुँदा आखीरमा मर्दछन् ॥

अर्थ स्पष्ट छ.

यहाँ श्री ३ महाराजका विषयमा शत्रुतागर्ने दुर्बुद्धिहरूको एकै-कालमा—ननिद्राउनु—नखानु—संताप गर्नु, इत्यादिअनेकक्रिया भएको बुझियो र समुच्चय पऱ्यो.

२०६ समुच्चय २

यौटै कारणवाट क्यहिकुराको सिद्धि हुन शक्नेमा

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैकारण देखाइए जने पनि समुच्चय हुन्छ. जस्तै-

SS|S|||S||S|SS [वसन्ततिलका]

गाम्भीर्य[1] शौर्य[2] करुणा[3] स्थिति[4] धर्म धैर्य
नीतिप्रबोध[5] हरु पूर्ण जहाँ रहन्छन् ।
ती नाथचन्द्रसमशेरनरेन्द्रलाई
भूभाग्य हुन् जनि इनै गुणले कहन्छन् ॥ २८१ ॥

अर्थ स्पष्ट छ.

यहां योटैगुणले पूर्ण भएपनि पृथिवीको भाग्यवत्ता हुनशक्नेमा अनेकगुणद्वारा भाग्यवत्ता देखाएको हुनाले समुच्चय पर्‍यो.

२०७ पर्याय

यौटावस्तुले यौटाआधार छाडेर अर्काआधारको आश्रयणगरेको वर्णन गर्दा पर्यायालंकार हुन्छ. जस्तै -

|S|SS||S|S|S [वंशस्थ २)

(१) अवर्णनीयस्थिति[6] अन्धकार जो
प्रजाहरूका मनमा छँदैथियो ।
विशालविद्यालयकाँ[7] प्रभावले
हट्यो तहांबाट सबै निकालियो ॥ २८२ ॥

---

१ गंभीरता. २ शूरता. ३ दया ४ मर्यादा. ५ नीतिज्ञान.
६ यस्ता प्रकारले रहेको छ भनेर वर्णनगर्न नशक्किने.
७ पाठशाला-कालेजहरुका

CC-0. In Public Domain. Digitization by eGangotri

(२) अँडेर आधार न पाउने त्यो
हटेर घुम्दै अरिवर्गमा[१] गयो ।
तहां रहन्थ्यो निजरूपले[२] कहां
रह्यो सदा यो भयरूपले[३] तहां ॥ २८३ ॥

अर्थ स्पष्ट छ.

यहां प्रजाका मनमा रहेका अन्धकारले त्यो मनरूप आधार छाडेर अर्को वैरिवर्गरूप आधारको आश्रयण गरेको बुझियो र पर्याय पर्‍यो.

२०८ पर्याय २

यौटा आधारमा अनेक आधेय (रहने वस्तु) रहेको वर्णन गर्दा पनि पर्याय हुन्छ जस्तै-

SSSIISISIIISSSISSIS [शार्दूलविक्रीडित]

डुङ्गा जर्जर[४] जीर्ण[५] साँघु रहँदा नुक्सान हुन्थ्यो जहाँ
पक्का पूल तयार छन् अब तहाँ नुक्सान होला कहाँ ? ॥
'श्रीमान् चन्द्रमहीन्द्रको जय रहोस्' भन्दै सरासर्सदा
हिड्छन् पान्थ[६] पवित्र कीर्ति मनले संझेर राजी छँदा ॥२८४॥

अर्थ स्पष्ट छ.

यहां थोत्रा डुङ्गा र सांघु भएका ठाउमा पक्का पूल रहेको बुझिनाले पर्याय पर्‍यो.

---

१ शत्रुका समूहमा २ आफ्नै खासस्वरूपले. ३ डरको स्वरूप लिएर ४-५ थोत्रा. ६ पथिक.

CC-0. In Public Domain. Digitization by eGangotri

२०९ अल्प.

आधेयलाई सानुकल्पना गरेर आधारलाई झन् सानु कल्पना गर्दा अल्पालंकार हुन्छ. जस्तै--

ISISSIISISIS [वंशस्थ २]

रहन्छ राजी अतिदर्शनीय जो
प्रजाहरूका नयनारविन्दमा[1] ।
पवित्र सो गात्र[2] दयानिधानको
रह्यो उनैका हृदयाणुमध्यमा[3] ॥ २८५ ॥

अर्थ स्पष्ट छ.

यहाँ प्रजाका नेत्रकमलमा रहने (अट्टाउने) प्रभुका गाथको सूक्ष्मता (सानूपना) कल्पनागरेर त्यो गाथको मुख्यआधार प्रजाहरूको हृदयपरमाणु कल्पनागरिएको हुनाले अल्पालंकार पऱ्यो.

२१० अधिक.

ठूलो आधारमा पनि आधेय नअट्टायेको वर्णन गर्दा अधिकालंकार हुन्छ. जस्तै---

अटाइनन् भारतवर्षमा* पनी
प्रतिक्षण¶ प्रोज्ज्वल‡ कीर्ति बढ्दछिन् ।
पुगेर यूरोप§ सरासर प्रभो !
तहाँ सबैका मुख गौर‖ गर्दछिन् ॥ २८६ ॥

---

१ कमलतुल्यनेत्रमा. २ गाथ. ३ हृदयरूपपरमाणुका मध्यमा. *हिन्दुस्थानमा. ¶दरक्षणमा. ‡साह्रै उज्याली. §विलायत. ‖उज्याला.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ हिन्दुस्थानरूपी ठूलो आधारमा कीर्तिरूपी आधेय नअट्टाएको बुझिनाले अधिकालंकार पऱ्यो.

२११ असंभव.

कसैवाट नपत्याइशकिने काम भएको वर्णन-गर्दा असंभवालंकार हुन्छ. जस्तैः—

SSSS।SS।।।।।।SS।SS।SS [स्रग्धरा]

'काला पुड्का रहेछन्, तिनिहरु कसरी लड्दछन् ? शूरताको
निस्सा क्यै छैन,' आऊन किन सभय हुनू ? तुच्छ केगर्न शक्छन् ?
जस्को आकार सुन्दा मन अभय गरी शत्रु यो तर्क गर्छन्
गोर्खाली वीर त्यस्ता जबर जब हुकुं नाथको माथ धर्छन् ॥२८७॥
(२) किल्लाका साम्नु पर्छन्, मन अचल गरी युद्धमा धैर्य धर्छन
गोली चौतर्फ छर्छन्, अगणित बलिया शत्रुको प्राण हर्छन् ।
गोर्खाको कीर्ति भर्छन, अटल बलधरी वारको पार तर्छन,
त्रैलोक्यैमा निडर् छन, रणरसिक महाशूरमा नाम दर्छन् ॥२८८॥

अर्थ स्पष्ट छ.

यहाँ—प्रभुका ह्रस्वाकार आडम्बरशून्यफौजले शत्रुहरुले नपत्याइशकेको काम गरेको वर्णनगरियो र असम्भव पऱ्यो.

२१२ प्रत्यनीक

शत्रु अतिबलवान् हुनाले त्यस्का उपर पराक्रम गर्न नशकेर शत्रुको संबन्ध परेको अरुमाथि परा-

CC-0. In Public Domain. Digitization by eGangotri

क्रम (चढाई) गरेको वर्णन गर्दा प्रत्यनीकालंकार हुन्छ. जस्तैः—

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

जितेर षड्वर्ग खटाइबक्सियो
मदप्रमाथी दमलाइ साथमा ।
दगा धरेर प्रभुका गजेन्द्रको
चढ्यो मद व्याप्त गरेर माथमा ॥ २८ए ॥

अर्थ.

प्राचीन राजर्षिहरुका समानशील (तुल्यस्वभाव) होइबक्सिएका श्री ३ महाराजबाट षड्वर्गशत्रु (काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य नाम-भएको शत्रु) समूहलाई परास्त गरिबक्सनुभयो र, षड्वर्गमध्यमा अतिबलवान् भएको मदलाई* समेत जित्न शक्नेइन्द्रियनिग्रह र बलस्व-रूपी दम§ नाम भएको वीर आठपहरियालाई आत्मरक्षाका निमित्त नित्य साथमा राखिबक्सियो. परन्तु परास्त भएका तीर्द शत्रुमध्ये यौटा मदले दगा लियो र दमले सेवागरिएका खास प्रभुमा जोर

---

* विचार बुद्धिलाई नाशगर्ने मद (घमण्ड) ले जत्तिको सत्या-नाश गर्दछ, काम-क्रोध-प्रभृति अरु ले त्यत्तिको नाश गर्न शक्तैनन्. होनहार मानिसको मुख्यशत्रु मद हो.

* मदेनान्धीकृताः सन्तः क्षयं याता यथा जनाः ।
न तथान्यैर्नृभूपूर्णां प्रतिपक्षो महान् मदः ॥

§ दुनियाको बुद्धिलाई ग्रास गर्ने प्रतिक्षण फैलिने मदरूपअन्ध-कारको संहार गर्नालाई मदको उल्टोप्रकृतिहुने दम (इन्द्रियनिग्रह) नै सूर्य हो.

§ जगन्मतिग्रासकरं प्रतिक्षणविसृत्वरम् ।
मदान्धकारं संहर्तुं दम एव दिवाकरः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

नचल्ने हुनाले प्रभुकासवारीकाहात्ति¶का माथमा जतातते त्यो मद¶चढ्यो संगति.

यहाँ परास्त भएका मदले प्रभुमा चढाइ गर्न नशकेर, प्रभुका गजेन्द्रका उपर चढाइ गरेको बुझियो र प्रत्यनीक अलंकार पऱ्यो.

२१३ रत्नावलि.

प्रसिद्धक्रमानुसार कोही वस्तुको स्थिति-वर्णनगरेमा रत्नावलिनामक अलंकार हुन्छ जस्तैः-

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ २]

प्रजापति* स्पष्ट जनएर योगले‡

प्रसिद्ध लक्ष्मीपति§ होइबक्सियो ।

महेशता¶ नित्य रहन्छ, गाथमा

पवित्र देवत्रय॥ राखिबक्सियो ॥ २९० ॥

अर्थ स्पष्ट छ.

यहाँ योगरूढ अर्थको आश्रयण गरेर श्री ३ महाराजका गाथमा ब्रह्मा-विष्णु-महेश्वरको क्रमानुसार स्थितिवर्णन हुनाले रत्नावलि पऱ्यो"

२१४ भाविक.

भूत-भविष्यत्कालका वस्तुको साक्षात्कार (वर्तमानता)

¶ षड्वर्गमध्यको मद र हातिका माथको मद भिन्न हो ता पनि श्लेषमूलकअभेदाध्यवसायले अभिन्न ठहराएर यो कल्पना भयो.

* प्रजाका मालीक र ब्रह्मा. ‡ शब्दका अन्वयवार्थले र उपायले. § लक्ष्मी (धन) का मालिक र विष्णु. ॥ ठूलो प्रभुत्व र महेश्वरत्व.

¶ ३ देवताको समूह.

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन गरेमा भाविकालंकार हुन्छ. जस्तै–

।।ऽ।।ऽ।ऽ।ऽ–।।ऽऽ।।ऽ।ऽ।ऽ [सुन्दरी]

प्रभुको सरस स्वरूप यो
स्थिर जस्को अघि नेत्र मा भयो ।
उहि झल्झलि देखिंदै गयो
अझसम्म स्थिर नेत्रमा छ यो ॥ २७१ ॥

अर्थ स्पष्ट छ.

यहाँ भूतकालमा दृष्टिगोचरभएका प्रभुस्वरूपको अद्यावधि नेत्रमा वर्तमानता बुझियो र भाविक पऱ्यो. अथवा.

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

अनेकविद्यापरिपूर्णता हुँदा
मनुष्यको जन्म कृतार्थनै गरे ।
अवश्य ऐले सहजैन रैतिले
प्रभो ! अविद्यामय सागरै तरे ॥ २७२ ॥

अर्थ र सङ्गति.

'प्रभुबाट हालमा स्थापित गरिबक्सिएका विशालविद्यालयका प्रभावले रैतिहरू विद्यापरिपूर्ण भए, अविद्यामयसागरका पार पुगे, तिन्ले मनुष्यको जन्म कृतार्थ गरे' भन्नाले पछी कालान्तमा हुने विद्यापूर्णतालाई सिद्धवत् गरेर (ऐल्यै भएको ठानेर) वर्तमानता गराएको हुनाले दोस्रोप्रकारको (भविष्यत्कुरालाई वर्तमान गराउँदा मानिएको) भाविक पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

२१५ पिहित.

कसैले अर्काको वृत्तान्त जानेर साभिप्राय चेष्टा-द्वारा त्यो वृत्तान्त लोकमा प्रकाश गरेको वर्णन गर्दा पिहितालंकार हुन्छ. जस्तै—

SSSSSISSISS [शालिनी]

जो जो फर्के वीर उन्लाइ भत्ता
जागीर्पूरा बक्सियो योग्य दर्जा ।
कार्यज्ञाता नाथलाइ स्वभावै
यस्तो गर्दा वीरले हुन्न हर्जा ॥ २५७३ ॥

अर्थ र संगति.

‘युद्धयात्रावाट फर्केका वीरहरूलाई, भत्ता–पूरा जागीर-योग्य दर्जा बक्सिने स्वभाव गरिबक्सिएका श्री ३ महाराजलाई कहिल्यै-पनि वीरले हर्जा (खाँचो) हुँदैन’ भन्नाले आफुमा जाहेर भएको वीरहरूको विजय वृत्तान्तलाई-भत्ताप्रभृतिबक्सनुरूपचेष्टाद्वारा लोकमा प्रकाश गरिबक्सिय को बुझियो र पिहित पर्‍यो.

२१६ गूढोक्ति.

यौटाको उद्देश गरेर अर्कासँग क्यही कुरा गरेको वर्णन गर्दा गूढोक्ति हुन्छ. जस्तै—

CC-0. In Public Domain. Digitization by eGangotri

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ ७]

असह्य सन्ताप हुँदा जहाँतहाँ
अवश्य तिम्रा गुण गाउँदै थिएँ।
रहोस् सदा यो उदय स्थिरै भनी
स्वचित्तले चन्द्र ! मनाउँदै थिएँ ॥ २९४ ॥

अर्थ स्पष्ट छ.

यहाँ श्री ३ महाराजको उद्देश गरेर प्रभुकृपाभिलाषी कोहिभक्तले चन्द्रमा सँग यस्तो उक्तिगरेको हुनाले गूढोक्ति पऱ्यो.

११७ विशेष.

अनेकसमानवस्तुमध्यमा रहेको हुनाले कोही वस्तु नचिह्निने जएमा कांहीकारणले पछी चिह्निन जएको वर्णन गर्दा विशेषालंकार हुन्छ. जस्तै—

यथार्थ हो यो अथवा स्वरूप यो
प्रकल्पितै हो जनि गौर गर्दछन् ।
उदार वाणी प्रभुको सुने जने
ति भक्त मन्मा अति मग्न पर्दछन् ॥२९५॥

अर्थ र सङ्गति.

'निरन्तर प्रभुको ध्यान गर्दा र प्रभुलाई ध्यानका प्रभावले सर्वत्र देख्न लागेका भक्तहरू प्रभुको यथार्थस्वरूप देखेका वेला मा पनि, 'यो स्वरूप ध्यानकल्पित हो की ! पारमार्थिक हो ?' भन्ने संशयमा पर्दछन. प्रभुको वचन सुने पछि यथार्थस्वरूपको दर्शन

CC-0. In Public Domain. Digitization by eGangotri

पाएका रहेछौं भनेर प्रसन्न हुन्छन' भन्नाले 'ध्यानकल्पितअनेक स्वरूपमध्यमा रहनाले नचिह्निने भएको प्रभुस्वरूप वचनद्वारा पछी चिह्निने भएको' वर्णन गरियो र विशेष पऱ्यो.

२१८ सामान्य.

अनेकसमानवस्तुमध्यमा रहेको कोहीवस्तु भिन्न (छुट्टै) देखिएर पनि नचिह्निने भएको वर्णन गर्दा सामान्यालंकार हुन्छ. जस्तै—

निरन्तर ध्यान धरेर नाथको
स्वरूप सर्वत्र समक्ष देखियो ।
स्वरूप देख्ता प्रभुको यथार्थको
दयासुधासागर ! भक्त झुक्कियो ॥ २१६ ॥

अर्थ र संगति.

'निरन्तर प्रभुको ध्यानगर्नाका बलले प्रभुको स्वरूप सर्वत्र प्रत्यक्ष देखिन लाग्यो, काकतालीययोगले त्यसै अवस्थामा प्रभुको पारमार्थिक (साँचो) स्वरूपको दर्शन पाउदा पनि ध्यानकल्पितस्वरूप ठान्ने भक्त झुक्कियो' भन्नाले समानमध्यमा मिलेको पारमार्थिकस्वरूप देखिएर पनि नचिह्निने भएको बुझियो र सामान्य पऱ्यो.

२१९ मीलित.

दूदपानीझैं मिलेको कुनै वस्तुको भेद (फरक) नदेखिएको वर्णनगर्दा मीलितालंकार हुन्छ जस्तै-

CC-0. In Public Domain. Digitization by eGangotri

समस्तभूमीतलमा प्रकाशले
अखण्ड कीर्ति स्थिर जो हुँदै गई ।
दयामहासागर ! चन्द्र ! चन्द्रकी
उ चन्द्रिका भिन्न न देखिने भई ॥ २१७ ॥

अर्थ र सङ्गति.

'महाराज ! दयासागर ! सर्कारकी कीर्ति समग्रभूमण्डलमा प्रकाशले (उज्यालोपनले) अखण्ड (एकाकार) भई र ख्वास चन्द्रकी चन्द्रिका छुट्टै देखिन छाडी' भन्नाले कीर्ति र चन्द्रिका दूदपानीझैं मिलेर नछुट्टिने भएको बुझियो र मीलित पऱ्यो.

२३० उन्मीलित,

दूदपानीझैं मिलेका कुनै वस्तुको भेद नदेखिने भएमा, केही कारणान्तरले भेद बुझिने भएको वर्णन गर्दा उन्मीलितअलंकार हुन्छ. जस्तै—

चिह्नाउनै शक्तिन शुक्लपक्षमा
स्वरूपले कीर्तिर चन्द्रिका मिले ।
सुन्यौ ? अमाका दिनमा चिह्नाउँला
अवश्य मित्र ! प्रिय ! साँझमा मिले ॥२१८॥

अर्थ.

प्यारे ! दोस्त ! 'श्री ३ महाराजकी कीर्ति चिह्नाइदेउ' भन्दछौ, ऐले शुक्लपक्षमा म चिह्नाउन शक्तिन. सुन्यौ ? औंसीका दिन साँझमा मसँग आए चिह्नाइदिउला. आए नविर्से.

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहाँ शुक्लपक्षमा कीर्तिसित एकरूपले मिलेकी चन्द्रिकाको भेद नदेखिने भएकोमा औंसीको दिनरूपकारणद्वारा कीर्ति चिह्निने भएको (चन्द्रिका नभएका टाइममा रहने कीर्ति हो भनेर जानिने) वर्णन गरियो र उन्मीलित पर्‍यो.

२२१ तद्गुण.

कसैले आफ्नू गुण छाडेर अर्काको गुण लिएको वर्णन गर्दा तद्गुणालंकार हुन्छ. जस्तै—

निरन्तर ध्यान धरेर शम्भुका
स्वरूपमा चित्त रहन्छ नाथको ।
तसर्थ कर्पूरसमान गौर यो
हुने जयो राग विलाउँदै गयो ॥ २११ ॥

अर्थ.

श्री ३ महाराजको चित्त शङ्करजीका स्वरूपमा डुबेको हुनाले कर्पूरसमानशुद्ध भएर आफुमा रहेको राग (विषयस्पृहा र लाली) छाडेर ध्यानलीन भयो.

सङ्गति.

यहाँ चित्तले आफ्नू रागरूपगुण छाडेर शङ्करजीका स्वरूपको गौरतारूप गुण लिएको बुझियो र तद्गुण पर्‍यो.

२२२ पूर्वरूप.

अर्को अवस्था हुँदा पनि पहिलेका अवस्थाको

CC-0. In Public Domain. Digitization by eGangotri

चालचलन नएको वर्णन गर्दा पूर्वरूपालंकार हुन्छ. जस्तै-

उ-दास छैनन् र अवश्य चित्तका
मजा उडाए अब शान्त-चित्त छन् ।
मिले उ-ज्याला सब पेट भर्दछन्
पुरानु चाला अफ शत्रु गर्दछन् ॥ ३०० ॥

अर्थ.

अघी जो मानिस उदास (चित्तउडेका) थिएनन्. अवश्य (स्वच्छन्द) थिए. चित्तका मजा (आनन्द) उडाउँथे (भोग्दथे) शान्तचित्त थिए. उज्याला (भट्कीला) भएर मिले (सवैजहानवच्चाएकत्र भए) अनि पेट भर्थे. आज उनै मानिसका प्रभुमा विरोध परे पछि, उ (पहिलेका) दास (नोकर) छैनन्. उन्ले मनका मजा अवश्य (पक्का) उडाए (गुमाए) । उ अब शान्त (ठंढाराम) भए अब चिन्ताले चित्त (उत्ताना परेका) छन्. उ ज्याला पाए भने पेट भर्दछन (नत्र भौकै रहन्छन्) । यस्ता प्रकारले अझ पनि शत्रु-हरू आफ्नू पुरानु चाला गर्दछन.

संगति.

यहाँ अकैंअवस्थामा पुगेका शत्रुहरुको प्राचीनअवस्था र आधुनिक अवस्था श्लेषद्वारा समानतया वर्णनगरियो र पूर्वरूप पऱ्यो.

२२३ युक्ति.

आफ्नू मर्म (रहस्य) लुकाउनाका निमित्त क्यहीकाम गरेर अर्कालाई छकाएको वर्णन गर्दा युक्तिनामक अलंकार हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

SSISIIISIISISS [वसन्ततिलका]

चौगिर्द मर्दहरु खूव तयार जानी
श्रीचन्द्रको अतुल नाम सुनेर वैरी ।
हेमन्तमा पनि खन्याउँछ खूव पानी
के? हेतु हो सुजनहो! गर खूव ऐरी ॥ ३०१॥

अर्थ र सङ्गति.

'चारैतर्फ मर्दहरु तयार भएको देखेर, श्री३महाराजको नाम सुन्ने वैरिले मीनपचासको चीसो पानी खत्यायो,- के? कारण हो, हेभलेमानिसहो! खूव खोज गर' भन्नाले 'डरले हुनलागेको कम्पलाई वेमालूम गराउँ' भन्ने आशयले 'चीसो पानी खत्याएर जाडाको कम्प हो भन्ने भान पारेर काँम्न लागेछ' भन्ने कुरा बुझियो र युक्त्यलंकार पऱ्यो.

२२४ अतद्गुण.

अर्काको गुण लिनु पर्ने योग्यता हुँदा पनि गुण नलिएको वर्णन गर्दा अतद्गुण हुन्छ. जस्तैः—

ISISSIISISIS [वंशस्थ ६]

गडेर्न तीखो यश वैरिवर्गका
बडो धमीलो मनमा छँदैथियो ।
अपूर्व आश्चर्य जयो तथापि यो
जएर झन् निर्मल खूव फैलियो ॥ ३०२ ॥

अर्थ स्पष्ट छ.

यहाँ शत्रुका धमीलो मनमा गाडिएको यशले धमीलोपना लिनुपर्नेमा नलिएको बुझियो र अतद्गुण पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

२२५ निरुक्ति.

अर्को अर्थ भएका नामको योगद्वारा अर्कै अर्थ कल्पनागर्दा निरुक्तिनामक अलंकार हुन्छ. जस्तैः

अगम्य* गम्भीर थियो तथापि यो
यथार्थताले नय¶ खूब पालियो ।
महीन्द्रचन्द्रप्रभुका प्रभावले
यथार्थनामा‡ नयपाल यो भयो ॥ ३०३ ॥

अर्थ स्पष्ट छ.

यहाँ रूढि (प्रसिद्धि) ले देशविशेषलाई कहने नयपाल-शब्दको योगार्थद्वारा ('नयको पालना जहाँ हुन्छ, त्यो नयपाल कहिन्छ' यस्तो प्रकृतिप्रत्ययांशको अनुसन्धानगर्नुपर्ने व्याकरणानुसारिअर्थद्वारा) अर्कै अर्थ ('नीतिको पालना गरिने ठाउँ' भन्ने अर्थ) गरेको हुनाले निरुक्ति पर्‍यो.

२२६ निरुक्ति.

शब्दको निर्वचन (अर्थप्रकाश) मात्र गर्दा पनि निरुक्ति हुन्छ. जस्तैः—

अनन्त-संताप हटाउनें गरी
असीम* आह्लाद गराइबक्सियो ।

---

* बुझ्नि नशकिने. ¶ निसाफ. ‡ नामअनुसारकामभएको.
* सीमा नभएको अर्थात् अति ठूलो.

CC-0. In Public Domain. Digitization by eGangotri

दयासुधासागर! चन्द्रशब्दको
यथार्थता सत्य गराइवक्सियो ॥ ३०४ ॥

अर्थ र संगति.

'आह्लाद गर्नाले चन्द्रशब्द यथार्थ भयो' भन्नाले चन्द्रशब्दको अर्थप्रकाश¶ भयो र निरुक्ति पऱ्यो.

२२७ व्याजोक्ति.

प्रकट हुनलागेका कुरालाई लुकाउनाका निमित्त व्याजले (छलले) क्यहीं उक्ति (वचन) गरेको वर्णनगर्दा व्याजोक्ति हुन्छ. जस्तैः—

'शरीरमा कम्प गरेर वात यो
सबै बल क्षीण गराउँदै गयो'।
भनेर वैरीहरु मौन धर्दछन्
यथार्थ थर्थरगरि कम्प गर्दछन् ॥ ३०५ ॥

अर्थ स्पष्ट छ.

यहाँ भयले प्रकट हुनलागेको कम्पलाई लुकाउनाका निमित्त शत्रुले 'वात (बाथरोग) ले सबै शरीरमा कम्प हुन लाग्यो, ताकत पनि क्षीण भयो' यस्तो छलवचन बोलेको बुझियो र व्याजोक्ति पऱ्यो.

¶'चदि आह्लादने' (भ्वा. प. से.) यस् धातुदेखि कर्तामा औणादिक रक् प्रत्यय हुनाले 'आह्लादगराउनेलाई 'चन्द्र' भन्नु पर्दछ' यो व्याकरणानुसारी अर्थ हो.

CC-0. In Public Domain. Digitization by eGangotri

२२८ विवृतोक्ति.

कसैले छलवचनले गुप्त पारेको कुरा कविका उक्तिबाट प्रकट हुन गएमा विवृतोक्ति हुन्छ जस्तैः—

'शरीरमा कम्प गरेर वात यो
सबै बल क्षीण गराउँदै गयो' !
भनेर बाठो अरिवर्ग युद्धको
असह्य सो वात जनाउँदो भयो ॥ ३०६ ॥

अर्थ र संगति.

अरिवर्ग (शत्रुसमूह) ले वातका वहानाले गुप्त पारेको भय-कम्पलाई 'बाठो शत्रुले यस्तो कुरा गरेर युद्धको बात (खवर) जनायो' भनेर कविका उक्तिबाट प्रकट गराएको हुनाले विवृ-तोक्ति पर्‍यो.

२२९ छेकोक्ति.

लोकोक्ति (उखान) द्वारा कोही गम्भीर अर्थ झल्केमा छेकोक्ति हुन्छ. जस्तै—

दलेर पोलेर पिटेर मन्परी—
गरी परीक्षा अरुको गरे पनी ।
नरिन्छ रेखाहरुले कतै कसी ?
अकब्बरी अव्वल सुन घसीघसी ॥ ३०७ ॥

अर्थ.

अरु मामूली सुन्लाई कसीमा दलेर, आगामा पोलेर, घनले

CC-0. In Public Domain. Digitization by eGangotri

पिटेर, यथेच्छ परीक्षा गरे पनि, अव्वल (उत्तमोत्तम) अकब्बरी सुनलाई वारंवार घसेर कसी धर्कैंधर्काले कतै भरिन्छ? (अकब्बरी सुन्लाई कसीमा घस्ता र कसीभरि धर्कैंधर्का पारेको कतै देखिंदैन)।

संगति

यहाँ 'अकब्बरी सुन्लाई कसी लाउनु पर्दैन' यो उखानबाट 'श्री ३ महाराज सर्वादरणीय, जगत्प्रसिद्ध, निर्दोष, परीक्षानपेक्ष होइक्सिन्छ' यस्तो अर्थान्तर झल्केको हुनाले छेकोक्ति पऱ्यो.

२३० विनोक्ति.

केहीकुरानहुनाले कुनैवस्तुको उत्तमता बढेको वर्णन गर्दा विनोक्ति हुन्छ. जस्तै—

ISIIISIS,IIISISSIS, [पृथ्वी]

विना विरसरीतिले वचनको, विना लोभले
अगाधतरनीतिको, कपटले विना चित्तको, ।
विशालनयपालका अतुलभूमिका नायको
रहन्छ रमणीयता अदयता विना गाथको ॥३०८॥

अर्थ स्पष्ट छ.

रूखापनाले विना वचनको, लोभले विना अतिअगाधनीतिको, कपटले विना चित्तको, निर्दयताले विना गाथको, शोभा रहेको वर्णन गरियो र विनोक्ति पऱ्यो.

२३१ विनोक्ति २

केहीकुरानहुनाले कुनैवस्तुको तुच्छता हुने वर्णन गरेमा पनि विनोक्ति हुन्छ. जस्तै—

CC-0. In Public Domain. Digitization by eGangotri

।ऽऽ।ऽऽ।ऽऽ।ऽऽ [भुजङ्गप्रयात]

विना दानले वित्तको हुन्न शोभा
विना शान्तिले दानको हुन्न शोभा ।
महाराजका पुण्यका पूर्णताले
भयो शान्तिले दानले वित्तशोभा ॥ ३०९ ॥

अर्थ स्पष्ट छ.

यहाँ श्लोकका पहिला आधीमा-दानले विना धनको तुच्छता, शान्तिले विना दानको तुच्छता देखाएको हुनाले विनोक्ति पऱ्यो. पछिल्ला आधीमा-वित्तशोभामा शान्ति र दान कारण देखाएको हुनाले समुच्चयालंकार पर्दछ.

२३२ काव्यार्थापत्ति.

कैमुत्यन्यायले ('यसोता भयो भने, यसो हुन के बाँकी रहला ?' भन्ने हिसावले) केही कुराको सिद्धि भएको वर्णन गर्दा काव्यार्थापत्तिनामक अलंकार हुन्छ. जस्तै–

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ]

हरे ! सुधाको गुण जित्नु के ? थियो
हुँदैन आश्चर्य कुनै प्रकारले ।
प्रधान माधुर्य जितेछ काव्यको
दयामहासागरका मुहारले ॥ ३१० ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ र संगति.

'महाप्रभुका मुहारले सर्वोपरि मानिएको काव्यको प्रधान (मुख्य) मधुरता समेत जितेछ भने अमृतको गुण जित्नु के? आश्चर्य' भन्नाले कैमुत्यन्यायले अमृतका गुणको विजय अनायासले सिद्ध भयो र काव्यार्थापत्ति पऱ्यो.

मुख्यलाई प्रधान र अमुख्यलाई गुण भन्ने शास्त्रीय व्यवहार हुनाले 'प्रधानलाई ता जित्यो भने गुणको के! कुरा' यस्तो श्लेष-द्वारा आएको अर्थान्तरले पनि यही अलंकार पर्दछ,

२३३ ललित.

प्रकृतवस्तुका खास वृत्तान्तको वर्णन नगरेर त्यस्वृत्तान्तको प्रतिबिम्ब (छायारूप) अर्को वृत्तान्तको वर्णनगर्दा ललितालंकार हुन्छ. जस्तैः—

रहेर कल्पद्रुमका समक्षमा
शमीसमानै सब वृक्ष दर्दछन् ।
प्रभावशालीहरु भाग्यहीनका
अभाग्यताको उपहास गर्दछन् ॥ ३११ ॥

अर्थ स्पष्ट छ.

'महाप्रभुका पार्श्ववर्त्ती हुन पाएका मानिसहरू अरुलाई निष्फल र दुःखदायी ठान्दछन, अभागीका भाग्यको उपहास गर्दछन्, यस्तो प्रकृतवृत्तान्तको वर्णन नगरेर 'कल्पवृक्षका नगीचमा रहेका मानिसहरु अरुवृक्षलाई शमीसमान (शमीको वृक्षजस्ता निष्फल र काँढा भएका) ठान्दछन,— कल्पवृक्षका नगीचमा पुग

CC-0. In Public Domain. Digitization by eGangotri

नपाउने अभागीका अभाग्यताको उपहास (ठट्टा) गर्दछन्' यस्तो प्रतिविम्बरूप वृत्तान्तकोवर्णन गरेको हुनाले ललितालंकार पऱ्यो.

२३४ प्रस्तुताङ्कुर.

यौटा प्रस्तुतवृत्तान्तवाट अर्को प्रस्तुतवृत्तान्त झल्केमा प्रस्तुताङ्कुर हुन्छ जस्तैः—

SSSSSISSISS [शालिनी]

देख्ता देख्तै राजहंस! कमैले
पानी पानी दूद दूदै गरायौ।
यस्मा अर्को देखिन श्रेष्ठ मैले
संसारैमा नाम खूवै चलायौ ॥ ३१२ ॥

अर्थ.

हेराजहंस! तिमिले, देख्ता देख्तैमा मिसिएको दूद र पानी छुट्याएर, दूद लियौ, पानी छाड्यौ. दूद पानी छुट्याउनामा अर्को कोही पनि तिमिजत्तिको देखिएन. क्यावात! दुनियाँभरमा तिमिले 'नीरक्षीरविवेकी' भन्ने नाम चलायौ.

सङ्गति

यहाँ—राजहंसले-पानीको पानी दूदको दूद गरेको वृत्तान्त प्रत्यक्ष देखेर श्री३महाराजको विवेकशक्ति संझने कविले—'हेहंस-तुल्य! महाराज! छुट्याउन नशकिने गरि मिसिएका जाल र सत्यकुरालाई यथार्थ छुट्याएर, दूदको दूद, पानीको पानी गरिवक्सियो. यस्कुरामा अर्को कोही देखिएन. धन्यहो! तमाम दुनियामा यसै कुराले ठूलो कीर्ति फैलाइवक्सियो' यस्तो उक्तिगर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुतराजहंसवृत्तान्तबाट प्रस्तुतप्रभुवृत्तान्त झल्केको हुनाले प्रस्तुताङ्कुर पर्‍यो

२३५ समाधि.

क्यही कार्यको आरम्भ हुनलागेमा दैवसंयोगले साहाय्य आएर सुगमताले कार्यसिद्धि भएको वर्णन गर्दा समाधिनामक अलंकार हुन्छ. जस्तैः—

॥ऽ॥ऽ।ऽ।ऽ—॥ऽऽ॥ऽ।ऽ।ऽ [सुन्दरी]

सबलाइ गुणी गराउने
जब उद्योग ठुलो भयो शुरू ।
तब ईश्वरले प्रजा सबै
गुणलुब्धै गरिए खुरूखुरू ॥ ३१३ ॥

अर्थ स्पष्ट छ.

यहाँ—'प्रभुबाट प्रजालाई गुणी गराउने उद्योग हुन लागेमा ईश्वरका प्रेरणाले प्रजाहरु गुणाभिलाषी भएको हुनाले उद्योगसिद्धि सुगमताले हुने भयो' भन्ने बुझियो र समाध्यलंकार पर्‍यो.

२३६ मुद्रा.

प्रकृतकुरागर्दा कांहि पदबाट सूचनीय (कविले सूचन गर्न आँटेका कुरा)को सूचना हुँदा मुद्रालंकार हुन्छ. जस्तैः—

ऽऽऽऽऽ॥ऽऽ॥ऽऽ [मत्तमयूर]

जस्तै गर्छन् मत्तमयूरध्वनि सुन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

ठाडै टिप्ने दर्प हुने सर्प हजारौं ।
नामै सुन्दा चन्द्रमहीन्द्रप्रभुको यो
उस्तै गल्छन् कष्ट दिने दुष्ट हजारौं ॥३१४॥

अर्थ.

मत्ताएका मयूर (मजूर) को आवाजसुन्दा, ठाडै आइलाग्ने घमण्डी विषधर सर्पहरु जसरि गल्दछन,—लोकलाई रक्षित गर्ने श्री ३ महाराजको 'चन्द्र' यो नाँउँ सुन्दा, कष्ट दिने दुष्टहरु उसैगरि गल्दछन्.

संगति.

यहाँ प्रकृतप्रभुप्रतापको वर्णनगर्दा मत्तमयूरशब्दबाट सूचनगर्नआँटेका मत्तमयूरछन्दको सूचना भएको हुनाले मुद्रालंकार पऱ्यो.

२३७ रसवदलंकार.

प्रधानरसमा* र प्रधान भाव मा$ अरु रस र अरु भाव अङ्ग हुन गएमा रसवदलंकार हुन्छ. जस्तैः—

---

* रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय निर्वेद, ई ९ लाइ स्थायीभाव भन्दछन्. आफ्नार सामग्रीले परिपुष्ट भएपछी इनै९लाई रस भन्दछन्. रति (स्त्रीपुरुषकोपरस्परानुराग) परिपुष्ट हुँदा शृङ्गार, हास परिपुष्टहुँदा हास्य, शोक परिपुष्टहुँदा करुण, क्रोध परिपुष्टहुँदा रौद्र, उत्साह परिपुष्टहुँदा वीर, भय परिपुष्ट-हुँदा भयानक, जुगुप्सा (घीन) परिपुष्टहुँदा बीभत्स, विस्मय (आश्चर्य) परिपुष्टहुँदा अद्भुत, निर्वेद (वैराग्य) परिपुष्टहुँदा शान्त, नामक रस हुन्छन्. ई रस स्वतन्त्र छन् भने प्रधानरस, अरुका उप-कारक भएर रहेका छन् भने अङ्गरस कहिन्छन्.

$ देवतामा, मुनिहरुमा, राजाहरुमा भएको प्रेमलाई भाव (भक्ति) भन्दछन्. यो पनि प्रधान र अङ्ग हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

SSSS|SS||||||SS|SS|SS [स्रग्धरा २]

नङ्गीतर्वार. वाला रणरसिकहरू कोहि वन्दूक. वाला
जङ्गी स्यालूट गर्छन् मुदित मन हुने वेण्डवाजा बजाई।
उत्साही धैर्यशौर्यप्रभृतिगुणहुने नाथका दर्शनार्थी
उत्कण्ठापूर्ण धेरै यहिअवसरमा आउँछन् धाइधाई।३१५।

अर्थ.

नङ्गीतर्वार्लिएका, कोहि वन्दूक लिएका रणरसिक जङ्गी वीर-हरू, मनप्रसन्नगराउने वेण्डवाजा बजाएर श्री३महाराजको स्यालूट (सलामी) गर्दछन. त्यसैवेलामा उत्साह-धैर्य-शौर्यप्रभृतिगुणले पूर्णभइबक्सिएका श्री३महाराजका दर्शनाभिलाषी उत्कण्ठापूर्ण (टूलोइच्छागर्ने) प्रजाहरु टाढा२वाट आइपुग्दछन्.

सङ्गति.

यो श्लोकमा प्रजाको राजविषयक भाव प्रधान बुझिन्छ. त्यस्लाई-प्रभुमा रहेर परिपुष्ट भएको हुनाले वीररसभन्ने पदवी पाएको उत्साहले पुष्ट गराउँछ. (अर्थात् प्रभुमा रहेको वीररसले प्रजाको भाव (भक्ति) बढाउँछ) र, प्रधानभावमा रस अङ्ग (उपकारक) भएको बुझियो र रसवदलंकार पऱ्यो. इत्यादि अनेकप्रकारका रसवदलंकार हुन्छन.

२३८ प्रेयोलंकार.

भाव अर्काको (भावको अथवा रसको) अङ्ग भएमा प्रेयोलंकार हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

शम्भो ! श्रीचन्द्रचूड़ ! स्मरहर ! भगवन ! नाथ ! हेदीनबन्धो !
भन्दै गाना गरेर स्थिरतरमनले जो नजर्खूव थुन्छन ।
बीचैमा चुप्पलागी सरस मुखगरी झट्ट नानारकंका
तानामाना भिरेर प्रभुवर ! उ सबै वीर हाजीर हुन्छन् ॥ ३१६ ॥

अर्थ.

शङ्करजीको नामगान गरेर भजनगर्न लागेका पल्टनियाबीरहरु गानागर्दागर्दै भक्तिपूर्ण भएर आँखा बन्दगर्दछन् र चुप्प लाग्दछन्. अनि उज्यालो मुख लाएर नानारकंका तानामाना भिरेर टीक टायममा सबजना हाजीर हुन्छन्.

सङ्गति.

यो श्लोकमा कविको राजविषयक भाव प्रधान छ. वीरहरुको शङ्करविषयक भाव र उनको राजविषयक भावले यो प्रधानभावलाई परिपुष्ट गराएको हुनाले प्रेयोलंकार पर्‍यो.

२३९ प्रेयोलंकार २.

हृदयको प्रेम जाहेर हुने गरी प्रियवचन गरेमा पनि प्रेयोलंकार हुन्छ. जस्तैः—

SSS॥SISI॥SSSISSIS [शार्दूलविक्रीडित ४]

लोकत्राणपरायण ! क्षितितलप्रख्यात ! सर्कारको
भाग्यप्राप्य अपूर्व दर्शन हुँदा आनन्द जो पाउँछौं ।
सो आनन्द हुनेछ फेरि करुणा राखेर सो वक्सँदा
जा संझी प्रभुको सदा विजयको प्रस्तावना गाउँछौं ३१७

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

हेलोकरक्षातत्पर! जगत्प्रख्यात! महाराज! भाग्यप्राप्य सर्कारको दर्शन पाउँदा हामीहरुलाई जो आनन्द हुन्छ, त्योआनन्द अरु कुनै कुरा पाउदा पनि हुने छैन,—फगत प्रभुबाट करुणा राखिबक्सिएर फेरी दर्शन बक्सँदा त्यो आनन्द पाउँनेछौं. प्रथमदर्शनमा पाएको आनन्द संझेर अद्यावधि हामीहरु 'प्रभुको सदा विजय रहोस्' यस्तो प्रस्ताव (प्रसङ्ग) गाउँछौं.

संगति.

यहाँ—'प्रभुको दर्शन वारंवार मिलोस्' यस्तो अभिलाषा जाहेर गर्ने अभिप्राय प्रकाश गरेको हुनाले प्रभुविषयकप्रेमप्रकाश भयो र प्रेयोलंकार पर्‍यो.

२४० ऊर्जस्व्यलंकार.

रसाभास * र भावाभास अर्काको अङ्ग भएमा ऊर्जस्विनामक अलंकार हुन्छ. जस्तै—

ज्यादा गद्गदता हुने वचनमा, सर्वाङ्ग थर्थर्हुने
ढुकढुकढुक मुटुमा हुने, नयनमा वर्वर्रावर्हुने।
त्यस्ता दुर्मदवीरवैरिहरुले पाऊ धरेका छँदा
श्रीमान् चन्द्रनरेन्द्र युद्धविजयी राजी रहून् सर्वदा

अर्थ.

वचनमा गद्गद हुने, सर्वाङ्गमा थर्थर्हुने, मुटुमा ढुकढुक्हुने, नेत्रमा र्वर्हुने (आँसु गिर्ने) उद्दण्ड वीरवैरीहरुले पाउमा समाति-

---

* अनुचितव्यवहारले रस रसाभास र, भाव भावाभास हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

एका श्री ३ महाराजचन्द्रसमशेरजङ्गबहादूराणा सदासर्वदा युद्ध-विजयी रहून.

सङ्गति.

यहाँ वैरिमा रहेको वीररस अनुचित हुनाले (वीरको मुटु ढुक्-ढुक्हुनुप्रभृति कातरपना नहुनुपर्नें हुनाले) रसाभास भएर प्रभु-विषयक कविको भावमा अङ्ग भएको हुनाले ऊर्जस्वि पर्‍यो.

'पाएँ दुर्लभ आज दर्शन, छुटे संकष्ट धेरै थिए,
मेरो भाग्य रहेछ उत्तम, सबै मेरा दशा पन्सिए'।
यत्ती दुर्मदवीरवैरिहरुले पाऊ समाती भने
बाँकी भूतलभाग्य! के सुनु? म ता लत्रेर केके भने?

अर्थ.

उद्दण्डवैरिले–प्रभुका पाउ समात्ता–'आज सर्कारको दुर्लभ दर्शन पाएँ, मेरा संकष्ट धेरै थिए आज छुटे, मेरो नसीब असल रहेछ, मेरा दशा पन्सिए, यस्ता वचन बोलेको ता सुनेथें, पाउमा पसारिएर केके भने? भूमिभाग्य! महाराज! त्यो कुरा म के? सुनौं.

संगति.

यहाँ शत्रुमा रहेको भावाभास (शत्रुहरूले देखाएको बनावटी भाव) प्रभुविषयक कविभावको अङ्ग हुनाले ऊर्जस्वि पर्‍यो.

२४१ समाहित.

भावको शान्ति, अर्काका अङ्ग भएमा समाहित हुन्छ.

जस्तै–

श्रीश्रीश्रीपृथिवीन्द्र चन्द्रसमशेराणाबहादूरका

CC-0. In Public Domain. Digitization by eGangotri

शूरा शत्रु सरासरै समरमा आए डबल्मार्चले ।
टिक्नै मात्र कताकता? जय कता ? सारा भए वेपता
गोर्खालीहरुवाट झट्ट रणमा त्यस्ता डबल् मार् चले

अर्थ.

श्री ३ महाराजका शूरा शत्रु समरमा डबल्मार्चले (वेगलेसहित भएका हिंडाईले) आए, तर टिक्नै शकेनन् सवै वेपत्ता भए. गोर्खाली-वीरहरुवाट युद्धमा त्यस्ता डबल् मार् (फायर) चले (जारीभए)।

संगति.

यहाँ शत्रुमा रहेका धैर्यरूपभावको शान्ति (नाश) द्वारा प्रभुविषयक कविभावको पुष्टता भएको हुनाले समाहित पऱ्यो.

२४२ भावोदय.

अघी उद्बुद्ध (प्रकट) नभएको भावको उद्बोध भएर अरुभावहरुको पुष्टता भएमा भावोदयालंकार हुन्छ. जस्तै—

।ऽऽ।ऽऽ।ऽऽ।ऽऽ [भुजङ्गप्रयात]

सवै फौज सर्कारको तेज संझी
'जय-श्री-महाराजकी' भन्न लागे ।
विकुल्का खवर्लै बराबर् उठेका
सरासर् समर्मा कमर्कस्न लागे ॥ ३२१ ॥

अर्थ स्पष्ट छ.

यहाँ युद्धारम्भमा उद्बुद्ध भएको फौजको हर्षभावद्वारा प्रभुविषयक कविभावको पुष्टता भएको हुनाले भावोदय पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

२४३ भावसन्धि,

परस्परविरोधि २ भाववाट प्रकृतरसभावको पुष्टता हुँदा भावसन्धि हुन्छ. जस्तै-

।ऽऽऽऽऽ।।।।।ऽऽ।।।ऽ [शिखरिणी]

'जसो होला' भन्दै सब समरमा निश्चल भए
'कसो? होला' भन्दै अब समयमा चञ्चल भए ।।
हजारन् दुश्मन् छन् घडि घडि इनै तर्क रहनू
प्रभो! गोर्खालीले कसरि? तव त्यो चाल सहनू ।३२१।

अर्थ.

दुश्मन्हरु 'जसो होला' भन्दै युद्धमा तयार ता भए, तर 'कसो होला' भन्दै फेरि दोमन भए. १फेर होइन, २फेर होइन, घडिघडि यस्तै चाल हुन लाग्यो. महाराज ! गोर्खालीवीरहरू त्यस्तो चाल कसरि सहून्.

संगति.

यहाँ शत्रुमा रहेको परस्परविरोधिधैर्य र शङ्कारूप २भावद्वारा प्रभुविषयक कविभावको पुष्टता हुनाले भावसन्धि पऱ्यो.

२४४ भावशवलता.

नानाप्रकारका भावको शबलता (मिश्रण) द्वारा प्रकृतरस भावको पुष्टता भएमा भावशबलतालंकार हुन्छ. जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

SSSIISISIIISSSISSIS [शार्दूलविक्रीडित]

छीछी! 'लत्रनु छैन, ओः!' कसरि! हो?, वावै!, रहौंला? भरे,
अँः!, को होर?, कसो गरौं?, अब भिडौं, लौजा! विताए! हरे!
यस्तै तर्कवितर्क केवल गरी वैरी रहेको थियो
श्रीको कट्टर फौजले अधिसरी फायर् दनादन् दियो ॥ ३२३ ॥

अर्थ स्पष्ट छ.

यहाँ शत्रुमा रहेको—'छीछी' पदवाट बुझिने गर्वको, 'लत्रनु छन' यसपदवाट बुझिने धैर्यको, 'ओः' पदवाट बुझिने वितर्कको, 'वावै' पदवाट बुझिने लज्जाको, 'रहौंला भरे' यसपदवाट बुझिने शङ्काको, 'अँः' पदवाट बुझिने मदको, 'कोहो र' यसपदवाट बुझिने असूयाको, 'अब भिडौं' यसपदवाट बुझिने उग्रताको, 'लौजा' पदवाट बुझिने दैन्यको, 'विताए' पदवाट बुझिने त्रासको, र 'हरे' पदवाट बुझिने ग्लानिको समेत शवलता (मिश्रण) स्पष्ट छ. यही शवलताले कविको राजविषयकभावलाई पुष्ट गराएको हुनाले भावशवलतालंकार भ्यो.

२४५ प्रमाणालंकार.

प्रमा (यथार्थज्ञान) गराउनेलाई प्रमाण भन्दछन्. मतभेदले प्रमाणका-प्रत्यक्ष१, अनुमान२, उपमान३, शब्द४, अर्थापत्ति५, अनुपलब्धि६, संभव७, ऐतिह्य८, ई ८ भेदसम्म मानिएका छन्. इनै सुन्दरतापूर्वक राखिए भने तत्तत्नामभएका भिन्नभिन्न प्रमाणालंकार हुन्छन्. तिनमाः—

CC-0. In Public Domain. Digitization by eGangotri

२४६ प्रत्यक्षप्रमाणालंकार.

विषय र इन्द्रियका सम्बन्धले भएको ज्ञान वर्णन गर्दा प्रत्यक्षप्रमाणालंकार हुन्छ. जस्तै--

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ २]

रहेर साथै हृदयारविन्दका
वहेर पुग्ने वदनारविन्दमा ।
सुधानदीको अतिदिव्य मूल यो
रहेछ अक्षय्य दयानिधानमा ॥ ३२४ ॥

अर्थ.

हृदयकमलमा नित्य रहेर वग्दैवग्दै मुखकमलमा पुग्ने अमृत-नदीको (दयाप्रवाहको) मूल श्री ३ महाराजमा रहेछ.

संगति.

यहाँ 'रहेछ' भन्नाले अमृतनदीका मूलको प्रत्यक्षज्ञान भएको बुझियो र प्रत्यक्षप्रमाणालंकार भ्यो.

२४७ अनुमानालंकार.

शुद्धहेतुवाट साध्यको ज्ञान भएको वर्णन गर्दा अनुमानालंकार हुन्छ. जस्तै—

(३२५) दयासुधासागरका स्वरूपको } यो साध्यनिर्देश
अपूर्वकोदर्शन पाइने भयो । } गरेको हो
वले सवारी सव भारदारका } यो साधन (हेतु)
वजे विकुल् भोर हुँदा सलामका } निर्देश हो.

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ भारदारका सवारी चल्नु, सलामका बिकुल्बज्नु, यस्तो विशिष्टहेतुबाट प्रभुदर्शनको अनुमान हुनाले अनुमानालंकार पऱ्यो.

२४८ उपमानालंकार,

साहृश्यद्वारा वस्तुपरिचय हुने भएको वर्णन गर्दा उपमानालंकार हुन्छ. जस्तै—

||||||SISISS–||||SIISISISS [पुष्पिताग्रा]

सुन शिवसदृश प्रकाशमूर्ति
प्रभुवर चन्द्रनरेन्द्र खूब संझे ।
हिमगिरिसदृशै छ सिंहदर्वार्
पथिक ! गए उभिए तहाँ नसंझे ॥ ३२६ ॥

अर्थ.

हेपथिक ! (बटुवा–परदेशी !) शङ्करजस्ता प्रकाशमान हुने चाहिने चन्द्रनरेन्द्र हुन्, राम्रोगरी सुन नबिर्से. हिमालयपर्वतजस्तो सिंहदर्वार् हो. नेपालपुगे पछि तहां गएर उभिए. अघी मैले भनेको कुरो नसंझेका भए पनि तहाँ उभिनाले संझने छौ.

संगति.

यहाँ शिवसादृश्यले श्री ३ महाराजको र, हिमगिरिसादृश्यले सिंहदर्वाको परिचय हुने वर्णन गरिएको हुनाले उपमानालंकार पऱ्यो.

२४९ शब्दालंकार.

श्रुतिस्मृतिप्रभृतिका शब्दद्वारा वस्तुज्ञान हुने भएको वर्णनगर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दालंकार हुन्छ. यस्का श्रुतिरूपशब्दालंकार, र स्मृतिरूपशब्दालंकार, ई २ भेद प्रधान छन्. आचार, र आत्मतुष्टि पनि श्रुति-स्मृतिका अनुमापक (अनुमान गराउने) हुनाले शब्दप्रमाणैमा पर्दछन् र ती २ समेत यस्का ४ भेद हुन्छन्. तिन्मा–

२५० श्रुतिरूपशब्दालंकार.

श्रुति (वेद) का शब्दद्वारा वस्तुज्ञान हुने गएको वर्णनगर्दा श्रुतिरूपशब्दालंकार हुन्छ जस्तै-

SSSSSISSISS [शालिनी]

हाम्रै राजा चन्द्र हुन्, होइनन् ई
पक्का साजा मित्र ! यो चित्र संझे ।
त्यो विर्स्यौ की ? वेदको मन्त्र ता-जा
जस्मा हाम्रै लेखिए चन्द्र राजा ॥३२७॥

अर्थ.

हेमित्र ! चन्द्रमहाराज हामी ब्राह्मणहरुकै राजा (रञ्जनकर्ता–पालक) हुन्–, ई सबैका साजा होइनन्. यो कुरा पक्का हो. ' राजा सबैका साजा' यो उखानपछी तिमि न लाग. मैले भनेको कुरा भित्र संझी राख. जस्मा 'चन्द्र हाम्रै राजा हुन्' भनि लेखिए को छ,–त्यो तिमिले भर्खर्पढेको ताजा [यजुर्वेदसंहिता. अ. ९ को चालिशौं] मन्त्र विर्स्यौ की ?

सङ्गति.

यहाँ 'चन्द्र' हामीब्राह्मणहरुकै राजा हुन्, यस्कुराको ज्ञान गराउनाका निमित्त अन्यार्थकभएपनि (चन्द्रनामकदेवताविशेपलाई

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपादनगर्नें भएपनि) प्रकृतमा पर्यायमात्र झल्काएर (सोम भनेका चन्द्र, यस्तो बुद्धि गराएर) चन्द्र, हामीब्राह्मणहरुकै राजा हुन् यो कुरा सिद्धगराउन (यजुर्वेदसंहिता. अ. ९को मन्त्र ४०) * वेद प्रमाण राखेको हुनाले श्रुतिरूपशब्दालंकार पऱ्यो.

२५१ स्मृतिरूपशब्दालंकार.

स्मृति (धर्मशास्त्र पुराण) का शब्दवाट वस्तुज्ञान हुने जएका वर्णनगर्दा स्मृतिरूपशब्दालंकार हुन्छ. जस्तैः—

SSS||S|S|||SSS|SS|S [शार्दूलविक्रीडित]

जाली–दुर्जनका, सफा–सुजनका मन्सूब सिध्याउँदा
श्रीमान् चन्द्रनरेन्द्रका विषयमा आश्चर्य के? गर्दछौ ।
हेविद्वद्वर ! 'सार्थक स्मृति सबै कण्ठस्थ छन्' भन्दछौ
' नाविष्णुः पृथिवीपतिः' पनि भुल्यौ वाचाल के ? बन्दछौ ॥२२८॥

अर्थ.

पण्डितजी ! श्री३महाराजवाट जालीदुर्जनहरुका मन्सूव सिध्याइवक्सिएको (नष्टपारीवक्सिएको) र, निर्मलसज्जनहरुका मन्सूव सिध्याइवक्सिएको (पूर्णगराइवक्सिएको) देखेर तिमि के? आश्चर्य गर्दछौ (श्री३महाराजवाट प्राणिका अन्तःकरण कसरी चिह्निवक्सिन्छ? र तदनुसार निग्रह र अनुग्रह गरिवक्सिन्छ. ठूलो आश्चर्य लाग्यो भन्दछौ) पण्डितजी ! 'सार्थक सबै स्मृति कण्ठस्थ छन्' भनेर प्रतिज्ञा गर्दछौ, त्यस्तो कुरामा छक्क पनि पर्दछौ. 'नाविष्णुः पृथिवीपतिः' यो स्मृतिवचन पनि तिमिलाई आउदो रहेन छ. धेरै

---

* यस्श्लोकका चतुर्थपाउका सट्टामा, वेदाधिकारीरसिकजनले यसै मन्त्रका अन्तिम ११ अक्षरको १ वाक्य राखेर पढे पनि हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

धाक किन ? लाउँछौ (यो वचन तिमिलाई आउने भए 'विष्णु (अन्तर्यामी—परचित्तसाक्षी) नभै राजा हुँदैन, भन्ने थाहा हुन्थ्यो र यस्ताप्रकारका आश्चर्यमा पर्दैनथ्यौ.)

संगति.

यहाँ 'अन्तर्यामी भएर प्रभुबाट सबैका मन्सूब जानीकन यथोचित सिध्याइकएका छन, यो कुरालाई 'राजा विष्णु (अन्तर्यामी परमेश्वर) मात्र हुन्छन् 'यस्तो अर्थ भएको 'नाविष्णुः पृथिवीपतिः, यो स्मृतिवचनले प्रमाणसिद्ध गराएको हुनाले स्मृतिरूपशब्दालंकार पऱ्यो.

२५२ आचारप्रमाणालंकार.

स्मृतिहरुले विकल्पगरेको कुरामा आचारबाट (चलनबाट) यौटा पक्षका आश्रयण गरेको वर्णन गर्दा आचारप्रमाणालंकार हुन्छ. जस्तैः—

SSISSIISISIS-ISISSIISISIS [इन्द्रवंशा—वंशस्थ = उपजाति]

फुर्सत् हुँदामा पनि राजकाजकै
विचारले स्वैरविहार छाडिए ।
यस्तै सदाचार लिएर नाथले
विपक्षका पक्ष सबै पछाडिए ॥ ३२१ ॥

अर्थ र सङ्गति.

'अपराह्णकालमा राजाले स्वैरविहार (इच्छानुसारका विहार) गर्नू, अथवा राजकाजको विचार गर्नू, भन्ने स्मृतिवचनले * स्वैर-

---

* ततः स्वैरविहारी स्यान्मन्त्रिभिर्वा समागतः ।
बलानां दर्शनं कृत्वा सेनान्या सह चिन्तयेत् ॥
[याज्ञ० आचा० श्लो०३२]

CC-0. In Public Domain. Digitization by eGangotri

विहार गरे पनि हुनेमा प्रभुले विजिगीषु (होनहार—सपने) राजाहरुले लिएको राजकाजको विचारगर्नूरूप पक्षलिंदा शत्रुपक्ष पछाडिए' भन्नाले स्मृतिविकल्पितकुरामा आचारको अवलम्बन गरेको बुझियो र आचारप्रमाणालंकार पर्‍यो.

२५३ आत्मतुष्टिप्रमाणालंकार.

आचार (चलन) बाट विकल्पगरिएका कुरामा आत्मतुष्टि (आफ्नुखुशी)द्वारा एउटा पक्षको आश्रयण गरेको वर्णनगर्दा आत्मतुष्टिप्रमाणालंकार हुन्छ. जस्तैः—

SSSSS|SS|SS [शालिनी]

सर्कारैमा मित्रको भाव गर्छू
अर्कामा त्यो भाव मेरो रहन्न ।
'एकं मित्रं भूपतिर्वा यतिर्वा'
यस्मा पल्लो पक्ष ऐले सहन्न ॥ ३३० ॥

अर्थ.

म अन्यत्र मित्रभाव (मित्रताको वर्ताव) गर्दिन, केवल सर्कारैमा मित्रभाव*गर्दछु. यससंसारमा पूर्णकल्याण गराउने मित्र, कि राजा हुन, कि सन्यासी हुन भन्ने आशयले 'एकं मित्रं भूप-

* मितेरीलाएर मात्र मित्र हुने होइन. स्नेह गर्ने, बढाउने, खुशीपार्ने रक्षागर्ने कदरगर्ने, आफुदेखी खुशी हुने,लाई मित्र भन्ने व्यवहार गरे हुन्छ.

'मित्रं मिदेर्नन्दतेः प्रीयतेर्वा संत्रायतेर्मिनुतेर्मोदतेर्वा' ।

[महाभारत, कर्णपर्व. अ. ४२]

CC-0. In Public Domain. Digitization by eGangotri

तिर्वा यतिर्वा' यो वचन शिष्टहरूले बोलेका छन्. राजामा मित्रभाव गर्ने पनि देखिन्छन. संन्यासीमा मित्रभाव गर्नेपनी देखिन्छन्. मता ऐले पल्लो पक्ष (संन्यासीमा मित्रतागर्ने पक्ष) सहन्न (रुचाउन्न.)

सङ्गति.

यहाँ–'एकं मित्रं भूपतिर्वा यतिर्वा, योवचनानुसार— 'कि राजामा, कि संन्यासीमा मित्रता गर्नु पर्नेहुनाले मित्रताका आधारको वचनले विकल्प देखिएको र–,कोहि शिष्टले राजामा,कोही शिष्टले संन्यासीमा मित्रता गरेको हुनाले जसो गरेपनि हुनेमा आत्मतुष्टि (आफ्नुखुशी) द्वारा सर्कारैमा मित्रताको रुचि देखाएर प्रमाणसंगत गरेको हुनाले आत्मतुष्टिनामकप्रमाणालंकार पर्‍यो.

२५४ अर्थापत्ति,

प्रकारान्तरने सिद्ध हुन नशक्ने कुराका सिद्धिका निमित्त साधक (सिद्ध गराउने वस्तु) कल्पना गरेमा अर्थापत्तिअलंकार हुन्छ. जस्तै—

वस्तावस्ता दोस्त भेटै दिंदैनन्
अस्ती उस्ता आज यस्ता नएछन् ।
रस्ता इन्कै खूब हेरी रहन्थें
कस्ता ? एक्कै सिंहदर्वार्गएछन् ॥ ३३१ ॥

अर्थ

वस्तावस्ता हैरान भएँ, दोस्तजीले भेटै दिएनन्. अस्तीसम्म उस्ता थिए, आज यस्ता भैगएछन्. साथैजाउँला भनेर इन्कै रस्ता (बाटो) हेरी रहन्थें, कस्ता ? रहेछन्, एक्कै सिंहदर्वार्गएछन्. हरे !

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गति.

यहाँ प्रकारान्तरले (अरुतरहले) सिद्ध हुन नशक्ने कुरा (दोस्तलाई भेटैसमेत नदिने गरी मस्त हुनुरूपकुरा) को सिद्धिका निमित्त सिहदर्वाजानु (अर्थात् प्रभुको दयापात्र हुनु) रूपसाधक कल्पना गरेको हुनाले 'येन विना यदनुपपन्नं तत्तेनाक्षिप्यते' योवचनानुसार * अर्थापत्ति पऱ्यो.

२५५ अनुपलब्ध्यलंकार.

अप्राप्तिरूपकारणबाट वस्तुको असिद्धि कल्पनागर्दा अनुपलब्धि हुन्छ. जस्तै—

ISISSIISISIS [वंशस्थ २]

रहेनछ श्रीनयपालपालका
समीपमा निर्दयता यताउता ।
गएरनै दृष्टि दिएर जाँचियो
नपाए जरूरै सब देखिने थियो ॥ ३३२ ॥.

अर्थ स्पष्ट छ.

यहाँ 'नपाइएको हुनाले निर्दयता रहेनछ, भन्ने बुझियो र अनुपलब्धि पऱ्यो.

---

*येन विना (नृपतिप्रसादलाभेन विना) यत् (कृतसंकेतस्य सख्युरदर्शनम्) अनुपपन्नम् (अघटितम्) तत् (नृपतिप्रसादलाभरूपं वस्तु) तेन (कृतसंकेतस्य सख्युरदर्शनेन) आक्षिप्यते (बोध्यते) यस्ताप्रकारले 'देवदत्त मोटो छ, दिउसो खाँदैन' भन्दा 'राती खाँदो रहेछ' भन्ने बुझिएझैं, 'अस्तोसम्म दोस्ती राख्ने, सँगै चाकरीमा जाउंला भन्ने मानिस, आज मस्त छ' भन्नाले 'प्रभुको दयापात्र भैसकेछ' भन्ने कुरा बुझिन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

२५६ संभव.

संभव (हुनशक्नु) रूपकारणबाट केहिकुराको सिद्धि हुने वर्णनगर्दा संभवालंकार हुन्छ. जस्तै–

सदा सहेकै छु असह्य दुःखका
परम्परा, के म डराउँला हरे !
यसै बिते आज म, राजभक्तको
लिनेछु को नाम ? हरे ! भरेभरे ॥ ३३३ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'असह्यदुःखपरम्परा सहनेले, जे परे पनि सहनु, नडराउनु संभव छ, 'त्यसै थाङ्निएर राजभक्त रहन गयो भने भक्तिको बदनामी हुनु संभव छ, यस्ता प्रकारले २ संभवद्वारा नडराउनु र बदनामीहुनुरूप २ वस्तुको सिद्धि देखाएको हुनाले संभवालंकार पर्‍यो.

२५७ ऐतिह्यालंकार.

किंवदन्ती (वृद्धपरम्पराकाकुरा) बाट केहि-वस्तुको सिद्धि देखाउँदा ऐतिह्यालंकार हुन्छ.

जस्तै–

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

शरणमा करुणामयनाथका
अधिक वृद्ध भएर गए जती ।

CC-0. In Public Domain. Digitization by eGangotri

उ कृतकृत्य भए उचितै छ यो
जिउ रहे घिउ मिल्छ जनेजती ॥ ३३५ ॥

अर्थ स्पष्ट छ.

यहाँ 'जिउ रहे घिउ मिल्छ' यो किंवदन्तीद्वारा वृद्धहरूका कृतकृत्यहुनुरूपवस्तुको सिद्धिवर्णन गरियो र ऐतिह्य पऱ्यो.

२५८ आशीरलंकार.

आशीर्वादसहितको वाक्ययोजनागरेमा आशीरलंकार हुन्छ. जस्तै—

SSSSISSIIIIIISSISSISS [स्रग्धरा]

जस्कोतृष्णाछनित्य,प्रतिदिनरहन कीर्तिकोदीर्घतामा
राजर्षिश्रेष्ठ जोछन् विमलगुण हुने सर्वदापुण्यकर्मा।
त्यस्ता नेपालपाल प्रबलखलजनव्यूह विध्वंसकर्ता
आयुष्मान् व्याधिबाधाभयरहित रहून् चन्द्रसंशेरवर्मा

अर्थ स्पष्ट छ.

यहाँ श्री ३ महाराजका हजूरमा आयुःप्रभृतिविषयको आशीर्वादार्पणगरेको हुनाले आशीरलंकार पऱ्यो. अथ वा—

SISSIISISS [इन्द्रवज्रा]

वर्णव्यवस्था मनमा लिएर
जो सिद्ध गर्छन् पद खूब धेर ।
ती भूपति श्रीहरिसाम्यधारी
श्रीमान् रहून् व्याकरणानुसारी ॥ ३३६ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ.

वर्ण (४ वर्ण र अक्षर) को व्यवस्था संझने जुन महाराजले धेरै पद (तक्मा र सुवन्त–तिङन्तरूपपद) सिद्ध गरिबक्सियो, त्यस्ता ती भूपति (महाराज र भूपतिशब्द) श्रीहरितुल्य भएका हुनाले (भूपतिको रूप हरिको जस्तो हुनाले) व्याकरणका अनुसार श्रीमान् (नित्यश्रीसंयोगवान) रहून्.

सङ्गति.

यहाँ पनि श्री३ महाराजका हजूरमा श्रीविषयको आशीर्वादार्पण हुनाले आशीरलंकार पर्‍यो. अथवा-

SSS||S|S|||SSS|SS|S [शार्दूलविक्रीडित]

माधुर्यप्रभृतिप्रशस्तगुणका औचित्यका रीतिका
गम्भीरध्वनिका प्रधानरसका सच्चा चमत्कारले ।
श्रीमान् चन्द्रमहीमहेन्द्र मनका सन्ताप सारा हरी
नित्य प्रीति गरून् प्रपन्नजनमा साहित्यविद्यासरी ।

अर्थ विचारगम्य छ.

यहाँ पनि प्रजानुरञ्जनविषयको आशीर्वादार्पण गरेको हुनाले आशीरलंकार पर्‍यो. अथवा—

||S||S|S|S--||SS||S|S|S [सुन्दरी]

सकुटुम्ब समित्रबान्धव
प्रभु ती चन्द्रनरेन्द्र सर्वदा
सुखयुक्त रहून् र हून् धरा–
तलका उत्सवका परम्परा ॥ ३३८ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ स्पष्ट छ.

यहाँ सुखप्राप्तिविषयको सादर आशीर्वादार्पण गरेको हुनाले आशीरलंकार पऱ्यो.

ISISSIISISIS [वंशस्थ १]

सुलक्षणा शीलवती पतिव्रता
दयावती धर्मरता शुचिस्मिता ।
सुयोग्य जाया प्रभुकी वशंवदा
अखण्डसौभाग्यवती रहून् सदा ॥ ३३९ ॥

अर्थ स्पष्ट छ.

यहाँ पनि श्री ३ बडामहारानीसाहेबका हजूरमा आशीर्वादार्पण गरेको हुनाले आशीरलङ्कार पऱ्यो.

अनुष्टुप्छन्द ३०]

(१) जस्को त्यो रूप सबको चित्ताह्लाद गराउँछ ।
प्रजामा प्रीति रहँदा हर्षामृत बहाँउछ ॥३४०॥
(२) जस्को त्यो शान्तिमयता शान्ति सर्वत्र गर्दछ ।
आधिव्याधिव्याकुलता दुःखिको सब हर्दछ ३४१
(३) जस्को उदारता नित्य प्रजाको मन पर्दछ ।
इन्साफमा साफ रही यथार्थ न्याय गर्दछ॥३४२॥
(४) जस्को आश्रितवात्सल्य भक्तको पीर हर्दछ ।
सेवाभिलाषीहरुको चित्त उत्सुक गर्दछ ॥३४३॥
(५) प्रजानुराग जस्को त्यो पृथ्वीभर्मा प्रसिद्ध छ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

प्रजाको चित्तहर्नामा जस्को मन्सूब सिद्ध छ ।३४४।

(६) नीतिविज्ञान जस्को त्यो देशै भारी गराउँछ ।
पिताको राज्यको भार लघुप्राय गराउँछ ॥३४५॥

(७) सन्तान-मान-मर्यादा-आयु-ऐश्वर्य-सौख्यमा ।
निदान सो पितृभक्ति स्पष्ट जस्को छ चित्तमा ३४६

(८) जो ज्येष्ठ पुत्र प्रभुका सर्वदा पार्श्वरक्षक ।
आदर्शरूप गुणिका नीतिमार्गप्रदर्शक ॥३४७॥

(९) सुखी रहून् * ती जनरत्न सर्वविद्याविचक्षण ।
श्रीमान् मोहनसंशेरजङ्गराणा प्रतिक्षण ॥३४८॥

---

(१) जस्का स्वरूपमा साक्षात् रूप औदार्य धीरता ।
रणकर्कशता नित्य झल्कन्छ अनि वीरता ॥३४९॥

(२) जस्को चित्त सदा राजी रहन्छ क्षात्रधर्ममा ।
गोर्खाको गौरव भयो जस्द्वारा भूमिमध्यमा ॥३५०॥

(३) बृटिस्सर्कारको जस्ले पूर्ण साहाय्य गर्दछन् ।
किङ्जार्जजस्ता जस्लाई जयार्थी भइ रोज्दछन् ३५१

(४) द्वितीयपुत्र प्रभुका जो सदा गुणपूर्ण छन् ।
ससैन्य सेनापति जो हुकुम् तामील गर्दछन् + ३५२

---

* यहाँ पनि आशीरलङ्कार पर्छ.

+ यस्ग्रन्थको रचना १९७५ सालमा भएको हुनाले, योवृत्तान्त उसैवखतको हो.

CC-0. In Public Domain. Digitization by eGangotri

(५)नेपालदेशको शौर्य वैरिमा कार्यले कहून् ।
ती जवर् सर् ववर्सशेर् जनरल् विजयी रहून्* ३५३

---

(१)प्रसिद्ध प्रतिज्ञा जस्की दखल् सर्वत्र गर्दछिन् ।
दुर्बोधताले रहने विद्याको गर्व हर्दछिन् ॥३५४॥
(२)रूपमा गुणमा जस्को उपमा भ्रातृवर्गमा ।
देखिन्छ जो चतुरमा अद्वितीय छ लोकमा ॥३५५॥
(३)तृतीयपुत्र प्रभुका जो छन् ती पितृभक्तिमान् ।
धैर्यशौर्यादिगुणवान् जनरञ्जनशक्तिमान् ॥३५६॥
(४)श्रीमान्केशरसंशेर जनरल्नीतिबोधवान् ।
रहून् गुणिगणत्राता आयुष्मान् पूर्णसौख्यवान्* ३५७

---

(१)विद्यानुरागमा श्रीमा बुद्धिमा नीतिबोधमा ।
सौभ्रात्रगुणमा जस्को उपमा भ्रातृवर्गमा ॥ ३५८ ॥
(२)हुन्न जस्का वदनमा चन्द्रको उपमा न दी ।
उदार चित्तमा जस्का वहन्छिन् करुणानदी ॥३५९
(३)चतुर्थपुत्र प्रभुका रहून्* राजी असंभ्रमी ।
जनरल् सिंहसंशेर शेरजस्ता पराक्रमी ॥ ३६० ॥

---

(१)कृपाकटाक्षमा जस्का लक्ष्मी आश्रित छन् सदा ।
मुखारविन्दमा जस्का वस्छिन् सानन्द शारदा ३६१

---

* यहाँ पनि आशीरलङ्कार पर्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

(२) जस्का हृदयमा साक्षात् धर्म निश्चल नित्य छन् ।
देवदर्शनको धोका जस्ले पूर्ण गराउछन् ॥३६२॥
(३) सो पुत्र प्रभुका पाँचौ गुणगौरवदीप्तिमान् ।
रहून् श्री-कृष्णसंशेर जनरल् सुखभोगवान् * ३६३

(१) रूपले बुद्धिले श्रीले गुणले र शरीरले ।
जस्मा छ भ्रातृहरुको सादृश्य स्वस्वभावले ॥३६४॥
(२) जो षष्ठ पुत्र प्रभुका भविष्णु गुणपूर्ण हून् ।
जनरल् विष्णुसंशेर ती सदा भाग्यवान् रहून् * ३६५

(१) जस्का मुहारमा साक्षात् अमृतै वास गर्दछ ।
जस्का दर्शनले लोक सहजै मग्न पर्दछ ॥ ३६६ ॥
(२) जो पुत्र सप्तम श्रीका जनरल् ती दयामय ।
रहून् शङ्करसंशेर चिरजीवी निरामय *॥३६७॥

(१) बुद्धिमा धृष्ट, मनमा हृष्ट, पुष्ट शरीरमा ॥
गरून् अष्टभुजादेवी सन्तुष्ट परिवारमा ॥३६८॥
(२) अभीष्टका सिद्धि रहून् नित्य नानाप्रकारका ।
श्रीमान् मदनसंशेर बालराजकुमारका *॥३६९॥
अर्थालङ्कार प्रकरण समाप्त भयो.

---

* यहाँ पनि आशीरलंकार पर्छ.
\+ यो आशीर्वाद मुद्रणसमयमा परिवर्धित भएको हो,

CC-0. In Public Domain. Digitization by eGangotri

यौटावाक्यमा अथवा यौटा श्लोकमा अघिदेखाइएका अनेक अलङ्कार मिल्न गए भने संसृष्टि र संकरनामक बेग्लै अलङ्कार मानिन्छन त्यस्मा–

२५९ संसृष्टि

तिलचामल मिलेझैं स्पष्ट देखिने गरएर अनेक अलङ्कारमिलेमा संसृष्टिनामक अलङ्कार हुन्छ यस्का शब्दालङ्कारसंसृष्टि, अर्थालङ्कारसंसृष्टि, शब्दार्थालङ्कारसंसृष्टि, ई ३ भेद हुन्छन. जस्तैः—

२६० शब्दालङ्कारसंसृष्टि

।।।ऽ।।ऽ।।ऽ।ऽ [द्रुतविलम्बित]

प्रथितमा प्रथित १ प्रियमा प्रिय
प्रबलमा प्रबल प्रभु पाउँदा ।
अघिसरेर सरस्वति! सादरै
गर सदा रसदान सरासरै ॥ ३७० ॥

पदार्थ स्पष्ट छ.

यहाँ–अनुप्रासनामकशब्दालंकार र चतुर्थपादमा रहेको यमकनामकशब्दालंकारको संसृष्टि पऱ्यो.

---

१ प्रख्यातमा अति प्रख्यात.

CC-0. In Public Domain. Digitization by eGangotri

२६१ अर्थालंकारसंसृष्टि

।SSSSS।।।।।SS।।।S [शिखरिणी)

कहाँ मैली मेरी अतिलघु महाचञ्चल मति
प्रतापी सर्कार्का अतुलगुणको गौरव कहाँ ।
मजस्तै हुन् जन्दै जिनतिन उड्यो साहस गर्‍यो
हनूमान्‌को दर्जा लिन अघि सर्‍यो वानर बुझ्यो३७१

अर्थ स्पष्ट छ.

यहाँ—अघिल्ला आधिमा अनुचितघटना वर्णन गरेको हुनाले विषमालंकार छ. पछिल्ला आधिमा अप्रस्तुतवानरवृत्तान्तबाट प्रस्तुत शक्तिहीन भएर पनि प्रभुको गुणकीर्तनगर्न अघिसर्ने महाकविको नकल गर्ने अल्पज्ञ कविको वृत्तान्त झल्केको हुनाले अप्रस्तुतप्रशंसालंकार छ, र यो यौटै श्लोकमा २अर्थालंकारको स्पष्टता भएर समावेश भएको हुनाले अर्थालङ्कारसंसृष्टि पर्‍यो.

२६२ शब्दार्थालंकारसंसृष्टि

S।S।।।S।।SS [स्वागता]

दोषराशिपरिपूर्ण* नएको
नव्य† काव्य किन ? यो मन पर्ला ।
यो विचार नगरेर रहेको
कीर्तिलुब्ध कवि के पछि सर्ला? ॥ ३७२ ॥

अर्थ र संगति.

यहाँ—काव्य मन नपर्नामा दोषराशिपरिपूर्णतारूप हेतु देखा-

* दोषका थुप्राले भरिएको. † नयाँ.

CC-0. In Public Domain. Digitization by eGangotri

एको हुनाले हेत्वलंकार पऱ्यो. पछीनसर्नामा कीर्तिलुब्धतारूप हेतु देखाएको हुनाले अर्को हेत्वलंकार पऱ्यो. श्लोकमा अनुप्रासपरेको प्रत्यक्षै छ र स्पष्टतया शब्दालंकारअनुप्रासको र अर्थालंकारहेतुको समावेश भएको हुनाले शब्दार्थालंकारसंसृष्टि पऱ्यो.

२६३ संकर.

दूदपानिमिलेझैं एकजीउ भएर अनेक अलंकार मिलेमा संकरनामक अलंकार हुन्छ. यस्का-सन्देहसंकर, अङ्गाङ्गीभावसंकर, एकवाचकानुप्रवेश संकर, ई ३ भेद हुन्छन्. जस्तै क्रमैले:—

२६४ सन्देहसंकर.

यो अलंकार हो की? यो अलंकार हो; भन्ने सन्देह हुने भएमा सन्देहसंकरालंकार हुन्छ. जस्तैः-

।ऽ।ऽऽ।।ऽ।ऽ।ऽ [वंशस्थ २]

प्रसन्नताले जब मूर्तिधारिणी-
सरस्वतीको वरदान पाउँला ।
महाप्रभुश्रीपृथिवीन्द्रचन्द्रको
यथार्थताले तब कीर्ति गाउँला ॥ ३९३ ॥

अर्थ र सङ्गति.

यहाँ—'सरस्वतीले प्रत्यक्ष भएर वरदान दिइन भने यथार्थ कीर्तिवर्णन गरुला' भन्नाले यद्यर्थकल्पितातिशयोक्ति अलंकार हो की? सरस्वतीले मजस्तालाइ वरदान दिनु असंभवहुनाले, मजस्ता तुच्छ-

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिवाट कीर्तिवर्णन यथार्थ हुनु असंभव हो' भन्नाले मिथ्याध्य-वसितिअलंकार परेकोहो? योसन्देह हुनाले सन्देहसंकरालंकार पऱ्यो.

२६५ अङ्गाङ्गीभावसंकर.

यौटा अलंकार अङ्ग (अर्को अलंकारको सहाय) भएर अर्को अलंकार अङ्गी (प्रधान) भएर मिलेमा अङ्गाङ्गीभावसंकर हुन्छ. जस्तैः—

म कूपमण्डूक तयार ता भएँ
दयामहासागरका वयानमा ।
कृतार्थताको किन ? गन्ध पाउँला
तथापि अन्यत्र कहाँ ? म जाउँला ॥ ३७४ ।

अर्थ र संगति.

यहाँ—'म कूपमण्डूक (कुवाको भ्याङ्) हुनाले, दयाका समुद्र-स्वरूप श्री३महाराजको वर्णनमा तयार ता भएँ तर कृतार्थताको गन्ध किन ? पाउँला' भन्नाले समुद्रस्वरूपप्रभुको वर्णन गर्न नशक्नामा कविले कूपमण्डूकतारूप कारण देखाएको हुनाले हेत्वलंकार पऱ्यो,-कविमा कूपमण्डूकको आरोप अङ्गभएर मात्र हेत्वलंकार प्रधान भएको हुनाले रूपक र हेतु ई २ अलंकारको अङ्गाङ्गीभावसंकर पऱ्यो. 'कृतार्थताको गन्ध नपाउदा पनि म अन्यत्र कहाँ ? जाँउला' भन्नाले, समुद्रवर्णनवाट हट्ने कारण हुँदा पनि नहटेको वर्णनगरेको हुनाले विशेषोक्ति अलंकार पऱ्यो, यस्विशेषोक्तिमा पनि रूपक (मण्डूकत्वारोप र सागरत्वारोप) अङ्ग भएको हुनाले अर्को अङ्गाङ्गीभावसंकर पऱ्यो.

CC-0. In Public Domain. Digitization by eGangotri

२६६ एकवाचकानुप्रवेशसंकर.

यौटा वाचकमा (शब्दसमूहमा) अनेक अलङ्कारको अनुप्रवेश (स्थिति) भएमा एकवाचकानुप्रवेशसंकर हुन्छ जस्तैः—

||S||S|S|S—||SS||S|S|S [सुन्दरी]

प्रभुको गुणगान गर्नु ता
बलले सातसमुद्र तर्नु हो ।
जिउरो स्थिर पारि वस्नु ता
कविले केवल मर्नुमात्र हो ॥ ३७५ ॥

अर्थ र संगति.

यहाँ—'श्री३महाराजको गुणगान गर्नु, बलले सातसमुद्रतर्नु हो' भन्नाले २ वाक्यार्थको एकता गरेको हुनाले निदर्शनालङ्कार परेको छ. फेरी त्यहीनिदर्शना भएको ठाउँमा ('गुणगान गर्नु' सात समुद्र तर्नु' यहाँ) अनुप्रास पनि परेको हुनाले अर्थालङ्कार-निदर्शनाको र शब्दालङ्कार अनुप्रासको यौटा शब्दसमूहमा मेल भएको देखियो र एकवाचकानुप्रवेशसंकर पऱ्यो. त्यस्तै—पछिल्लो आधिमा 'जिउरो स्थिर पारेर वस्नु, कविले केवल मर्नुमात्रै हो' अर्थात् 'वर्णनीयवस्तुको वर्णन कविले गरेन भने कवि हुँ भन्नु मर्नु हो' भन्नाले यहाँ पनि निदर्शनालङ्कार र अनुप्रास यौटा शब्दसमूहमा मिलेको हुनाले एकवाचकानुप्रवेशसंकर पऱ्यो.

संकरप्रकरण समाप्त भयो

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थना.

।ऽ।ऽऽ।।ऽ।ऽऽ [उपेन्द्रवज्रा]

अशुद्धकन्थामय* काव्य यस्तो
दयासुधासागर ! के चढाऊँ ?
चढाउँछु भक्तिबलै छ मेरो
म अक्त मानी सब माफ पाऊँ‡ ॥ ३७६ ॥

मङ्गल.

।ऽऽ।ऽऽ।ऽऽ।ऽऽ [भुजङ्गप्रयात]

जहाँसम्म पूर्णप्रभाले उदाई
स्वयं सूर्य गर्छन् सबैको भलाई ।
तहाँसम्म राजी गरोस् लोकलाई
अलङ्कारचन्द्रोदय प्रीति पाई ॥ ३७७ ॥

ऽऽऽऽ।।।।।ऽऽ।ऽऽ।ऽऽ [मन्दाक्रान्ता]

आचन्द्रार्क स्थिरतर महाराजकी कीर्ति बढ्दा
हर्षश्रेणी अधिकतर होस् राजभक्तप्रजामा ।
यो सुन्नाले × रसिकहरुमा काव्यको मार्गदेखी
काव्योत्कण्ठा दशगुण बढोस् चित्त राजी हुँदामा ॥ ३७८

---

* 'शुद्ध कन्था नभएको' यो अर्थ पनि हुन शक्त छ.

‡ मेरो बल 'भक्तिबल' मात्र छ र स्वयं प्रार्थना गर्छु कि म भक्त-मानीस 'ब' मा (बकारको ठाउँमा) 'फ' पाऊँ (अर्थात् फल ' पाऊँ.) यस्तो अर्थ पनि हुन शक्त छ.

× सुन्नाले (शून्यले) दशगुण वृद्धि हुन्छ.

CC-0. In Public Domain. Digitization by eGangotri

SSSSIIIIIS [हंसी]

आचन्द्रार्क स्थिरतर महा--
हर्षश्रेणी अधिकतर होस् ।
यो सुन्नाले रसिकहरुमा
काव्योत्कण्ठा दशगुण बढोस् ॥ ३७९ ॥

सर्वसाधारणमहाशयहरुमा वक्तव्यशेष–

उस्तै हंसी आशय स्पष्ट गर्छे
मन्दाक्रान्तावाट निस्केर जस्तै ।
ठूलाठूलालक्षणग्रन्थवाट
निस्केको यो काम गर्ला उजस्तै ॥ १ ॥

अन्वय भइ अशुद्ध ग्रन्थ राखें अगाड़ी
रसिक ! सुजन ! यौटा शुद्ध छ ब्रह्म तेही ।
ग्रहण गर गुणैको दोषको ख्याल छाड़ी
त्रिगुणमयजगत्मा छैन निर्दोष केही ॥ २ ॥
अनुचित किन बोलें ? यो नयो नारि जूलै
प्रबलतर सबैको ज्ञानधारा वहन्छ ।
प्रकृति बलवती छ प्रेरणा यो फजूलै
किन गरु ? अब जस्मा चित्त राजी रहन्छ ॥३॥

अलङ्कारचन्द्रोदय समाप्त भयो

इति शुभम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri